
## स्थानीय तह निर्वाचन २०७९
## (सङ्घीय शासन व्यवस्थाको स्थानीय तह)

# पर्यवेक्षण प्रतिवेदन





**आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल**

**GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)**

सचिवालय

नेपाल कानून समाज, बबरमहल, काठमाण्डौं

# आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

## कार्यसमिति



**श्री हिमालय शम्सेर राणा**
अध्यक्ष
नेपाल नागरिक मञ्च - अध्यक्ष



**श्री कल्याण श्रेष्ठ**
सदस्य
संविधान निगरानी समूह-अध्यक्ष



**श्री तीर्थमान शाक्य**
सदस्य
नेपाल कानून समाज-अध्यक्ष



**श्री बालकृष्ण प्रसाई**
सदस्य
पूर्व कर्मचारी सेवा परिषद्-अध्यक्ष



**श्री उषा मल्ल पाठक, वरिष्ठ अधिवक्ता**
सदस्य
असहाय सेवा केन्द्र (सुस)-उपाध्यक्ष



**प्रो. चिरञ्जीवि खनाल**
सदस्य
हिमालय सञ्चार केन्द्र-सल्लाहकार



**श्री सुनीता रेग्मी, वरिष्ठ अधिवक्ता**
सदस्य
ग्रामीण विकास प्रतिष्ठान-कोषाध्यक्ष



**श्री खेमराज रेग्मी**
सदस्य
नेपाल नागरिक समाज-अध्यक्ष



**श्री गणेशकुमार मण्डल**
सदस्य
मधेशी नागरिक समाज-संयोजक



**श्री हरिविनोद अधिकारी**
सदस्य
फ्रिडम फोरम नेपाल-अध्यक्ष



**श्री बबिता बस्नेत**
सदस्य
मिडिया एड्भोकेसी ग्रुप-अध्यक्ष



**श्री कृष्णमान प्रधान**
सदस्य सचिव
नेपाल कानून समाज-कार्यकारी निर्देशक

स्थानीय तह निर्वाचन २०७९
(सङ्घीय शासन व्यवस्थाको स्थानीय तह)

# पर्यवेक्षण प्रतिवेदन


आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

सचिवालय
नेपाल कानून समाज, बबरमहल, काठमाण्डौ

- प्रकाशन मिति
  २०७९ आषाढ

- संख्या
  १००० प्रति

- प्रकाशक
  नेपाल कानून समाज

© सर्वाधिकार
नेपाल कानून समाज

- मुद्रण
  नेशनल ग्राफिक्स्
  नयाँबजार, काठमाण्डौ

- प्रकाशन सहयोग
  पुस्तकको विश्लेषण, सम्पादन तथा प्रकाशनको लागि अष्ट्रेलिया सरकारको विदेश मामिला तथा वाणिज्य विभाग र द एसिया फाण्डेसन नेपालको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रमबाट प्राविधिक र आर्थिक सहयोग उपलब्ध भएको छ। पुस्तकमा व्यक्त विचार तथा निष्कर्षहरुले अष्ट्रेलिया सरकार र द एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन।
  We would like to sincerely thank Department of Foreign Affairs and Trade (DFAT) – The Asia Foundation partnership on Subnational Governance for their financial, editorial and technical support. The opinions expressed in this publication are those of the authors. They do not reflect the views of the partnership or the organizations.

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

स्थानीय सरकार सबलीकरण
Australian Aid
The Asia Foundation
The Australian Government - The Asia Foundation Partnership in Nepal

# प्रकाशकीय

संविधानसभाबाट २०७२ असोज ३ मा जारी भएको संविधानबाट नेपाल एउटा केन्द्रीकृत शासन व्यवस्थाबाट संघात्मक तथा विकेन्द्रीकृत प्रणालीमा रुपान्तरण भएको छ। संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन व्यवस्थाको अवलम्बन संगै संविधानको कार्यान्वयनको सिलसिलामा स्थानीय तहको पहिलो निर्वाचन तीन चरणमा सम्पन्न भएको थियो। उक्त निर्वाचन २०७४ वैशाख ३१ मा शुरु भएकोमा असोज २ गते मात्र सम्पन्न भएको थियो। तर यसपटक भने स्थानीय तहको दोस्रो निर्वाचनको रुपमा २०७९ वैशाख ३० गते एकै पटक सम्पन्न भएको छ। यस संविधानले स्थानीय सरकारको पुनर्संरचनाद्वारा स्थानीय तहमा अधिकारको प्रत्यायोजन गरेको छ। संविधानको यो महत्वपूर्ण कदमबाट स्थानीय तह आज कार्यकारिणी, व्यवस्थापिका र न्यायिक अधिकार सम्पन्न भएको छ।

निर्वाचनको पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) विभिन्न क्षेत्रमा कार्यरत एघारवटा संस्थाहरुको एउटा सञ्जाल हो। यसमा नेपाल कानून समाज, संविधान निगरानी समुह, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, हिमालय सञ्चार केन्द्र, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप रहेका छन्। जियोकले विगतमा २०४७ सालपछि सम्पन्न स्थानीय निकाय निर्वाचन २०४९ तथा २०५४ र स्थानीय तहको निर्वाचन, २०७४ का साथै प्रतिनिधिसभा सदस्य र संविधानसभाको पनि पर्यवेक्षण गरेको छ। स्थानीय तहको यस निर्वाचनमा जियोकले राष्ट्रिय, जिल्ला र स्थानीय तीनवटै तहमा पर्यवेक्षण गरेको छ। जियोकले निर्वाचन पूर्व, मतदानको दिन र निर्वाचन पछि जम्मा तीन चरणमा पर्यवेक्षण कार्य सम्पन्न गरेको छ।

जियोकले निर्वाचन पूर्व गरिएका पर्यवेक्षणका क्रममा राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र अवस्थाबारे प्रारम्भिक प्रतिवेदन तयार गरी पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो। मतदानको दिनमा स्वतन्त्र र स्वच्छ निर्वाचनबारे प्रश्नावलीद्वारा आवश्यक जानकारी सङ्कलन गर्नको लागि पर्यवेक्षकहरु परिचालन गरिएको थियो। सो दिन सचिवालयबाट जिल्लास्थित पर्यवेक्षकहरुसँग निर्वाचनको अवस्थाबारे जानकारी समेत लिइयो। मतदानपछिको स्थितिको सम्बन्धमा जिल्लाबाट प्राप्त जानकारी र राष्ट्रिय पर्यवेक्षकहरुको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरुलाई समेटी तयार गरिएको मतदान बारेको प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको थियो।

जियोकले सबै प्रदेश तथा उच्च पहाडी, पहाडी र तराई गरी जम्मा ३२ जिल्लामा पर्यवेक्षण गरेको थियो। यसका लागि लामो अवधिमा ७० जना, जसले निर्वाचनको सम्पूर्ण प्रक्रियाको पर्यवेक्षण गरे भने छोटो अवधिमा ३३० जना पर्यवेक्षकहरुले मतदानसम्बन्धी प्रक्रियाको विस्तृत रुपमा पर्यवेक्षण गरेका थिए। पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिकवर्गको सहभागिता गराउनुका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको थियो।

निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न भए–नभएकोबारे जानकारी प्राप्त गर्न विभिन्न सरोकारवाला मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुका सोचको वस्तुगत जानकारी हासिल गर्ने कामलाई सरलीकरण गर्ने उद्देश्यले चार प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए। साथै, पर्यवेक्षण गरिने नगरपालिका र गाउँपालिकाको चयन र मतदाताहरूलाई सोध्ने प्रश्नहरूमा यथासम्भव एकरुपता कायम होस् भन्नाका लागि पर्यवेक्षण गर्ने संस्थाहरू विशेषगरी जियोक, नियोक, संकल्प, इओसी, इन्सेक र अँगालो बीच लगातार छलफल र मस्यौदा प्रश्नावलीको आदानप्रदान गरिएको थियो। मतदानदेखि मतगणना सम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त गर्ने मनसायले निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तवार्ताको माध्यम अपनाइएको थियो। पर्यवेक्षण प्रश्नावली महिला तथा पुरुष र गाउँपालिका र नगरपालिका दुबै क्षेत्रको सन्तुलित जानकारी प्राप्त हुनेगरी डिजाइन गरिएको थियो। प्राप्त विवरणलाई कोड मार्फत विभिन्न तालिकामा रुपान्तर गरी विश्लेषण गरिएको छ। प्रस्तुत प्रतिवेदन जियोकले पर्यवेक्षणका लागि चयन गरेको ३२ जिल्लाका जम्मा ४०० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीको संश्लेषण हो।

पर्यवेक्षणमा सरोकारवालाहरूबाट प्राप्त जानकारीहरूलाई प्रतिवेदनको रुपमा मुख्य लेखन र संयोजन गर्ने अधिवक्ता श्रीमोहन आचार्य र उहाँका लेखन सहयोगीहरु श्री गोविन्द दास श्रेष्ठ, श्री सरस्वती डंगोल, श्री घनश्याम खड्का, श्री लीलाधर उपाध्याय, श्री गणेशमान प्रधान र श्री रेजिना भट्टराईप्रति जियोक आभार व्यक्त गर्दछ। प्राप्त जानकारीहरूलाई कोडिङ् गरी तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्नुहुने श्री अस्वत्थामा पोखेल र भाषा सम्पादन गर्नुहुने श्री माधव घिमिरे धन्यवादका पात्र हुनुहुन्छ। मस्यौदा लेखनको विभिन्न चरणहरूमा बहुमूल्य सुझावहरू प्रदान गरी सहयोग गर्नु भएकोमा जियोकका कार्यकारी सदस्यहरू, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान धन्यवादका पात्र हुनुहुन्छ। जियोकको सचिवालयको नेतृत्व गर्नुहुने श्री मिलन श्रेष्ठ र वहाँको समूह लगायत राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका सम्पूर्ण पर्यवेक्षकलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

जियोकलाई निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण महानुभाव र संस्थाहरूप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गर्ने द एसिया फाण्डेसन नेपालको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमलाई जियोकका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। साथै अन्त्यमा निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न समन्वय गर्ने नियोक, संकल्प, इओसी, इन्सेक र अंगालोका परिवारलाई धन्यवाद ज्ञापन गर्दछु।

**हिमालय शम्सेर राणा**
अध्यक्ष
आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

२०७९ आषाढ

# विषय-सूची

प्रकाशकीय
कार्यकारी सारांश ............ १-१२
परिच्छेद १ : आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण
१.१ पृष्ठभूमि ............ १३
१.२ सञ्जालको उद्देश्य ............ १३
१.३ सञ्जालको स्वरुप ............ १३
१.४ सञ्जालको दायित्व ............ १४
१.५ सञ्जालको सचिवालय ............ १४
१.६ पर्यवेक्षण कार्यक्रम र समन्वय ............ १४
परिच्छेद २ : पर्यवेक्षण विधि
२.१ पर्यवेक्षण विधि ............ २२
२.२ पर्यवेक्षण प्रश्नावली ............ २२
२.३ पर्यवेक्षण तालिम ............ २२
२.४ पर्यवेक्षण नमूनाको आकार ............ २३
परिच्छेद ३ : स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा
३.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड ............ २३
३.२ स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानून ............ २५
३.२.१ नेपालको संविधान ............ २५
३.२.२ निर्वाचन आयोग ऐन सम्बन्धी संवैधानिक व्यवस्था ............ २६
३.२.३ निर्वाचन आयोग ऐन, २०७३ ............ २७
३.२.४ निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि, २०७६ ............ २७
३.२.५ राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ............ २८
३.२.६ स्थानीय तह निर्वाचन ऐन, २०७३ ............ २९
३.२.७ मतदाता नामावली ऐन, २०७३ ............ २९
३.२.८ निर्वाचन आचार संहिता २०७८ ............ ३०
३.२.९ पर्यवेक्षण आचार संहिता ............ ३१
परिच्छेद ४ : संघीय शासन व्यवस्थामा स्थानीय तह
४.१ संघीय शासन व्यवस्थामा स्थानीय तह ............ ३३
४.२ स्थानीय कार्यपालिका ............ ३४
४.३ स्थानीय व्यवस्थापिकाको गठन ............ ३४
४.४ जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन ............ ३५
४.५ न्यायिक समिति र महिला सहभागिता ............ ३५

परिच्छेद ५ : स्थानीय तह निर्वाचन पर्यवेक्षण विश्लेषण
५.१ पृष्ठभूमि ............ ३७
५.२ निर्वाचन व्यवस्थापन ............ ३७
५.२.१ मतदाता नामावली दर्ता र परिचयपत्र वितरण ............ ३९

५.२.२ मतदाता शिक्षा ........ ४०
५.२.३ मतदाता स्थल तथा मतदान केन्द्रको प्रबन्ध र व्यवस्थापन ........ ४१
५.३ निर्वाचन अभियान तथा मतदान ........ ४२
५.३.१ उम्मेदवारी दर्ता ........ ४२
५.३.२ निर्वाचन आचार संहिताको पालना ........ ४३
५.३.४ निर्वाचन अभियान र सुरक्षा स्थिति ........ ४५
५.३.५ राजनीतिक हिंसा ........ ४६
५.३.६ मतदान ........ ४६
५.३.७ मतदाताका दृष्टिमा मतदान ........ ४७
५.३.८ राजनीतिक कार्यकर्ताका दृष्टिमा मतदान ........ ४९
५.३.९ पुनः मतदान ........ ५०
५.४ मत गणना र निर्वाचन परिणाम ........ ५०
५.५ महिला सहभागिता र लैङ्गिक सम्वेदनशीलता ........ ५४
५.६ आम सञ्चार माध्यम ........ ५६
५.७ निर्वाचन उजुरी ........ ५६
५.८ निर्वाचन पर्यवेक्षण समन्वय ........ ५६
परिच्छेद ६ : स्थानीय तह निर्वाचन २०७९ मा राजनीतिक दलहरुका घोषणापत्रको सामान्य विश्लेषण
६.१ चुनावी नारा ........ ५८
६.२ सुशासन ........ ५८
६.३ विगत ५ वर्षको मूल्याङ्कन ........ ५९
६.४ संघीयता कार्यान्वयन ........ ६०
६.५ शिक्षा ........ ६०
६.६ स्वास्थ्य ........ ६१
६.७ खानेपानी ........ ६१
६.८ रोजगारी ........ ६२
परिच्छेद ७ : निष्कर्ष र सुझाव
७.१ निष्कर्ष ........ ६३
७.२ सुझावहरु ........ ६५
७.२.१ निर्वाचन आयोगको लागि ........ ६५
७.२.२ नेपाल सरकारको लागि ........ ६७
७.२.३ राजनीतिक दलको लागि ........ ६८
७.२.४ पर्यवेक्षकहरुको लागि ........ ६९
७.२.५ न्यायपालिकाको लागि ........ ६९
७.२.६ आमसञ्चारका लागि ........ ६९

परिच्छेद ८ : निर्वाचन सञ्जालको सुझावहरुको संक्षिप्त विवरण
८.१ राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ........ ७०
८.२ शान्ति, न्याय तथा लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प) ........ ७२
८.३ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ........ ७४
८.४ निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) ........ ७६
८.५ ज्येष्ठ जीवन बहुमूल्य प्रतिष्ठान (अंगालो) ........ ७७

अनुसूचीहरु
अनुसूची १–राष्ट्रिय पर्यवेक्षक र जिल्ला पर्यवेक्षकहरुको नामावली ........ ८०
अनुसूची २–वैशाख २७ गतेको पत्रकार सम्मेलन गरी जारी गरेको निर्वाचन पूर्वको तयारी बारेको प्रतिवेदन ........ ८५
अनुसूची ३–निर्वाचनको दिन जारी गरेको प्रेस विज्ञप्ती ........ ९१

# कार्यकारी सारांश

आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित रुपमा भएको छ वा छैन भन्ने कुराको स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित सञ्जाल हो । आयोगले स्वीकृत गरेको कार्यक्रम अनुरुप निर्वाचनका विभिन्न प्रक्रियाहरु (मतदाताको नामावली अद्यावधिक, राजनीतिक दल दर्ता, निर्वाचनमा उम्मेदवारी, निर्वाचन सामग्रीको व्यवस्थापन, निर्वाचन सुरक्षा, जनशक्ति व्यवस्थापन, निर्वाचन अनुगमन, आचार संहिता, मतदान, मतगणना तथा परिणाम घोषणा र निर्वाचन परिणाम उपर न्यायपालिकामा परेको मुद्दाको अवस्था समेत) मा घटित घटनाहरुको पर्यवेक्षण गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्ने यसको उद्देश्य रहेको छ। यस सञ्जालमा हाल नेपाल कानून समाज, संविधान निगरानी समूह, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, ग्रामीण विकास प्रतिष्ठान, हिमालय सञ्चार केन्द्र, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम, र मिडिया एडभोकेसी ग्रुप जियोकका संस्थागत सदस्य छन्। उल्लिखित विभिन्न क्षेत्रमा कार्यरत ११ वटा संस्थाहरूमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी, प्राध्यापक, वरिष्ट पत्रकार आदिको सहभागिता रहँदै आएको छ। सञ्जालले आफ्ना सदस्यहरुको सहयोगमा देशका सम्पूर्ण जिल्लामा विभिन्न कार्यक्रमहरु मार्फत आफ्नो उपस्थिति देखाउँदै आएको छ। निर्वाचन पर्यवेक्षणका लागि दैनिक कार्य सञ्चालन गर्न र अन्य आवश्यक सहयोगका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानून समाजको कार्यालय, बबरमहल, काठमाण्डौमा रहेको छ।

२०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पर्यवेक्षण कार्यलाई जियोकले निर्वाचन पूर्व, मतदानको दिन र निर्वाचन पछि गरी तीन चरणमा सम्पन्न गरेको थियो। निर्वाचन पूर्व गरिएका पर्यवेक्षणका क्रममा राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, निर्वाचन सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र अवस्थाबारे जानकारी दिने उद्देश्यले निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदन तयार गरी २०७९ वैशाख २७ गते पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिएको थियो । मतदानपछिको स्थितिको सम्बन्धमा जिल्लाबाट प्राप्त जानकारी र राष्ट्रिय पर्यवेक्षकहरुको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरुलाई समेटी तयार गरिएको मतदान बारेको प्रारम्भिक प्रतिवेदन २०७९ वैशाख ३० गते प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको थियो। स्थानीय तह सदस्य निर्वाचन पर्यवेक्षण, २०७९ को प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगमा पेश गरिसकिएको छ। निर्वाचन पर्यवेक्षणको अन्तिम प्रतिवेदनमा निर्वाचनको सम्पूर्ण प्रक्रियाबारे प्राप्त जानकारीको विश्लेषण गरी निर्वाचनका विभिन्न पक्षमा गर्नुपर्ने सुधारका विषयमा सुझावहरु समावेश गरिएको छ।

विभिन्न ८ वटा परिच्छेद रहेको यस प्रतिवेदनमा मूलतः अघिल्ला दुईवटा परिच्छेदहरुमा परिचयात्मक विषयहरु, सञ्जालको गठन, उद्देश्य लगायतका विषय छन्। परिच्छेद ३ मा स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका व्यवस्था, नेपालको संविधान र सम्बन्धित कानूनको समीक्षा लगायतका सैद्धान्तिक विषय समेटिएको छ।

निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका सम्बन्धमा स्वच्छ, स्वतन्त्र, विश्वसनीय, स्वीकार्य, आवधिक निर्वाचन, समान मताधिकार, गोप्य मतदान, पारदर्शी मतगणना तथा परिणाम घोषणा प्रक्रिया निर्वाचनको विश्वव्यापी मान्यता हुन् । हालसम्म विश्वका १९९ मुलुकहरूले निर्वाचन मार्फत विधायिका/संसदको गठन गर्ने गरेको उदाहरण पाइन्छ। हाम्रा जस्ता मुलुकहरूले निर्वाचनलाई संवैधानिक वा कानूनी रुपमा पारदर्शिता र समान बालिग मताधिकारमा विशेष जोड दिएको पाइन्छ, जसले गर्दा बढी भन्दा बढी जनता निर्वाचनमा सहभागी हुन रूचाउँछन्। निर्वाचन सम्बन्धमा नेपालको संविधानले गरेको व्यवस्थाअनुरुप सबै तहको निर्वाचन सञ्चालन र व्यवस्थापन गर्न हालसम्म १० वटा ऐन, ८ वटा नियमावली, ७४ वटा निर्देशिका, विभिन्न कार्यविधि तथा मापदण्ड र एकीकृत निर्वाचन आचार संहिता समेत जारी गरिएको छ भन्ने विषयहरुलाई महत्वका साथ उठाइएको छ।

नेपालको संविधानले संघीय शासन व्यवस्था अवलम्बन गर्दै तीन तहको सरकार अन्तर्गत संघीय, प्रादेशिक र स्थानीय तह रहने व्यवस्था गरेको छ। संघीय तहमा प्रतिनिधिसभा र राष्ट्रिय सभा रहने, प्रदेश तहमा प्रदेश सभा रहने र स्थानीय तहमा गाउँ सभा, नगर सभा तथा जिल्ला सभामा गाउँकार्यपालिका, नगरकार्यपालिका तथा जिल्ला समन्वय समिति रहने व्यवस्था गरिएको छ। संविधानले गाउँ कार्यपालिका तथा नगरकार्यपालिका र गाउँसभा तथा नगरसभाका पदाधिकारी एवं सदस्यहरु एक व्यक्ति एक मतका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने र निश्चित संख्यामा महिला, दलित र अल्पसंख्यक समुदायबाट मनोनित गर्ने व्यवस्था समेत गरेको छ भन्ने विषय समेटिएको छ भने निर्वाचन सम्बन्धी कानूनहरु मध्ये निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, निर्वाचन आचार संहिता, २०७८, निर्वाचन पर्यवेक्षकहरुका लागि पर्यवेक्षण आचार संहिता जस्ता कानूनहरुमा भएका स्थानीय निर्वाचनसंग सम्बन्धित विषयको समीक्षात्मक टिप्पणी गरिएको छ।

प्रतिवेदनको चौथो परिच्छेदमा संघीय शासन व्यवस्थामा स्थानीय तह, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिकाको गठन, जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन, न्यायिक समिति र महिला सहभागीता जस्ता अत्यन्तै महत्वपूर्ण तर सैद्धान्तिक विषयहरुको व्याख्या विश्लेषण गरी यस प्रतिवेदनलाई स्थानीय तहको निर्वाचन सम्बन्धमा एउटा पठनीय अध्ययन सामग्रीको रुपमा प्रयोग हुन सक्ने गरी तयार पारिएको छ।

पाँचौ परिच्छेद स्थानीय तह निर्वाचन पर्यवेक्षण विश्लेषणमा केन्द्रित छ। उद्देश्यगत हिसावले यो नै निर्वाचन पर्यवेक्षणको मूल परिच्छेद हो। साधन, श्रोत र समयको सिमितताका कारण यस पटकको निर्वाचन पर्यवेक्षणमा विशिष्ट, राष्ट्रिय, जिल्ला र स्थानीय गरी ४०० पर्यवेक्षकहरुलाई खटाइएको थियो। जियोकले निर्वाचन पर्यवेक्षणको जानकारी यथासंभव छिटो जनतासमक्ष पुगोस् भन्ने उद्देश्यले विगतमा जस्तै निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदनकासाथै निर्वाचनको संक्षिप्त प्रतिवेदनसमेत सार्वजनिक गरिसकेको छ। यो प्रतिवेदन ती सबै चरणहरूको एकीकृत र अन्तिम प्रतिवेदन हो। निर्वाचन आयोगले पर्यवेक्षण यथासम्भव व्यापक र सबै भौगोलिक क्षेत्र, स्थानीय तह र प्रदेशको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले पर्यवेक्षणको न्युनतम संख्या आदि शर्तहरू तोकेबमोजिम जियोकले सातै प्रदेशहरूको पर्यवेक्षणका साथै तीनवटै भौगोलिक क्षेत्रबाट उच्च पहाडी जिल्लाका २, पहाडका १६ र तराईका १४ गरी जम्मा ३२ जिल्लाका नगरपालिका र गाँउपालिकाका १,०१० मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो। यसका लागि लामो अवधिका ७० र छोटो अवधिका ३३० गरी ४०० पर्यवेक्षकहरु परिचालन गरिएका थिए।

पर्यवेक्षण टोलीले खासगरी स्थानीय तहमा प्रतिस्पर्धारत राजनीतिक दल तथा उम्मेदवारका गतिविधि, आचार–संहिताको पालना, सुरक्षाको अवस्था, मतदाताको सक्रियता, निर्वाचनको तयारी अवस्था, मतदान स्थल तथा मतदान केन्द्र वरपरका वस्तुस्थितिका सन्दर्भमा सूक्ष्म पर्यवेक्षण गरेका छन्। त्यस अतिरिक्त टोलीले निर्वाचनसँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दल, उम्मेदवार, सुरक्षाकर्मी, निर्वाचन अधिकृत, स्थानीय बुद्धिजीवी तथा पत्रकारसँग भेटी वस्तुस्थिति संकलन गरेको थियो।

पर्यवेक्षणका क्रममा मतदाता नामावली दर्ता अद्यावधिक र परिचयपत्र वितरण, मतदाता शिक्षा, मतदान स्थल तथा मदान केन्द्रको प्रबन्ध र व्यवस्थापन, निर्वाचन प्रचार–प्रसार तथा मतदान, उम्मेदवारी दर्ता, निर्वाचन आचार संहिताको पालना, निर्वाचन अभियान र सुरक्षा स्थिति, राजनीतिक हिंसाको अवस्था, मतदान, मतदाताका दृष्टिमा मतदान, राजनीतिक कार्यकर्ताका दृष्टिमा मतदान, पुनः मतदान, मत गणना र निर्वाचन परिणाम, महिला सहभागिता, समावेशिता र लैङ्गिक सम्वेदनशीलता, आम सञ्चार माध्यम, निर्वाचन उजुरी, निर्वाचन

पर्यवेक्षण, समन्वय लगायत विषयहरुलाई केन्द्रविन्दुमा राखी पर्यवेक्षण गरिएको थियो भने विभिन्न प्रश्नावलीहरु समेत तयार पारी मतदाता, निर्वाचन अधिकृत, राजनीतिक दल, आम सर्वसाधारण, कर्मचारी लगायतलाई लक्षित प्रश्नहरुसमेत सोधिएको र घटनाहरुको प्रत्यक्ष अवलोकनमार्फत समेत अध्ययन प्रतिवेदन तयार पारिएको थियो।

प्रतिवेदनको छैंठौ परिच्छेदमा जननिर्वाचित संविधानसभाबाट २०७२ सालमा संविधान जारी भएपछि दोश्रो पटक मिति २०७९ वैशाख ३० गते एकै चरणमा भएको स्थानीय तहको निर्वाचनमा सुशासन, लगायतका विषयमा प्रमुख राजनीतिक दलका आ–आफ्ना चुनावी घोषणापत्रहरुमा समावेश गरेका मुख्यमुख्य वुँदाहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ। जस अन्तर्गत उक्त घोषणापत्रमा उल्लेख भएका चुनावी नारा, सुशासन, विगत ५ वर्षको मूल्याङ्कन, संघीयता कार्यान्वयन, शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी जस्ता आधारभूत विषयमा राजनीतिक दलको निर्वाचनपूर्वको प्रतिबद्धताको अध्ययन गरिएको छ। माथि उल्लेखित सबै विषयहरुमा राजनीतिक दलहरुको बलियो र स्पष्ट प्रतिबद्धता रहेको अध्ययनले देखाएको छ। उक्त प्रतिबद्धताको कार्यान्वयनको अवस्थाको समीक्षा समेत आगामी स्थानीय तहको निर्वाचनमा गर्न सकिने उद्देश्यले यस खण्डलाई महत्व दिईएको हो।

परिच्छेद ७ निष्कर्ष र सुझाव खण्डको रुपमा राखिएको छ। निष्कर्षको रुपमा हेर्दा २०७४ वैशाख ३१ बाट सुरुभएको पहिलो स्थानीय तहको निर्वाचन तीन चरणमा २०७४ असोज २ मा शान्तिपूर्वक सम्पन्न भएको थियो भने यस पटक एकै चरणमा सबै स्थानहरुमा निर्वाचनहरु सम्पन्न भएका छन्। ६ वटा प्रदेशका १७ वटा जिल्लास्थित ४४ मतदानस्थलका ८५ मतदान केन्द्रहरुमा मतदान स्थगित भएकोमा बाजुरा जिल्लाको बुढीगङ्गा नगरपालिकास्थित ११ वटा मतदानस्थलका २१ वटा मतदान केन्द्रहरु बाहेक अन्य ६४ केन्द्रहरुमा पुनः निर्वाचन समेत भइसकेको छ। त्यसबाहेक अन्य स्थानहरुमा निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएको, आम मतदाता, निर्वाचन आयोग, निर्वाचन अधिकृत लगायतका सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दल, सुरक्षा निकाय र समग्रमा सरकार र निर्वाचन पर्यवेक्षकहरुले आफ्नो दायित्व प्रभावकारीरुपमा निर्वाह गरेका छन्। विभिन्न राजनीतिक दल र तिनका कार्यकर्ताहरु आ–आफ्ना प्रचारका क्रममा भएका केही छिटपुट हिंसाका घटनाबाहेक उम्मेदवार र तिनका कार्यकर्ताहरू स्वस्थ प्रतिस्पर्धामा लागेको पाइयो। जियोकले पर्यवेक्षण गरेका ३२ जिल्लाका १०१० मतदान केन्द्रहरुमा केही अपवादबाहेक मतदान स्वच्छ र स्वतन्त्ररुपमा सम्पन्न भएको छ। निर्वाचनमा दलहरू आचार संहिता पालनामा उत्तरदायी नहुँदा व्यापक मात्रामा भएको आचार संहिता उलङ्घनका घटनामा आयोगको कारवाही प्रभावकारी नभए पनि निर्वाचन आयोग स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न सफल रहेको देखिन्छ।

निर्वाचन तयारीको सन्दर्भमा आयोगले फोटोसहितको मतदाता नामावली अद्यावधिक गर्ने र मतदाता परिचयपत्र वितरणबाट मतदान धेरै सहज मात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा ठूलो सहयोग पुगेको विगतका निर्वाचनहरूबाट स्पष्ट भइसकेको छ। तथापि, जियोकले पर्यवेक्षण गरेका जिल्लाका प्रायः सबै निर्वाचन केन्द्रहरूमा यसपटक पनि मतदाता नामावलीमा प्रशस्तै त्रुटि र नामावली तथा परिचयपत्रबीच तालमेलको अभाव भने देखियो। निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा देखिएका त्रुटि र कमी कमजोरीहरू जियोकका विगतका प्रतिवेदनहरूमा पनि औल्याइएका थिए। यस्ता कमी कमजोरीहरूबाट मतदाताले अनावश्यक दुःख मात्र होइन कतिपय मतदाता मतदानजस्तो नागरिक अधिकारको प्रयोगबाट वंचित हुनुपर्ने हुन्छ। स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा पनि पहिले झै उम्मेदवारको मनोनयन हुन अगावै अनुमानको अधारमा निर्वाचन चिन्ह राखी मतपत्र छपाई भएको, काठमाण्डौबाट मतपत्र छाप्ने कार्य गरिएको र मतपत्रको छपाई कार्य विकेन्द्रिकरण नगरिएका कारण बढी खर्चिलो र मतपत्र अनावश्यक लामो भएको, उम्मेदवार नभएको ठाउँमा समेत मतचिन्ह राख्नु पर्ने भएकोले बोझिलो मतपत्र तयार भएको देखिन्छ।

मतदानलाई सरल र मतदाता–मैत्री बनाउन मतदान केन्द्रभित्र आवश्यक संकेतहरू, महिला र पुरुषका लागि अलगअलग लाइन र दृष्टिविहीन र अशक्त मतदाताको प्रवेशका लागि गरिएको व्यवस्था समग्रमा उपयुक्त रहेको पाइएको छ। तर अधिकांश मतदान केन्द्रहरु अपाङ्गमैत्री नभएका कारण त्यस क्षेत्रका मतदाताहरुले हैरानी भोग्नु परेको, केही मतदान केन्द्रमा व्हिल चियरसहित मतदान गर्न जान नदिइएको, बर्षातको समय भन्ने जानकारी हुँदाहुँदै पनि अधिकांश मतदानस्थलहरुमा पालको व्यवस्था नगरिएको जस्ता समस्याहरु यसपटक पनि देखा परेको पाइयो। पर्यवेक्षणको ऋममा कतिपय स्थानमा आचार संहिता उलङ्घनका घटनाहरूमा प्रमुख निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयको सक्रियताबाट कारवाही भएको पाइयो। कतिपय जिल्लामा आचार संहिता उलङ्ंघन गरी टाँसिएका पोष्टर र टाँगिएका झन्डा प्रहरी र अन्य कर्मचारी लगाई हटाइएको तथा आचार संहिता उलङ्ंघनका अन्य

मौखिक उजुरीहरूबारे प्रमुख जिल्ला अधिकारी र प्रहरीमार्फत समाधान गरिएको पाइयो। स्थानीय तहमा जम्मा परेका ७६ वटा लिखित उजुरीहरुमा राजनीतिक दलसंग सम्बन्धित १७ वटा, व्यक्तिकेन्द्रित ४४ वटा र संस्था केन्द्रित १५ वटा थिए।

आचार संहिता उल्लङ्घनका घटनाहरूका सम्बन्धमा परेका उक्त उजुरीहरु उपर स्पष्टिकरण सोधी सचेत गराइएको पाइयो। तर निर्वाचन आयोग ऐन, २०७३ तथा निर्वाचन कसूर तथा सजायसम्बन्धी ऐन बमोजिम कारवाही गरिएको भने जानकारीमा आएन। उलङ्घनका यस्ता घटनाहरू दोहोरिइ नै रह्यो। उलङ्घनको मात्राको तुलनामा कारवाही न्यून देखियो। सुरक्षाको दृष्टिले समेत ३ वटै सुरक्षा निकायको परिचालन प्रभावकारी देखिएको थियो। तर एकैपटक सबै स्थानीय तहमा निर्वाचन गर्नु परेका कारण सुरक्षाको अपर्याप्तता, आवश्यक सुरक्षा कर्मचारीको अभाव लगायतका समस्याहरुसमेत देखा परेका थिए।

स्थानीय तहको निर्वाचनको लागि १०,७५६ मतदान स्थान र २१,९५५ मतदान केन्द्रहरुको व्यवस्था गरिएको थियो। जसको लागि जम्मा मतदाता १७७,३३,७२३ रहेको थियो। जसमध्ये महिला ८७,४१,५३०, पुरुष ८९,९२,०१० र अन्य १८३ मतदाता रहेको थियो।

महिलाको प्रतिनिधित्वको सन्दर्भमा यस पटक अघिल्लो निर्वाचनको तुलनामा उपप्रमुख वा उपाध्यक्षको पदको लागि उम्मेवारको संख्या नै कम परेको, प्रमुख वा अध्यक्षको पदको लागि केही बढेको र परिणाममा समेत प्रमुख/अध्यक्ष पद र वडा तहमा केही बढे पनि उपप्रमुख वा उपाध्यक्षको पदमा विगतको तुलनामा कमी आएको देखिन्छ। कूल ३५,२२१ पद संख्यामा भएको निर्वाचनमा १४५,०१३ जनाको उम्मेदवारी रहेकोमा १४,४४५ जनप्रतिनिधि महिलाहरु निर्वाचित भएका छन्। जसमध्ये प्रमुख/अध्यक्षको पदमा २५ जना, उपप्रमुख/उपाध्यक्ष पदमा ५६७ जना, वडा अध्यक्ष ६९ जना, महिला सदस्य ६७३२ जना, दलित महिला सदस्य ६६१० जना र सदस्य ४४२ जना निर्वाचित भएको देखिन्छ। (बुढिगङ्गा नपाको निर्वाचन परिणाम बाहेक) यसरी कूल निर्वाचित जनप्रतिनिधिहरुको संख्या ४१ प्रतिशत हुन आएको छ। कूल ६७३३ वडामा जम्मा ६६१० दलित महिला निर्वाचित भएका छन्। जसले गर्दा १२३ वडामा दलित महिलाको उम्मेदवारी नै नपरेको कारण प्रतिनिधित्व चयन हुन सकेको देखिंदैन।

स्थानीय तहको यो निर्वाचनमा निर्वाचन आयोगले राष्ट्रियस्तरका पर्यवेक्षण गर्ने संस्थाहरुलाई मात्र पर्यवेक्षणका लागि अनुमति प्रदान गरेका थिए। पर्यवेक्षणको लागि मुलुकभरबाट ६८ वटा संस्थाहरुले अनुमती पाएकोमा ३७ वटा संस्थाले मात्र पर्यवेक्षण गरेका थिए। उक्त संस्थाहरुबाट जम्मा ५३०३ पर्यवेक्षकहरु खटाइएको थियो। निर्वाचन पर्यवेक्षणमा निर्वाचन आयोगले कसिलो प्रावधान राखेको, सुविधाहरु नदिएको, प्रक्रिया जटिल र बोझिलो बनाएको आदिका कारण आशातित रुपमा सबै क्षेत्रहरुमा पर्यवेक्षण हुन सकेन। दातृ निकायबाट केही सहयोग प्राप्त भए पनि प्रस्ताव गरेबमोजिम नभएका कारण धेरै क्षेत्रहरुमा पर्यवेक्षण गर्नको लागि सम्भव हुन सकेन। तथापि भएका पर्यवेक्षणबाट समन्वयकारी भूमिकासहित प्रभावकारी पर्यवेक्षण भएको प्रतिवेदनहरु प्राप्त भएका छन्।

निर्वाचनका लागि उम्मेदवार दर्ताका सम्बन्धमा समेत दुई दिन दिईएकोमा त्यो विवादरहित हुन सकेन भने दोश्रो दिनको पनि अन्तिम समयमा दर्ता गर्न जाने अभ्यासका कारण निर्वाचन आयोगलाई समेत दर्ता प्रक्रिया चुस्त बनाउन चुनौती थपिएको देखिन्छ। यस स्थानीय तहको निर्वाचनका लागि दर्ता भएका कुल ७९ दलहरुमध्ये ६५ राजनीतिक दलहरुको मात्र सहभागिता रहेको थियो। जसमध्ये २४ वटा मात्र राजनीतिक दलका उम्मेदवारहरु निर्वाचित हुन सफल भएका छन्। समग्रमा एकै पटकमा गरिएको निर्वाचन सफल र प्रभावकारी भएको देखिएको छ। मतपत्र छपाई सम्बन्धी प्राविधिक तथा सुरक्षासंग सम्बन्धित समस्याको हल, मतगणनामा भएको ढिलाईको व्यवस्थापन, भौतिक पूर्वाधार व्यवस्थापन, आचार संहिताको पालना, उम्मेदवारबाट हुनसक्ने अधिक खर्चमा कटौती, दलहरुवीचको समझदारी पालना लगायतका विषयमा सुधार गर्न सक्दा निर्वाचन, विश्वासिलो, मितव्ययी, पारदर्शी र प्रभावकारी हुँदै जाने कुरामा विश्वास गर्न सकिन्छ। यसबाट निर्वाचन आयोगप्रतिको विश्वास र सम्मान अझ गर्विलो हुने कुरामा आगामी निर्वाचनहरुले थप्दै जाने विश्वास पर्यवेक्षण टोलीले लिएको छ।

निर्वाचन पर्यवेक्षण र केही विषयमा गरिएको सन्दर्भ सामग्रीहरु अध्ययन र उक्त अध्ययनहरुबाट निकालिएको निष्कर्षका आधारमा निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दलहरु बीच निर्वाचन खर्च, निर्वाचन प्रणाली र पर्यवेक्षणमा समन्वय सम्बन्धमा प्राथमिकताका साथ व्यापक छलफल, चिन्तन गरी सुधार गर्नु पर्ने विषयहरु देहाय बमोजिम सिफारिस गरिएको छः

## निर्वाचन आयोग, नेपालका लागि

१. राजनीतिक दल दर्ता

- नेपालको संविधान र निर्वाचनसँग सम्बन्धित कानून बमोजिम दल खोल्न र सञ्चालन गर्न पाउने अधिकार सबै नागरिक र समूहले प्राप्त गर्दछ। तर निर्वाचन प्रयोजनका लागि दर्ता हुन आउँदा निर्वाचन आयोगले संविधान र कानूनले निषेध गरेका विषयहरुमा विचार गरी दर्ता गर्नु पर्दछ। दल दर्ता गर्दा साना, ठूला दललाई समान पहुँच र व्यवहार गरेको महसुस गराउनु पर्दछ। निर्वाचनको प्रयोजनका लागि दल दर्ता गर्ने तर निर्वाचनमा सहभागी नहुने दललाई अर्को निर्वाचनमा दर्ता नगर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ । यस निर्वाचनमा ७९ दल दर्ता भएकोमा ६५ दलमात्र सहभागी भएका थिए। यो अवस्थाले अनावश्यक दल दर्तामात्र गर्ने तर निर्वाचनमा भाग नलिने भई निर्वाचन आयोगलाई अनावश्यक बोझ थपेकोमा यस प्रकारका गतिविधिलाई निरुत्साहित गर्नु निर्वाचन आयोगको दायित्वभित्र पर्दछ।

२. आचार संहिताको निर्माण

- निर्वाचन आयोगले प्रत्येक निर्वाचनमा आचार संहिताहरु निर्माण गर्दा सम्बन्धित पक्षहरु– राजनीतिक दल, सरकार, संवैधानिक निकाय, पर्यवेक्षक, पत्रकार, मतदाताहरुको प्रतिनिधिहरुको सहकार्यमा निर्माण गरी कार्यान्वयनको लागि प्रतिबद्धता गराउनु पर्ने,
- आचार संहिता उलङ्घनका घटनाहरूलाई शुरुमै कडाईका साथ कारवाही गरी आचार संहिता पालना प्रभावकारी बनाउनु पर्ने,
- निर्वाचन प्रचार–प्रसार खर्चसम्बन्धी सीमा र आचार संहितालाई व्यावहारिक बनाउन यसको समीक्षा गर्ने, यसको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको व्यवस्था गर्ने र यसको पालना सुनिश्चित गर्ने, र
- निर्वाचन आयोगले पारदर्शीताका लागि विभिन्न शीर्षक अन्तर्गत गरेको खर्च सार्वजनिक गर्ने।

३. मतदाता नामावली दर्ता/अद्यावधिक/परिचयपत्र

- मतदानको दिन १८ वर्ष उमेर पुग्ने नागरिकलाई मतदान गर्ने अवसर यस वर्ष शुरु गरेकोमा राम्रो देखिएको हुँदा यसलाई निरन्तरता दिने,
- कानूनले मतदान गर्न पाउने हक प्राप्त नेपाली नागरिकलाई मतदानबाट वञ्चित नहुने गरी मतदाता नामावली आवधिक रुपमा अद्यावधिक गर्ने र यसलाई व्यवस्थित रुपमा राख्नुका साथै नामावलीमा देखिएका प्राविधिक त्रुटिहरू हटाउन स्थानीय स्तर मै रुजु गर्ने व्यवस्था गर्ने। मतदाता नामावली दर्ता गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाउन मतदाताको पहुँचका लागि जिल्ला निर्वाचन कार्यालय र स्थानीय सरकारसँग समन्वय हुने व्यवस्था गर्ने,
- मतदाता परिचयपत्र स्थानीय स्तरमै पालिकाको वडा कार्यालयबाट वितरण गर्ने व्यवस्था गर्ने। मतदाता नामावलीमा नाम भएकाहरूले अन्य कुनै परिचय खुल्ने प्रमाण दिएमा मतदान गर्नसक्ने व्यवस्थाबारे सबै मतदाता र मतदानमा संलग्न कर्मचारीहरूलाई जानकारी हुने प्रभावकारी व्यवस्था गर्ने,
- आगामी निर्वाचनहरुमा निर्वाचन कार्यमा संलग्न कर्मचारी, पर्यवेक्षक र सुरक्षाकर्मी समेतले मतदान गर्न पाउने व्यवस्था गर्ने,
- मतदाता नामावली अद्यावधिक गर्ने विषयमा आयोगबाट प्रभावकारी अनुगमनका साथै स्वतन्त्र रुपमा मतदाता नामावलीको परीक्षणबाट यसमा सुधार ल्याउन प्राथमिकताका साथ लाग्नु पर्ने,
- मतदाता परिचयपत्र भएमा मतदाता नामावलीमा नाम नभए पनि मतदान गर्ने व्यवस्था गर्नुपर्ने,

४. मतदाता शिक्षा

- मतदाता शिक्षा निर्वाचनको समयमा मात्र नभई निर्वाचन आयोगले यसलाई निरन्तररुपमा सञ्चालन गर्नु पर्दछ। मतदाता शिक्षा मतदान कसरी गर्ने भन्दा पनि लोकतन्त्र र मतदाताको अधिकारको रुपमा सही नेतृत्व चयन गर्नसक्ने क्षमता विकास गर्ने कार्यक्रम तय गरी विभिन्न गैरसरकारी संस्थाहरुलाई परिचालन गर्नु पर्ने,

- स्थानीय तहको निर्वाचनमा बदर मतको प्रतिशत समग्रमा २.०१ प्रतिशत (सम्पूर्ण रुपले बदर मतपत्र) भए तापनि प्रमुख/अध्यक्षमा १०.७० प्रतिशत, उपप्रमुख र उपाध्यक्षमा १६.६० प्रतिशत, वडा अध्यक्ष र सदस्यहरुमा १३.२४ प्रतिशत रहेको पाइयो। यसबाट नागरिकको अभिमत खेर गएको छ। स्थानीय तहको निर्वाचनमा भएको बदर मतको संख्यालाई दृष्टिगत गरी मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ। आयोगको अगुवाइमा नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरुबीच सहकार्यमा जोड दिनु पर्दछ। यस पटक राजनीतिक दलहरुबाट समेत मतदाता शिक्षामा अझ गम्भीरता पूर्वक लाग्नु पर्ने र आयोगले सबै निकायहरुसँग प्रभावकारी समन्वय गर्नु पर्नेमा त्यसतर्फ गम्भिरतापूर्वक ध्यान नपुगेको देखिएको छ। मतपत्रको जटिलतासँगै मतदाता शिक्षा अझ प्रभावकारी बनाउने विषयमा निर्वाचन आयोग अझ बढी सजग र सक्रिय हुनु पर्ने पर्यवेक्षणले देखाएको छ।

- मतदाता शिक्षालाई प्रभावकारी बनाउन सम्बन्धित सबै सरोकारवालाहरुसँग सल्लाह एवम् छलफल गरी प्रभावकारी उपाय कार्यान्वयन गर्नु आवश्यक देखिएको छ। मतदाता शिक्षाको लागि राजनीतिक दल, शिक्षक, नागरिक समाजसमेतलाई आवश्यक तालिमको व्यवस्था गर्दै स्थानीय भाषामा मतदाता शिक्षा सामग्री समयमै उपलब्ध गराउनु पर्ने,

- मतदाता शिक्षालाई विद्यालय/कलेजको पाठ्यक्रममा समावेश गर्न पहल गर्ने, र

- मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचन प्रक्रियालाई बढी व्यवस्थित गर्न सहयोग पुग्नुका साथै निर्वाचनमा धाँधली कम भएको पाइएको छ। मतदाता परिचयपत्र पुनः जारी गर्ने वा हराएका व्यक्तिहरुलाई पुनः दिने, मतदाता दर्ता गर्ने लगायत कामलाई प्राथमिकताका साथ समयमै सम्पन्न गर्नु पर्ने ।

५. मतदान केन्द्र/स्थान

- यस निर्वाचनमा अधिकांश मतदान केन्द्रहरु २०७४ सालको स्थान र केन्द्रलाई आधार मानिएको हुँदा कतिपय मतदान केन्द्रहरु मतदातालाई अपायक पर्ने स्थानमा रहेको, दूरीको हिसावले समेत निकै टाढा रहेका, कतिपय मतदान केन्द्रको स्वरुप परिवर्तन भइसकेको अपाङ्गतामैत्री मतदान केन्द्रहरुको व्यवस्था हुन नसकेको भन्ने जस्ता विषय प्रमुखताका साथ उठेको पाइयो। दुर्गम क्षेत्रमा मतदाताको संख्या भन्दा पनि दुरीलाई बढी वजन दिई मतदान केन्द्रको स्थापना भएमा उपयुक्त हुन्छ भने सबै मतदान केन्द्रहरु स्थानीय तहको श्रोत, साधन र जिम्मेवारीमा अपाङ्गतामैत्री बनाउनेतर्फ ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ।

- मतदान केन्द्रमा पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था, आवश्यक सुरक्षा र दक्ष कर्मचारी आवश्यक हुन्छ। मतदान केन्द्रमा खटिने सबै कर्मचारीहरुलाई मतदानका सम्पूर्ण प्रक्रिया र कार्यविधिबारे पर्याप्त तालिम दिनु पर्दछ। निर्वाचनमा श्रेणीविहीन तहका कर्मचारी खटाउन नहुने लगायत अपर्याप्त तालिमको सवाल २०४८ देखि नै पर्यवेक्षण प्रतिवेदनले प्रमुख रुपमा उठाउँदै आएको विषय हो। त्यसतर्फ निर्वाचन आयोगले गम्भिरतापुर्वक ध्यान दिनु आवश्यक देखिन्छ।

६. मतपत्रको छपाई

- मतपत्रमा औंठाछाप लगाउने, मसीले मतपत्र लतपत पार्ने र स्वस्तिक छापको मसी तुरुन्तै नसुक्ने भएकोले पनि बदर मतमा कमी ल्याउन मतपत्रमा "प्रिइन्क" छापको प्रयोग वा विद्युतीय मतदानबारे आवश्यक तयारी प्रारम्भ गर्नुपर्ने देखिन्छ।

- मतपत्र उम्मेदवार तय गर्नुभन्दा अगाडि नै छाप्नुपर्ने प्राविधिक समस्या भएको हुँदा काठमाण्डौमा छापी ७५३ पालिकामा पठाउँदा लामो र असहज भएको पाइयो। यसको लागि संसदीय निर्वाचनको लागि मतपत्र छाप्दा प्रदेश–प्रदेशमा नै निर्वाचन कार्यालय भएको हुँदा प्रदेश वा सम्भव भएसम्म जिल्लामा छापी वितरण गर्ने व्यवस्था गर्नु उपयुक्त र प्रभावकारी हुने देखिन्छ।

- मतपत्रको स्तर ज्यादै कमसल भएको हुँदा स्वस्तिक छाप राखी पट्याउँदा मसी लतपत भई मतपत्र धेरै संख्यामा बदर भएको पाइयो। आगामी दिनहरुमा मतपत्र छपाई र त्यसको मापदण्डमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ।
- उम्मेदवार नभएको चिन्ह समेत मत्रपत्रमा राखिएकोले मतपत्र अनावश्यक लामो भएको, मतदाता झुक्किएका कारण ठुलो संख्यामा मतपत्रहरु बदर भएका कारण उम्मेदवार भएको चिन्ह मात्र मतपत्रमा राख्ने प्रावधान राख्नुपर्ने।

७. आचार संहिताको प्रभावकारिता

- राजनीतिक दल, उम्मेदवार, निर्वाचन आयोग र सरकारका प्रतिनिधिले आचार संहिता बनाउने र आफै उल्लंघनकर्ता भएको पाइएको हुँदा यसलाई निर्वाचन आयोगले विशेष कार्यक्रम तय गर्नुपर्ने देखिन्छ। सूक्ष्म अनुगमन गरी आचार संहिताको उल्लंघन प्रतिवेदन तयार गर्ने र सोही आधारमा कानून बमोजिम कारवाही गरी कानूनी शासनको अनुभूति दिएमा भविष्यमा आचार संहिताको पालना हुने र लोकतन्त्रको संस्थागत विकास हुने कुरामा विश्वास गर्न सकिन्छ।
- आचार संहिता उलङ्घन तत्काल रोक्नु परेमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले कुनै काम गर्न वा नगर्न दिएको आदेशको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला निर्वाचन कार्यालय, स्थानीय प्रशासन र प्रहरीको ठूलो भूमिका रहेकोले यी निकायहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था सहित यी संस्थाहरुमा क्षमता वृद्धि गरिनु पर्दछ। आचार संहिता पालनाका लागि उलङ्घनका घटनामा तत्कालै कारवाही र जरिवाना गर्ने उपाय प्रभावकारी हुने भएकोले यसतर्फ आयोगले ध्यान दिनुपर्ने देखिन्छ।
- निर्वाचन प्रचारप्रसार खर्च सम्बन्धी सीमा र आचार संहितालाई व्यावहारिक बनाउन यसको समीक्षा गर्ने, यसको प्रभावकारी पालनाको सुनिश्चितताका लागि कार्यान्वयन अवस्थाको अनुगमनको व्यवस्था गर्नुपर्ने पर्यवेक्षणले देखाएको छ।

८. मतदानको दिनको व्यवस्थापन

- मतदान स्थल र केन्द्रको व्यवस्थापन दयनीय भएको हुँदा निर्वाचन खर्चको मितव्ययीको नाममा कम बजेटको व्यवस्था हुँदा बर्खाको समयमा सामान्य व्यवस्थापन गर्नसमेत असहज भएको देखियो। पाल, शौचालय, डोरी, कोठाको व्यवस्थापन गर्दा मतदान अधिकृत दक्ष र नेतृत्व भएको स्थानमा अन्य सहयोगी व्यक्ति वा संस्थाबाट सहयोग लिई राम्रो बनाएको समेत पाइयो। तर सबैले सो अवसर नपाएको हुँदा न्यूनतम आवश्यक खर्चको व्यवस्थापन गर्नु पर्दछ। मतदान केन्द्र तीन दिन अगाडि नै तयारी गर्ने कानूनी व्यवस्था हुनु पर्ने देखिन्छ ।
- निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोग गर्नेबारे अहिलेदेखिनै प्राथमिकताका साथ कार्यक्रमसहित अगाडि बढ्नु पर्ने देखिएको छ। यस्तो उपकरणको प्रयोगमा मतदाताहरूलाई पर्याप्त तालिमको व्यवस्था गर्नुपर्ने,
- मतदान केन्द्रमा ज्येष्ठ नागरिक, अस्वस्थ, सुत्केरी, अपाङ्ग मतदाताको पहुँचको समुचित व्यवस्थाका लागि वैकल्पिक सवारी साधन उपलब्ध गराउने व्यवस्था गर्ने,
- खानेपानी, मौसम अनुसारको ओत, शौचालय, ह्वील चेयर आदिसहितको मतदाता–मैत्री मतदान केन्द्रको व्यवस्था गर्ने,
- मतदाता परिचयपत्र हराएका व्यक्तिहरु वा मतदाता नामावली अन्यन्त्र सारिएकोमा जानकारी नपाएका मतदाताहरु लामो समयसम्म अन्योलमा रहेको देखिन्छ। मतदाता नामावलीमा नाम भएकाहरुले अन्य कुनै परिचयपत्र खुल्ने प्रमाण दिएमा मतदात गर्न सक्ने व्यवस्थाका सम्बन्धमा निर्वाचन आयोगले निकै ढिला गरी निर्णय गरेका कारण अन्योल भएकाले उक्त व्यवस्थाको समयमै सुनिश्चितता गर्दै सबै मतदाता र मतदानमा संलग्न कर्मचारीहरुलाई जानकारी हुने प्रभावकारी व्यवस्था गर्नु आवश्यक छ।
- निर्वाचनको अवधिमा गर्ने यातायात बन्दको निर्णय परम्परागत भएको र एक मतदाता धेरै स्थानबाट मतदान गर्न सक्ने अवस्था विगतमा रहेको पनि हाल यस प्रकारको प्रतिवन्ध आवश्यक नभएको हुँदा आगामी निर्वाचनमा निर्वाचनको दिन यातायातमा अवरोध गर्ने विषय हटाउनु आवश्यक छ।

- मतदानको दुई दिनअघि देखि मतदान केन्द्रको स्थापना गरी सुरक्षाको वातावरण सहज र विश्वसनीय बनाउने गरी आयोगले काम गर्नु पर्दछ।
- मतदान अधिकृतले दस्तखत नगरेको मतपत्रहरु पनि धेरै स्थानमा विवाद आएको हुँदा यसको अनुगमन गरी त्यस्तो अवस्थामा दोहोरो रुजु गरी मतपत्र मतदातालाई दिने व्यवस्था गर्नु पर्दछ।
- कतिपय स्थानमा राजनीतिक दलका प्रतिनिधिहरुले मतपत्रको बाकस नै उठाई निर्वाचन प्रक्रिया अवरोध गर्दा पनि सुरक्षा निकाय मुकदर्शक भएको हुँदा यसतर्फ आयोगले सोच्नु पर्दछ।

९. निर्वाचन सामग्रीको ढुँवानी

- मतदान सम्पन्न भएपछि तोकिएको प्रक्रिया पूरा गरी सिलबन्दी गर्ने र प्रतिनिधिहरुको दस्तखत गराई सँगै सम्बन्धित स्थानमा पुऱ्याउनुपर्ने कानूनी व्यवस्था भए तापनि सो नभएको हुँदा आयोगले यसको अनुगमन गर्नुपर्ने।

१०. मतगणना

- स्थानीय तहको पहिलो र दोस्रो निर्वाचनको मत गणना गर्दा ५ देखि १७ दिनसम्म लागेको हुँदा उक्त व्यवस्थापनको लागि धेरै स्थानमा वा वडा स्तरमा नै मतगणना गर्ने कानूनी व्यवस्था गर्नुपर्ने।

११. परिणामको घोषणा

- मतगणनाको परिणाम घोषणा गर्दा कानूनी प्रक्रिया पुऱ्याएर मात्र घोषणा गर्दा राम्रो र विधिसम्मत हुनेछ।
- मतपरिणामको घोषणापछि विजेताहरुको ठूलो संख्यामा विजय जुलुस गर्दा द्वन्द्व हुने अवस्था नआउन विशेष सतकर्ता अपनाउनु पर्ने।

१२. कानून र नीतिमा सुधार

- निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगमा हुँदा बढी व्यावहारिक र समय सापेक्ष हुन्छ। त्यसको लागि नेपाल सरकारसँग आवश्यक समन्वय गरी सम्बन्धित कानून संशोधन गर्न पहल गर्ने। साथै निर्वाचन आयोगलाई बढी प्रभावकारी, स्वतन्त्र र सक्षम बनाउन कानूनमा आवश्यक संशोधनका लागि पहल गर्ने।
- निर्वाचनलाई स्वतन्त्र र समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्न विद्यमान कानूनको समिक्षा गरी एकीकृत कानूनका लागि सबै तहमा सम्वादको थालनी गर्ने।
- आफ्नो निर्वाचन क्षेत्र बाहिर रहेका र विदेशमा रहेका मतदाता तथा मतदानमा संलग्न कर्मचारीले मतदान गर्न पाएनन्। मतदान गर्नु र निर्वाचनमा भाग लिन पाउनु नागरिकको मौलिक हकको विषय भएकोले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनहरुमा कर्मचारी, पर्यवेक्षक, सुरक्षाकर्मी र केन्द्र बाहिर रहेका सबै मतदाताहरुले मतदानमा भाग लिन पाउने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने देखिन्छ। स्थानीय तहको निर्वाचनमा समेत यस्तो व्यवस्था कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा अध्ययन हुनु आवश्यक देखिन्छ।
- समानुपातिक प्रतिनिधित्वका लागि विभिन्न क्लस्टर अन्तर्गत उम्मेदवारको निर्वाचन वा मनोनयनमा महिलाको विवाह हुनु अगाडिको थर कायम गर्ने गरी संविधान र कानूनमा संशोधन गर्ने व्यवस्था गर्ने।
- संविधानले कुनै पनि नागरिकलाई मत हाल्न र नहाल्न मौलिक हकको रुपमा अधिकार दिएको र सर्वोच्च अदालतले पनि नो भोटको लागि आवश्यक कानून बनाउन निर्देशन दिएको हुँदा यसलाई ऐनमा समावेश गर्न पहल गर्नु पर्दछ।
- निर्वाचन प्रक्रियासम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचनमा संलग्न कर्मचारीहरूलाई र सम्बन्धित सरोकारवाला सबैलाई समयमै निर्वाचनसम्बन्धी लोकतान्त्रिक मूल्य मान्यता, कानूनी प्रक्रिया र कार्यविधिका सम्बन्धमा पर्याप्त तालिम दिने। कानूनमा भएको यस्तो व्यवस्थाको पालना नगरे वा उलङ्घन गरेको देखिए जिम्मेवार कर्मचारी उपर कानूनी कारवाही गर्न सरकारलाई निर्देशन दिने।

- निर्वाचन यथाशक्य सम्पन्न गर्न स्थानीय तहको पदाधिकारीको समय सकिनु २ महिना अगाडि नै निर्वाचन अनिवार्य गर्नुपर्ने कानूनी व्यवस्था गर्ने।

- आचार संहिताका सम्बन्धमा लिखित उजुरी नपरेसम्म कारवाहीको दायरामा नल्याउने विषयमा गम्भिरताका साथ लागि पर्नु आवश्यक देखिन्छ। आयोगले यस सम्बन्धमा आफैं जानकारीमा लिएर वा विभिन्न संघ, संस्था, निर्वाचन पर्यवेक्षण समुहहरुको जानकारीका आधारमा समेत कारवाही गर्न सक्ने गरी नीतिगत र कार्यविधिगत सुधार गर्नु आवश्यक देखिन्छ। निर्वाचन आयोगको काम निर्वाचन सम्पन्न गर्नु मात्र नभई कानून सम्मत गराउनु पनि भएको हुँदा जसरी पनि निर्वाचन सम्पन्न गर्नुपर्छ भन्ने मानसिकताबाट माथि उठी कानून सम्मत गराउन सक्षम हुन पर्दछ।

- निर्वाचन आयोगले पारदर्शीताका लागि विभिन्न शीर्षक अन्तर्गत उम्मेदवारले गरेको खर्च निर्वाचन सम्पन्न भएको ३० दिनभित्र सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ।

- निर्वाचन आयोगले निर्वाचन सम्पन्न भएको दुई महिनाभित्र निर्वाचनको व्यवस्थापन, कानूनी पक्ष, संस्थागत विकासको तर्फबाट समीक्षा गरी आगामी निर्वाचनमा सुधार गर्नुपर्ने विषयको पहिचान गर्नुपर्ने देखिन्छ।

- स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७ को ४(१) बमोजिम पालिकाको अध्यक्ष, प्रमुख, उपाध्यक्ष, उप-प्रमुख र जिल्ला समन्वय समितिको प्रमुख र उप-प्रमुख मध्ये कुनै एक महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गर्दा यस पटकको गठबन्धनले धेरै महिलाको प्रतिनिधित्व कम गर्‍यो। त्यसको लागि कुनै दुई मध्ये एक पद महिलाको सिट अनिवार्य हुने गरी कानून संशोधन गर्न पहल गर्नु पर्दछ।

१३. निर्वाचन आयोगको संस्थागत विकास

- निर्वाचन आयोगले सम्पूर्ण व्यवस्थापन नेपाल सरकारसँग भर पर्नुपर्ने र आचार संहिता नेपाल सरकारबाट नै बढी उल्लंघन हुने हुँदा कर्मचारी र नीतिगत निर्णयमा आयोगको स्वतन्त्रता रहने गरी कानूनी व्यवस्था गर्नुपर्ने।

- संघ्र, प्रदेश र स्थानीय तहमा आयोगको आफ्नै संरचना रहने गरी कानूनमा व्यवस्था गर्नु पर्दछ।

१४. निर्वाचन आयोग र अन्य बीच समन्वय

- निर्वाचन आयोगले नेपाल सरकार, राजनीतिक दल, संघ संस्था, पत्रकारसँग समन्वय र सहकार्य गरी निर्वाचनको कार्यक्रम तय गर्ने र सञ्चालन गर्ने काम गर्दै आएको छ। तर निर्वाचनको समयमा जे काम गर्नुपर्ने हो सो काम गर्न अपेक्षा अनुरुप नभइरहेको हुँदा यसतर्फ ध्यान दिनु पर्दछ।

१५. पर्यवेक्षकहरुको लागि आचार संहिता

- निर्वाचन आयोगको निर्वाचन कार्यलाई प्रभावशाली, विश्वसनीयता र स्वीकार्य बनाउन पर्यवेक्षकहरुको भूमिका भएको हुँदा आयोगले पर्यवेक्षकहरुलाई पर्यवेक्षण गर्न अनुमति दिँदै आएको छ। तर निर्वाचन आयोगले संस्थाहरुलाई अनुमति दिंदा संस्थाको विज्ञता, दक्षता र योगदानको आधारमा भन्दा पनि चिनजानको आधारमा अनुमति दिने र पछि पर्यवेक्षण गर्न नसकेको देखिन्छ। जस्तै यस निर्वाचनमा ६८ वटा संस्थाले अनुमति प्राप्त गरेको, ३७ वटा संस्थाले मात्र पर्यवेक्षण गरेको र २५ वटा संस्थाले प्रतिवेदन बुझाएको पाइयो।

- निर्वाचन आयोगको संस्थागत रुपमा पर्यवेक्षकहरुको रेकर्ड नहुँदा नियमित रुपमा पर्यवेक्षण गरी आयोगलाई सहयोग गर्दै आएको संस्थाहरुले पनि अनुमति पाउन सहज नभएको अनुभूति भएकोले पर्यवेक्षकहरुको आचार संहिता बनाउँदा सम्बन्धित सरोकारवालाहरुसँग सहकार्य गरी बनाउँदा प्रभावकारी हुनेछ।

- पर्यवेक्षकलाई मतदान र मतगणना लगायत निर्वाचनका सबै प्रक्रियामा पहुँचको व्यवस्था गर्ने। निर्वाचनमा संलग्न कर्मचारीहरूलाई पर्यवेक्षण नीति नियम अनुसार पर्यवेक्षकको भूमिका र जिम्मेवारीका बारेमा पर्याप्त जानकारी दिने।

- पर्यवेक्षकलाई मतदान र मतगणना लगायत निर्वाचनका सबै प्रक्रियामा पहुँचको व्यवस्था गर्ने । निर्वाचनमा संलग्न कर्मचारीहरुलाई पर्यवेक्षण नीति नियम अनुसार पर्यवेक्षकको भूमिका र जिम्मेवारीका बारेमा पर्याप्त जानकारी दिनुपर्ने ।
- निर्वाचन आयोगले पर्यवेक्षकहरुको अनुमति दिई परिचयपत्र दिने तर विभिन्न बहानामा मतदान केन्द्र र स्थानमा प्रवेश गर्न प्रतिबन्ध गरिएकोले पर्यवेक्षण कार्यमा रोक लगाएको पाइयो । परिचय पत्रमा कालो मसीले दस्तखत गरेको, मतदान केन्द्रको नाम नमिलेको, नाममा दस्तखत नभएको, उमेर नमिलेको, ठेगाना नमिलेको आदिको कारण देखाई असहयोग गरेको हुँदा आयोगको परिचयपत्रको सम्मान गर्न आफ्ना मातहतको कर्मचारीलाई राम्रो व्यवहार गर्न र सहयोग गर्न प्रशिक्षण दिनु पर्दछ ।
- यस पटक परिचयपत्र बनाउने क्रममा अधिकांश संस्थाहरुले दुख पाएको र अपमानित भएको महसुस गरेको पाइयो । पर्यवेक्षकको आवश्यक विवरण बुझाउने समय ३ दिन, अनलाईन फर्म भर्दा सर्भरले काम नगरेको, परिचयपत्र समयमा नै नपाउँदा पर्यवेक्षकले बिना परिचयपत्र पर्यवेक्षण गर्नु परेको अवस्था देखा परेकोले त्यसतर्फ आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।
- आगामी दिनमा यी विषयहरु सुधार गर्न आयोगले ध्यान दिंदा पर्यवेक्षकहरुको पनि योगदानको कदर हुने र सम्मानीत हुने अवसर हुने विश्वास लिईएको छ ।

## नेपाल सरकारको लागि

- संविधानको मर्म र भावना बमोजिम लैङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न आवश्यकता अनुसार कानूनमा सुधार वा तर्जुमा गर्दै जानु पर्ने,
- निर्वाचनको मिति तोक्ने सम्बन्धमा निर्वाचन आयोगलाई जिम्मेवार र जवाफदेही बनाउने सामान्य अभ्यास हो । आयोगले मिति तोक्दा बढी व्यावहारिक, पारदर्शी र निर्वाचन सफल पार्न प्रभावकारी हुन्छ । विभिन्न समयमा विभिन्न राजनीतिक दलका आफ्ना स्वार्थका कारण समयमा निर्वाचनको मिति तोक्ने विषयमा टकराव हुँदा निर्वाचनको मितिको अनिश्चितताका कारण समयमा प्रभावकारी व्यवस्थापन हुन सकेको छैन । यसतर्फ सबै राजनीतिक दलहरु आफ्नो स्वार्थबाट माथि उठेर आवश्यक व्यवस्था गर्नु उपयुक्त हुने देखिएको छ भने सरकारले त्यसको लागि सहजीकरण गर्नु आवश्यक देखिन्छ ।
- भौतिक पूर्वाधारमा सुधार, आवश्यक बजेटको व्यवस्था, सुरक्षाको सुनिश्चितता लगायतका विषयमा अझ गम्भिर भई कार्ययोजना सहित नेपाल सरकार अगाडि बढ्ने र निर्वाचन आयोगले तयार पारेको कार्ययोजनामा आवश्यक सहयोग गर्नु पर्ने ।
- मतदाता शिक्षा सञ्चालन गर्ने, त्यसको लागि आफ्ना संयन्त्रहरु परिचालन गर्ने, शान्ति सुरक्षा कायम गर्न मद्दत गर्ने र निर्वाचन खर्चमा न्यूनीकरण गर्ने जिम्मेवारी सरकार र निर्वाचन आयोगको हो । विभिन्न गैससहरुले समेत त्यसको लागि आवश्यक श्रोत, साधन र विशेषज्ञतासहित सहयोग गर्न सक्दछन् । निर्वाचन खर्चको विषयमा राष्ट्रिय मान्यता प्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल आवश्यक छ ।
- अधिकांश मतगणना स्थलमा स्थानीय प्रशासनको निर्देशन र सुरक्षा निकायको सक्रियतामा तारजाली राखेको पाइयो । सुरक्षा संवेदनशीलताका दृष्टिले यसलाई सहज मान्न सकिए तापनि लोकतन्त्रमा यस्तो कार्यलाई राम्रो मान्न सकिन्न अतः आगामी निर्वाचनमा तारजालीको प्रयोगलाई हटाई पर्याप्त सुरक्षा व्यवस्था सहित मतगणना कार्य गरिनु उपयुक्त हुन्छ ।
- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाताको बिना भय र त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था अझ भरपर्दो हुने व्यवस्था गर्नु पर्दछ । मतदान सकिएपछि मतपेटिका ढुवानी र भण्डारण ज्यादै संवेदनशील विषय भएकोले यसबारे शंकाको ठाउँ नरहने गरी उपयुक्त व्यवस्था गर्नु पर्दछ । यस विषयमा उच्च पारदर्शिता कायम गरेमा विवाद सिर्जना गर्ने अवस्था रहँदैन । मतपेटिका ढुवानीको योजना बनाउँदा राजनीतिक दलका प्रतिनिधिहरुले चाहेमा सँगै आउने व्यवस्था गर्नु पर्दछ ।
- आचार संहिता उलङ्घनका घटनाका सम्बन्धमा आयोग वा सम्बन्धित निकायबाट दिइएको आदेशको कार्यान्वयनमा गृह र प्रहरी प्रशासनबाट प्रभावकारी सहयोग उपलब्ध हुनु पर्ने ।

- निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ। यस विषयमा राष्ट्रिय मान्यता प्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल आवश्यक छ।
- मतदानको दिन दिइने निर्देशन र मतदानको सहजीकरणको लागि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) र गृह मन्त्रालयमा कमाण्ड पोष्ट स्थापना गरी कार्यान्वयन गर्दा आदेश, निर्देशनमा एकरुपता नभएको गुनासो रहेकोले उक्त दिन आयोगको नेतृत्वमा गृहमन्त्रालय र सबै सुरक्षा निकायको संयुक्त कमाण्ड पोष्ट स्थापना गरी कार्यान्वयनको व्यवस्था गरिनु पर्दछ।

## राजनीतिक दलका लागि

- मतदाता शिक्षा सञ्चालन गर्ने, त्यसको लागि आफ्ना संयन्त्रहरु परिचालन गर्ने, शान्ति सुरक्षा कायम गर्न मद्दत गर्ने र निर्वाचन खर्चमा न्यूनीकरण गर्ने जिम्मेवारी सरकार र निर्वाचन आयोगको मात्रै नभएर राजनीति दलको पनि हो । यसतर्फ आगामी निर्वाचनको लागि सबै राजनीतिक दलहरुबाट एकमतले आवश्यक सुधार गर्नु पर्ने देखिन्छ।
- निर्वाचनका हरेक चरण र प्रक्रियामा चनाखो भई सहभागी हुनु पर्दछ भने निर्वाचन आयोग, सरकार र मतदातालाई आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्ने देखिन्छ।
- दलको आम्दानी र खर्चको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने। दलले आम्दानी र खर्चको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्नु पर्दछ। आफ्ना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।
- राजनीतिक हिंसालाई न्यूनिकरण गर्न दलहरुले संघ, प्रदेश र स्थानीय तहमा संयुक्त सञ्जालको निमार्ण  गरी आचार संहिता पालना गर्ने गराउने वातावरण सिर्जना गर्नु पर्दछ। दलहरुको आन्तरिक सङ्गठनात्मक संरचना, निर्णय प्रक्रिया र व्यवस्थापनलाई प्रजातान्त्रिकरण गर्नु पर्दछ।
- स्थानीय तहको निर्वाचनमा उम्मेदवारहरूको छनौट गर्दा व्यक्तिको खर्च गर्ने क्षमतालाई हेर्दा निर्वाचनमा अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्न र खर्चलाई तोकिएको सीमाभित्र राख्न दलहरू उत्तरदायी हुनु आवश्यक छ।
- निर्वाचन आचार संहिता विपरित कुनै सामग्री प्रकाशन, प्रसारण भएमा वा सामाजिक सञ्जालमा पोष्ट गरिएमा वा निर्वाचन चिन्ह, झण्डा वा यस्तै सामग्री निषेधित स्थानमा राखिएमा उक्त कार्य सम्बन्धित दल वा उम्मेदवारले गरेको वा गराएको मानी तत्काल स्पष्टीकरण वा जरिवाना वा कानून बमोजिमको जुनसुकै कारवाही गर्न सकिने अनिवार्य व्यवस्था गरिनु आवश्यक छ।
- निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ।
- आयोगले स्वीकृत गरेको निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ का केही प्रावधानहरुलाई समय सापेक्ष सुधार गरी पर्यवेक्षणको विधि, प्रकृया र पर्यवेक्षण व्यवस्थापनलाई सरलीकृत गर्नु उपयुक्त हुने देखिन्छ।

## पर्यवेक्षकहरूका लागि

- पर्यवेक्षणबाट निर्वाचन तुलनात्मकरुपमा स्वतन्त्र र निष्पक्षतापूर्वक भए नभएको कुरा जानकारी हुनाका साथै यसबाट निर्वाचनको विश्वसनीयता र निर्वाचनको परिणामको स्वीकारोक्ति स्थापित हुन सहयोग पुग्ने भएकोले मतदान केन्द्रको सम्पूर्ण प्रक्रियाको लगातार जानकारी राख्नुपर्ने हुन्छ। निर्वाचनपुर्व, निर्वाचनको अवधिभर र निर्वाचन पश्चातका पर्यवेक्षणका तरिका र विषयवस्तु फरक फरक हुन्छन्। पर्यवेक्षकले हचुवाका भरमा नभई निर्वाचन सम्बन्धी सम्पूर्ण कानूनहरुको अध्ययन गरी तयारी गर्नु आवश्यक हुन्छ।

- निर्वाचन आचार संहिताको पर्यवेक्षण गर्दा आफ्नो लागि समेत निर्वाचन आचार संहिता लागु हुन्छ भन्ने कुरा हेक्का राख्दै इमान्दारी साथ पालना गर्नु पर्दछ।
- यसका लागि पूरा समय पर्यवेक्षण गर्नु आवश्यक हुन्छ। अतः पर्यवेक्षण कार्यमा दोहोरोपना हटाई निर्वाचन प्रक्रियाको सम्पूर्ण जानकारी हासिल गर्न पर्यवेक्षण गर्ने संस्थाहरुबीच प्रभावकारी समन्वय स्थापित हुने व्यवस्था गर्नु पर्दछ। साथै, पर्यवेक्षकले निर्वाचनको सबै प्रक्रियाको पर्यवेक्षण गर्ने व्यवस्था हुनु पर्दछ।
- पर्यवेक्षकहरु तय गर्दा स्वतन्त्र, दक्ष, इमान्दार, जवाफदेही हुनसक्ने व्यक्तिको चयन हुनु पर्दछ। २५ वर्षको उमेरभन्दा माथिको र समावेशी गर्नु पर्दछ।

## न्यायपालिकाका लागि

- निर्वाचन सम्बन्धी विवादको निरोपण छिटो गर्न विशेष बेञ्चको व्यवस्थापन गरी निर्वाचन प्रक्रियालाई अन्तिम रुप दिने वातावरण न्यायपालिकाले गर्नु पर्दछ।
- निर्वाचनसँग सम्बन्धित विवाद न्यायपालिकामा आएमा प्राथमिकताको साथ विवाद निरुपण गरी निर्वाचन कार्यमा सहजता ल्याउने वातावरण न्यायपालिकाको नेतृत्वले गर्नु पर्दछ।

## आमसञ्चारका लागि

- तटस्थता र निश्पक्षता सञ्चारजगतको आत्मा हो जसलाई निर्वाचनका सन्दर्भमा दिइने सामग्रीमा पनि कायम राख्ने, कुनै दल वा उम्मेदवार विशेषलाई फाइदा वा हानी पुग्ने गरी समाचार प्रवाह नगर्ने, नेताहरुको घृणास्पद अभिव्यक्ति र आपसमा कलह उत्पन्न गर्ने भाषणको प्रचारप्रसार नगर्ने तथा पत्रकार आचार संहिता अनुरुप उपरोक्त काम भए नभएको निरन्तर अनुगमन प्रेस काउन्सिलले गर्ने।
- निर्वाचनको समयमा राजनीतिक दलहरुले जारी गरेको घोषणापत्र, उम्मेदवारहरुले पालना गरेको आचार संहिता र निर्वाचन दिनको प्रक्रिया र मतगणनाको व्यवस्थापनमा जनताप्रति सही सूचना प्रवाह गर्ने दायित्व पत्रकारहरुको भएको हुँदा निर्वाचन प्रणाली र परिणामको विश्वसनीयतामा वृद्धि गर्न महत्वपूर्ण योगदान हुने गरी जिम्मेवारी बहन गर्ने।
- निर्वाचन आचार संहिता विपरित हुने गरी कुनै पनि राजनीतिक विज्ञापन वा प्रचार–प्रसार गर्न गराउन हुँदैन।
- प्रचलित कानून, आचार संहिता वा सामाजिक मर्यादा प्रतिकूल हुने कुनै सामग्री कुनै राजनीतिक व्यक्ति वा उम्मेदवारले भनेको भनी जस्ताको तस्तै प्रकाशन, प्रसारण गर्न गराउन हुँदैन।
- निर्वाचन कार्यक्रममा सहयोग पुग्ने गरी सकारात्मक सूचना प्रवाह गर्ने र आचार संहितासँग सम्बन्धित सूचना प्रवाह गर्दा निर्वाचन आयोगले उल्लंघनकर्तालाई कानूनको दायरामा ल्याउनसक्ने वातावरण सृजना गर्नु पर्दछ।

परिच्छेद

१

# आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण

## १.१. पृष्ठभूमि

नेपालमा पहिलो पटक संविधान सभाबाट संविधान जारी भएपछि २०७४ मा पहिले स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो। सोही वर्ष प्रदेश र प्रतिनिधिसभाको पनि निर्वाचन भयो। स्थानीय तहको पछिल्लो पटक योभन्दा पहिले २०५४ मा निर्वाचन भएको थियो। हाल नेपालको संविधान अनुसार स्थानीय तहको निर्वाचन भएको पाँच वर्ष पूरा भएको छ। स्थानीय तहको यो दोस्रो निर्वाचन नेपालको प्रजातान्त्रिक अभ्यासको संस्थागत विकासमा एउटा महत्वपूर्ण पाइला भएको विश्वास गर्न सकिन्छ।

निर्वाचन स्वच्छ, स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग पुगोस् भन्ने मनसायले विगतमा झैं यो निर्वाचनमा पनि आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) ले निर्वाचनको पर्यवेक्षण गरेको छ। विभिन्न क्षेत्रमा कार्यरत हाल एघार संस्थाहरुको सयुंक्त सञ्जालको रुपमा रहेको जियोकले २०४७ सालपछि सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ का साथै स्थानीय निकाय निर्वाचन २०४९, २०५४ र संविधानसभा सदस्य निर्वाचन, २०६४ तथा २०७० समेत सातवटा निर्वाचनको पर्यवेक्षण गरिसकेको छ। यस कार्यलाई निरन्तरता दिदै यस संस्थाले २०७४ सालमा नेपालको संविधान बमोजिम स्थानीय, प्रदेश र प्रतिनिधिसभाको पर्यवेक्षण पनि सम्पन्न गरेको छ। यसले राष्ट्रिय, जिल्ला र स्थानीयस्तरमा प्रभावकारी पर्यवेक्षण गरी सम्बन्धित निकायलाई सुझावसहितको प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। जियोकले विगतमा गरेको निर्वाचन पर्यवेक्षणको आधारमा तयार गरि सार्वजनिक गरेको प्रतिवेदनमा समावेश सुझावहरुले निर्वाचन आयोग र सरकारलाई निर्वाचनको सुसंचालनार्थ आवश्यक कानून निर्माणमा विशेष सहयोग पुऱ्याउँदै आएको छ।


## १.२. सञ्जालको उद्देश्य

जियोक निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित रुपमा भएको छ, छैन भन्ने कुराको स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित सञ्जाल हो। जियोकले निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुरुप निर्वाचनका विभिन्न प्रक्रियाहरु (मतदाताको नामदर्ता, निर्वाचनमा उम्मेदवारी, मतदान, मतगणना र परिणाम घोषणा समेत) मा घटित घटनाहरुको पर्यवेक्षण गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्ने यसको उद्देश्य रहेको छ। यसबाट निर्वाचन आयोगको निर्वाचन परिणामलाई आमनागरिकको विश्वास र विश्वसनियता वृद्धि गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्य रहेको छ।

## १.३. सञ्जालको स्वरूप

यस सञ्जालमा हाल नेपाल कानून समाज, संविधान निगरानी समूह, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, हिमालय सञ्चार केन्द्र, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप जियोकका संस्थागत सदस्य रहेका छन्। उल्लिखित विभिन्न क्षेत्रमा कार्यरत ११ वटा संस्थाहरूमा पूर्व

प्रधानन्यायाधीश, पूर्व निर्वाचन प्रमुख आयुक्त, स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी, प्राध्यापक, वरिष्ट पत्रकारको सहभागिता रहँदै आएको छ। यस सञ्जालले आफ्ना सदस्यहरुको सहयोगमा देशका सम्पूर्ण जिल्लामा विभिन्न कार्यक्रमहरु मार्फत आफ्नो उपस्थिति देखाउँदै आएको छ।




## १.४. सञ्जालको दायित्व

यो सञ्जालले २०७९ वैशाख ३० मा स्थानीय तहको सदस्य निर्वाचनमा आफ्नो चुनाव पर्यवेक्षण स्वतन्त्र, निष्पक्ष र तटस्थ पर्यवेक्षकहरुबाट गराउने दायित्व बोकेको छ। जियोकले आफ्नो दायित्व पूरा गर्ने क्रममा पर्यवेक्षणका लागि आवश्यक सहयोग पुऱ्याउन नेपाल कानून समाजको कार्यालयमा सचिवालय सञ्चालनका साथै सातै प्रदेशबाट प्राप्त जानकारी र सूचना संकलन गर्न सातवटा कल सेन्टरको पनि व्यवस्था गरेको छ। यसले स्थानीय तहको सदस्य निर्वाचन पर्यवेक्षणका लागि सञ्जालका सदस्य संस्थाहरुसँग समन्वय गरी राष्ट्रिय, जिल्ला तथा गाउँ र नगरपालिका स्तरीय पर्यवेक्षक चयन गर्दछ। यसैगरी जियोकले निर्वाचनको पर्यवेक्षण गरिसकेपछि आफ्ना प्रतिवेदनहरु निर्वाचन आयोगलगायत राजनीतिक दल र अन्य सम्बन्धित निकायहरुमा पठाउने र सार्वजनिक गर्ने गर्दछ। यसले आफ्ना सबै गतिविधिहरु निष्पक्ष, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्दछ। यसै क्रममा निर्वाचन पूर्व निर्वाचन तयारी सम्बन्धी आफ्नो प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्ने गर्दछ।

## १.५. सञ्जालको सचिवालय

निर्वाचन पर्यवेक्षणको कामका लागि दैनिक कार्य सञ्चालन गर्न र अन्य आवश्यक सहयोगका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानून समाजको कार्यालय, बबरमहल, काठमाण्डौमा रहेको छ। पर्यवेक्षण कार्यको समन्वय र आवश्यक जनशक्तिको व्यवस्था गर्नका लागि ४० सदस्यीय राष्ट्रिय पर्यवेक्षक परिषद् रहेको छ। सबै सदस्य संस्थाहरुको प्रतिनिधित्व हुने गरी सञ्जालका अध्यक्ष श्री हिमालय शम्सेर राणाको अध्यक्षतामा एउटा कार्यसमिति रहेको छ। जसमा सबै संस्थाको प्रमुख तथा प्रतिनिधि सदस्यको रुपमा रहेका छन भने महा–सचिवको रुपमा नेपाल कानून समाजको कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान रहेको छ।

## १.६. पर्यवेक्षण कार्यक्रम र समन्वय

- जनशक्तिको परिचालन

  जियोकले सचिवालय स्थापना गरी निर्वाचन आयोगले प्रकाशित गरेको निर्वाचन कार्यतालिका बमोजिम र जियोकको प्रस्तावित कार्यक्रम सञ्चालन गर्न अधिवक्ता श्री मिलन श्रेष्ठको नेतृत्वमा अधिवक्ता श्रीमती सरस्वती डङ्गोल, अधिवक्ता श्री गणेशमान प्रधान, श्री रेजिना भट्टराई, श्री नाइल श्रेष्ठ, श्री भवानी कायष्ठ, श्री एलिज श्रेष्ठ, श्री संजिमा श्रेष्ठ, श्री लक्ष्मी खत्रीको सचिवालय

सञ्चालन समूह गठन गरेको थियो । उक्त सचिवालय समूहले निर्वाचन पूर्व, निर्वाचनको समयमा र निर्वाचन पश्चात विभिन्न चरणमा कार्यक्रमहरु गरी प्रतिवेदन तयार गर्न सहयोग पुर्‍यायो ।

- राष्ट्रिय पर्यवेक्षकहरुको चयन

जियोकले ११ वटै संस्थाहरुको प्रतिनिधित्व हुने गरी ४० जना राष्ट्रिय पर्यवेक्षकहरु परिचालन गरेको थियो । जसमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, न्यायाधीश, वरिष्ट कानूनविद, वरिष्ट पत्रकार, वरिष्ट पूर्व कर्मचारी, प्राध्यापक, विज्ञहरुको सहभागिता रहेको थियो । राष्ट्रिय पर्यवेक्षकहरु निर्वाचन कार्यक्रम प्रकाशित भएदेखि निर्वाचन परिणाम घोषणा नभएसम्म करिव दुई महिना सक्रिय रुपमा कार्यरत रह्यो । यस समूहले जियोकको पार्षदको रुपमा कार्यसमितिका पदाधिकारी र सचिवालयको जनशक्तिलाई सुझाव दिने र समीक्षा गर्ने उद्देश्यले समय–समयमा कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरुको नामावली यसै प्रतिवेदनको अनुसूची १ मा उल्लेख गरिएको छ ।

- स्थानीय तहको पर्यवेक्षकहरुको चयन

जियोकले ३२ जिल्लामा जिल्ला स्तरको १ जना पर्यवेक्षक र गाउँ र नगरस्तर गरी जम्मा ३६० जना पर्यवेक्षकहरु परिचालन गरेको थियो । जुन समूहमा कानूनविद, पत्रकार, पूर्व कर्मचारी, पूर्व न्यायाधीश, प्राध्यापक र विज्ञहरुको सहभागिता रहेको थियो । जिल्ला स्तरको पर्यवेक्षकले एक महिना र स्थानीयस्तरको पर्यवेक्षकले एक हप्ता जियोकको कार्य तालिका बमोजिम काम गरेको थियो ।

- सन्दर्भ सामग्रीहरु तयार

निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई प्रभावकारी र स्तरीय बनाउन जियोकले स्थानीय तहको निर्वाचन पर्यवेक्षण निर्देशिका २०७९ प्रकाशित गर्‍यो । उक्त निर्देशिकाले जियोकको संस्थागत जानकारी, कार्यक्रम, निर्वाचन पर्यवेक्षण सम्बन्धी कानूनी व्यवस्था, आचार संहिता, निर्वाचन पर्यवेक्षण महत्व र कर्तव्य, लगायत प्रतिवेदन बारे विस्तृत रुपमा जानकारी दिई सबै पर्यवेक्षकहरुको बुझाइमा एकरुपता ल्याउन मद्दत गर्‍यो । त्यसैगरी पर्यवेक्षकहरुले पर्यवेक्षण गर्दा तयार गर्नुपर्ने प्रतिवेदनलाई सहयोग गर्न विभिन्न प्रश्नावली तयार गर्ने काम भयो । जसमा मतदातालाई सोधिने प्रश्नावली, राजनीतिक कार्यकर्तालाई सोधिने प्रश्नावली, पर्यवेक्षक आफैले भर्ने प्रश्नावली, मतगणनाको समयमा भर्ने प्रश्नावली प्रकाशित गरी सम्पूर्ण राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकलाई वितरण गरियो ।




यस सन्दर्भ सामग्रीहरु तयार गर्न श्री गोविन्द दास श्रेष्ठ, श्री अस्वत्थामा पोखरेल र श्री सुनीता रेग्मीको सक्रियता रहेको थियो ।

- निर्वाचन सम्बन्धी कानूनको समीक्षा

स्थानीय तह निर्वाचन सम्पन्न गर्न बनेको विभिन्न कानूनहरुको समीक्षा गर्ने काम भयो । उक्त कार्यमा अधिवक्ताहरु श्री मोहन आचार्य, श्री मिलन श्रेष्ठ र श्री गोविन्द दास श्रेष्ठको सक्रियता रहेको थियो । नेपालको संविधान २०७२ बमोजिम र अन्तर्राष्ट्रिय कानून बमोजिम ति कानूनहरु लोकतान्त्रिक, समावेशी र पारदर्शीता रहेको थियो या थिएन भनी समीक्षा गर्ने काम भयो । समीक्षा गरिएको कानूनको संक्षिप्त विवरण यस प्रतिवेदनको परिच्छेद ३– स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा शीर्षकमा प्रस्तुत गरिएको छ ।

- प्रशिक्षण कार्यक्रम

<u>पहिलो चरणको प्रशिक्षण कार्यक्रम</u>

निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई निष्पक्ष, स्तरीय र पारदर्शी बनाउन जियोकले प्रकाशित निर्देशिका बमोजिम राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुलाई प्रशिक्षण दिने काम गऱ्यो। राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरु करिव ८० जनालाई २०७९ वैशाख १६ गते होटल एल्लो पेगोडा, काठमाण्डौमा प्रशिक्षण दिने काम भयो। उक्त प्रशिक्षण कार्यक्रममा तीनवटा कार्यक्रम सत्र रहेको थियो।




पहिलो सत्र– निर्वाचन आयोगको सचिव श्री गोकर्णमणी दवाडीले निर्वाचन आचार संहिता विषयमा प्रकाश पार्नुभयो। दोस्रो सत्रमा नेपाल कानून आयोगका पूर्व अध्यक्ष श्री माधव पौडेलले निर्वाचन आचार संहिता कार्यान्वयन तथा राजनीतिक दलको निर्वाचन खर्च विषयमा प्रकाश पार्नुभयो। तेस्रो सत्रमा जियोकका महा–सचिव श्री कृष्णमान प्रधान र अधिवक्ता श्री गोविन्द दास श्रेष्ठले जियोकका पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता, पर्यवेक्षण गर्ने विधि र प्रतिवेदन तयार गर्दा समावेश गर्नुपर्ने विषयहरु बारे प्रकाश पार्नुभयो।




कार्यक्रमको शुरुमा पर्यवेक्षण गर्ने सञ्जालहरुको तर्फबाट नियोकका कोषाध्यक्ष श्री तेजप्रसाद तिमिल्सिना, संकल्पको उपाध्यक्ष श्री शोभा बस्नेत, निर्वाचन पर्यवेक्षक समितिका अध्यक्ष श्री प्रदिप पोखरेल, इन्सेकका कार्यकारी निर्देशक श्री विजयराज गौतम, पूर्व प्रधानन्यायाधीशहरु श्री कल्याण श्रेष्ठ, श्री सुशिला कार्कीले निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधली रहित भयो भएन भनी आधिकारिक रुपमा पर्यवेक्षणमा खटिएका पर्यवेक्षकहरुलाई शुभकामना र सुझाव दिनुभयो। नेपाल कानून समाजको अध्यक्ष श्री तीर्थमान शाक्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त श्री दिनेश थपलियाले निर्वाचनको काम सम्पूर्ण तयारी भइसकेको विद्यमान अवस्थामा जियोक लगायत विभिन्न संस्थाहरुले अनुभवी पर्यवेक्षक मार्फत देशका अधिकांश स्थानमा पर्यवेक्षण गर्दा निर्वाचन आयोगको सवल पक्ष र कमजोर पक्ष बारे विस्तृत रुपमा प्रतिवेदन बुझाउन अनुरोध गर्दै प्राप्त प्रतिवेदनको आधारमा आगामी संसदीय निर्वाचनमा सुधार गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो।







उक्त कार्यक्रममा राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरु गरी करिव ८० जनाको सहभागिता रहेको थियो। सहभागीहरुले प्रतिवेदनका विषयहरु, प्रश्नावलीका विषयहरु, आचार

संहिताका विषयहरुमा विस्तृत छलफल गरी कार्यक्रम सम्पन्न भयो।



दोस्रो चरणको प्रशिक्षण कार्यक्रम

स्थानीय तहका पर्यवेक्षकहरुलाई २०७९ वैशाख २० गते होटल एल्लो पेगोडामा सम्पन्न भयो। उक्त कार्यक्रममा उपत्यका काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाका करिव १०० जना पर्यवेक्षकहरुको सहभागिता रहेको थियो। कार्यक्रममा तीनवटा विषयहरु थियो। स्रोत व्यक्तिहरु र विषयहरु पहिलो प्रशिक्षण कार्यक्रम बमोजिम नै गरिएको थियो।



तेस्रो चरणको प्रशिक्षण कार्यक्रम

तेस्रो चरणको प्रशिक्षण भर्चुयल कार्यक्रमको रुपमा बाँकी २९ जिल्लाका स्थानीय पर्यवेक्षकहरु समावेश गरिएको थियो। २०७९ वैशाख २१ गते विहान ८ बजे प्रदेश नं. १, मधेश प्रदेश र बागमती प्रदेशलाई समावेश गरिएको थियो भने दिनको २ बजे गण्डकी प्रदेश, लुम्बनी प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका पर्यवेक्षकहरुलाई समावेश गरी माथि उल्लिखित तीनवटा विषयमा प्रशिक्षण दिएको थियो। प्रशिक्षण कार्यक्रमबाट सबै राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरु लाभान्वित भई प्रतिवदेन तयार गर्न दक्ष भएको पाइन्छ।




- पर्यवेक्षण कार्यक्रम

राष्ट्रिय, जिल्ला, स्थानीय पर्यवेक्षकले निर्वाचन पूर्व, निर्वाचन दिन र निर्वाचन पश्चात पर्यवेक्षण काम गरेको थियो। पर्यवेक्षकहरुलाई ४/४ वटा फाराम दिइएको थियो जसमा मतदातालाई सोधिने प्रश्नावली, राजनीतिक कार्यकर्तालाई सोधिने प्रश्नावली, पर्यवेक्षक आफैले भर्ने प्रश्नावली र मतगणना पर्यवेक्षण प्रश्नावली रहेको थियो।



पर्यवेक्षण कार्यक्रमलाई पारदर्शी र जवाफदेही बनाउन निर्वाचन आयोगबाट जारी भएको परिचयपत्र, ज्याकेट, टोपी, जियोकको निर्देशिका, कापी र कलम वितरण गरिएको थियो।

राष्ट्रिय र जिल्लास्तरको पर्यवेक्षक लामो अवधिको पर्यवेक्षकको रुपमा काम गरेको हुँदा धेरै गाउँ/नगर घुम्ने गरी व्यवस्था गरिएको थियो। स्थानीय पर्यवेक्षकहरुलाई एउटा मतदान स्थल तोकिएको थियो जसमा एकभन्दा बढी मतदान केन्द्र रहेको थियो। स्थानीय पर्यवेक्षकले दुईवटा मतदान केन्द्र पर्यवेक्षण गरी फाराम भर्नुपर्ने व्यवस्था गरिएको थियो।

राष्ट्रिय र जिल्ला पर्यवेक्षकले सम्पूर्ण निर्वाचन पर्यवेक्षणको समीक्षा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको थियो।

राष्ट्रिय पर्यवेक्षकहरुलाई विभिन्न जिल्लाको नेतृत्व गर्ने गरी परिचालन गरिएको थियो। ४० जना राष्ट्रिय पर्यवेक्षकहरुले ३२ वटा जिल्लामा जिल्ला र स्थानीय पर्यवेक्षकहरुको अनुगमन र सहजीकरण गर्ने काम गरी प्रतिवेदनको संकलन र एकीकृत गर्ने काम गरेका थिए। त्यसैगरी ३० जिल्लामा १/१ जना जिल्लास्तरको पर्यवेक्षक र ३३० जना स्थानीय पर्यवेक्षकहरु परिचालित थिए। करिव ४०० जना पर्यवेक्षकले १०१० मतदान केन्द्रको पर्यवेक्षण सम्पन्न गरी जियोकको प्रश्नावली भरी संक्षिप्त प्रतिवेदन सहित बुझाउने काम भयो।

- विशिष्ट पर्यवेक्षक समूह

निर्वाचन पर्यवेक्षण कार्यलाई बढी विश्वसनीय र स्तरीय बनाउन जियोकले अध्यक्ष श्री हिमालय सम्शेर राणाको संयोजकत्वमा पूर्व प्रधानन्यायाधीश, पूर्व निर्वाचन प्रमुख आयुक्त, निर्वाचन आयुक्त, पूर्व गृह सचिव गरी १२ सदस्यीय विशिष्ट पर्यवेक्षण समूह गठन गरेको थियो। उक्त समूहलाई निर्वाचन आयोगले विशिष्ट पर्यवेक्षकको परिचयपत्र उपलब्ध गराई नेपालको सम्पूर्ण निर्वाचन स्थानमा जाने गरी अनुमतिपत्र प्रदान गरेको थियो। जसले राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुको अनुगमन र अन्य पर्यवेक्षण गर्ने संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने काम गर्‍यो। यस समूहले चितवन, नवलपरासी, रुपन्देही, काठमाण्डौ, भक्तपुर, ललितपुर, इलाम, मोरङ, धनकुटा, कास्की, सप्तरी, धादिङ, बाग्लुङ, सिन्धुपाल्चोक, सुर्खेत र कैलाली जिल्लामा अनुगमन र पर्यवेक्षण गर्ने काम गर्‍यो।

- निर्वाचन पर्यवेक्षण कल सेन्टर



निर्वाचन अगाडि, निर्वाचनको समयमा सम्पूर्ण राष्ट्रिय, जिल्ला, स्थानीय पर्यवेक्षकहरुसँग प्रत्यक्ष सम्पर्क गरी दैनिक सूचना सङ्कलन र प्रसारण गर्ने उद्देश्यले कल सेन्टरको स्थापना गरिएको थियो। २०७९ वैशाख २३ गतेदेखि जेठ ३ गतेसम्म स्थापित उक्त सेन्टरमा श्री पूजा रातोकी, श्री प्रमिला कायष्ठ, श्री निकीता शर्मा, श्री लक्ष्मी खत्री, श्री उर्वशी बस्नेत, श्री सुषमा बास्कोटा र श्री कविता महर्जनको सक्रिय सहभागिता रहेको थियो।

उक्त समूहले बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म दैनिक रुपमा निर्वाचनसँग सम्बन्धित धारणाहरु, समाचार, निर्वाचनको तयारी अवस्था, निर्वाचनको कार्य र मतगणनाको अवस्था बारेमा जियोकले तयार पारेको खाका बमोजिम प्रतिवेदन तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत सार्वजनिक गरेको थियो।

- उच्चस्तरीय पर्यवेक्षण समूह

जियोकले निर्वाचन आयोगले निर्वाचनको तयारीको अवस्था स्थलगत पर्यवेक्षण गरी सही र वास्तविक जानकारी गराउने उद्देश्यले सातवटै प्रदेशमा एक/एक समूह गठन गरी ३ दिनको लागि उच्चस्तरीय पर्यवेक्षण समूह परिचालन गरिएको थियो। २०७९ वैशाख २३ गतेदेखि २५ गतेसम्म आयोजित स्थलगत भ्रमण कार्यक्रम प्रदेश नं. १ मा नेपाल सरकार पूर्व सचिव श्री ताना गौतम र नेपाल कानून समाजका वरिष्ट कार्यक्रम अधिकृत श्री गणेशमान प्रधान, मधेश प्रदेशमा नेपाल सरकार पूर्व गृह सचिव श्री बालकृष्ण प्रसाई र नेपाल कानून समाजका कार्यक्रम अधिकृत श्री रेजिना भट्टराई, बागमती प्रदेशमा वरिष्ट अधिवक्ता द्वय श्री सविता भण्डारी र श्री उषा मल्ल पाठक, गण्डकी प्रदेशमा प्राध्यापक चिरञ्जीवि खनाल र नागरिक समाजका अगुवा श्री गणेश कुमार मण्डल र नेपाल कानून समाजका श्री संजिमा श्रेष्ठ, लुम्बिनी प्रदेशमा पूर्व गृह सचिव श्री खेमराज रेग्मी र वरिष्ट अधिवक्ता सुनीता रेग्मी, कर्णाली प्रदेशमा वरिष्ट पत्रकारहरु श्री विकास रौनियार र तीर्थ नारायण सुवेदी, सुदूरपश्चिम प्रदेशमा वरिष्ट पत्रकारहरु प्राध्यापक हरि विनोद अधिकारी र श्री बाबुराम विश्वकर्माको सहभागिता रहेको थियो। उक्त समूहले ३ दिनको स्थलगत भ्रमणमा नागरिक संवाद केन्द्रका जनशक्ति, जिल्ला र प्रदेशका निर्वाचन अधिकृतहरु, प्रदेश निर्वाचन अधिकृत, मतदान अधिकृत, प्रमुख जिल्ला

अधिकारी र सुरक्षा निकायका प्रमुखहरु, जियोकका जिल्ला र स्थानीय पर्यवेक्षकहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरुसँग अन्तरक्रिया गरी प्राप्त जानकारीको आधारमा जियोकले तयार गरेको प्रतिवेदनको खाकाको आधारमा प्रतिवेदन बुझाउने काम गर्‍यो ।

- पत्रकार सम्मेलन

जियोकका राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुबाट प्राप्त सुझाव र प्रतिवेदनको आधारमा आमनागरिकलाई जानकारी दिलाउने उद्देश्यले ३ पटक पत्रकार सम्मेलनको आयोजना गर्‍यो ।

– पहिलो पत्रकार सम्मेलन (२०७९ वैशाख २७ गते मंगलवार)



जियोकको राष्ट्रिय, जिल्ला, स्थानीय पर्यवेक्षक लगायत उच्च स्तरीय पर्यवेक्षकहरुले सातवटै प्रदेशमा स्थलगत भ्रमणको आधारमा निर्वाचनको तयारीको अवस्था जानकारी गराउने उद्देश्यले २०७९ वैशाख २७ गते होटल एल्लो पेगोडामा बृहत् पत्रकार सम्मेलन सम्पन्न भयो। राजनीतिक दलका उम्मेदवार, स्वतन्त्र उम्मेदवार हरुको नाम दर्तादेखि प्रचार–प्रसारमा आचार संहिताको पालनाको अवस्था, निर्वाचन आयोगले आचार संहिता कार्यान्वयन गर्न सकेको अवस्था, निर्वाचनको मौन अवधीको अवस्था र चुनौतिका बारेमा जानकारी दिने र निर्वाचनको दिनमा आचार संहिता पालना गर्न निर्वाचन आयोग, सरकार र दललाई सुझाव दिने उद्देश्यले यो पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। जसमा विभिन्न वरिष्ट पत्रकार, राष्ट्रिय पर्यवेक्षकहरु, जिल्ला पर्यवेक्षकहरु, विभिन्न निर्वाचन पर्यवेक्षण गर्ने संस्थाका प्रतिनिधिहरु गरी करिव १०० जनाको सहभागिता रहेको थियो ।

नेपाल कानून समाजका अध्यक्ष श्री तिर्थमान शाक्यको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा वरिष्ट अधिवक्ता श्री सुनीता रेग्मीले स्वागत गर्नुभयो भने पूर्व गृहसचिव श्री खेमराज रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । निर्वाचनको पूर्व तयारीको अवस्थाको बारेमा तयार पारेको प्रतिवेदन जियोकका महा–सचिव श्री कृष्णमान प्रधान र अधिवक्ता मोहन आचार्यले प्रकाश पार्नु भएको थियो। उक्त प्रतिवेदन यस प्रतिवेदनको अनुसूची २ मा प्रस्तुत गरिएको छ।

उक्त पत्रकार सम्मेलनमा विभिन्न निर्वाचन पर्यवेक्षण सञ्जालको तर्फबाट संकल्पका उपाध्यक्ष श्री शोभा बस्नेत, इन्सेकका अध्यक्ष डा. इन्दीरा श्रेष्ठ, निर्वाचन पर्यवेक्षण समितिका अध्यक्ष श्री प्रदिप पोखरेल, नियोकका अध्यक्ष प्रा. कपिल श्रेष्ठ लगायत पूर्व प्रधानन्यायाधीशहरु श्री सुशिला कार्की र श्री कल्याण श्रेष्ठले निर्वाचनको पूर्व तयारीमा निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दल, मिडिया, सुरक्षा निकाय र पर्यवेक्षकहरुले गरेका राम्रा काम र सुधार गर्नुपर्ने विषयहरुमा चर्चा गर्नुभयो ।

कार्यक्रमको अन्तमा निर्वाचन आयोगका प्रवक्ता श्री शालिग्राम शर्मा पौडेलले निर्वाचन आयोगबाट अनुमती पाएका ६८ वटा विभिन्न संघ संस्थाहरुबाट करिव ५–६ हजार पर्यवेक्षकहरु परिचालन भएको छ। आज जियोक, नियोक, संकल्प, इन्सेक, इओसी र अंगालोको संक्षिप्त प्रतिवेदन जानकारीमा आएको छ। यहाँहरुको सुझावको आधारमा निर्वाचनको दिनको मतदान कार्यक्रम र मतगणनामा अझ सुधार गरी निर्वाचनलाई सहज र विश्वसनीय बनाउन निर्वाचन आयोग प्रतबद्ध भएको जानकारी गराउनुभयो ।

- दोस्रो पत्रकार सम्मेलन (२०७९ वैशाख २९ गते बिहीवार)

निर्वाचनको दिनको सन्ध्यामा निर्वाचनको वास्तविक वस्तुस्थिति जानकारी गराउने उद्देश्यले २०७९ वैशाख २९ गते जियोकका सम्पूर्ण राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुलाई कल सेन्टरमार्फत सूचनाहरु संकलन गर्नुका साथै विशिष्ट पर्यवेक्षकहरुलाई उपत्यकाका विभिन्न जिल्ला र निर्वाचन स्थलमा पर्यवेक्षण गराई दिनको २–३ बजे प्रत्यक्ष प्रसारणको कार्यक्रम नेपाल कानून समाज/जियोकको कार्यालयमा आयोजना गरियो । उक्त कार्यक्रममा करिव ५ वटा टेलिभिजन र अनलाईन पत्रकारलाई समावेश गरिएको थियो र प्रत्यक्ष प्रसारण ३० वटा भन्दा बढी टेलिभिजनहरुले प्रत्यक्ष प्रसारण गर्ने कार्यक्रम तय गरिएको थियो ।

कार्यक्रममा पूर्व प्रधानन्यायाधीशहरु श्री सुशिला कार्की र श्री कल्याण श्रेष्ठ, पूर्व प्रमुख निर्वाचन आयुक्त श्री भोजराज पोखरेल, पूर्व निर्वाचन आयुक्त श्री इला शर्मा, जियोकका अध्यक्ष श्री हिमालय शम्सेर राणा, सदस्यहरु श्री खेमराज रेग्मी, श्री तीर्थमान शाक्य र श्री बालकृष्ण प्रसाईको सहभागिता रहेको थियो । प्रत्यक्ष प्रसारण कार्यक्रम मार्फत निर्वाचनको अन्तिम तयारी र निर्वाचनको दिन सतर्कता अपनाउनुपर्ने विषयवस्तुमा जानकारी दिनु भएको थियो ।

- तेस्रो पत्रकार सम्मेलन (२०७९ वैशाख ३० गते शुक्रवार)




निर्वाचनको दिन सबै पर्यवेक्षकहरुलाई प्रशिक्षण गरे बमोजिम १०१० मतदान केन्द्रमा समयमा नै पुग्ने गरी परिचालित गरिसकेको थियो । विहान ७ बजे भन्दा अगाडि नै स्थानीय पर्यवेक्षकहरु मतदान केन्द्रमा पुगी जियोकको प्रश्नावली बमोजिम पर्यवेक्षण गर्ने काम प्रारम्भ भयो भने राष्ट्रिय र विशिष्ट पर्यवेक्षकहरुले विभिन्न जिल्लाको विभिन्न पालिकाको मतदान स्थान र केन्द्रहरुको पर्यवेक्षण गर्ने काम गऱ्यो । त्यसको विस्तृत विवरण संकलन गर्ने काम कलसेन्टरमा खटिएको जनशक्तिहरुले निरन्तर काम गरेका थिए । दिनको २ बजे पुन पत्रकार सम्मेलन गरी निर्वाचनको दिनको प्रारम्भिक पर्यवेक्षण बारे जानकारी दिने काम भयो । जसमा टेलिभिजन, पत्रपत्रिकाका सम्वाददाताहरुको सहभागिता रहेको थियो ।

बेलुकी ७ बजे जियोकका सम्पूर्ण कार्यसमितिको बैठक बसी निर्वाचनको दिनको संक्षिप्त जानकारी दिने उद्देश्यले एक विज्ञप्ती तयार गरी सार्वजनिक गरिएको थियो उक्त विज्ञप्तीको विवरण यस प्रतिवेदनको अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

- अन्तर्वातामार्फत सूचना प्रवाह

जियोकको समन्वयमा विभिन्न टेलिभिजनमा अन्तर्वार्ताको व्यवस्थापन गरी निर्वाचन पर्यवेक्षणबाट प्राप्त जानकारीहरुलाई सम्प्रेषण गर्ने उद्देश्यले करिव २० वटा अन्तर्वार्ता दिने काम भयो । जसमा जियोकको तर्फबाट महा–सचिव श्री कृष्णमान प्रधान, नियोकको तर्फबाट प्रा. कपिल श्रेष्ठ, इन्सेकको तर्फबाट श्री विजय गौतम, संकल्पको तर्फबाट श्री शोभा गौतम, राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट डा. टिकाराम पोखरेल, अंगालोको तर्फबाट श्री चन्दा देवी श्रेष्ठ सहभागी रहेको थियो । यस अन्तर्वार्ताहरुबाट धेरै नागरिकले निर्वाचनको महत्व, निर्वाचनको चुनौति, निर्वाचन आयोग नेपाल, नेपाल सरकार, राजनीतिक दल, उम्मेदवार, मतदाताहरुले गर्नुपर्ने दायित्वको बारेमा जानकारी प्राप्त गरेका थिए । निर्वाचन समग्र कार्यक्रममा सहयोग पुऱ्याई निर्वाचन परिणामलाई आम नागरिकबाट स्वीकार गर्न मद्दत पुगेको छ ।

- निर्वाचन आयोग र पर्यवेक्षक समूह बीच संवाद

  निर्वाचन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी बनाउन निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु र जियोक, नियोक, संकल्प, इओसी, अंगालो र इन्सेकका पदाधिकारीहरु बीच पटक–पटक संवाद गरी निर्वाचनको अवस्था/सुधार गर्ने पक्ष र सुधारमा राजनीतिक पहिचान गर्ने काम भयो। निर्वाचन आयोगसँग संवाद गर्ने क्रममा निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन र पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता र पर्यवेक्षण गर्ने संस्थाहरुले निर्वाचन आयोगबाट पाउनुपर्ने अनुमति पत्रको बारेमा व्यापक छलफल भई धेरै विषयमा सहजीकरण गरी निर्वाचन आयोगका कर्मचारीहरु र पर्यवेक्षण गर्ने संस्थाहरुलाई सहज भएको अनुभूति भएको छ।

- निर्वाचन पर्यवेक्षण समूह सदस्य बीच समन्वय

  निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी समन्वय गरी पर्यवेक्षण गर्ने उद्देश्यले निर्वाचन आयोगबाट अनुमति प्राप्त गरेका ६८ वटा संस्थाहरुमध्ये ६ वटा संस्थाहरुको नियमित वैठक गरी समन्वय गरिएको थियो जसमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), संकल्प, निर्वाचन पर्यवेक्षण समिति (इआसी नेपाल), अंगालो, जेष्ठ जीवन बहुमल्य प्रतिष्ठान र इन्सेक रहेको थियो। यस सञ्जाललले नियमित रुपमा बैठक बसी पर्यवेक्षण गर्ने प्रश्नावलीहरु, सवालहरु, पर्यवेक्षकहरुको योग्यता, निस्पक्षता, पर्यवेक्षण गर्ने जिल्ला र स्थानीय मतदान केन्द्रहरु, प्रतिवेदनको खाका बारेमा छलफल गरी एक रुपता कायम गरिएको थियो। यस प्रतिवेदनको अन्तमा सबै संस्थाहरुको सुझावहरुलाई समावेश गरी परिच्छेद ८ मा राखिएको छ।



- प्रतिवेदन प्रकाशन

  जियोकले करिव ४०० जना पर्यवेक्षक– राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका, जिल्लामा परिचालन गरी प्राप्त फाराम र प्रतिवेदनको आधारमा अन्तिम प्रतिवेदन तयार गरेको छ। जसमा पर्यवेक्षणको उद्देश्य, पर्यवेक्षण विधि, निर्वाचन सम्बन्धी कानूनको समीक्षा, निर्वाचनको विश्लेषण, निष्कर्ष र सुझावको बारेमा उल्लेख गरिएको छ। यस प्रतिवेदन नेपालीमा प्रकाशित गरी सम्पूर्ण सरोकारवालाहरु– निर्वाचन आयोग, सरकार, राजनीतिक दल, पर्यवेक्षक, बुद्धिजीविलाई वितरण गरिएको छ। उक्त प्रतिवेदनलाई अंग्रेजीमा तयार गरी विदेशी सरोकारवालाहरुलाई वितरण गर्ने काम पनि सम्पन्न भएको छ।

परिच्छेद
२

# पर्यवेक्षण विधि

## २.१. पर्यवेक्षण विधि

निर्वाचन स्वतन्त्र, निष्पक्ष, भय र धाँधलीरहित भए नभएको पर्यवेक्षण गर्ने सञ्जालको उद्देश्य बमोजिम यस परिच्छेदमा पर्यवेक्षण विधि प्रस्तुत छ। यसका लागि जानकारी उपलब्ध गराउन स्थानीय (नगर वा गाँउपालिका), जिल्ला र राष्ट्रिय स्तरमा पर्यवेक्षकहरुको व्यवस्था गरिएको छ। पर्यवेक्षकको छनौट गर्दा जियोकमा संलग्न सबै निकायहरूको प्रतिनिधित्व, विविध विधा र समावेशीलाई ध्यानमा राखिएको छ। पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिक वर्गको सहभागिता गराउनुका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम र मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको छ। सबै तहका पर्यवेक्षकहरुलाई नियुक्तिपत्र दिने व्यवस्था गरिएको थियो। निष्पक्षताका लागि सबै पर्यवेक्षकहरुले निर्वाचन आयोगद्वारा तोकिए बमोजिमको सपथ लिएका थिए। तोकिएको ढाँचामा सपथ लिएपछि मात्र पर्यवेक्षकको रुपमा कार्य गर्न पाउने व्यवस्था गरिएको थियो।

पर्यवेक्षण कार्यलाई विस्तृत रुपमा अध्ययन गर्ने उद्देश्यले लामो र छोटो अवधिको लागि पर्यवेक्षकहरुको परिचालन गरिएको थियो। त्यसका लागि राष्ट्रिय ४०, जिल्ला ३० र स्थानीय ३३० गरी जम्मा ४०० पर्यवेक्षक परिचालन गरिएका थिए। राष्ट्रिय र जिल्ला पर्यवेक्षक लामो अवधिका र स्थानीय पर्यवेक्षक छोटो अवधिका लागि कार्यरत थिए।

## २.२. पर्यवेक्षण प्रश्नावली

निर्वाचनमा स्वच्छता र निष्पक्षता कायम भए–नभएको बारे जानकारी प्राप्त गर्न सहयोग पुगोस् भन्ने हेतुले मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुबाट वस्तुगत जानकारी हाँसिल गर्ने उद्देश्यले चार प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए। विज्ञहरूसँग छलफल पश्चात प्राप्त सुझावका आधारमा प्रश्नावलीलाई सुधार गरी अन्तिम रुप दिइएको थियो।

## २.३. पर्यवेक्षण तालिम

पर्यवेक्षकहरूलाई आ–आफ्ना काम कुशलतापूर्वक र प्रभावकारी तवरमा सम्पन्न गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले तालिम–अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। प्रशिक्षण कार्यक्रममा स्थानीय निर्वाचनसँग सम्बन्धित कानूनी व्यवस्थाहरु, पर्यवेक्षणको उद्देश्य, निष्पक्षता तथा आचार संहिता पालना आदि विषयमा विस्तृत रुपमा जानकारी गराइएको थियो। राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरुलाई काठमाडौंमा तालिम प्रदान गरिएको थियो भने गाउँ तथा नगरपालिका स्तरका पर्यवेक्षकहरुलाई भर्चुयल मार्फत एक दिवसीय तालिम दिइएको थियो।

## २.४. पर्यवेक्षण नमूनाको आकार

जियोकले मुलुकका विभिन्न भौगोलिक क्षेत्रका साथै गाउँ र शहरी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी नमूनामा परेका जिल्ला तथा मतदान केन्द्रहरु निर्वाचन पर्यवेक्षणका लागि समावेश गरेको थियो। यसबाट मतदानदेखि मतगणनासम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त हुन्छ। पर्यवेक्षणको क्रममा जानकारी हाँसिल गर्न निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तवार्ता विधि अपनाइएको छ। जियोकले ७७ मध्ये उच्च पहाडका २, पहाडका १६ र तराईका १४ गरी जम्मा ३२ जिल्लाको पर्यवेक्षण गरेको थियो। मतदान केन्द्र पनि ग्रामीण र शहरी क्षेत्रको प्रतिनिधित्व हुने गरी चयन गरिएको थियो।

निर्वाचन अभियानका सबै प्रक्रियाको भरपर्दो सूचना प्राप्त गर्न मतदाता, राजनीतिक कार्यकर्ता र मतदान अधिकृत गरी सरोकारवाला तीन वटै समूहबाट प्रश्नावलीमार्फत सूचना तथा जानकारी सङ्कलन गरिएको छ। मतदातामा महिला तथा पुरुष र शहर तथा ग्रामीण दुबै क्षेत्र सम्मिलित भएकाले निर्वाचन पर्यवेक्षणबाट सन्तुलित जानकारी प्राप्त हुन्छ। माथि उल्लिखित तीन प्रश्नावलीका अतिरिक्त चौथो प्रश्नावलीबाट निर्वाचनका सम्पूर्ण प्रक्रियाका साथै मतगणनाबारे जानकारी प्राप्त हुने व्यवस्था गरिएको छ। प्राप्त विवरणलाई कोडको माध्यमबाट विभिन्न तालिकामा रुपान्तर गरी विश्लेषण गरिएको छ।

निर्वाचन पर्यवेक्षणको तथ्याङ्क विश्वसनीय होस् भन्ने दृष्टिकोणले तालिमप्राप्त स्थानीय व्यक्तिहरुबाट पर्यवेक्षण गरिएको थियो। पर्यवेक्षकले निर्वाचनका सम्पूर्ण प्रक्रियाको प्रत्यक्ष अवलोकन पनि गरेका थिए। पर्यवेक्षणमा ३२ जिल्लाका १,०१० मतदान केन्द्रहरुको जानकारी समावेश छ।

परिच्छेद ३

# स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा

## ३.१. निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

स्वच्छ, स्वतन्त्र, विश्वसनीय, स्वीकार्य, आवधिक निर्वाचन, समान मताधिकार, गोप्य मतदान, पारदर्शी मतगणना तथा परिणाम घोषणा प्रक्रिया निर्वाचनका विश्वव्यापी मान्यता हुन्। विश्वका १९९ मुलुकहरूले निर्वाचन मार्फत विधायिकाको गठन गर्छन्। नेपालझैं द्वन्द्वबाट गुज्रिएका मुलुकहरूले निर्वाचनलाई संवैधानिक वा कानूनी रुपमा पारदर्शिता र समान बालिग मताधिकारमा विशेष जोड दिएको पाइन्छ, जसले गर्दा बढीभन्दा बढी जनता निर्वाचनमा सहभागि हुन रूचाउँछन्। संविधानले गरेको व्यवस्थाअनुरुप सबै तहको निर्वाचन सञ्चालन र व्यवस्थापन गर्न हालसम्म १० ऐन, ८ नियमावली, ७४ वटा निर्देशिकाका साथै एक एकीकृत निर्वाचन आचार संहितासमेत जारी गरिएको छ।[१]

सन् २००५ मा जारी भएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्त सम्बन्धी घोषणापत्र अनुसार प्रजातान्त्रिक निर्वाचनबाट नै सम्बन्धित देशका जनताले आफ्नो मत जाहेर गर्दछन्। स्वतन्त्र रुपमा व्यक्त गरिएका नागरिकका भावनाहरुबाट मात्र सरकारले वैधता प्राप्त गर्दछ।[२] निष्पक्ष प्रजातान्त्रिक निर्वाचनले लोकतान्त्रिक शासनको सुनिश्चितता मात्र गर्दैन, गैर प्रजातान्त्रिक अभ्यासलाई निरुत्साहित गर्दै प्रजातन्त्रको जग बलियो बनाउने र राजनीतिक नेतृत्वलाई स्थापित गर्ने कार्य गर्दछ भने शान्तिपूर्ण रुपमा हुने राजनीतिक प्रतिष्पर्धालाई शक्ति प्रदान गर्नुका साथै राजनीतिक स्थायित्व समेत प्रदान गर्दछ।[३] यसले राजनीतिक निश्चिततालाई गति प्रदान गर्दछ भने कम्तिमा केही समयको लागि राजनीतिक दिशाको भविष्य सुनिश्चत समेत गर्दछ।

मानव अधिकारका दृष्टिले निर्वाचनमा सहभागी हुन पाउनु नागरिकको महत्वपूर्ण राजनीतिक अधिकार हो। मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधिमार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ। यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता बमोजिम हुने स्वच्छ, स्वतन्त्र, विश्वसनीय आवधिक निर्वाचन मार्फत नागरिकले प्रयोग गर्न पाउने व्यवस्था गरेको छ।[४] त्यसैगरी प्रत्यक्ष वा स्वतन्त्र रुपमा छानिएका प्रतिनिधिहरु मार्फत सार्वजनिक जीवन संचालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार र गोप्य मतदानबाट मतदाताहरुको इच्छा अभिव्यक्ति गर्ने, स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने, स्वच्छ आवधिक निर्वाचनहरुमा मतदान गर्ने र निर्वाचित हुने अधिकारको सुनिश्चितता नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ले समेत गरेको छ।[५]

---

१ हे. निर्वाचन आयोग, निर्वाचन समीक्षा, प्रकाशन, निर्वाचन आयोग, २०७५, पृष्ठ ३४,

२ "Genuine democratic elections are an expression of sovereignty, which belongs to the people of a country, the free expression of whose will provides the basis for the authority and legitimacy of a government," begins the 2005 Declaration of Principles for International Election Observation. See at http://aceproject.org/ace-en/focus/international-election-observation/copy_of_default

३ Genuine democratic elections do not guarantee democratic governance, but are a prerequisite for it. They provide political legitimacy for elected leaders and a foundation from which to govern, reducing the scope for non-democratic challenges to power. They serve to resolve competition for political power peacefully and are more likely to lead to stability than non-democratic forms of succession. Ibid

४ हे. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ तथा आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल, पर्यवेक्षण प्रतिवेदन, प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४, नेपाल कानून समाज, बबरमहल काठमाण्डौ, नेपाल, परिच्छेद ३, पृष्ठ १७

५ हे. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा २५

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को साझा धारा १ ले हरेक नागरिकलाई आफ्नो राजनीतिक हैसियत निर्धारण गर्ने लगायतका विषयमा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ । साथै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २५ मा सदस्य राष्ट्रका नागरिकहरुका लागि प्रत्यक्ष रुपमा छानिएका प्रतिनिधिहरु मार्फत सार्वजनिक जीवनमा प्रवेश गर्ने, समान रुपमा गरिने निष्पक्ष तथा गोप्य मतदानको माध्यमबाट निर्वाचनमा भाग लिने तथा निर्वाचित हुने अधिकारको व्यवस्था गरिएको छ। राजनीतिक जीवनमा भाग लिन पाउने अधिकारको सुनिश्चित गर्नका लागि महिलाको राजनीतिक अधिकार विषयक महासन्धि, १९५४ को धारा १, २ र ३ ले महिलालाई पुरुषसरह सबै प्रकारको निर्वाचनमा समानरुपमा भाग लिन पाउने तथा सार्वजनिकरुपमा निर्वाचित हुने निकायमा बिना भेदभाव निर्वाचित हुन पाउने अधिकार सुनिश्चित गरेको छ। त्यस्तै, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को धारा ७ मा सबै निर्वाचन तथा जनमत संग्रहहरुमा मत दिने अधिकार तथा सार्वजनिकरुपमा निर्वाचित हुने संस्थाहरुमा निर्वाचनका लागि योग्य हुन पाउने अधिकारको व्यवस्था गरिएको छ। त्यसैगरी जातीय भेदभाव विरुद्धको महासन्धि, १९६५ को धारा ५(ग) ले राजनीतिक जीवनमा सहभागी हुने विषयमा जातीय आधारमा भेदभाव गर्न नपाईने व्यवस्था गरेको छ। स्वतन्त्र राष्ट्रका आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ (आईएलओ कन्भेन्सन, १६९) को धारा ३ ले पनि स्वतन्त्र राष्ट्रका आदिवासी जनजातिहरुको हक अधिकार अन्य समुदायको भन्दा फरक हुन नहुंने उल्लेख गरेको छ।

तसर्थ, निर्वाचनले जनताको आत्म निर्णयको अधिकारलाई सुनिश्चित गर्दछ भने आगामी कार्यकालको लागि आफु समेतको प्रतिनिधित्वका आधारमा सम्बन्धित क्षेत्रको नेतृत्व गर्ने गरी जिम्मेवारी सुम्पिने कार्य गर्दछ भन्ने मान्यता विश्वव्यापी रुपमा सर्व स्वीकार्य मान्ने गरिएको छ। यसैलाई अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा व्यक्तिको नैसर्गिक अधिकारको रुपमा स्थापित गरिएको छ।

## ३.२. स्थानीय तह निर्वाचनसम्बन्धी नेपाल कानून

### ३.२.१. नेपालको संविधान

नेपालको संविधानले नेपालमा संघीय शासन को व्यवस्था गरेको छ जस अन्तर्गत संघीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकार हुने उल्लेख छ। संघीय तहमा निर्वाचितहरुको प्रतिनिधिसभा र राष्ट्रिय सभा रहनेछ। त्यस्तै, प्रदेश तहमा प्रदेश सभा र स्थानीय तहमा गाउँ सभा तथा नगर सभा र गाउँकार्यपालिका तथा नगरकार्यपालिका रहने व्यवस्था गरिएको छ। संविधानले गाउँ कार्यपालिका तथा नगरकार्यपालिका र गाउँसभा तथा नगरसभाका पदाधिकारी एवं सदस्यहरु एक व्यक्ति एक मतका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने र निश्चित संख्यामा महिला, दलित र अल्पसंख्यक समुदायबाट मनोनित गर्ने व्यवस्थासमेत गरेको छ।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख वा वडा अध्यक्षको निर्वाचनमा एक पद एक मतको आधारमा सबभन्दा धेरै मत ल्याउनेलाई निर्वाचित गरिने व्यवस्था छ। गाउँपालिका वा नगरपालिकाको वडा समितिमा दलित महिला तथा महिला सदस्यको निर्वाचनमा पनि यही प्रक्रिया लागू हुन्छ। दुई जना वडा सदस्य सबैभन्दा बढी मत ल्याउने दुईजना निर्वाचित हुने व्यवस्था छ। गाउँ कार्यपालिकाको महिला सदस्यको निर्वाचनमा चार जना र नगर कार्यपालिकाको महिला पाँच जनालाई दिइने एकमतको आधारमा सबैभन्दा बढी मत ल्याउने पाँच जना निर्वाचित हुन्छन्। त्यस्तै, गाउँ कार्यपालिकाका दलित वा अल्पसंख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा दुई जनालाई दिइने एक एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई सदस्य चुनिन्छन् भने नगर कार्यपालिकाका दलित वा अल्पसंख्यक समुदायबाट हुने तीन सदस्यको निर्वाचनमा पनि यही विधि लागू हुन्छ।

त्यसैगरी जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख वा एकजना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने सदस्यको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने, महिला सदस्यको हकमा तीन जनालाई दिईने एक मतको आधारमा

सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना, र अन्य सदस्यको हकमा जति जना सदस्य निर्वाचित गर्नु पर्ने हो, त्यति जनालाई दिईने एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने निर्वाचित हुने प्रणाली अवलम्बन गरिएको छ।

प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहने, गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र संविधानको धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाको सदस्य रहने, गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने[६] एवं प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरु रहेको वडा समिति गठन हुने व्यवस्था छ। त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने व्यवस्था समेत गरिएको छ। त्यसैगरी प्रत्येक नगरपालिकामा एक नगर सभा रहने, नगर सभामा नगर कार्यपालिका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र संविधानको धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाको सदस्य रहने, नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने र प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरु रहेको वडा समिति गठन हुने व्यवस्था छ। त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने[७] व्यवस्था समेत संविधानले गरेको छ। त्यसैगरी स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा हुने[८] र व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने[९], जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु वीच समन्वय गर्न एक जिल्ला सभा रहने[१०] र जिल्ला सभाले जिल्ला समन्वय समितिको निर्वाचन गर्ने समेत व्यवस्था छ।

## ३.२.२. निर्वाचन आयोग ऐन सम्बन्धी संवैधानिक व्यवस्था

निर्वाचनको माध्यमबाट लोकतन्त्रको सुदृढीकरण गर्ने[११] जिम्मेवारी बोकेको निर्वाचन आयोग नेपालको स्वतन्त्र र निष्पक्ष संवैधानिक अङ्गको रुपमा विकास भएको छ। यसले अत्यन्तै कठिन अवस्थामा पनि तुलनात्मक रुपमा शान्त वातावरणमा निर्वाचन सम्पन्न गरी आफ्नो दायित्व निर्वाह र औचित्य पुष्टि गरेको छ। स्वायत्तता, निष्पक्षता, समावेशिता, पारदर्शिता, सेवाप्रवाह, व्यवसायिक दक्षता, जिम्मेवारी र जवाफदेहीता, सहभागितामूलक पद्धति, विश्वसनीयता, लागत प्रभावकारिता, पूर्व क्रियाशीलता र नवप्रवर्तनहरुलाई निर्वाचन आयोगले मार्गदर्शक सिद्धान्तका रुपमा अपनाएको छ।[१२]

नेपालको संविधान अनुसार निर्वाचन आयोग एउटा महत्वपूर्ण संवैधानिक अङ्गको रुपमा रहेको छ। निर्वाचन आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने र निजहरुको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था गरिएको छ। संविधानको धारा २४६ ले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेशसभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने अधिकार तथा कर्तव्य निर्वाचन आयोगलाई दिएको छ। त्यसको लागि मतदाता नामावली तयार गर्ने, आवश्यकता अनुसार राष्ट्रिय महत्वका विषयमा जनमत संग्रह गराउने, उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने लगायतका जिम्मेवारीहरु समेत संविधानले आयोगलाई सुम्पिएको छ। निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने, आयोगले आवश्यकता अनुसार राजनीतिक दल, सरकार र अन्य सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा निर्वाचन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सक्ने व्यवस्था समेत संविधानले गरेको छ।

[६] नेपालको संविधानको धारा २२२

[७] ऐ. धारा २२३

[८] नेपालको संविधानको धारा २१४

[९] ऐ. धारा २२१

[१०] ऐ. धारा

[११] हे. निर्वाचन आयोग नेपाल, दोश्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२ –२०७५/०७६ र तीन वर्षीय कार्य योजना, २०७३/०७४–२०७५/२०७६, पृष्ठ ५ वेव पेज http://election.gov.np/uploads/Pages/1564037580_np.pdf

[१२] उहि पृष्ठ ५, ६ र ७

## ३.२.३. निर्वाचन आयोग ऐन, २०७३

निर्वाचन आयोग ऐन २०७३ मा सङ्घीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारले आयोगसँगको परामर्शमा निर्वाचन गराउन मिति तोक्ने, उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने, निर्वाचन रद्द गर्न सक्ने, आयोग आफैंले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार प्रदेश तथा तोकिए बमोजिमको अन्य स्थानमा प्रादेशिक वा अन्य कार्यालय स्थापना गर्न सक्ने जस्ता व्यवस्थाको उल्लेख छ। आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न सरोकारवालासँग परामर्श गरी सरकार, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार र सम्बन्धित व्यक्ति, सञ्चार माध्यम, गैर सरकारी संस्था र अन्य व्यक्तिहरुले पालना गर्नुपर्ने आचार संहिता बनाउन सक्ने व्यवस्थासमेत छ।

त्यसैगरी, आयोगले बनाएको आचार संहिता पालना भए नभएको सम्बन्धमा आवश्यकता अनुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने, कसैबाट आचार संहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिने, आयोगले दिएको आदेश बमोजिम काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने र कुनै उम्मेदवारले आयोगले बनाएको आचार संहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने व्यवस्था समेत ऐनमा गरिएको छ। त्यसबाहेक निर्वाचन खर्चको हद तोक्ने, राजनीतिक दल वा उम्मेदवारले तीस दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्नु पर्ने, निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा बिगो बमोजिमको सजाय गर्ने जस्ता व्यवस्थाहरु पनि गरिएका छन्।

त्यसै गरी, आयोगले यस ऐन बमोजिम निर्वाचन सम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने, जिम्मेवार व्यक्तिलाई जिम्मेवारीबाट हटाउन वा निलम्बनको लागि सिफारिस गर्न सक्ने र विभागीय कारवाहीको लागि लेखी पठाउन सक्ने अधिकार समेत ऐनले निर्वाचन आयोगलाई दिएको छ।

## ३.२.४. निर्वाचन विवाद (सुनुवाई र निरूपण) सम्बन्धी कार्यविधि, २०७६

संविधान, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आयोग ऐन, २०७३ को आधारमा आयोग ऐनको दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि २०७६ जारी गरी लागुसमेत गरिसकेको छ।सम्बन्धित विषय हेर्ने आयुक्तको संयोजकत्वमा बढीमा ९ जनाको एक निर्वाचन विवाद निरुपण समितिको व्यवस्था समेत आयोगले गर्न सक्ने उक्त कार्यविधिमा उल्लेख छ।[१३] उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत आयोगको क्षेत्राधिकार भित्र पर्ने उजुरी वा निर्वाचन विवादको जाँचबुझ तथा छानविन गर्ने वा गराउने, जाँचबुझ तथा छानविनको आधारमा आयोग समक्ष पेश गर्नुपर्ने देखिएका विषयमा आफ्नो राय सहितको सिफारिस पेश गर्ने, उजुरी वा निर्वाचन विवाद निरुपणका सम्बन्धमा मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृतले माग गरेको विषयमा आवश्यकता अनुसार निर्देशन दिने, मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृत वा नाम दर्ता अधिकारीबाट आयोगको क्षेत्राधिकार भित्र पर्ने भनी पेश भएका विवादउपर आवश्यक जाँचबुझ तथा छानविन गरी सिफारिस सहित आयोग समक्ष पेश गर्ने र उजुरी वा निर्वाचन विवाद निरुपणका सम्बन्धमा आयोगले तोके बमोजिमका अन्य कार्य गर्ने जिम्मेवारी दिईएको छ।[१४]

कार्यविधिले ऐन बमोजिम आयोगले सुनुवाई गर्नुपर्ने विषयमा समितिले जाँचबुझ तथा छानविन गरी सिफारिस सहित निर्णयको लागि आयोगमा पेश गर्नुपर्ने विषयहरु अनुसूची १ मा तोकिएको छ।[१५] त्यसैगरी निर्वाचन अधिकृतले अनुसूची-२ बमोजिमको विवादको

[१३] हे. निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि २०७६ को दफा ४

[१४] ऐ. दफा ५

[१५] ऐ. दफा ६

सुनुवाई गर्ने, अनुगमनकर्ताले अनुसूची–३ बमोजिमको विवादको सुनुवाई गर्ने[१६], मतदान अधिकृतले अनुसूची–४ बमोजिमको विवादको सुनुवाई गर्ने[१७] र अनुसूची ५ बमोजिमको बिवादको सुनुवाई नाम दर्ता अधिकारीले गर्ने व्यवस्था समेत कार्यविधिले गरी प्रत्येक निकाय वा पदाधिकारीको कार्यक्षेत्र स्पष्ट पारिएको छ।

## ३.२.५. राजनीतिक दल सम्बन्धी ऐन, २०७३

राजनीतिक दलको गठन, दर्ता तथा सञ्चालन सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न र राजनीतिक दलको काम कारबाही तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउनका लागि राजनीतिक दल सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई समयानुकूल संशोधन र एकीकरण गर्ने उद्देश्यले[१८] यो ऐन बनेको हो । यसमा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुले संविधान र यस ऐनको अधीनमा रही आफ्ना राजनीतिक काम कारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्न सक्ने, दल गठन गर्दा दलको घोषणापत्र तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने, आफ्नो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार–प्रसार गर्न वा गराउन सक्ने लगायतका व्यवस्था गरिएको छ ।[१९] त्यसबाहेक निर्वाचन आयोगमा दल दर्ता हुनु पर्ने[२०], दल दर्ता सम्बन्धी व्यवस्था[२१], तोकिएको शर्त पूरा नगर्ने दल दर्ता नहुने[२२], दल स्वशासित सङ्गठित संस्था हुने[२३], दलको विधान लोकतान्त्रिक हुनुपर्ने[२४], दलको काम कारबाहीमा रोक लगाउन सकिने[२५], दलको दर्ता खारेज हुने[२६], दलको दर्ता कायम नरहने[२७] र दललाई अनुशासनात्मक कारबाही गर्न सक्ने[२८] लगायतका व्यवस्थाहरु पनि ऐनमा छन् ।

यस ऐन बमोजिम भएको कारबाही विरुद्ध पुनरावेदन सुन्ने उपयुक्त संयन्त्रको व्यवस्था गर्नुपर्ने[२९], लिन नहुने स्वेच्छिक आर्थिक सहयोगको रकम सम्बन्धमा जाँचबुझ गर्ने[३०], विवादको निरुपण निर्वाचन आयोगबाट हुने[३१], विवाद निरुपण सम्बन्धी कार्यविधि[३२], विवाद निरुपण गर्दा आयोगले विवादका पक्षहरुको सुनुवाई गर्नुपर्ने[३३] र निर्णय गर्नुपर्ने[३४] लगायतका थप व्यवस्थाहरु समेत गरिएको छ । त्यसै गरी, आयोग समक्ष दलले सम्पत्ति विवरण पेश गर्नु पर्ने[३५], आयोगले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने[३६] र दलले क्षतिपूर्तिको लागि उजुरी गर्न सक्ने[३७] जस्ता व्यवस्थाहरु पनि ऐनमा गरिएको छ।

---

[१६] ऐ. दफा ७
[१७] ऐ. दफा ८
[१८] हे. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को प्रस्तावना
[१९] ऐ. दफा ३
[२०] ऐ. दफा ४
[२१] ऐ. दफा ५
[२२] ऐ. दफा ६
[२३] ऐ. दफा ७
[२४] ऐ. दफा ८
[२५] ऐ. दफा ११
[२६] ऐ. दफा १२
[२७] ऐ. दफा १३
[२८] ऐ. दफा १८
[२९] ऐ. दफा १९
[३०] ऐ. दफा ३९
[३१] ऐ. दफा ४३
[३२] ऐ. दफा ४४
[३३] ऐ. दफा ४५
[३४] ऐ. दफा ४६
[३५] ऐ. दफा ५४
[३६] ऐ. दफा ५५
[३७] ऐ. दफा ५८

## ३.२.६. स्थानीय तह निर्वाचन ऐन, २०७३

स्थानीय तह निर्वाचन ऐन, २०७३ हालसम्म दुईपटक संशोधन भईसकेको छ। पहिलो संशोधन २०७४/०२/२६ र दोश्रो संशोधन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ अन्तर्गत २०७५/११/१९ मा भएको थियो।स्थानीय तहको निर्वाचनका लागि कानूनी व्यवस्था गर्नु ऐनको उद्देश्य हो। ऐनको दफा ४ बमोजिम नेपाल सरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति तोकेपछि आयोगले निर्वाचन सम्बन्धी कार्यक्रम तय गर्ने छ। दफा ६ बमोजिम अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उप–प्रमुख र वडा अध्यक्ष एकपद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने छ। वडा समितिमा एकजना दलित महिला सहित दुई महिला वडा सदस्य र दुई वडा सदस्य गरी चार जना निर्वाचित हुने व्यवस्था गरेको छ।

दफा १७ को ४(१) बमोजिम उम्मेदवारको मनोनयन पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनुपर्ने छ। तर दलले एक जनामात्र उम्मेदवारी दिएमा यो प्रावधान लागू नहुने व्यवस्था गरेको छ। यसबाट के प्रष्ट हुन्छ भने कुनै दुई प्रमुख पद मध्ये एक पदमा उम्मेदवारी हुने तर पद महिलाको लागि नै अनिवार्य गरेको पाइदैन।

निर्वाचन गराउन प्रत्येक जिल्लामा आयोगले एक मुख्य निर्वाचन अधिकृत र आवश्यकता अनुसारको संख्यामा निर्वाचन अधिकृत नियुक्त गर्ने अधिकार ऐनले आयोगलाई दिएको छ। यसो गर्दा न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्ने व्यवस्था छ। आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुने र निजले आफूलाई तोकिएको जिल्लाको जिल्ला सदरमुकाम रहेको स्थानीय तहको निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग समेत गर्नेछ[३८] भन्ने व्यवस्था ऐनमा गरिएको छ।

त्यसै गरी, निर्वाचनमा दल वा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने तथा दल, उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएको ढाँचामा तोकिए बमोजिम राख्नु पर्ने व्यवस्था ऐनले गरेको छ।[३९] निर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र आयोगले तोकेको कार्यालय समक्ष पेश गर्नु पर्नेछ। यसरी प्राप्त भएको खर्चको विवरण सम्बन्धित कार्यालयले आयोगमा पठाउनु पर्नेछ। खर्चको विवरण तोकिएको समयभित्र नबुझाउने दल वा उम्मेदवारलाई आयोगले निर्वाचन आयोग सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम जरिबाना गर्न सक्नेछ। कुनै निर्वाचन अधिकृतले संविधान, कानून, निर्देशिका, कार्यविधि र आयोगले दिएको निर्देशन विपरित कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ[४०] भन्ने उल्लेख भए पनि कसूर र सजाय सम्बन्धमा यस ऐनमा कुनै व्यवस्था गरिएको छैन।

## ३.२.७. मतदाता नामावली ऐन, २०७३

मतदाता नामावली ऐन, २०७३ मा आयोगले तय गरेको मतदाताको योग्यता निम्न बमोजिमको हुने व्यवस्था गरेको छ[४१] :–

क) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य,

ख) प्रतिनिधि सभाको सदस्य र प्रदेश सभाको सदस्यको निर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको व्यक्ति,

[३८] ऐ. दफा ८

[३९] ऐ. दफा ६४

[४०] ऐ. दफा ६९

[४१] हे. मतदाता नामावली २०७३ को दफा ३

ग) राष्ट्रिय सभाको सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेश सभाका सदस्य, नगर कार्यपालिका प्रमुख र उपप्रमुख तथा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष,

घ) नगर कार्यपालिका प्रमुख र उपप्रमुखको निर्वाचनका लागि सम्बन्धित नगरपालिका भित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,

ङ) गाउँ कार्यपालिका अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका लागि सम्बन्धित गाउँपालिका भित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,

च) नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यको लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति,

छ) नगरपालिकाको सदस्यको निर्वाचनका लागि नगर सभाका सदस्य,

ज) गाउँपालिकाको सदस्यको निर्वाचनका लागि गाउँ सभाका सदस्य।

निर्वाचन आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको तथ्याङ्क अद्यावधिक गर्नु पर्ने व्यवस्था ऐनले गरेको छ।[४२] यसरी मतदाता नामावली तयार गरेको विषयमा अदालतमा प्रश्न उठाउन नपाईने व्यवस्था समेत ऐनले गरेको छ।[४३] त्यसैगरी मतदाता नामावली सम्बन्धी हुने कसूर र त्यसमा हुने सजायको व्यवस्था पनि ऐनले गरेको छ।[४४] सजाय अन्तर्गत पच्चीस हजार देखि एकलाख रुपैयाँसम्म जरिवाना वा एकमहिना देखि ६ महिना कैद वा दुवै गर्न सक्ने व्यवस्था ऐनले गरेको छ। त्यसै गरी यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुने र मर्का पर्ने व्यक्तिले क्षतिपूर्ति दावि गर्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ।[४५]

२०७९ वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको लागि मतदाता नामावलीको अद्यावधिक गर्ने सम्बन्धमा निर्वाचन आयोगले मिति २०७९ वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको नामावली सार्वजनिक गरेको थियो।[४६] यस पटकको निर्वाचनमा अघिल्लो दिनसम्म १८ वर्ष उमेर पूरा हुने नेपाली नागरिकले मतदात गर्ने अवसर प्राप्त गरेका छन्।

## ३.२.८. निर्वाचन आचार संहिता, २०७८

निर्वाचन प्रक्रियामा निर्वाचन अगाडी, निर्वाचन अवधिभर र मतपरिणामको घोषणा नहुन्जेल अनैतिक गतिविधिहरु हुने सम्भावना प्रवल हुन्छ, जसले गर्दा निर्वाचन विश्वासयोग्य नहुने सम्भावना हुन्छ। यस किसिमको गतिविधिहरुलाई निषेध गर्नको लागि संसारभर निर्वाचन आचार संहिता तयार गरी लागु गर्ने प्रचलन हुन्छ। नेपालमा पनि हरेक निर्वाचनमा निर्वाचन आचार संहिता तयार गरी लागु गर्ने गरिएको छ। पछिल्लो समयमा निर्वाचन आचार संहिता २०७८ जारी भई कार्यान्वयन भएको छ।

निर्वाचन आचार संहिताको उद्देश्य निर्वाचन आचार संहिता, २०७८ को प्रस्तावनाबाट नै स्पष्ट हुन्छ। जसमा आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु भन्ने रहेको छ। आचार संहिताको दफा ३ बमोजिम आचार संहिता लागु गर्ने व्यक्ति, संस्था र निकायमा सबै तहका सरकार र सरकारका मन्त्रीहरु, सरकारी कर्मचारीहरु, सार्वजनिक सस्थाका कार्यालय तथा कर्मचारीहरु, सरकारी तथा अर्ध सरकारी संस्थाका कर्मचारीहरु, सुरक्षा निकाय, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल तथा भ्रातृ संगठन, उम्मेदवार वा सम्बन्धित व्यक्ति, सार्वजनिक पद धारण गरेको व्यक्ति, पर्यवेक्षक, सार्वजनिक तथा नीजि क्षेत्रका सञ्चार माध्यम, नीजि तथा गैसस, नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी र आयोगले तोकेका अन्य निकाय वा व्यक्ति समेत पर्दछन्।

[४२] ऐ. दफा ४

[४३] ऐ. दफा २९

[४४] ऐ. दफा ३१ र ३२

[४५] ऐ. दफा ३४ र ३८

[४६] https://election.gov.np/np/page/voter-list-db

त्यसैगरी संहिताको परिच्छेद २, दफा ४ मा उम्मेदवार, सबैले पालना गर्नुपर्ने आचरण[४७] को व्यवस्था गरिएको छ भने परिच्छेद ३ को दफा ५ मा पदाधिकारी, कर्मचारी तथा निकायले पालना गर्नुपर्ने आचरणको[४८] व्यवस्था गरिएको छ। त्यसैगरी दफा ५ मा संवैधानिक निकाय तथा सोका पदाधिकारी, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्ध सरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण, दफा ७ मा सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षासम्बद्ध कर्मचारीले पालना गर्नुपर्ने आचरण, दफा ८ मा निर्वाचनको काममा संलग्न कर्मचारीले पालना गर्नुपर्ने आचरण, दफा ११ मा गैर सरकारी वा नीजि संस्था वा त्यस्तो संस्थासंग सम्बद्ध कर्मचारी तथा पदाधिकारीले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ।

आचार संहिताको परिच्छेद ४ मा राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ संगठनले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ। जस अन्तर्गत जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्दा पालना गर्नुपर्ने आचरण[४९], सवारी साधन प्रयोग गर्दा लागु गर्नुपर्ने आचरण[५०], सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण[५१], निर्वाचन खर्च सम्बन्धी आचरण[५२], मौन अवधिमा पालना गर्नुपर्ने आचरण[५३], मतदानको दिन पालना गर्नुपर्ने आचरणको[५४] व्यवस्था गरिएको छ। त्यसैगरी परिच्छेद ५ मा मतदाता र मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचारको व्यवस्थाहरु मिहिन रुपमा राखिएका छन्।

## ३.२.९. पर्यवेक्षण आचार संहिता

निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ तथा निर्वाचन आयोग नियमावली, २०७३ को नियम ६ ले निर्वाचन आयोगले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित कामकारवाहीको पर्यवेक्षण गर्नका लागि अनुमति दिन सक्ने व्यवस्था गरेको छ। अनुमति प्राप्त व्यक्ति वा संस्थाले आयोगले तोकेको पर्यवेक्षण आचार संहिता पालना गर्नु पर्छ। ऐन तथा नियमावलीको उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता जारी गरी आयोगबाट मान्यता प्राप्त व्यक्ति तथा संस्थाहरुले पालना गर्नु पर्ने व्यवस्था गरिएको थियो।

यस सम्बन्धमा निर्वाचन आचार संहिता २०७८ को परिच्छेद ६ मा पर्यवेक्षण संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ जसअन्तर्गत दफा २० मा पर्यवेक्षण संस्थाले पालना गर्नुपर्ने आचरणका सम्बन्धमा निम्न विषयहरु राखिएका छन्:

क) आयोगबाट अनुमती नलिई पर्यवेक्षण गर्न नहुने,

ख) सरकारी वा सरकारी स्वामित्व भएका वा अर्ध सरकारी संघ, संस्था विश्वविद्यालय वा सामुदायिक विद्यालयका बहालवाला शिक्षक वा कर्मचारीलाई पर्यवेक्षण गर्न खटाउन नहुने,

ग) पर्यवेक्षकलाई निजको स्थायी बसोवास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणको लागि खटाउन नहुने,

घ) पर्यवेक्षण कार्य समाप्त भएको ३० दिनभित्र आफ्नो संस्थाको आय र व्यय सार्वजनिक गर्नुपर्ने र सोको लिखित जानकारी आयोगलाई दिनुपर्ने,

ङ) मतदान सम्पन्न भएको १५ दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्ने।

---

[४७] हे. आचरण सम्बन्धी सबैले पालना गर्नुपर्ने आचार संहिता २०७८ को दफा ४

[४८] हे. ऐ. दफा ५

[४९] ऐ. दफा १२

[५०] ऐ. दफा १३

[५१] ऐ. दफा १४

[५२] ऐ. दफा १५

[५३] ऐ. दफा १६

[५४] ऐ. दफा १७

त्यसैगरी आचार संहिताको दफा २१ मा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ, जस अन्तर्गत देहायका आचरणहरु उल्लेख गरिएको छः

क) पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,

ख) विभिन्न जात, जाती, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ र विश्वसनीय ढंगले पर्यवेक्षण गर्नुपर्ने,

ग) मतदान अधिकृतको अनुमती लिएर निश्चित दुरीबाटमात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,

घ) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रुपमा वा आम सञ्चार माध्यममा कुनै किसिमको टिका टिप्पणी गर्न नहुने,

ङ) आयोगले अनुमती दिएको क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने,

च) राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसंग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेन देन गर्न नहुने,

छ) राजनीतिक दल वा उम्मेदवारको समर्थन वा बिरोध हुने गरी निर्वाचन चिन्ह अंकित ब्याच लगाउन वा अन्य कुनै माध्यमबाट प्रचार–प्रसार प्रदर्शन गर्न नहुने,

ज) निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित कृयाकलाप गर्न नहुने,

झ) सुरक्षा संवेदनशील स्थानमा पर्यवेक्षण गर्न नहुने,

ञ) मतदाताले मत संकेत गरेको गोप्य कक्षमा तस्विर खिच्न नहुने,

ट) निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नुअघि उम्मेदवार विजयी भएको सूचना संप्रषण गर्न वा गराउन नहुने,

ठ) निर्वाचन कानून तथा निर्वाचन सामग्रीको सम्बन्धमा निर्वाचनलाई असर पर्नेगरी नकारात्मक टिका टिप्पणी गर्न नहुने,

ड) मतदान केन्द्रमा खटिएका मतदान अधिकृत तथा अन्य कर्मचारीलाई नीजहरुको कार्य सम्पादनमा बाधा पुऱ्याउन नहुने,

ढ) निर्वाचन सम्पन्न भएको १५ दिनभित्र प्रारम्भिक प्रतिवेदन र ३० दिनभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्ने।

परिच्छेद ४

# संघीय शासन व्यवस्थामा स्थानीय तह

## ४.१. संघीय शासन व्यवस्थामा स्थानीय तह

नेपालको संविधान बमोजिम मुलुक एकात्मक प्रणालीबाट संघीय प्रणालीमा रुपान्तरण भएको छ[५५] भने तीनवटै तहले आफ्नो आफ्नो क्षेत्राधिकार बमोजिम[५६] शासन सत्ता सञ्चालन गरेका छन्। २०७२ साल असोज ३ गते संविधान सभाद्वारा जारी भएको संविधान सातौं वर्षमा प्रवेश गरिसकेको छ भने दोश्रो कार्यकालका लागि स्थानीय तहको निर्वाचन समेत सम्पन्न भईसकेको छ। संविधानले विभिन्न अनुसूचीहरु मार्फत तीनवटै तहलाई आफ्नो आफ्नो क्षेत्राधिकार दिएको छ। एकल सूचीका विषयहरुमा सम्बन्धित तहहरुले आफ्नै किसिमले कानून तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार दिईएको छ भने साझा सूचीको हकमा समेत संघले संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु, सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्त लगायत कानूनका सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी कानून तर्जुमा गर्न सक्दछ। त्यसैगरी प्रदेशले बनाएको कानून संघका सीमाहरुका अतिरिक्त संघीय कानूनसंग नबाझिने गरी बनाउनु पर्ने र स्थानीय तहले बनाउने कानून संघ र प्रदेशका शर्त तथा सीमाका अलावा सम्बन्धित प्रदेश कानूनसंग नबाझिने गरी तर्जुमा गर्नुपर्ने प्रावधान संविधानले नै तोकेको छ।

प्रत्येक तहलाई आफ्नो आर्थिक अधिकारको विषयमा कानून बनाउने, बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाउने र सोको कार्यान्वयन गर्ने अधिकार[५७] दिइएको छ। आर्थिक अधिकारका धैरै विषय र वित्तीय अनुशासनका विषयमा भने संघीय कानून बमोजिम हुने व्यवस्था समेत संविधानले गरेको छ। संविधान बमोजिम तीन तहबीच अधिकारको प्रयोगका सम्बन्धमा स्पष्टताः भएपनि तीन तहका सरकारको सञ्चालनमा भने केही भिन्नताहरु रहेका छन्। संघ र प्रदेशको कार्यसञ्चालन संविधानले तोकेका सीमाहरुभित्र रही सम्बन्धित तहले बनाएको कानून बमोजिम हुन्छ भने स्थानीय तहको हकमा केही विषयमा संघले र केही विषयमा प्रदेशले कानून बनाउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संघीय सरकार र प्रदेश सरकार एवं संघीय संसद र प्रदेश सभालाई आफ्नो कार्य सञ्चालनको विधि आफै निर्धारण गर्ने अधिकार प्रदान गरिएको भए तापनि स्थानीय तहको हकमा केही सीमाहरु रहेका छन्।

संविधानले गरेका व्यवस्थाहरु बमोजिम स्थानीय तहको सञ्चालनका सम्बन्धमा खासगरी स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाका लागि धारा २१९ बमोजिम बाहेक अन्य विषयमा संघीय कानून बन्नु पर्ने देखिँदैन। धैरै विषयमा प्रदेशलाई अधिकार दिइएको छ। तर २०७३ सालमा स्थानीय तहको निर्वाचन भएपछि प्रदेश सभा पनि गठन नभएको एवं नयाँ संविधान बमोजिम संघीय संसद पनि नबनेको अवस्थामा स्थानीय तहको कार्य सञ्चालनका लागि २०७४/६/२९ गते नेपालको संविधानको धारा २९६ मा रहेको कानून बनाउने सम्बन्धी संक्रमणकालिन व्यवस्था बमोजिम व्यवस्थापिका संसदबाट पारित भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको थियो। तत्कालिन आवश्यकताको कारण बनेको यो ऐनले स्थानीय तहको संरचना निर्धारण, वडा विभाजनदेखि काम, कर्तव्य र अधिकार, सभा र कार्यपालिकाको वैठक सञ्चालन, न्यायिक अधिकार, कानून निर्माण प्रक्रिया लगायतका विषयमा व्यवस्था गरेको छ। एक किसिमले स्थानीय तहको लागि यो एउटा मुख्य ऐन (framework legislation) बन्न पुगेको छ।

---

[५५] नेपालको संविधानको धारा ५६(१) बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुनेछ।

[५६] ऐ. धारा ५७ तथा ५८

[५७] ऐ. धारा ५९(१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिङ्गका र नगरपालिकाको अधिकार र गाउँ कार्यपालिका र नगर कार्यपालिकाको अधिकारको लामो सूची दिइएको छ। ती काम, कर्तव्य र अधिकारहरु संविधानको अनुसूचीमा रहेका स्थानीय तहको एकल र साझा अधिकारको सूचीसँग तादात्म्य देखिदैन। त्यतिमात्रै होइन, स्थानीय सरकार सञ्चालन ऐनमा प्रदेश समन्वय परिषद् समेतको व्यवस्था थियो। त्यस्तै उक्त ऐनमा प्रदेश सरकारले सम्पादन गर्ने कार्य प्रदेश सरकार गठन नभएसम्म नेपाल सरकारले गर्ने भन्नेसम्मको व्यवस्था रहेको छ। स्थानीय तहले हाल केही नयाँ कानूनहरुको निर्माण गरे पनि मूलभूत रुपमा यही ऐन बमोजिम स्थानीय तहको सञ्चालन भएको छ।

हाल अभ्यासको क्रममा केही चुनौतीहरु देखा परेका छन् भने विभिन्न स्थानीय तहको अभ्यास फरक फरकरुपमा देखा परेका छन्। संविधानमा भएका कतिपय अधिकारहरु र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का केही व्यवस्थाहरु बाझिएका, केही थपिएका र पछि जारी भएका केही ऐनहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का केही व्यवस्थाहरु खारेज गरेको वा संशोधन समेत गरेका छन्। उदाहरणको लागि २०७७ साल श्रावण १३ गते जारी भएको संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध र समन्वय सम्बन्धी ऐन, २०७७ ले थुप्रै व्यवस्थाहरु संशोधन वा खारेज गरेको छ। तसर्थ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रयोगका दृष्टिले र संविधान तथा अन्य कानूनसंग तालमेल मिलाउने हिसावले संशोधन गर्नुपर्ने अवस्थामा आएको छ।

## ४.२. स्थानीय कार्यपालिका

नेपालको संविधानको धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहने व्यवस्था गरेको छ। संविधान तथा स्थानीय तह निर्वाचन सम्बन्धी कानूनी व्यवस्था वमोजिम स्थानीय कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ। संविधान बमोजिम स्थानीय कार्यपालिकाले नै स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्दछ। संविधानले स्थानीय सरकारको गठन प्रक्रिया प्रत्यक्ष, पारदर्शी र समावेशी बनाइएको छ, जसबाट स्थानीय लोकतन्त्र र जवादेहिताको संस्थागत विकास हुने अपेक्षा र विश्वास गर्न सकिन्छ।

संविधानले स्थानीय कार्यपालिकाको गठनको व्यवस्था गरेको छ। संविधानले गरेको उक्त व्यवस्था अनुसार प्रत्येक गाउँ कार्यपालिकामा एकजना अध्यक्ष रहने र निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुने व्यवस्था छ। यसरी गठन हुने गाउँ कार्यपालिकामा एक जना अध्यक्षका अतिरिक्त एक जना उपाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरु तथा गाउँ सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र गाउँसभाको सदस्य बन्ने योग्यता पुगेका दलित वा अल्पसंख्यक मध्येबाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्य रहने व्यवस्था छ। यसरी निर्वाचन गर्दा गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरु एक व्यक्ति एक मतका आधारमा प्रत्यक्ष रुपमा निर्वाचित हुने व्यवस्था छ। त्यस्तै नगर कार्यपालिकाको सम्बन्धमा प्रत्येक नगर कार्यपालिकामा एकजना नगर प्रमुख रहने र निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुने व्यवस्था छ। यसरी गठन हुने नगर कार्यपालिकामा एकजना नगर प्रमुखका अतिरिक्त एकजना नगर उप प्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरु तथा नगर सभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र नगरसभाको सदस्य बन्ने योग्यता पुगेका दलित वा अल्पसंख्यक मध्येबाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्य रहने व्यवस्था छ। यसरी निर्वाचन गर्दा नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षहरु एक व्यक्ति एक मतका आधारमा प्रत्यक्ष रुपमा निर्वाचित हुने व्यवस्था छ।

## ४.३. स्थानीय व्यवस्थापिकाको गठन

स्थानीय तहमा स्थानीय व्यवस्थापिकाको रुपमा गाउँसभा तथा नगरसभा रहने व्यवस्था छ। स्थानीय तहमा गठन गरिने व्यवस्थापिकाले मुलुकको संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार प्रयोग गर्ने व्यवस्था छ। यही गाउँसभा र नगर सभाले

सम्बन्धित स्थानीय तह अर्थात सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र भित्रको विषयमा आवश्यक कानून बनाउने कार्य गर्दछ। संविधान वमोजिम प्रत्येक गाउँपालिकामा गाउँसभा र प्रत्येक नगरपालिकामा नगरसभा तथा गाउँपालिका र नगरपालिका अन्तर्गत वडाहरुमा वडा समिति रहने व्यवस्था छ। संविधानले गरेको व्यवस्था वमोजिम गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र २ जना महिला सहित निर्वाचित ४ सदस्यहरु तथा दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्यहरु रहने व्यवस्था छ। त्यस्तै, नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उप प्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र २ जना महिला सहित निर्वाचित ४ सदस्यहरु तथा दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्यहरु रहने व्यवस्था छ। संघीय कानूनमा गाउँपालिका वा नगरपालिकालाई वडागत तहमा विभाजन गर्ने व्यवस्था  छ। यसरी स्थापना गरिएको वडा तहमा निर्वाचित वडा समिति रहने र त्यसमा एक जना अध्यक्ष र २ जना महिला सहित निर्वाचित ४ जना सदस्यहरु रहने व्यवस्था छ। वडा तहमा पनि एक मतदाता एक मतका आधारमा प्रत्यक्ष रुपमा निर्वाचित हुने र यसरी निर्वाचित पदाधिकारीहरुको पदावधी ५ वर्षको हुने व्यवस्था छ।

## ४.४. जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन

गाउँकार्यपालिका र नगरपालिकाका अतिरिक्त जिल्लामा समन्वय कायम गर्नाका निमित्त जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। जिल्ला सभाले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच र जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्दछ। यसका साथै जिल्ला सभाले विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन समेत गर्ने व्यवस्था संविधानमा गरिएको छ। जिल्ला समन्वय समितिलाई जिल्ला सभाको कार्यकारीको रुपमा प्रस्तुत गरिएको छ। यसलाई  जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने जिम्मेवारी दिइएको छ।

## ४.५. न्यायिक समिति र महिला सहभागिता

कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिकाले उपाध्यक्ष र नगरपालिकाले उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था संविधानले गरेको छ। न्यायिक समितिमा अन्य दुइ सदस्यहरूमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका सदस्य रहने व्यवस्था गरिएको छ। संविधानले दलबाट अध्यक्ष वा उपाध्यक्ष र प्रमुख वा उप प्रमुख पदमा उम्मेदवारी दिंदा सो दुई पदमध्ये एउटा पदमा महिलाको उम्मेदवारी अनिवार्य गरेकोले स्थानीय तहको यो निर्वाचनमा राजनीतिक दलहरूले उपाध्यक्ष र उप प्रमुखको पदमा अधिकांश स्थानमा महिलालाई उम्मेदवार बनाएको कारण महिलाहरूको उपस्थिति यो पदमा अत्यधिक रहेको देखिन्छ। तथापी अघिल्लो निर्वाचनमा करिव ९४ प्रतिशतको हाराहारीमा महिला संयोजक रहेको स्थानीय न्यायिक समितिमा यस पटक पहिलो निर्वाचनमा भन्दा दलीय समिकरण वा गठबन्धनका आधारमा स्थानीय तहको निर्वाचन सम्पन्न भएका कारण उपप्रमुख पुरुषको संख्या बढेको र न्यायिक समितिको नेतृत्वमा महिलाको संख्या कटौती  हुन पुगेको छ।

नेपालको संविधानमा महिलाका साथै दलित र पछाडि पारिएका समुदायलाई शासन व्यवस्थाको मूलधारमा ल्याउने अभिप्रायले स्थानीय तहको कार्यकारी पदमा ४० प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरिएको हो। यस अनुसार स्थानीय तहमा गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा ५ सदस्यमध्ये कम्तिमा २ जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ। ती दुईमध्ये एकजना दलित वा अल्पसंख्यक महिला हुनुपर्ने ऐनले गरेको व्यवस्थाको कारण वडामा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ। त्यसैगरी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमध्ये एक पदमा र नगरपालिकाको प्रमुख र उप प्रमुखमध्ये एक पदमा महिला उम्मेदवार उठाउनुपर्ने व्यवस्था कानूनमा रहेको छ। साथै, जिल्ला सभामा ९ मध्ये ३ सदस्य महिला हुनुपर्ने व्यवस्था पनि गरिएको छ। संविधान तथा कानूनमा गरिएको यस्तो व्यवस्थाको कार्यान्वयन भने त्यति सहज छैन। दलितको प्रतिनिधित्व सबै ठाउँमा हुन नसके त्यस्तो अवस्थामा अल्पसंख्यक जातिको प्रतिनिधित्वको व्यवस्था ऐनले गरेको छ। स्थानीय तहको निर्वाचन अल्पसंख्यक जातिहरूको सूचीमा परेका

९८ जातिमा उदाहरणका लागि तराइका उच्च जातिको समूहमा पर्ने राजपूत, कायस्थ र देवसमेत छन् । त्यसैगरी पहाडमा जनजातिको श्रेणीमा थकाली पर्दछन् । व्यवहारमा प्रतिनिधित्वको इतिहास हेर्ने हो भने विधायिकामा वास्तविक दलितभन्दा यीनै अल्पसंख्यक जातिको प्रतिनिधित्व हुनेगरेको पाइन्छ। साथै, महिलाको प्रतिनिधित्व पनि केही टाठाबाठा पढेलेखेका शहरियालेनै गर्ने गरेको पाइन्छ। यस्ता जटिलताका कारण सीमान्तकृत र कमजोर श्रेणीका नागरिकको प्रतिनिधित्वको सुनिश्चितता व्यवहारमा त्यति सहज देखिंदैन।

विगतमा भएको न्यायिक समितिको अभ्यास र उक्त समितिको भूमिकाबाट केही सिकाईहरु प्राप्त भएका छन्  जो  यस प्रकार छन्ः

१. विगतमा उपाध्यक्ष वा उपप्रमुख कामविहीन हुने गर्थे। हालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले निजको लागि अत्यन्तै महत्वपूर्ण जिम्मेवारी तोकेको छ। यसले गर्दा उपाध्यक्ष वा उपप्रमुखको भूमिका प्रभावकारी बनाउन मद्दत मिलेको देखिन्छ। यसरी गठन हुने न्यायिक समितीमार्फत स्थानीय तहबाट नै नागरिकले न्याय प्राप्त गर्नु अत्यन्तै सह्रानीय उपलब्धि हो। यति हुँदा हुँदै पनि न्यायिक समितिको भूमिकाका बारेमा जनस्तरमा व्यापक प्रचार–प्रसार हुन सकेको छैन। त्यस्तै, नागरिक तथा प्रतिनिधिहरु स्वयंमा यसबारे चेतनाको कमी छ। यसले गर्दा न्यायिक समितिप्रति विश्वासमा कमी जन्माएको छ भने प्रक्रियागतरुपमा स्पष्टता नहुनाले पनि अलमलको स्थिति सिर्जना गरेको देखिन्छ। यसलाई चिर्न व्यापकरुपमा शिक्षामूलक कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ।

२. न्यायिक समितिले काम गर्ने कार्यविधिमा हालसम्म पनि एकरुपता छैन। कचहरी पद्धतीबाट न्याय निरोपण गर्ने वा ईजलास कायम गरेर जाने भन्ने विषयमा पालिकाको न्यायिक समितिमा समेत स्पष्टता नभएको देखियो। खास गरी, जिल्लाबाट अनुगमनमा आउने न्यायाधिशहरुबाट पूर्णरुपमा कानूनी प्रक्रिया पूरा गर्नु पर्ने, इजलास कायम गर्ने, रितपूर्वक म्याद तामेल गर्नु पर्ने जस्ता सुझावहरु प्राप्त हुने गरेको छ। तर, न्यायिक समितिको कार्यविधि संघबाट पठाईएको नमुना कानूनका आधारमा तयार पारिएकोले उक्त कार्यविधिको ढाँचा जिल्ला अदालत नियमावली सरह देखिन्छ। यसले गर्दासमस्याहरु सिर्जना भएका देखिन्छन्। खासमा न्यायिक समितिका सदस्यहरु न्यायाधीश हुन् वा मध्यस्थकर्ता भन्ने प्रश्नमै मतभेद रहेको अवस्थामा न्यायिक समितिको लागि स्पष्ट मार्ग निर्देशन सहितको कार्यविधि बनाई एउटै कार्यविधि र दिग्दर्शनका आधारमा ७५३ वटै पालिकामा ब्यापकरुपमा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ। साथै जिल्ला न्यायाधीशहरुलाई समेत एकरुपताका लागि सबै जिल्लाहरुमा क्षमतामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ।

३. न्यायिक समितिमा कानून अधिकृतको अभाव रहेको, कतिपय पालिकामा कानूनका विज्ञ कर्मचारीलाई न्यायिक समितिको सदस्य सचिवको जिम्मेवारी दिईएको भए पनि अन्य पालिकाहरुमा कानून तथा कार्यविधिको ज्ञानको अभावका कारण निर्णय/फैसला लेखनमा कठिनाई भएको, ऐनमा स्पष्ट ढाँचा नदिएका कारण समस्या रहेको, ढाँचामा समेत एकरुपता नरहेको देखिएको छ।

४. अर्को जिल्ला वा पालिका वा प्रदेशमा रहेको पक्षलाई कसरी निर्णय कार्यान्वयनमा सहभागी गराउने भन्ने समस्या भएका कारण न्यायिक समिति सहजीकरण तथा समन्वय एकाईको रुपमा हरेक पालिकामा व्यवस्था गर्ने र एकले अर्को न्यायिक समितिलाई सहयोग गर्ने तथा निर्णय  कार्यान्वयनमा सम्पूर्ण पालिका, प्रदेश सरकार तथा संघीय सरकारले समेत सहयोग गर्ने वातावरण निमार्ण गर्नु आवश्यक देखिन्छ। अन्यथा यो उपाध्यक्ष वा उपप्रमुखको मात्र जिम्मेवारी हो भन्ने ठान्ने सम्भावना अत्यधिक देखिन्छ। त्यसो भयो भने न्यायिक समिति पूर्णरुपमा निष्प्रभावी हुने सम्भावना छ।

५. न्यायिक समितिलाई राजनीतिक दलको आँखाबाट हेर्ने प्रचलन रहेको र समितिलाई प्रभावकारी बनाउन कानून पढेको व्यक्तिहरु कर्मचारीको रुपमा नियुक्ति हुंदा प्रभावकारी हुने सम्भावना रहेको हुँदा मध्यस्थकर्ताको भूमिका खासै केहि नभएको जस्ता गुनासाहरुको सम्बोधनको लागि आवश्यक क्षमता अभिवृद्धि कार्यक्रमलाई व्यापक रुपमा अगाडी बढाउन आवश्यक देखिएको छ।

परिच्छेद
५
# स्थानीय तह निर्वाचन पर्यवेक्षण विश्लेषण

## ५.१. पृष्ठभूमि

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अन्तर्गतको स्थानीय तहको पहिलो निर्वाचनको पाँच वर्ष पूरा भएको छ। आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । सम्पूर्ण जनता फेरी एक पल्ट आफ्नो अधिकारको प्रयोग गर्दै आफुले चाहेको योग्य उम्मेदवार निर्वाचनको माध्यमबाट निर्वाचित गर्न ठूलो उत्साहकासाथ अगाडि आउनु सुखद पक्ष हो। संविधानतः प्रत्यक्ष कार्यकारी अधिकार प्राप्त भएसँगै विगत पाँच वर्षदेखि स्थानीय सरकार जनतामाझ लोकप्रिय हुँदैछ। अझ प्रदेशकै सांसद्हरूले समेत आफ्नो पदबाट राजीनामा दिंदै मेयर/उपमेयरको उम्मेदवार बन्न गएको बाट स्थानीय तह राजनीतिक वृत्तमा आकर्षणको थलो भएको अनुमान गर्न सकिन्छ। यसरी तल्लो तहको सरकारमा जनताको आकर्षण बढ्नु सकारात्मक पक्ष हो। तथापि, यो निर्वाचनमा दलहरूबीच गठबन्धनका कारण उम्मेदवारीमा पुरुषको वर्चश्व भने देखिएको छ।

जियोक नेपालले निर्वाचन पर्यवेक्षणमा आफ्नो सहभागितालाई निरन्तरता दिदै निर्वाचन पर्यवेक्षणको जानकारी यथासंभव छिटो जनतासमक्ष पुगोस् भन्ने उद्देश्यले विगतमा जस्तै निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदनका साथै निर्वाचनको संक्षिप्त प्रतिवेदनसमेत सार्वजनिक गरिसकेको छ। यो ती सबै चरणहरूको एकीकृत र अन्तिम प्रतिवेदन हो। निर्वाचन आयोगले पर्यवेक्षण यथासम्भव व्यापक र सबै भौगोलिक क्षेत्र, स्थानीय तह र प्रदेशको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले पर्यवेक्षणको न्यूनतम संख्या आदि शर्तहरू तोकेबमोजिम जियोकले सातै प्रदेशहरूको पर्यवेक्षणका साथै तीनवटै भौगोलिक क्षेत्रबाट उच्च पहाड २, पहाड १६ र तराई १४ गरी ३२ जिल्लामा नगरपालिका र गाँउपालिकाका १,०१० मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो। यसकालागि लामो अवधिका ७० र छोटो अवधिका ३३० गरी ४०० जना पर्यवेक्षकहरु परिचालन गरिएका थिए। चार वटै तहमा परिचालन गरिएका पर्यवेक्षकहरुको प्रत्यक्ष अवलोकन, छलफल तथा अर्न्तक्रियाका साथै विभिन्न चार किसिमका फारामहरूका माध्यमबाट मतदाता र सम्बन्धित सरोकारवालाहरुका विचारहरूका आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

पर्यवेक्षण टोलीले खासगरी स्थानीय तहमा प्रतिस्पर्धारत राजनीतिक दल तथा उम्मेदवारका गतिविधि, आचार–संहिताको पालना, सुरक्षाको अवस्था, मतदाताको सक्रियता, निर्वाचनको तयारी अवस्था, मतदान केन्द्र वरपरका वस्तुस्थितिका सन्दर्भमा सूक्ष्म पर्यवेक्षण गरेका छन् । त्यस अतिरिक्त टोलीले निर्वाचनसँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दल, सुरक्षाकर्मी, निर्वाचन अधिकृत, स्थानीय बुद्धिजीवी तथा पत्रकारसँग भेटी वस्तुस्थिति संकलन गरेको थियो।

## ५.२. निर्वाचन व्यवस्थापन

निर्वाचन व्यवस्थापनको प्रक्रिया वास्तवमा निर्वाचन आयोगले आफ्नो नियमित कार्यक्रम अन्तर्गत गर्ने मतदाता नामावली दर्ताको अवस्थादेखि नै सुरु हुन्छ। त्यस अन्तर्गत मूलतः मतदाता नामावली अद्यावधिक गर्ने, मतदाता परिचयपत्र वितरण, मतदाता शिक्षाको सञ्चालन, मतदान स्थल तथा मतदान केन्द्रहरुको व्यवस्थापन, सुरक्षाको तयारी लगायतका विषयहरु पर्दछन्।

मुलुकका ७५३ वटै स्थानीय तहमा एकैपटक निर्वाचन गर्नु व्यवस्थापनका दृष्टिले आफैमा एउटा चुनौतीपूर्ण कार्य थियो । आवश्यक मतपत्रको छपाई, पर्याप्त सुरक्षाकर्मीको व्यवस्थापन, निर्वाचन अधिकृत, मतदान अधिकृत लगायतका आवश्यक कर्मचारीको व्यवस्थापन, निर्वाचन सामग्रीको व्यवस्थान, मतपत्रको ढुवानी, मतगणनाको तयारी र व्यवस्थापन लगायतको तयारीमा निर्वाचन आयोग लगातार खटेको र हरसम्भव प्रयास गरेको देखिन्छ।

निर्वाचन आयोगको तयारीका सम्बन्धमा निर्वाचन पूर्व, निर्वाचनको अवधिभर र निर्वाचन पश्चातका अवस्थाहरुको समीक्षा गर्दा निर्वाचन पूर्वको अवस्था निकै उत्साहजनक र तुलनात्मकरुपमा शान्तिपूर्ण रहेको पाईन्छ। २०७४ सालमा सम्पन्न निर्वाचनको अभ्यास र अनुभवका आधारमा निर्वाचन आयोगले यस पटक एकै चरणमा निर्वाचन सम्पन्न गरेको थियो भने कतिपय उम्मेदवारहरु पहिलो कार्यकालको अभ्यास र सिकाईका आधारमा दोहोरिएका र ठूलो संख्यामा नयाँ उम्मेदवारको रुपमा चुनावी मैदानमा उत्रिएका थिए । मतदानको दिन र मतगणनाका सम्बन्धमा भने केही छिटपुट घटनाहरु भएको, १७ जिल्लाका ८५ स्थानहरुमा मतदान रद्द गरी पुनः निर्वाचन गर्ने अवस्था श्रृजना भएको, सुरक्षा संयन्त्रमा केही चुनौतीहरु देखा परेको, बदर मतको संख्यामा वृद्धि भएको जस्ता समस्याहरु देखा परेका थिए । विगतको अभ्यासको तुलनामा केही प्रतिशत मतदानमा कमी देखा परे पनि उम्मेदवारी दर्तादेखि मतदान र मत परिणामका सम्पूर्ण प्रक्रियामा हिमाल, पहाड र तराइका जनताको सहभागिता उल्लेखनीय रह्यो ।

समग्रमा हेर्दा निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण, अनुगमन र समीक्षा प्रतिवेदन समेतको आधारमा यो निर्वाचनमा उम्मेदवारी दर्ता गर्न २०७९ वैशाख ११ र १२ गते दुईदिन समय छुट्याएको थियो। पहिलो दिन उम्मेदवारी दर्ताका लागि दल तथा उम्मेदवारमा उत्साह देखिएन। दोस्रो दिन पनि समय घर्किन लागेपछि मात्रै दर्ता गर्न जाँदा निर्वाचनमा खटिएका कर्मचारीलाई समस्या भएको देखियो। कतिपय ठाउँमा उम्मेदवार दर्ता प्रक्रिया सकिँदा मध्यरात कट्दै २:३० सम्म पुगेको थियो। उम्मेदवारी दर्तामा जति समय दिए पनि अन्तिममा मात्र दर्तामा जाने स्थिति देखिएको छ। राजनीतिक परिदृश्य र वस्तुस्थिति नियाल्दा उम्मेदवारी दर्ताका निम्ति दुईदिन दिनुको औचित्य पुष्टि हुन सकेन। उम्मेदवारी दर्तादेखि मौन अवधि शुरु हुनु अघिसम्मको अवधिमा स्थानीय तहको निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण हुने देखिएपनि निर्वाचनका दिन भने केही सामान्य झडपहरु भएका छन्।

निर्वाचनमा राजनीतिक दल, उम्मेदवार र मतदाता परिपक्व हुँदै गएको पाइएको छ । एकाध ठाउँमा बाहेक दल तथा उम्मेदवार शान्तिपूर्ण प्रचार–प्रसारमै खटेको पाइयो। बरु उम्मेदवारी छनौटमा असन्तुष्टिका कारण दलभित्रै विवाद भएको पाइयो। तर अन्तर दलीय कार्यकर्ताहरूबीच आपसमा खासै तिक्तता, द्वेष र घृणाको अवस्था पाइएन। यो चुनावमा राजनीतिक दल तथा उम्मेदवारहरूले बाहुवल प्रयोग गरेको देखिएन। राजनीतिक दलका कार्यकर्ता प्रचार–प्रसारमा संयमित भएको देखिन्छ। कार्यकर्ताहरू संयमित भएपछि मतदाताले सुरक्षित महसूस गरेको पाइयो। मौन अवधि शुरु हुनुपूर्व निर्वाचन वातावरण वास्तवमै शान्त, मर्यादित र स्वतन्त्रपूर्वक सञ्चालन हुन सक्ने गरी परिपक्वता आएको देखिन्छ।

निर्वाचन आयोगले निर्वाचन खर्चको सीमा तोक्दै भड्किलो निर्वाचन हुन नदिने प्रयत्न गरिरहेको देखिएको छ। आयोगको आचार–संहिताका कारण दलीय झण्डा तथा चुनाव अंकित तोरण कतै झुण्ड्याएको पाइएन। कहीं कतै आँखा छल्दै पम्पलेट राति टाँसेको पाइयो। तर दिउँसो त्यस्ता पम्पलेट हटाइएको देखिन्छ। उम्मेदवार दर्ता र मतदानबीच प्रचार–प्रसारका निम्ति जम्मा ११ दिनको छोटो अवधि भएका कारण दलहरूको चुनाव खर्चलाई घटाएको देखिन्छ। सुरक्षाका चारै निकायबीच राम्रो समन्वय भएको देखिन्छ। तराई क्षेत्रमा ३० मिनेटभित्र जुनसुकै निर्वाचन क्षेत्रमा प्रहरी/सेना पुग्न सक्ने गरी व्यवस्था भएको पाइयो। सुरक्षा संवेदनशीलता विश्लेषण गरी चारै वटा सुरक्षा निकाय, मोबाइल गस्ती, स्ट्राइकिङ फोर्स, रिजर्भड फोर्स तथा ऱ्यापिड रेस्क्यु टिम परिचालन गर्ने योजनासहित मजबूत सुरक्षा प्रदान गर्ने योजना देखिएको थियो तर एकैपटक सबै स्थानहरुमा निर्वाचन गर्नु परेकाले तयारीको अपर्याप्तता भने देखियो। कतिपय झडप भएका ठाउँहरुमा सुरक्षा व्यवस्था गर्न हम्मे परेको अवस्था समेत देखियो भने एक स्थानमा मतपेटिका नै बोकेर हिंडदासम्म सुरक्षा नभएको समेत पाइयो।

मतदान केन्द्र थप गर्न पाए हुने भन्ने राय कतिपय मतदाता, उम्मेदवार र राजनीतिक दलको रहेको छ। टाढा रहेका मतदान केन्द्रमा आउनेलाई गाह्रो हुने देखिएको छ। नगर क्षेत्रमा मतदातालाई केही सहज भए पनि ग्रामीण क्षेत्रका केहि मतदान स्थलमा मतदाता कम्तीमा १ देखि ४ घण्टासम्म हिँडेर मत खसाल्न पुग्नु पर्ने बाध्यता रहेको दुःखेसो मतदाताहरुबाट व्यक्त भएका छन्। निर्वाचनका दिन

सार्वजनिक सवारी साधन निषेध गरिएको भए तापनि विभिन्न दलका उम्मेवारहरूले कतिपय ठाँउमा आफ्ना समर्थकहरूको सुविधाका लागि निशुल्क सवारी साधनको व्यवस्था गरिएको पाइयो। तर अन्य कतिपय मतदाताहरू भने निर्वाचनस्थल टाढा भएको र शारीरिक अशक्तताका कारण मतदान गर्नबाट वञ्चित भएको पनि पाइयो। आगामी निर्वाचनमा सवारी साधन निषेध गर्नुपर्ने बाध्यताबारे पुनर्विचार गर्नु आवश्यक भएको अनुभव गरिएको छ। साथै, मतदान केन्द्र मतदाताको पायक पार्ने स्थानको विषयमा विश्लेषण गर्नुपर्ने पनि देखियो। निर्वाचन खर्चका सवालमा निर्वाचन आयोग स्वयंले केन्द्रीय अनुगमन टोलीदेखि सूक्ष्म अनुगमन टोलीसमेत परिचालन गरेको थियो। आयोगको अतिरिक्त सक्रियताका कारण चुनावी खर्चमा कम हुन सक्ने देखिएको छ। तर, लुकिछिपी मतदातालाई पैसा बाँड्ने र भोज–भतेर नियन्त्रण गर्न अझै कठिनाइ देखिन्छ। यसमा आगामी निर्वाचनमा आयोगको सूक्ष्म टोली बढी सक्रिय हुनुपर्ने देखिन्छ।

लोकतन्त्रमा मतको मूल्य हुन्छ, मत्रपत्र बदर हुनु राम्रो होइन। किनभने, यसले राम्रो सन्देश जाँदैन। अझ दुई वा दुईभन्दा बढी दलवीच गठबन्धन भएका ठाउँमा राजनीतिक दलहरूले मतदातालाई राम्रो सन्देश दिन नसक्दा उम्मेदवारी नपरेको ठाउँमा मतदान भएको र त्यसले बदर संख्या बढाएको देखिन्छ। यसमा राजनीतिक दल र उम्मेदवारहरू स्वयं सचेत हुनु पर्ने देखिन्छ। महानगर तथा उपमहानगरमा मतगणना कार्यमा ढिलाई भएको, कर्मचारीको अभाव भएको र कतिपय तालिम लिएका कर्मचारीसमेत उक्त कार्यमा खटिन तयार नभएको जस्ता समस्याहरु समेत देखा परेको थियो।

निर्वाचन व्यवस्थापन अन्तर्गत मतदाता नामावली अद्यावधिक, परिचयपत्र वितरण, मतदाता शिक्षा, उम्मेवारी दर्ता देखि मतगणना र विजयी उम्मेदवारको घोषणासम्मका विषयहरु पर्ने भएकोले केही महत्वपूर्ण विषयहरुमा भएको व्यवस्थापनको बारेमा पर्यवेक्षणका क्रममा यस प्रकारको अवस्था रहेको देखियोः

## ५.२.१. मतदाता नामावली दर्ता र परिचयपत्र वितरण

निर्वाचन आयोगले आम निर्वाचनपूर्व र सालवसाली रुपमा फोटोसहितको मतदाता नामावली अद्यावधिक गर्ने गरेकोबाट मतदान धेरै सहजमात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा ठूलो सहयोग पुगेको देखिन्छ। तथापि, जियोकले पर्यवेक्षण गरेका जिल्लाका प्रायः सबै निर्वाचन केन्द्रहरूमा यस पटक पनि मतदाता नामावली दर्ताको सम्बन्धमा थुप्रै व्यक्तिहरु छुटेको, राजनीतिक दलहरुको समेत त्यसतर्फ ध्यान नपुगेको, पुराना मतदाताहरुवीचमा परिचयपत्र हराएकाहरु अन्योलमा रहेको, परिचयपत्र भएका व्यक्तिहरुको समेत सक्कलमा दर्ता नं. फरक परेका कारण शंका उत्पन्न भएको जस्ता समस्याहरु देखा पर्‍यो। नामावलीमा प्रसस्तै त्रुटि र नामावली र परिचयपत्रबीच तालमेलको अभाव भने देखियो। मतदाता परिचयपत्र भएको तर मतदाता नामावलीमा नाम नभएका दृष्टान्तहरू जियोकले पर्यवेक्षण गरेका जिल्लाहरू मुस्ताङ्ग, ललितपुर, काठमाण्डौ, मकवानपुर आदि जिल्लाका मतदान केन्द्रहरूमा भेटिएका थिए। त्यसैगरी पाँच वर्ष पहिले मतदान गरेका मतदाताको नाम अहिलेको नामावलीमा नपाइएको देखियो। साथै, मतदाता परिचयपत्रमा भएको क्रम संख्या र हालको मतदाता नामावलीमा भएको संख्या नमिलेको, एकाघरका मतदाताहरूका नामावली विभिन्न केन्द्रमा पर्न गएको, एउटै व्यक्तिको दुइ ठाउँमा नाम रहन गएको पनि पाइयो। मतदाता नामावली अद्यावधिक नभएका कारण मृत्यु भइसकेका व्यक्तिहरूका नाम पनि हालसम्म मतदाता नामावलीमा रहिरहेको पाइयो। निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा देखिएका यस्ता त्रुटि र कमी कमजोरीहरू जियोकका विगतका प्रतिवेदनहरूमा पनि औंल्याइएका थिए। यस्ता त्रुटिहरू संविधानसभा सदस्य निर्वाचन २०६४ देखिनै पटक पटक दोहोरिएको भएपनि यसमा अपेक्षित सुधार भने आएको देखिएन।

यय पटकको निर्वाचनमा पनि मतदाता परिचयपत्र वितरणको काम निर्वाचन केन्द्रबाटै गर्ने व्यवस्था गरिएकोमा मतदानपूर्व र मतदानकै दिनको पर्यवेक्षणको क्रममा कतिपय परिचयपत्र वितरण गर्न बाँकी रहेको देखियो। पर्यवेक्षणको क्रममा कतिपय व्यक्तिले परिचयपत्र नभएको कारणले मात्र पनि मतदानबाट वञ्चित हुनुपर्‍यो। नागरिकताको प्रतिलिपि भएका वा मतदाता परिचयपत्रको प्रतिलिपि भएकाहरूले पनि मतदानबाट वञ्चित हुनुपरेका घटनाहरू मुस्ताङ्ग, मकवानपुरको पर्यवेक्षणमा देखियो। त्यसका साथै, मतदाता नामावलीमा नाम दर्ता गर्न र फोटो खिचाउन घण्टौ लाइनमा बस्नुपरेका कारणले पनि कतिपय नागरिकहरू नाम दर्ता नगरी फिर्ता गएका रुपन्देहीजस्ता जिल्लाबाट पर्यवेक्षणमा फेला परेको छ। मतदाता नामावलीमा नाम भएकाहरूले अन्य कुनै परिचय खुल्ने प्रमाण दिएमा मतदान गर्न सक्ने व्यवस्थाबारे सबै मतदान अधिकृतहरूमा जानकारी नभएको विषय व्यवस्थापकीय त्रुटि मात्र होइन कर्तव्यविमुख

भएको मान्नु पर्ने हुन्छ। साथै, कास्की, बाँके लगायत कतिपय जिल्लाका केन्द्रहरूमा छाता तथा कलम लैजान नदिएको, अपाङ्ग भएका व्यक्तिहरूलाई ह्विल चेयर लग्न नदिएपछि हिलोमा घस्रिएर मतदान गर्नुपरेकाजस्ता घटनाहरू राष्ट्रिय दैनिक पत्रिकामा फोटोसमेत छापिएको पनि पाइयो। मतदान गर्ने टेबुल र मतपेटिका राखिएको स्थान अपाङ्गमैत्री समेत थिएनन्।

### ५.२.२. मतदाता शिक्षा

स्थानीय निर्वाचनमा मतदाताले एकै मतपत्रमा सात ठाउँमा चिनो लगाउनु पर्छ। कतिपय मतदातामा कसरी चिन्ह लगाउनुपर्छ भन्ने जानकारी नहुँदा यस पटकसमेत ठुलो संख्यामा मतहरु बदर भएका छन्। तर बदर मतको संख्या गणना भएको स्थलसबै पालिकाबाट उपलब्ध हुन सकेन। न त यो सूचना वा जानकारी आयोगको केन्दि्य कार्यालयबाट हुन सक्यो। समावेशी निर्वाचन प्रणाली अनुसार मतपत्रमा एक भन्दा बढी कोठामा स्वस्तिक चिन्ह लगाई मत संकेत गर्नुपर्दा के अप्ठ्यारो महसुस गर्नुभयो भन्ने प्रश्नमा २,८८७ मतदातामध्ये ५२.३ प्रतिशतले अप्ठ्यारो भएन भने। यो संख्या २०७४ को निर्वाचनमा ४८.२ प्रतिशत मात्र थियो। यसबाट २०७४ को तुलनामा हाल मतदाताको सचेतनाको स्तर केही बढेको देखिन्छ। बढी समय लाग्यो भन्नेहरूको संख्या भने ६८२ र प्रतिशतमा २३.६ देखियो। यो प्रतिशत २०७४ को निर्वाचनमा भने २२.९ प्रतिशत रहेको थियो।

गठबन्धनका कारणसमेत विभिन्न ठाउँ वा चिन्हमा मतदान गर्नुपर्ने सम्बन्धमा मतदाता शिक्षा अपर्याप्त भएका कारणसमेत ठुलो संख्यामा मतपत्रहरु बदर भएका छन्। निर्वाचन आयोगले यस पटक आम सञ्चार माध्यमबाट मात्र मतदाता शिक्षा सञ्चालन गरेको, राजनीतिक दलहरुले यस सम्बन्धमा पर्याप्त शिक्षामा जोड नदिएको लगायतका कारण पनि मतदाताहरु अन्योलमा रहेको देखिन्छ। यद्यपि शहर–बजारका केही क्षेत्रमा नमूना मतपत्रमा ुमक इलक्सेनु गराएको देखिन्छ। गाउँ–ठाउँमा त्यसरी नै मतदान केन्दबाटै मतदातालाई नमूना मतपत्र देखाउँदै प्रशिक्षित गर्ने भनाइ अधिकृतहरुको रहेको छ। आयोगले मतदान प्रक्रियाबारे मिडियामार्फत प्रचार सामग्री राखेको देखिन्छ। मोवाइल रिङ्गटोनमार्फत मतदान निम्ति उत्साहित गरे पनि मतपत्र बदर हुन नदिन चाहिँ शिक्षा नदिँदा यसपालि मतपत्र बदर संख्या बढ्केको हो। राजनीतिक दलहरुले पनि मतपत्र बदर नहुने गरी मतदान गर्न सिकाउनुपर्ने दायित्व हो। उनीहरुले आफ्नो प्रचार–प्रसार गरेपनि मतपत्र बदर हुन नदिनेतिर त्यति चासो दिएको देखिँदैन। दुई वा दुई भन्दा बढी दलहरु बीच तालमेल गरी उम्मेदवारी दिइएको मतदातामा तालमेलबारे जानकारी नहुँदा उम्मेदवार नभएको ठाउँमा मतदान भएको देखिन्छ।


### मतदान अधिकृतलाई सोधिएको प्रश्न र उत्तर (२०७९ र २०७४)

| प्रश्न | उत्तर | संख्या र प्रतिशत (२०७९) | संख्या र प्रतिशत (२०७४) |
|---|---|---|---|
| मतदान सञ्चालन गराउन तपाईलाई कत्तिको सजिलो भयो? | १. भयो | २९८ (९३.४) | ५४५ (९६.६) |
| | २. भएन | २१ (६.६) | १९ (३.४) |
| सजिलो नहुनुका प्रमुख कारणहरुमध्ये | १. कर्मचारीको संख्या अपर्याप्त | १० (४७.६) | ४ (२१.१) |
| | २. कर्मचारीमा प्रशिक्षणको कमी | ६ (२८.६) | ५ (२६.३) |
| | ३. मतदातामा निर्वाचन प्रणाली र मतदान प्रक्रियाबारे जानकारीको कमी | १० (४७.६) | ९ (४७.४) |
| | ४. व्यवस्थापन खर्चको कमी | | |
| मतदान केन्द्रमा राजनीतिक दलहरूबाट कस्तो किसिमको सहयोग पाउनु भयो ? | सर्वदलीय संरचनाबाट सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह | २७३ (८५.६) | ४८३ (८५.६) |

माथिका तथ्यांकको आधारमा हेर्दा २०७४ को निर्वाचनमा भन्दा यस पटकको निर्वाचन सञ्चालन गर्न केही बढी असहज भएको देखिन्छ।

मूलतः मतपत्रको आकार र गठबन्धनका कारणसमेत निर्वाचन गर्न यसपटक केही कठीन भएको देखिन्छ। ५ वर्षको अवधिमा निर्वाचन गर्न झन सहज हुनु पर्नेमा असहज भएको देखिनु सकारात्मक संकेत होईन। २०७४ को तुलनामा ३.४ प्रतिशत उत्तरदाताहरुले असहज मानेकोमा यस पटक ६.६ प्रतिशत उत्तरदाताले असहज मानेको देखिन्छ। मतदातामा निर्वाचन प्रक्रिया र मतदानका सम्बन्धमा आशातित रुपमा कम प्रशिक्षण भएको, दलहरु उदासिनजस्तै भएको र मतपत्रको जटिलताका कारण मतदान गराउन असहज भएको देखिन्छ। उम्मेदवार नभएको चिन्हसमेत राख्नु परेको, मतपत्रको जटिलताका कारण मतदान गर्न लामो समय लागेको लगायतका जटिलताका कारण समेत कठिन भएको देखिन्छ। एकैपटक निर्वाचन सञ्चालन गरेका कारण कर्मचारीको संख्यामा कमी, व्यवस्थापन खर्चको अपर्याप्तता र आवश्यक तालिमको अपर्याप्तता अन्य मुख्य कारणको रुपमा रहेको देखिन्छ। राजनीतिक दलबाट राम्रै सहयोग भएको देखिन्छ भने पर्यवेक्षकबाट समेत पर्यवेक्षण राम्रोसंग भएको फेला परेको छ।

## ५.२.३. मतदान स्थल तथा मतदान केन्द्रको प्रबन्ध र व्यवस्थापन



निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोगलाई न्यूनतम् चार महिनाको समय आवश्यक पर्ने भनिएता पनि निर्वाचन मिति तोक्ने निर्णय र आवश्यक ऐन नियम निर्माण समयमै हुन सकेन। तथापि, उपलब्ध सीमित समयमा निर्वाचन आयोगबाट निर्वाचनका लागि आवश्यक सामग्रीहरुको बन्दोबस्त र ढुवानीका सम्पूर्ण काम समयमै पूरा भए। उम्मेदवार मनोनयनपछि निर्वाचन चिन्ह प्रदान र मतपत्र छपाईका लागि उपलब्ध समय एकदम कम भएको कारण नगरपालिका र गाँउपालिकाका सम्बन्धित वडाका उम्मेदवारको संख्या र नाम अनुसारको निर्वाचन चिन्ह मात्र राखी डिजाइन गर्नु पर्नेमा सो हुन नसकेका कारण मतपत्र ज्यादै लामो हुन गयो। यी मतपत्रहरुमा उम्मेदवार नभएका चिन्ह पनि समावेश गरी छाप्नुपर्ने बाध्यताले मतदाताले मतदानमा समस्या भोग्नुपरेको हो।

मतदानलाई सरल र मतदाता–मैत्री बनाउन मतदान केन्द्रभित्र आवश्यक संकेतहरू, महिला र पुरुषकालागि अलग अलग लाइनका लागि गरिएको व्यवस्था समग्रमा उपयुक्त रहेको पाइएको छ। तथापि, कतिपय मतदान केन्द्र मतदातालाई पायक नपरेको अपाङ्ग भएका व्यक्तिहरुको लागि अपाङ्गमैत्री मतदान केन्द्रहरुको व्यवस्था हुन नसकेको, पुरानै केन्द्रहरु राखिएका कारण अपर्याप्तता वा असहजता रहेको जस्ता समस्याहरु देखा परे। निर्वाचनमा खटेका अधिकृतहरूबाट निर्वाचन तयारीका अवधि पर्याप्त नभएको गुनासोहरु आएका छन् ।

यसपटक निर्वाचनमा अधिकांश कर्मचारी मात्र प्रयोग गरिएको देखिन्छ भने शिक्षकहरुलाई प्रयोग नगरेकोमा गुनासाहरु प्राप्त भएका छन्। ठाउँ–ठाउँमा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीबाट कम बजेट, कम सुविधा, कम कर्मचारी र धेरै दुःख खेप्नुपरेका गुनासाहरु समेत प्राप्त भएका छन्। निर्वाचन खर्च व्यवस्थापन वडा र मतदाता संख्याको आधारमा नभइ सबैजसो स्थानहरुका लागि समान रुपमा भएको पाइएको छ। निर्वाचन भत्ता कम भएकोमा कर्मचारीहरुले असन्तुष्टि पोखेका विवरणहरु समेत पर्यवेक्षणबाट प्राप्त भएका छन्। अधिकांश ठाउँहरुमा निर्वाचन आयोगले अपांगमैत्री मतदानस्थलको व्यवस्था गर्न सकेको पाइँदैन। चर्को गर्मी हुने ठाउँमा पाल–त्रिपालको व्यवस्था गर्न बजेट कम भएको गुनासो मतदान अधिकृतहरूबाट प्राप्त भएका छन्। भौतिक पूर्वाधारको पूर्ण व्यवस्था गर्न नसक्दा निर्वाचनका दिन पानी परेकोले कतिपय मतदान केन्द्रहरुमा कठिनाई भएको देखिन्छ। तलको तालिकाले मतदान केन्द्रको व्यवस्थापन र लैङ्गिक सम्बेदनशीलता पक्षसम्बन्धी मुख्य–मुख्य विषय प्रस्तुत गर्दछ।

**मतदानस्थलको प्रबन्ध र व्यवस्थाबारेको सूचक**

| क्र.सं. | सूचक | कूल उत्तरदाता | छ वा थियो भन्ने उत्तरदाता | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| १. | के मतदान स्थल पायक पर्ने ठाउँमा रहेको छ ? | ३१९ | ३०३ | ९५.० |
| २. | के मतदान गर्न सजिलो हुनेगरी आवश्यक शंकेतहरू राखिएका छन् ? | ३१९ | २९७ | ९३.१ |
| ३. | के मतदान स्थलको ३०० मीटरभित्र पोस्टर, तुल वा अन्य प्रचार सामग्री हटाइसकिएको छ ? | ३१९ | २१२ | ६६.५ |
| ४. | के दृष्टिविहीन, शारीरिक रुपले असक्त मतदाताको सहयोगकालागि साथमा आएको एकाघरको परिवारका सदस्यलाई प्रवेशको व्यवस्था गरिएको थियो ? | ३१९ | ३११ | ९७.५ |
| ५. | के महिला र पुरुष मतदानकालागि अलग अलग लाइनको व्यवस्था गरिएको थियो ? | ३१९ | ३१५ | ९८.७ |

माथिको तालिका हेर्दा अन्य अवस्था राम्रै देखिए पनि मतदानस्थल वरिपरी व्यानर तुल आदि नहटाईएको सम्बन्धमा केही मतदाताहरुबाट असन्तुष्ट व्यक्त गरेको पाइयो ।

## ५.३. निर्वाचन अभियान तथा मतदान

### ५.३.१. उम्मेदवारी दर्ता

नेपालको कानून बमोजिम राजनीतिक दलले उम्मेदवार दिँदा प्रमुख वा उपप्रमुखमध्ये एकमा महिला अनिवार्य हुने व्यवस्था गरेको छ। तर, दुई वा दुईभन्दा बढी दल संयुक्त रुपमा उम्मेदवारी दिएको अवस्थामा एक दलबाट प्रमुख वा उपप्रमुख मध्ये एकमात्र उम्मेदवार खडा गर्ने अवस्थामा महिला अनिवार्य गर्नुपर्ने कानूनी व्यवस्था नभएको हुँदा तालमेलमा उम्मेदवार खडा गर्ने दलहरूले पुरुषलाई मात्र उम्मेदवार बनाएको पाइयो । त्यसले प्रमुख/उपप्रमुखमा महिला उम्मेदवारको प्रतिनिधित्व संख्या घटाएको देखिन्छ। स्थानीय सरकारको प्रमुख पदमा महिला उम्मेदवार बन्न तयार हुँदा पनि दलहरूले त्यसलाई निरुत्साहित गरेको गुनासो आएको छ।

महिला उम्मेदवारको संख्या यस पटक घटेको देखिन्छ। जम्मा १,४५,०१३ उम्मेवारमध्ये महिला ५५,६९९ र पुरुष ८९,३१४ रहेको देखिन्छ। २०७४ को निर्वाचनमा उम्मेदवारको संख्या १,४९,१६२ थियो । यो संख्या २०७४ को तुलनामा ४,१४९ ले कम हो । २९३ नगर प्रमुखका लागि ३,२२८ र गापा अध्यक्षमा ३,०९२ ले उम्मेदवारी दिएकोमा २९२ उपप्रमुखमा १,९६४ र ४६० उपाध्यक्षमा २,१६३ उम्मेदवारी परेको थियो । त्यस्तै ६,७४३ वडा अध्यक्षकालागि ३२,४९५ को उम्मेदवारी परेको थियो भने ६,७४३ महिला सदस्यका लागि २५,६०० प्रतिस्पर्धामा थिए । १३,४८६ खुला सदस्यमा छानिन ५३,१७४ जना र ६,७४३ दलित महिला सदस्यमा २३,२८५ ले उम्मेदवारी दिएका थिए। पालिका प्रमुखमा मुख्य दलका महिला प्रत्यासी ५ प्रतिशत मात्र (एमाले ६.९८, काँग्रेस ३.९५, माओवादी ५.५, जसपा ६.०, एस ८.०, र लोसपा ४.७६) रहेको देखिन्छ। यो संख्याले राजनीतिक दलहरु महिलाप्रति अनुदार भएको देखाउछ।

स्थानीय तह प्रतिको बढ्दो आकांक्षासँगै ७५३ प्रमुख तथा अध्यक्ष पदका निम्ति मात्र ६ हजार ३ सय १० जनाको उम्मेदवारी परेको थियो भने उपप्रमुख तथा उपाध्यक्षमा ४ हजार १ सय २७ जनाको उम्मदेवारी परेको थियो । त्यसैगरी वडाध्यक्षका निम्ति  ३२ हजार ४ सय ९६ जनाले उम्मेदवारी दिएका थिए भने वडा सदस्यका निम्ति ५३ हजार १ सय ७३, महिला सदस्यमा २५ हजार ५ सय ९९ र दलित महिला सदस्यका निम्ति २३ हजार २ सय ८५ उम्मेदवारी परेको थिए।

निर्वाचन आयोगले उम्मेदवारी दर्ताका निम्ति २०७९ वैशाख ११ र १२ गते गरी दुई दिनको समय तोकेको थियो । पहिलो दिन स्वतन्त्र, साना दलले मात्र उम्मेदवारी दर्ता गराउन उत्साहित भएको पाइयो । ठूला दलहरू दोस्रो दिन त्यो पनि ढिलो गरी उम्मेदवारी दर्ताका लागि लाइन बसेको हुँदा मध्यरातसम्म दर्ता गर्नुपरेको अवस्था देखा पर्‍यो । झापामा दोस्रो दिन अर्थात वैशाख १२ गते राति २:३० बजेसम्म उम्मेदवारी दर्ताको क्रम चलिरहेको थियो भने धनुषा, बाँके लगायतका जिल्लामा राति ११ बजेसम्म उम्मेदवारी दर्ता गर्नुपरेको थियो । दुई वा दुईभन्दा बढी दलले संयुक्त उम्मेदवारी दर्ता गर्न लागेपछि ढिलाइ हुन पुगेको पर्यवेक्षणले देखाएको छ । कतिपय ठाउँमा उम्मेदवारी दर्ताका दिन बाजा–गाजासहित उत्साही माहौलमा मतदान केन्द्रमा पुगेका थिए । उम्मेदवारी मनोनयन दर्ताको अन्तिम समयमा बढी चाप परेकाले कतिपय ठाउँमा भोलिपल्ट मात्रै नाम सार्वजनिक गर्नुपरेको देखियो ।

राजनीतिक दलहरू उम्मेदवारी दर्ताका दिन अधिकांश स्थानहरुमा आफ्नो शक्ति प्रदर्शन गर्ने नाउँमा आचार–संहिताविपरीत प्रस्तुत भएको देखियो । उक्त दिन सवारी साधनमा झण्डा, ब्यानरहरु समेत प्रयोग गरेको पाइयो । नुवाकोटमा राजनीतिक दलले चुनाव चिन्हसहितका टोपी, टी–सर्ट, प्रयोग गरेका थिए । रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा नेपाली कांग्रेसका उम्मेदवारले पाँच बालिकालाई पञ्चकन्याका रुपमा नाम दर्ता गर्न लिएर गएको पाइयो । गोर्खा जिल्लाको गोर्खा पालिकामा नेपाली कांग्रेसको आधिकारिक उम्मेदवार विश्वदेव श्रेष्ठलाई आफ्नै कार्यकर्ताको कुटपिटका कारण सामान्य चोटपटक लागेको थियो । उक्त घटनासँगै उनको आधिकारिक उम्मेदवारी खोस्दै राजन पन्तको नाम दर्ता भएको थियो । उम्मेदवारी दर्ताका दिन सिन्धुपाल्चोकमा नेकपा माओवादी (केन्द्र) का आधिकारिक र विद्रोही उम्मेदवारका समर्थकबीच आपसी झडप हुँदा माओवादीको कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तोडफोड भएको, सिन्धुपाल्चोककै बलेफीमा माओवादी केन्द्र र नेपाली कांग्रेसका कार्यकर्ताबीच सामान्य झडप भएको थियो ।

छिटपुटबाहेक उम्मेदवारी दर्ताका दिन अन्तरदलीय झैँ–झगडा र झडप कतै देखिएन, जुन यस पटकको स्थानीय तह निर्वाचनको सकारात्मक पक्षको रुपमा रहेको देखिन्छ । उम्मेदवारी दर्तापछि निर्वाचन आयोग कार्यालयबाट मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा कर्मचारीहरू नियुक्त गरी जिम्मेवारी हस्तान्तरण भइसकेको थियो । निर्वाचन आयोगद्वारा मतदान अधिकृत, सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिइ सम्बन्धित मतदान केन्द्रमा गइसकेका थिए । उम्मेदवारी दर्ताका बेला कतिपय ठाउँमा कर्मचारीहरूबीच प्रक्रियागत अलमल हुने गरेको कारण उम्मेदवार तथा मतदाताबीच अन्यौल भएको गुनासो राजनीतिक दलहरूबाट प्राप्त भएका छन् । उम्मेदवारी दर्ताको समयमा निर्वाचन कार्यालयको व्यवस्थापन ज्यादै कमजोर भएकै कारण उम्मेदवारहरूले रातभरि दुःख झेल्नु परेको गुनासा समेत पर्यवेक्षण टोलीले प्राप्त गरेको छ । उम्मेदवारी दर्ता प्रक्रियाको समयमा उम्मेद्वारहरु जुलुससहित निर्वाचन कार्यालयमा आएपछि कतिपय स्थानहरुमा कर्मचारीहरू आत्तिनुपर्ने र भद्रगोल स्थिति पैदा भएको समेत पर्यवेक्षणबाट देखिएको थियो ।


## ५.३.२. निर्वाचन आचार संहिताको पालना




उम्मेदवारी दर्ताका दिन राजनीतिक दलका गतिविधिहरु भड्किला देखिए पनि प्रचार–प्रसारका क्रममा सुनसरीको इनरुवा, धनुषाको जनकपुर, कैलालीका विभिन्न ठाउँहरुमा बाहेक अन्यत्र उनीहरुले मूलभूत रुपमा निर्वाचन आचार–संहिता पालना गरेको पाइएको छ। राजनीतिक दलहरूले केही ठाउँहरुमा आचार–संहिता उल्लंघन गरेपनि लिखित उजुर नपरेका कारण निर्वाचन आयोग त्यसमा प्रवेश नगरेको देखिन्छ। कतिपय स्थानहरुमा भने मिडियामा आएपछि आयोगले स्पष्टीकरण सोधेको समेत देखिन्छ। निर्वाचन आयोगका अनुगमन टोलीले केही ठाउँहरूमा आचार–संहिताविपरीतका प्रचार सामग्रीहरू हटाएको पाइएको थियो। आयोगले पहिला सम्बन्धित राजनीतिक दलहरूलाई प्रचार सामग्री हटाउन निर्देशन दिने गरेको र तिनले अटेर गरेमा प्रहरी–प्रशासन लगाउँदै आफै हटाएको पाइएको छ । उम्मेदवार मनोनयनपछि मतदाताका घर–दैलो अभियानमा व्यस्त रहेको, मतदाता आकर्षित गर्न चर्को आवाजमा माइक बजाउने, होहल्ला गर्ने, चर्को आवाजमा सवारीको हर्न प्रयोग गर्ने, जथाभावी झन्डा प्रयोग भएको, उनीहरू घर–दैलोमा जाँदा माइक प्रयोग पार्टीका

गीत बजाउँदा ध्वनि प्रदुषणु बढाएको, त्यसरी लाउड स्पीकर प्रयोग गरेको गुनासापछि राजनीतिक दलहरूबीच समझदारी गर्दै बिस्तारै नियन्त्रण गर्ने प्रयास गरेको पाइयो । पोखरामा ठूला माइकको १५ वटा सोली जफत गरेको पाइयो ।

## निर्वाचन आचारसंहितामा सहकार्य




निर्वाचन पर्यवेक्षणको क्रममा मतदाताहरूबाट प्रश्नावलीको माध्यमबाट उनिहरूको विचार संकलन गरिएको थियो । जम्मा २,८८७ मतदाताहरूबाट प्राप्त विचार देहायको तालिकामा प्रस्तुत गरिएको छ।

### राजनीतिक दल र उम्मेदवारबाट आचार संहिता पालना

| राजनीतिक दल र उम्मेदवारले आचार संहिता पालना कत्तिको गरे ? | संख्या | प्रतिशत |
|---|---|---|
| १. पूर्ण पालना | १,१०१ | ३८.१ |
| २. आंशिक मात्र | १,२२० | ४२.३ |
| ३. थाहा छैन | ५०३ | १७.४ |
| ४. पालना गरेन | ६३ | २.२ |
| जम्मा | २,८८७ | १००.० |

पूर्ण पालना गरे भन्ने उत्तरदाताहरूमध्ये सबैभन्दा बढी ५२.० प्रतिशत कर्णाली प्रदेशको रह्यो भने सबैभन्दा कम ३६.३ प्रतिशत बागमति प्रदेशको रहेको देखियो ।

जियोकले अनुगमन गरेका क्षेत्रहरुमा छिटपुट अवस्थामा बाहेक आचार–संहिताको पालना सन्तोषजनक रुपमा भएको पाइयो । केही ठाउँहरूमा आयोगले तोकेको आकार भन्दा ठूला आकारका झण्डाहरू प्रयोग गरेको देखियो । निर्वाचनको र्‍यालीमा आउनेलाई खाना खुवाउने तथा यातायातका साधानमा तेल हालीदिने प्रवृत्ति देखियो । घरदैलो कार्यक्रममा धेरै भीड गरेर जाँदा मतदाताहरूलाई समस्या परेको, मतदाताबाट ५/६ जनासम्म मात्र आए राम्रो भन्ने सुझाव प्राप्त भएका, लिखित रुपमा उजुरी नआएता पनि छिटपुट रुपमा आएको मौखिक उजुरीलाई निर्वाचन अधिकृतहरुले तुरुन्तै सच्याउन लगाएको समेत पाइएको छ । तलको बार डायग्रामको हेर्दा अवस्था यस्तो देखिन्छ।

निर्वाचनमा क्रियाशील दलहरूले आचार–संहिता जारी गर्दा निर्वाचन आयोगले तय गरेको खर्चको सीमाभित्र रहेर चुनाव धान्न अप्ठ्यारो परेको गुनासाहरु प्राप्त भएको, केही ठाउँका आमसभाहरुमा सवारी साधनको प्रयोग भने अत्याधिक भएको, मधेस प्रदेशको जनकपुर लगायतका क्षेत्रमा आचार–संहिताविपरीत राति पम्पलेट टाँस्ने र दिउँसो प्रशासनले उप्काउने क्रम नियमितरुपमा भएको, धनुषाका कतिपय ठाउँहरुमा बालबालिकाको प्रयोग गरी पम्पलेट टाँसिरहेको फेला परेको, चुनाव प्रचार–प्रसारमा सरकारी गाडीको दुरुपयोग भएको जस्ता गुनासाहरु प्राप्त भए पनि लिखित उजुरीहरु भने निकै कम परेको देखिन्छ।

२०७९ वैशाख १० मा कैलारी गाउँपालिका–७ मा आगलागी भई ६५ घर प्रभावित भएकोमा ३० घर जलेर नष्ट भएका थिए। उक्त विपद्मा मानवीय क्षति नभए पनि धनमाल र पशुपंक्षी भने नष्ट भएको पाइएको थियो। सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री विनिता चौधरी सहितको प्रदेशको टोली घटनास्थलमा पुगेर पीडित परिवारलाई तत्काल त्रिपाल लगायतका अत्यावश्यक सामग्री उपलब्ध गराउन सरकारी नियम अनुसार प्रतिपीडित परिवार रु. २० हजार उपलब्ध गराएको पाइयो। अग्नि पीडितलाई घर बनाइदिने प्रतिबद्धता गरेको विषय आचार–संहिताविपरीत भएको उजुरी परेपछि मुख्यमन्त्रीलाई आयोगले स्पष्टीकरण सोधेको देखिन्छ। त्यसका साथै प्रदेश सरकारले आगलागीमा घर जलेर नष्ट भएका पीडितका लागि प्रतिपरिवार रु ५० हजार र काठ निःशुल्क उपलब्ध गराउने तयारी गरेको र मुख्य मन्त्रीले त्यसको जानकारी पनि पीडितलाई गराएको देखिन्छ। आकस्मिक विपद् र मानवीय संकट जुनसुकै बेला अपवाद भएकाले चुनाव आचार–संहिता त्यसमा आकर्षित हुन नसक्ने माओवादी केन्द्रको प्रदेश कमिटिले दाबी गरेको छ भने अन्य कतिपय दलहरुले विरोध गरेको समेत पाईएको छ। आचार–संहिताविपरीत क्रियाकलाप गर्ने बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानलाई निर्वाचन आयोगले २४ घन्टे स्पष्टीकरण सोधेको, मतदाताका पाउमा पैसा राख्ने सिन्धुपाल्चोक मेलम्चीका वडाध्यक्षका उम्मेदवारलाई आयोगले स्पष्टीकरण सोधेको र आचार–संहिताविपरीत प्रस्तुत हुने अन्य व्यक्तिलाई स्पष्टीकरण सोधेको घटना नियमितरुपमा पर्यवेक्षणबाट प्राप्त भएका थिए।

निर्वाचन पर्यवेक्षणबाट फेला परेका अन्य तथ्यहरु मध्ये मौन अवधिको समयमा मतदातालाई प्रभाव पार्नसक्छ भनी इलाम जिल्लाको सन्दकपुर गापामा नेकपा (एमाले) को तर्फबाट अध्यक्ष पदका उम्मेदवार उदय बहादुर राईलाई सन्दकपुर गापा वडा नं ५ जमुनामा प्रतिपक्षहरूले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएको, सोही जिल्लाको देउमाई नपाको मतगणना कार्यमा संलग्न एकजना कर्मचारीको गोजिमा स्वस्तिक छाप भेटिएपछि केही समय तनावको अवस्था आएको र प्रहरीले चार राउण्ड हवाई फायर समेत गरेको र सर्वदलीय बैठकबाट आपसी समझदारी पछि मतगणना सुचारु भएको फेला परेको छ। साथै, धनकुटा जिल्लामा प्राध्यापक, शिक्षकहरू, गैर सरकारी संस्था र खेलकुद क्षेत्रमा कामगर्ने कर्मचारीहरू दलको प्रचार–प्रसारमा कतै खुलेर कतै लुकेर हिडेको पाइयो। धनकुटा साँगुरीगढी गापा वडा नं १ का वडा अध्यक्ष उम्मेदवार गोविन्द लिम्बुको घरमा १२ बण्डल जस्तापाता, ४५ सय पाइप, तारजाली लगायत सामग्री प्रहरीले बरामद गरेको फेला परेको छ। महालक्ष्मी गापा वडा नं ४ मा मतदातालाई बाँड्न लागेको सूचना पाएपछि डस्ना बरामद गरी वडा कार्यालयलाई जिम्मा दिएकोसमेत फेला परेको छ।

## ५.३.४. निर्वाचन अभियान र सुरक्षा स्थिति



निर्वाचन अभियान अर्थात निर्वाचन अगाडी, निर्वाचनको अवधिभर र निर्वाचन पश्चातको सुरक्षास्थितिलाई हेर्दा निर्वाचनपूर्व राजनीतिक दल र उम्मेदवार मैत्रीपूर्ण तथा स्वच्छ प्रतिस्पर्धारत भएका कारण भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन सक्ने देखिएको थियो। मतदाताहरू उत्साहित थिए भने दल र प्रतिस्पर्धीबीच छिटपुटबाहेक कुनै प्रकारको अन्तरसंघर्ष वा हिंसाका घटना देखिएका थिएनन्। सुर्खेतमा पार्किङ गरिरहेको अवस्थामा एउटा गाडीमा आगजनी गरिएको तर कसले, किन गऱ्यो भन्ने नखुलेको, सुर्खेतमै एकाध ठाउँमा (निर्वाचन बहिष्कार गरौं) भन्ने पम्पलेट टाँसिएको, त्यसरी पम्पलेट टाँस्ने समूह भने

अज्ञात रहेको जस्ता केही घटनाहरुबाहेक सुरक्षा व्यवस्था विश्वसनीय र भरपर्दो भएको पाइएको थियो। सेना लगायत सशस्त्र प्रहरी परिचालित भइसकेको, सेनासँग राम्रो समन्वय र सहकार्य हुँदा कतै पनि सुरक्षा समस्या भएको देखिँएको थिएन। सुरक्षाका हिसाबले अति संवेदनशील, संवेदनशील र साधारण गरी तीन भागमा मतदान केन्द्रहरुको वर्गीकरण गरेको पाइयो। अति संवेदनशील केन्द्रमा थप सुरक्षा व्यवस्था गरेको र जुनसुकै मतदान केन्द्रमा पनि ३० मिनेटभित्र पुग्न सकिने गरी सेनाको आधार इलाका व्यवस्था गरिएको पर्यवेक्षणबाट पाइएको छ। सीमावर्ती क्षेत्रमा संयुक्त सीमा सुरक्षा बैठक गरी चुनावभन्दा ४८ घन्टाअघिदेखि सीमा शील गर्ने निर्णय भएका थिए। एम्बुलेन्स, इन्धन बोक्ने सवारीलाई भने अनुमति दिएर सुचारु गर्ने निर्णय भएको जानकारीहरु प्राप्त भएका छन्।

पर्यवेक्षकहबाट मतदान केन्द्रको अवलोकन गर्दा जम्मा ३१९ पर्यवेक्षकहरुमध्ये ३०३ अथवा ९५ प्रतिशतले मतदान केन्द्रको सुरक्षा व्यवस्था राम्रो पाए। समग्रमा मतदाता तथा उम्मेदवारहरुले आफ्नो पूर्ण सुरक्षा महसुस गरेको देखिन्छ। निर्वाचनको दिनमा भने सुरक्षा व्यवस्था फितलो भएको, केही मतदान स्थलहरुमा झडपहरु भएको, सुरक्षाकै कारण १७ जिल्लाका ८५ मतदान केन्द्रहरुमा मतदान स्थगित गर्नु परेको, केही स्थानहरुमा सुरक्षा निकायद्वारा अधिक बल प्रयोग भएको, राजनीतिक दल र निर्वाचन अधिकृतहरु वीच प्रभावकारी समन्वय हुन नसकेको लगायतका चुनौतीहरु देखा परे। मतगणनाको समयमा मतगणनास्थलको सुरक्षा भने राम्रो देखिएकोले सुरक्षाको दृष्टिले सन्तोषजनक रहेको पाइयो।

## ५.३.५. राजनीतिक हिंसा



यो निर्वाचन स्थानीय तहको भएको हुँदा उम्मेदवार र मतदातासमेत स्थानीय नै हुने भएकाले पनि निर्वाचन केही अपवादबाहेक हिंसारहित सम्पन्न भयो। यस पल्टको निर्वाचनमा दलहरूबीच तालमेलका कारण केही स्थानमा दलका स्थानीय कार्यकर्ताहरूमा असन्तुष्टी रहेकोले पनि स्थानीय तहमा राजनीतिक हिंसाका केही घटना घटेको भने पाइयो। धनकुटा सहिदभूमि गापा वडा नं ६ को ठाकुरदेवी माविमा रहेको मतदान केन्द्रमा ईच्छाइएको व्यक्तिबाट ५, ६ वटा मत एकै व्यक्तिले खसालेपछि शुरु भएको विवाद बढेर निर्वाचन कार्य रद्द भएको, महालक्ष्मी नपा वडा नं २ मा गठबन्धनले कोणसभा गरिरहेको ठाउँमा एमालेका कार्यकर्ताहरुले गठबन्धनको कार्यक्रम छेक्ने गरी मोटरसाइकल र्‍याली गरी सभा बिथोल्न खोजेको भनी उठेको विवाद छलफल पछि विवाद सामान्य भयो। अन्य घटनाहरुमा धनुषा जिल्ला मुखियापट्टी मुसहरनियामा मतपेटिका सिलबन्दी फितलो भयो भनी भएको विवादमा प्रहरीद्वारा हवाइ फायर गरिएको, सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्पाल गापामा एमाले कार्यकर्ताले माओवादी उम्मेदवारमाथि आक्रमण गर्दा सामान्य घाइते भएको, चौतारा साँगाचोकगढी नपामा उम्मेदवार छनौट प्रक्रियामाथि असन्तुष्टी जनाउदै माओवादी जिल्ला कार्यालय तथा मुख्य निर्वाचन कार्यालयमा तोडफोड र नेताहरूमाथि हमला समेत भएको, धादिङ्को त्रिपुरासुन्दरी गापा वडा नं १, रानीपौवा मावि मतदान केन्द्रमा पर्यवेक्षक तोला कुमारी पाठकलाई दलका प्रतिनिधिले दुर्व्यवहार गरी मतदान केन्द्रभित्र बस्न नदिएको जस्ता घटनाहरु पर्यवेक्षणबाट फेला परेका छन्।

## ५.३.६. मतदान

यस पटकको निर्वाचनमा महिला ८७,४१,५३०, पुरुष ८९,९२,०१० र अन्य १८३ गरी जम्मा १,७७,३३,७२३ मतदाता रहेको छ। तीस वर्षपछि पहिलोपल्ट एकै चरणमा ६ महानगर, ११ उपमहानगर, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानीय तहमा निर्वाचन सम्पन्न भएको छ। यसकालागि जम्मा १ लाख ९ हजार ८८ कर्मचारी र ६५ हजार ८ सय ६५ स्वयंसेवक परिचालन गरिएको थियो। निर्वाचन संचालनकालागि १०,७५६ मतदानस्थल र २१,९५५ मतदान केन्द्रको व्यवस्था गरिएको थियो। निर्वाचनमा ६५

राजनीतिक दल चुनावी प्रतिस्पर्धामा रहेका थिए। कुल निर्वाचित हुने ३५,२२१ जनप्रतिनिधिहरु मध्ये ३९० निर्विरोध निर्वाचित भएका थिए भने बाँकि जनप्रतिनिधिको लागि निर्वाचन गरिएको थियो।

निर्वाचन आयोगका अनुसार यस वर्ष भएको निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाता रहेकामा १ करोड २१ लाख ८२ हजार ४ सय ४९ जना अर्थात ६८.७ प्रतिशतले मतदान गरेका थिए। मतदान तुलनात्मकरुपमा शान्तिपूर्ण भए पनि केही स्थानहरुमा झडप लगायतका घटनाहरु भएको पर्यवेक्षणबाट फेला परेको छ । काभ्रेको चौरीदेउराली गापा वडा नं ६ प्रभा माविमा गठबन्धन र एमाले कार्यकर्ताबीच मतदान केन्द्रभित्र झडप भएको कारण दुइवटा खाली मतपेटिका फुटेको, पाँच घण्टा पछि शुरु भएको मतदान राति ११ बजेमात्र सकिएको, पाँचखाल नपा श्रीराम मावि मतदान केन्द्रमा मतपत्रको विषयलाइ लिएर झडप भएको, तेमाल गापा वडा नं ७ भुमेस्थान मावि मतदान केन्द्रमा गठबन्धनका कार्यकर्ताबीच झडप भई प्रहरीले घटना नियन्त्रणमा लिन हवाई फायर गरेको, भुम्लुका केही स्थानमा फर्जि मत खसेको भन्दै मतपेटिका सिल गर्ने समयमा विवाद भएको र दलहरूले आपसी सहमतिमै विवाद मिलाएको, नुवाकोटको मतदानमा कुनै शारिरीक वा मानसिक समस्या नभएका महिलाहरूको मत परिवारका अन्य सदस्यले दिएको, आफुले छानेको उम्मेदवारलाई निर्धक्क मतदान गर्न नपाएको, निर्वाचनको केन्द्रभित्रै संकेत मार्फत मत मागेको, यस्तो चिट मतदान केन्द्रभित्र पनि भेटिएको, धादिङ् बेनिघाट रोराङ्ग गापा वडा नं ७ चरौंदीमा मतदान गर्न अशक्तताको नाउँमा जो जति पटक पनि जान पाउने र ४० वर्ष उमेर आसपासका मानिसको सहयोगका लागि भनी जाने गरेको फेला परेको जस्ता घटनाहरु घटेको देखिन्छ।


त्यसैगरी सुनसरीको एउटा मतदानस्थलमा मतदाताले चर्को घाममा बसी मतदान गर्नु परेको, छाता र पानीको प्रयोग गर्नबाट रोक लगाएकोले असहज परिस्थिति महसुस गरी मतदाताले मतदान नै नगरी फर्कि गएको, भक्तपुरको गापा भवन, भौखेल, नाटेश्वरी आधार भूत विद्यालय, वडा कार्यालय बालकुमारी वडा नं ४, सिपाडोल गापा आदि कार्यालयका मतदान केन्द्र अपायक भएका कारणले अपाङ्ग भएका व्यक्तिहरूले आफ्नो अधिकार प्रयोग गर्न नपाएको, काष्टमाण्डौ मावि मण्डिकाटारमा स्वस्तिक छाप ठप्प ठप्प रोकिने गरेको र पूरा मसी नलाग्ने मतदाताको गुनासो प्राप्त भएको, मकवानपुरका धेरै स्थानमा परिचयपत्र साथमा भएर पनि मतदाता नामावलीमा नाम नभएको कारणले मतदानबाट वञ्चित गरिएको, बागमती गापा अन्तरगत फापरवारीको बुथमा मतदान गर्न आएका केही मतदातासंग सक्कल परिचयपत्र नभएको र प्रतिलिपिमात्र भएबाट मतदान गर्न नपाएको, गोरखाको ज्ञानमार्ग पातालदेवी मावि मतदान केन्द्रमा फर्जी मतदान गर्ने प्रयास गरेको विषयमा विवाद भई सुरक्षार्थ प्रहरीले हवाइ फायर गर्नु परेको, गण्डकी गापाको तीनवटा मतदान केन्द्र विगतदेखिनै माओवादी केन्द्रले कब्जागर्ने गरेको, गोरखाकै एक मतदान केन्द्र जोगाउन हवाइ फायर गर्न लाग्दा भुलवस गोली मतदान केन्द्रकै कर्मचारीलाइ लागेको जिल्ला प्रहरी प्रमुख केदार खनालमार्फत जानकारी प्राप्त भएको, कास्कीका कतिपय ठाउँहरुमा पर्यवेक्षकलाई मतदान केन्द्रभित्रनै पस्न नदिइएको, कलमसमेत डष्ट बीनमा फालिदिदा फाराम भर्न समस्या भएको, जुम्ला सिंजा गापा वडा नं १ को मालिका मावि धाँपामा स्वतन्त्र उम्मेदवार र नेमकिपाका उम्मेदवारबीच वारिसे मतदानको कारण झडप भएकोमा पाँच जना गम्भिर घाइते भएको, झडपका कारण ३० मिनेट मतदान रोकिएको, गोठीचौर गापा वडा नं ५ को शंकर मावि गर्जेडकोटमा समाजवादी र नेपाली काँग्रेसबीच झडप हुँदा मतदान स्थगित भएको र समग्रमा १७ जिल्लाका ८५ मतदान केन्द्रमा निर्वाचन स्थगित भएको पर्यवेक्षणबाट फेला परेको छ।

माथि उल्लिखित घटनाबाहेक पर्यवेक्षण गरिएका मतदान केन्द्रहरुमा अन्य घटनाहरु फेला परेनन् । उक्त घटनाहरु बाहेक मतदान शान्तिपूर्णरुपमा सम्पन्न भएको पर्यवेक्षणबाट देखिएको छ।

## ५.३.७. मतदाताका दृष्टिमा मतदान

संघीय शासन व्यवस्था अन्तर्गत यसपटक भएको स्थानीय तहको निर्वाचन दोस्रो हो। आवधिक निर्वाचनले जनताका आकांक्षा र चाहना प्रतिविम्बित गर्नुका साथै शासन व्यवस्थालाई भविष्यमा अझ बढी जनतामुखी बनाइराख्न सहयोग गर्दछ। यो निर्वाचनमा मतदातालाई प्रश्नावलीको माध्यमबाट जनताका अपेक्षा, चाहना र पाँच वर्ष पहिले आफैंले मत दिई निर्वाचित भएका जन प्रतिनिधिहरुको कार्य सम्पादन कस्तो रह्यो, यो वर्ष कुन दल वा प्रतिनिधिलाई मत दिनु भयो, यस पटक अघिल्लो पटक दिएको दललाई नै वा फरक दलको उम्मेदवारलाई मत दिनु भयो भन्नेजस्ता प्रश्न सोधिएका थिए। जियोकले पर्यवेक्षण गरेका तीनवटै भौगोलिक क्षेत्र हिमाल,

पहाड र तराइका मतदान केन्द्रहरुका जम्मा २,८८७ मतदाताका विचार यसमा समावेश छ । यसका साथै २०७४ मा निर्वाचित सरकारको समीक्षाबारे केही प्रश्नहरु सान्दर्भिक भएकाले प्रश्नावलीमा समावेश गरिएका थिए ।



यस पटकको स्थानीय तहको निर्वाचनमा दलहरुले तपाईलाई मत दिन कसरी प्रेरित गरे भन्ने प्रश्नमा एक भन्दा बढी उत्तर दिन सकिने भएकोले २,८८७ उत्तरदातामध्ये सबैभन्दा बढी १,४१४ अथवा ४९ प्रतिशत मतदाताले स्थानीयतहको काम, कर्तव्यप्रति जिम्मेवारी र विश्वास दिलाउने, सक्षम र सरल नेतृत्व लिनसक्ने उम्मेदवारको पक्षमा मत व्यक्त गरेको भन्ने प्रतिकृया पाइयो । यही प्रश्नको अर्को उत्तरमा दक्ष उम्मेदवारी दिएर भन्नेहरुको संख्या १,२१५ र प्रतिशतमा ४३.४ रह्यो । तेस्रोमा समावेशी उम्मेदवार दिएर भन्नेमा २४.१ प्रतिशत मतदाता रहेभने चौथोमा आशाहरु बाँडेर जागीर पाउने आशमा र वृध्दलाई सहयोगजस्ता बाचा बाँड्नेमा २१.१ प्रतिशत मतदाता रहे । यसबाट संघीय संसदको निर्वाचनभन्दा यो निर्वाचनमा स्थानीय समस्या र विकासलाई मतदाताले बढी महत्व दिएको स्पष्ट हुन्छ ।

अघिल्लो पटकको स्थानीय तहका जनप्रतिनिधिले गरेको कामकारवाहीलाई हेर्दा तपाईले दिएको मतको मूल्यांकन कसरी गर्नु हुन्छ भन्ने अर्को प्रश्नमा ५५.२ प्रतिशत मतदाताले पहिले दिएको मत सदुपयोग भएको बताए । यही प्रश्नको उत्तरमा दिएको मत खेर गएको भन्नेमा २५.० प्रतिशत मतदाता देखिए ।

अर्को प्रश्न अथवा यस पटकको स्थानीय तहको निर्वाचनमा मत दिदा अघिल्लो पटक मत दिएकै दलको उम्मेदवारलाई दिनु भयो कि अन्य फरक दलको उम्मेदवारलाई दिनु भयो भन्ने प्रश्नमा पहिले कै दलको उम्मेदवारलाई भन्नेमा ५०.५ प्रतिशत र फरक दलको उम्मेदवारलाई भन्नेमा ४७.५ प्रतिशत रहेको देखियो । यसबाट सुसूचित र सचेत नागरिकले नयाँ आश गर्नसकिने र पुरानामध्ये पनि राम्रा काम गर्नेलाई बढी महत्व दिएको देखियो । मतदातामा परिवर्तन र नयाँको पक्षले पनि निकै महत्व राखेको स्पष्ट हुन्छ ।

## मतदाताका चाहना र प्राथमिकता

| प्रश्न | उत्तर | संख्या २०७९ (सरदर प्रतिशत) |
|---|---|---|
| दलहरुले तपाईलाई मत दिन कसरी प्रेरित गरे | स्थानीयतहको काम, कर्तव्यप्रति जिम्मेवारी र विश्वास दिलाउने उम्मेदवारको पक्षमा | ४९ प्रतिशत |
| अघिल्लो पटकको स्थानीय तहका जनप्रतिनिधिले गरेको कामकारवाहीलाई हेर्दा तपाईले दिएको मतको मूल्यांकन | पहिले दिएको मत सदुपयोग भएको | ५५.२ प्रतिशत |
| यस पटकको स्थानीय तहको निर्वाचनमा मत दिदा अघिल्लो पटक मत दिएकै दलको उम्मेदवारलाई दिनु भयो कि अन्य फरक दलको उम्मेदवारलाई | पहिले कै दलको उम्मेदवार भन्नेमा | ५०.५ प्रतिशत |
| | फरक दलको उम्मेदवार भन्नेमा | ४७.५ प्रतिशत |

यस पटकको स्थानीय तहको निर्वाचनमा भाग लिन केबाट प्रेरित हुनुभयो भन्ने प्रश्नमा आफैं भन्नेहरु ५४.५ प्रतिशत रहेबाट २०७४ को तुलनामा मतदातामा आफ्नो नागरिक अधिकारप्रति जागरुकता बढेको देखिन्छ । यो प्रतिशत २०७४ मा केही कम अथवा ४८.९ रहेको थियो । पाँच वर्ष पहिले भएको निर्वाचनमा गरिएको एक अर्को प्रश्नमा सरकार गठन भएपछि जनताका कामहरु सहज रुपमा हुने, नीति

निर्माणमा जनप्रतिनिधिको सहभागिता हुने, सुशासन कायम हुने अपेक्षा आदिबारे प्रश्नहरु सोधिएका थिए। यसका साथै गएको पाँच वर्षको कार्यको मूल्यांकन कसरी गर्नुहुन्छ भनी सोधिएको प्रश्नका विषयमा मतदाताका उत्तर देहायको तालिकामा प्रस्तुत गरिएको छ।

निर्वाचित स्थानीय सरकारको पाँच वर्षे कार्यकालको समीक्षा

| प्रश्न | उत्तर | संख्या २०७९ (सरदर प्रतिशत) | सरदर प्रतिशत भन्दा माथिका प्रदेशहरु |
|---|---|---|---|
| निर्वाचित स्थानीय सरकारको पाँच वर्षे कार्यकालको कसरी समीक्षा गर्नु हुन्छ ? (एकभन्दा बढी उत्तर) | १. जनताले सेवा सहज रुपमा पाए। | १,२२४ (४२.४) | लुम्बिनी, कर्णाली र सुदूर पश्चिम |
| | २. नीति निर्माण र निर्णय प्रक्रियामा महिला र दलितको सहभागितामा आशा गरे जस्तो सुधार हुन सकेन। | १,०८६ (३७.६) | गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम |
| | ३. स्थानीय सरकार दलहरुको गुटगत स्वार्थ र गलत गतिविधिबाट प्रभावित छ। | ९९० (३४.३) | प्रदेश १, मधेश, र कर्णाली |
| | ४. स्थानीय निर्वाचन र स्थानीय सरकारलाई दलीयकरण गर्नु आवश्यक छैन। | ७२६ (२५.१) | प्रदेश १, मधेश, वागमती, गण्डकी र सुदूर पश्चिम |
| जम्मा | | २,८८७ (१००.०) | |

माथि उल्लेख भए अनुसार स्थानीय निर्वाचन र स्थानीय सरकारलाई दलीयकरण गर्नु आवश्यक छैन भनी २५.१ प्रतिशत अर्थात ७२६ मतदाताले व्यक्त गरेको विचारले स्थानीय तहको निर्वाचनको हालको परिपाटीमा छलफल आवश्यक भएको संकेत गरेको पाइयो। यस विषयमा सात प्रदेशहरुमध्ये प्रदेश नं १, मधेश, बागमति, गण्डकी र सुदूर पश्चिम पाँच प्रदेशका मतदाताका विचार सरदरभन्दा बढी रह्यो।

त्यसैगरी निर्वाचनको निष्पक्षताका सम्बन्धमा सोधिएको अर्को प्रश्नमा ८३.९ प्रतिशत उत्तरदाताको भनाई निष्पक्ष भयो भन्नेमा रहेको देखियो। निष्पक्ष भएन भन्ने ७६.४ प्रतिशत मतदाताले आर्थिक चलखेलको कारण औंल्याए। यसैसम्बन्धी थप प्रश्न राजनीतिक दल र उम्मेदवारले आचार संहिता कत्तिको पालना गरे भन्ने प्रश्नमा पूर्ण पालना भयो भन्नेहरुको प्रतिशत ३८.१ रह्यो भने आंशिक भन्नेहरुको प्रतिशत ४२.३ रहेको देखियो।

## ५.३.८. राजनीतिक कार्यकर्ताका दृष्टिमा मतदान

यस निर्वाचनमा राजनीतिक कार्यकर्ताहरुलाई जम्मा सातवटा प्रश्नहरु सोधिएका थिए। जम्मा २,९०० मतदाताहरुले दिएका उत्तरहरुको समीक्षा यहाँ प्रस्तुत गरिएको छ। प्रश्नहरुको निर्माणमा स्थानीय समस्या र विकासको पक्षलाई केन्द्रमा राखिएको छ। प्रश्नावलीमा दलहरुले मतदाताहरुलाई मतदान गर्न कसरी प्रेरित गरे, गठबन्धनको विषयमा कार्यकर्ताहरुको विचार र मतदाताहरुलाई अन्य दलका उम्मेदवारलाई मत दिनुपर्ने अवस्थाबारे चर्चा गरिएको छ।

राजनीतिक दलका कार्यकर्ताबाट मतदानसम्बन्धी संकलन गरिएका तथ्यांक

| प्रश्नहरू | उत्तर | संख्या २०७९ (सरदर प्रतिशत) |
|---|---|---|
| तपाईको विचारमा यो निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित भएको छ ? | छ। | २,४३९ (८४.१) |
| | छैन। | ४६१ (१५.९) |
| | छैन भन्ने ४६१ मध्ये (बहु उत्तर) | २५२ (५४.७) |
| | प्रचार–प्रसारमा आचार संहिता पालनाको अभाव | २२७ (४९.२) |
| | सीमाभन्दा बढी रकम खर्च गरेको | १८५ (४०.१) |
| | उम्मेदवारहरुको बीचमा अस्वस्थ प्रतिस्पर्धा | ७३ (१५.८) |
| | मतदाताको असुरक्षा सुरक्षा व्यवस्थामा निष्पक्षताको अभाव | ५७ (१२.४) |

माथिको अध्ययनबाट राजनीतिक कार्यकर्ताहरुलाई सम्पन्न निर्वाचनको निष्पक्षताका बारेमा राखिएको प्रश्नमा निष्पक्ष भयो भन्नेहरुको प्रतिशत ८४.१ रह्यो। मतदाताहरुलाई पनि यही प्रश्न गरिएकोमा ८३.९ प्रतिशतले भयो भन्नेमा विचार व्यक्त भएको पाइयो। भएन भन्नेहरुलाई सोधिएको थप प्रश्नमा आर्थिक चलखेलको कारण बताए। यही प्रश्न राजनीतिक कार्यकर्ताहरुलाई गरिएकोमा प्रचार–प्रसारमा आचार संहिता पालनाको अभावलाई औंल्याए। यसको प्रतिशत ५४.७ रहेको देखियो भने सीमाभन्दा बढी खर्च गरेकोमा ४९.२, अस्वस्थ प्रतिस्पर्धामा ४०.१, मतदाताको असुरक्षामा १५.८ र सुरक्षा व्यवस्थामा निष्पक्षताको अभावमा १२.४ प्रतिशत देखियो।

### ५.३.९. पुनः मतदान


मतदान र मतगणनामा हिंसाका कारण जम्मा १७ जिल्लाका ८५ मतदान केन्द्रहरुमा पुनः मतदान गर्नु परेको थियो। कतिपय स्थानहरुमा मतदानका दिन राजनीतिक दलहरुवीचमा झडपहरु भएको, अन्य कतिपय स्थानहरुका मतपेटिकानै खोसिएको, फर्जिमत हाल्ने क्रममा विवादहरु भएको र अन्य कतिपय स्थानहरुमा बढीमत खसेका कारण पुनः मतदान गर्नुपर्ने अवस्था आईपरेको देखिन्छ। बाजुराको बुढीगंगा नगरपालिकामा विवादको कारण मतदान रद्द भएकोमा सो पालिकामा पुनः मतदान अद्यापि हुनसकेको छैन।

## ५.४. मत गणना र निर्वाचन परिणाम

जिल्लाका सबै मतदान केन्द्रबाट सिलबन्दी गरिएका मतपेटिकाहरू सम्बन्धित गाउँपालिका र नगरपालिकाका मत गणनास्थलमा ल्याएपछि सोही रातिदेखि मतगणनाको काम सुरु भएको थियो। मतगणनाको काम लगातार गर्ने व्यवस्था मिलाइएको थियो। जियोकले पर्यवेक्षण गरेका ३२ जिल्लामध्ये एक दुइबाहेक सबै जिल्लाहरूमा मतगणनास्थलको व्यवस्था उपयुक्त हुनाकासाथै मतगणनापूर्व गरिने प्रक्रिया प्रारम्भ गरिएको थियो। उदाहरणकालागि मतपेटिका कुन निर्वाचन केन्द्र र बुथको हो, सील नम्बर रुजु गर्ने, मतपेटिकाको भौतिक स्थितिबारे जानकारी दिने आदि व्यवस्था मिलाइएको थियो। पर्यवेक्षण गरेको जिल्लामध्ये झापा, धनकुटा र धनुषामा एक, एक गरी जम्मा तीन मतगणना उजुरीहरू परेका थिए। मतगणनाको काम भने पारदर्शी हुने व्यवस्था मिलाइएको थियो। मतगणनाको परिणाम भने कतिपय जिल्लामा समयमा आउन सकेन। मतगणना स्थलको सुरक्षा व्यवस्था सन्तोषजनक थियो।

बाजुरा जिल्लाको बुढीगंगा नगरपालिका बाहेक मत परिणाम आइसकेका ७५२ पालिकाहरुमध्ये नेपाली काँग्रेसले सबैभन्दा बढी ३२९ पालिकाको नेतृत्व पाएको छ। एमालेले २०५, माओवादी केन्द्रले १२१, जनता समाजवादी पार्टीले ३०, नेकपा एकीकृत समाजवादीले २०, लोकतान्त्रिक समाजवादीले १६ र अन्य पार्टी तथा स्वतन्त्रले ३१ पालिकामा प्रमुख पद जितेका छन्। प्रमुख तथा अध्यक्ष पदमा भएको विजयका आधारमा राजनीतिक दलको हिस्सा यस प्रकार देखिन्छः

## २०७९ को स्थानीय तहको निर्वाचनमा राजनीतिक दलले प्रमुख वा अध्यक्ष पदका लागि प्राप्त गरेको सिट संख्या र प्रतिशत





यो निर्वाचनमा स्वतन्त्र उम्मेदवारको विजयले दलहरुलाई उम्मेदवारको स्वीकार्यताबारे एउटा महत्वपूर्ण सन्देश दिन खोजेको देखिएको छ। पार्टीले उम्मेदवारी वितरण गर्दैमा कार्यकर्ता र मतदाताले अनुमोदन गर्दैन भन्ने सन्देश दिएको प्रतित हुन्छ। काठमाडौं महानगरपालिका, धरान र धनगढी उप–महानगरपालिका समेत जम्मा १२ पालिकामा नेतृत्व तहमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन्। विभिन्न पालिकाहरुमा पद अनुसार निर्वाचित उम्मेदवारहरुको संख्या जम्मा ३८४ रहेको छ। यो भन्दा पहिले २०७४ को निर्वाचनमा यो संख्या २३३ रहेको थियो।

यो निर्वाचनमा दलहरुले पाएको कूल मतबारे आयोगबाट अन्तिम आधिकारिक विवरण उपलब्ध नभए तापनि सामान्य जानकारी र रेफरेन्सका लागि प्रारम्भिक मत परिणाम अनुसार निर्वाचन भएको सातै पद (प्रमुख/अध्यक्ष, उप–प्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित सदस्य र दुइ खुला सदस्य) को हिसाव निकाल्दा एमालेले सबैभन्दा बढी मत पाएको छ। नेकपा (एमाले) ३४.१३, नेपाली काँग्रेस ३३.०१, नेकपा (माओवादी केन्द्र) १३.३६, नेकपा (एकीकृत समाजवादी) ३.९३, जसपा ५.१०, लोसपा २.१७, राप्रपा ३.५२ र अन्य ४.७५ प्रतिशत मत प्राप्त गरेको देखिन्छ। यो परिणामबाट अघिल्लो निर्वाचन २०७४ को तुलनामा २०७९ मा केही परिवर्तन भएको देखिन्छ। यो जानकारी निर्वाचन आयोगले उपलब्ध गराएको उदयपुरको त्रियुगा नगरपालिकाबाहेकको तथ्यांकलाई आधार मानिएको छ (स्रोतः कान्तिपुर, जेठ १७, २०७९)। जम्मा ७५२ पालिकामा सातै पदमा गरी ७ करोड ५८ लाख ९ हजार ७ सय ३२ मत सदर भएको थियो। जसमध्ये एमालेले २ करोड ५८ लाख ७३ हजार ९ सय १३ मत पाएको छ। यो कुल सदर मतको ३४.१३ प्रतिशत हो। यो निर्वाचनमा दोस्रो मत काँग्रेसले पाएको छ। काँग्रेसका सातै पदका उम्मेदवारले २ करोड ५० लाख २५ हजार ९ सय १९ मत पाएका छन्। यो कुल सदर मतको ३३.०१ प्रतिशत हो। माओवादीले सदरमध्ये १ करोड १ लाख ३२ हजार ३ सय १५ अर्थात १३.६५ प्रतिशत पाएको छ। पहिलोपटक मतदातामाझ गएको एकीकृत समाजवादीले ३.९३ प्रतिशत मत पाएको छ। उसका उम्मेदवारले सातै पदमा गरी २९ लाख ८४ हजार ६ सय ७९ मत ल्याएका छन्। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीले ३८ लाख ७२ हजार मत अर्थात ५.१० प्रतिशत पाएको छ। ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीले १६ लाख ४५ हजार मत (२.१७ प्रतिशत) पाएको छ। राप्रपाले २६ लाख ७३ मत (३.५२ प्रतिशत) पाएको छ। अन्य पार्टी र स्वतन्त्रले ४.७५ प्रतिशत मत पाएको छ।

प्रमुख राजनीतिक दलहरूले पाएका कूल मत र प्रतिशत

| क्र.सं. | दलहरूको नाम | पाएको मत संख्या २०७९ निर्वाचन | प्रतिशत २०७९ | प्रतिशत २०७४ निर्वाचन |
|---|---|---|---|---|
| १. | नेकपा (एमाले) | २,५८,७३,९१३ | ३४.१३ | ३३.६ |
| २. | नेपाली कांग्रेस | २,५०,२५,९१९ | ३३.०१ | ३२.७ |
| ३. | नेकपा (माओवादी केन्द्र) | १,०१,३२,३१५ | १३.३६ | १७.६ |
| ४. | जनता समाजवादी पार्टी | ३८,७२,२१६ | ५.१० | संघीय समाजवादी फोरम ४.२ |
| ५. | लोकतान्त्रिक समाजवादी पार्टी | १६,४५,१८१ | २.१७ | राष्ट्रिय जनता पार्टी २.८<br>मधेशी जनअधिकार फोरम १.४ |
| ६. | एकीकृत समाजवादी पार्टी | २९,८४,६७९ | ३.९३ | २०७४ मा यो पार्टी अस्तित्वमा थिएन |
| ७. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २६,००,०७३ | ३.५२ | ३.२ |
| ८. | अन्य पार्टी र स्वतन्त्र | ३६,७५,४३६ | ४.७५ | ४.६ |
| | कूल सदर मत | ७,५८,०९,७३२ | १००.० | १००.० |

डायग्राममा हेर्दा राजनीतिक दलहरुले प्राप्त गरेको मत प्रतिशत यस प्रकार रहेको देखिन्छः




देहायमा प्रस्तुत आँकडा निर्वाचन आयोगको प्रणालीमा २०७९ ज्येष्ठ १२ गतेसम्म प्रविष्ट भएको ७४९ पालिकाहरुको विवरणमा आधारित छ।

## राजनीतिक दल र स्वतन्त्र उम्मेदवारको पद अनुसार निर्वाचित संख्या

| क्रसं | दल | प्रमुख र अध्यक्ष | उप प्रमुख र उपाध्यक्ष | वडा अध्यक्ष | सदस्य | महिला सदस्य | दलित महिला सदस्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली काँग्रेस | ३२७ | ३०० | २,६५५ | ५,२९३ | २,५९६ | २,५४१ | १३,७१२ | ३९.२ |
| २ | नेकपा (एमाले) | २०५ | २३७ | २,१२५ | ४,६६६ | २,३३६ | २,२८२ | ११,८५१ | ३३.९ |
| ३ | नेकपा माओवादी (केन्द्र) | १२१ | १२८ | १,०५३ | १,८०६ | ९६३ | ९७३ | ५,०४४ | १४.४ |
| ४ | जनता समाजवादी पार्टी | ३० | ३१ | २९५ | ५९७ | २९९ | २९६ | १,५४८ | ४.४ |
| ५ | नेकपा (एकीकृत समाजवादी) | २० | २३ | १९० | ३८९ | १८४ | १८० | ९८६ | २.८ |
| ६ | लोकतान्त्रिक समाजवादी पार्टी | १६ | १२ | १०३ | २१९ | ११८ | ११३ | ५८१ | १.६ |
| ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ | ४ | ६२ | १२७ | ५४ | ५४ | ३०५ | ०.९ |
| ८ | राष्ट्रिय जनमोर्चा पार्टी | ४ | ३ | २६ | ६२ | ३१ | ३३ | १५९ | ०.५ |
| ९ | नागरिक उन्मुक्ति पार्टी | ४ | ३ | १४ | ४१ | १९ | १८ | ९९ | ०.३ |
| १० | जनमत पार्टी (जपा) | २ | १ | १९ | ३७ | १९ | १८ | ९६ | ०.३ |
| ११ | नेपाल मजदुर किसान पार्टी | १ | | १९ | ३५ | १८ | ११ | ८५ | ०.२ |
| १२ | जनता प्रगतिशील पार्टी | १ | १ | ४ | ८ | ३ | ५ | २२ | ०.१ |
| १३ | तराइ मधेश लोकतान्त्रिक पार्टी | १ | | ३ | ४ | २ | २ | १२ | – |
| १४ | विवेकशील साझा पार्टी | १ | १ | २ | ४ | २ | १ | ११ | – |
| १५ | नेपाल जनता पार्टी | | | २ | ४ | २ | २ | १० | – |
| १६ | संघीय लोकतान्त्रिक राष्ट्रिय मंच | | | २ | ४ | २ | १ | ९ | – |
| १७ | नेपाल लोकतान्त्रिक पार्टी | | | १ | ३ | १ | २ | ७ | – |
| १८ | राष्ट्रिय जनमुक्ति पार्टी | | | १ | ३ | २ | १ | ७ | – |
| १९ | नेपाली काँग्रेस (बी.पी) | | | २ | २ | १ | २ | ७ | – |
| २० | बहुजन शक्ति पार्टी | | | १ | ३ | १ | १ | ६ | – |
| २१ | बहुजन एकता पार्टी | | | १ | २ | १ | १ | ५ | – |
| २२ | नेपाल सुशासन पार्टी | | | १ | २ | ० | १ | ४ | – |
| २३ | नेकपा माओवादी समाजवादी | | | | | १ | १ | २ | – |
| २४ | नेपाल सद्भावना पार्टी | | | | | | १ | १ | – |
| २५ | स्वतन्त्र | १२ | ४ | १३६ | ११९ | ५८ | ५५ | ३८४ | १.१ |
| | जम्मा | ७४९ | ७४९ | ६,७१७ | १३,४३१ | ६,७१३ | ६,५९४ | ३४,९५३ | ९९.७ |
| | १३ देखि २४ सम्मका साना पार्टी | | | | | | | | ०.३ |

यसरी हेर्दा यसपटकको स्थानीय तहको निर्वाचनमा २४ वटा राजनीतिक दलहरु निर्वाचित भएका छन् भने प्रमुख वा अध्यक्ष पदमा १२ जना र उपप्रमुख वा उपाध्यक्षको पदमा ४ जना स्वतन्त्र उम्मेदवार विजयी भएका छन्। प्रमुख/उपप्रमुख वा अध्यक्ष, उपाध्यक्ष पदमा भने १४ वटा राजनीतिक दल मात्र निर्वाचित भएका छन्।

स्थानीय तहको यो निर्वाचनमा मतपत्रको डिजाइन जिल्लाका सबै स्थानीय तहकालागि एउटै गर्दा मतपत्रको आकार अत्यन्तै ठूलो हुन गएको थियो। कतिपय वडामा उम्मेदवारको संख्या २० भन्दा कम भएपनि जिल्लाकोलागि डिजाइन भएको एउटै मतपत्र प्रयोग गर्नुपर्दा र कतिपय उम्मेदवारको निर्वाचन चिन्ह र मत संकेत गर्ने कोठा ज्यादै सानो भएका कारण ठूलो संख्यामा मत बदर हुने आंकलन गरिएको थियो। यसले गर्दा बदर मतको संख्या यो निर्वाचनमा धेरै पुग्न गयो। बदर हुने कारणहरूमा स्वस्तिकको ठाउँमा औंठा छाप, कोठा बाहिर र दुइ कोठाको बीचको लाइनमा छाप, आवश्यक संख्याभन्दा बढीमा मत संकेत गरेको र दुई उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठाको बिचमा छाप आदि रहेको पाइयो।

जियोकले पर्यवेक्षण गरेका मतगणनास्थलहरुमा मतपत्र बदर भएका मुख्य कारणहरुमा दुई उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठाको बिचमा मत संकेत गरेको (६५.३ प्रतिशत), उम्मेदवारको चिन्ह भएको कोठा बाहिर मत संकेत गरेको (५३.३ प्रतिशत) र स्वस्तिक बाहेक अन्य मत संकेत प्रयोग गरेको (५०.७ प्रतिशत) मतपत्र देखिए। प्रत्येक पर्यवेक्षकबाट मतपत्र बदर भएको कारणहरुमा एक भन्दा बढी उत्तर लिनसकिने भएकाले प्रत्येक कारणको प्रतिशत माथि उल्लेख भए अनुसार १०० भन्दा बढी देखिएको हो। अन्य कारणहरुमा मसी लतपत भएको, एकभन्दा बढी संख्यामा छाप लगाएको, उम्मेदवार नभएको चिन्हमा मत संकेत गरेका आदि फेला परेका छन्।

निर्वाचन आयोगले सार्वजनिक गरेको मत बदरसम्बन्धी प्रारम्भिक विवरणमा बाजुराको बुढीगंगाबाहेक निर्वाचन सम्पन्न भएका सबै गाउँपालिकामा खसेको कूल सदर मतको २.१०% पूर्ण बदर भएको छ। काठमाडौं, ललितपुर, भरतपुर, पोखरा, वीरगंज र विराटनगर महानगरपालिकाका सातै पदमा ४३ लाख ३० हजार ३ सय ५८ मत खसेकोमा १० लाख ४४ हजार ६ सय अर्थात २४.१२ प्रतिशत बदर भएको आयोगले जनाएको छ। यो प्रतिशत गाउँपालिकाको भन्दा झण्डै दोब्बर हो। नगरपालिका र उप–महानगरपालिकामा भने क्रमशः १५.०५ र २०.१५ प्रतिशत मत बदर भएको छ। पूर्ण बदर भने ३ लाख १ हजार ५ सय ९९ अर्थात् २.४ प्रतिशत हो। मत बदर हुनाका कारणहरुमा मतदाता शिक्षा नभएको र मतपत्रको लहर लामो भएकै कारण बदर बढी भएको हुनसक्ने आयोगले आंकलन गरेको छ। स्थानीय तह निर्वाचनमा एउटा मतपत्रबाट ७ जना छनौट गर्नुपर्ने थियो। मतपत्रमा उल्लेख भएको छैटौं मतपत्रबाट दुइ जना वडा सदस्य छनौट गर्नुपर्ने थियो। यही मतपत्रमा सबैभन्दा बढी बदर देखिएको हो। अन्य कारणहरुमा उम्मेदवारनै नभएको कोठामा चिन्ह राखिएको र दलप्रति आस्था हुनेले उम्मेदवार नभएपनि पार्टीकै चिन्हमा लहरै भोट हालेका आदि छन्।

गाउँको तुलनामा सहरमा मत बदर हुनुमा मतपत्रको साइज कारण हुनसक्ने देखिएको छ। काठमाडौं महानगरमा ६४ लहर मतपत्र थियो। त्यस्तै विराटनगरमा ३२ लहर, वीरगन्जमा ३८, भरतपुरमा ३६, कास्कीमा ३८ लहरको मतपत्र थियो। महानगरमा सबैभन्दा कम ललितपुरमा १९ लहरको मात्रै मतपत्र थियो। त्यसैले ललितपुरको प्रमुखमा सबैभन्दा कम १२.०८ प्रतिशत मत बदर भएको अनुमान गर्न सकिन्छ।

## ५.५. महिला सहभागिता र लैङ्गिक समावेशिता

धेरै ठाउँमा महिला नेतृहरूबाट प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिन दलहरूबाट कन्ज्यूस्याई भएको गुनासो आएको थियो। अघिल्लो निर्वाचनमा राजनीतिक दलहरूले प्रमुख वा उपप्रमुखमध्ये एकमा महिला उम्मेदवार बनाएका थिए। यसपालिको चुनावमा एकै दलले दुवै ठाउँमा उम्मेदवारी दिँदा मात्रै उक्त कानूनी व्यवस्थाका पालना गरेको तर कतिपय पालिकामा दुई वा दुईभन्दा बढी दलको संयुक्त रुपमा उम्मेदवारी दिँदा पुरुषलाई मात्र उम्मेदवार बनाएको कारण महिला उम्मेदवारीको संख्या प्रभावित हुने आंकलन गरिएको थियो। तथापि, यो निर्वाचनमा सबै पदमा गरी महिला उम्मेदवारको संख्या जम्मा ५५,६९९ पुग्नगयो र विजयीको संख्या २०७४ को १४,३५३ को तुलनामा केही बढी १४,४४५ पुगेको छ। प्रतिशतमा पनि २०७४ को ४०.७५ को तुलनामा यो निर्वाचनमा केही बढी ४१.०१ प्रतिशत पुगेको छ। यो निर्वाचनमा महिलाको नेतृत्व जम्मा २५ स्थानमा पुगेको छ। उपप्रमुख र उपाध्यक्षमा जम्मा ५६७ स्थानमा विजयी भएका छन्। वडा तहमा जम्मा ६९ स्थानमा नेतृत्व तहमा पुगेको छ।

प्रदेशगत उम्मेदवारको प्रतिशत र विजय देहाय अनुसार रहेको छ।

| प्रदेश | उम्मेदवारको प्रतिशत | निर्वाचित प्रतिशत |
|---|---|---|
| प्रदेश १ | ३८.०८ | ४०.९४ |
| मधेश प्रदेश | ३८.५६ | ४१.८४ |
| बागमती | ३६.८१ | ४०.५८ |
| गण्डकी | ३८.७१ | ४१.२२ |
| लुम्बिनी | ३९.०९ | ४१.५२ |
| कर्णाली | ३८.७२ | ४१.१५ |
| सुदूरपश्चिम | ३९.५२ | ४१.२३ |
| जम्मा | ३८.४१ | ४१.२२ |

उम्मेदवारी प्रतिशत सबैभन्दा कम बागमतीको ३६.८१ रह्यो भने विजयको प्रतिशत मधेश प्रदेशको ४१.८४ रह्यो।

यसरी हेर्दा स्थानीय तहमा महिलाको प्रतिनिधित्व २०७४ सालको निर्वाचनमा भन्दा ०.२६ प्रतिशतले बढेको देखिन्छ। २०७४ सालको निर्वाचनमा ११ जना प्रमुख र ७ जना अध्यक्ष गरी जम्मा १८ जना महिला पालिकाको नेतृत्व गर्न सफल भएकोमा यसपटक १२ जना प्रमुख र १३ जना अध्यक्ष गरी जम्मा २५ पदमा निर्वाचित हुन पुगेको देखिन्छ। यसरी प्रमुख पदमा ३.३२ प्रतिशत महिलाको नेतृत्व हुन पुगेको छ भने यस अघिको निर्वाचनमा यो प्रतिशत केवल २.३९ थियो।

पालिकाको नेतृत्वमा केही प्रतिशत संख्या बढेपनि उपप्रमुख वा उपाध्यक्षमा भने ठुलो आकारमा (८९ जनाले) घटेको देखिन्छ। अघिल्लो निर्वाचनमा २७६ उपप्रमुख र ४२४ उपाध्यक्ष गरी जम्मा ७०० जना अर्थात ९२.९६ प्रतिशत निर्वाचित भएकोमा यसपटकको निर्वाचनमा २३२ उपप्रमुख र ३३५ उपाध्यक्ष गरी जम्मा ५६७ अर्थात ७५.२९ प्रतिशत मात्र सफल भएको देखिन्छ। यसको मुख्य कारणको रुपमा एक दलले प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्षमध्ये एकमात्र उम्मेदवार दिंदा फरक लिङ्गबाट हुनुपर्ने बाध्यात्मक व्यवस्था नभएका कारण भएको पुष्टि हुन्छ।

यसपटकको निर्वाचनमा महिला वडा अध्यक्ष, दलित महिला सदस्य र वडा सदस्यको संख्या भने बढेको छ। कुल ३८.४ प्रतिशत महिला उम्मेदवार चुनावी मैदानमा होमिएका थिए भने ६१.६ प्रतिशत पुरुष उम्मेदवार रहेको निर्वाचन आयोगको तथ्याङ्कले देखाएको छ। यसरी उम्मेदवारको प्रतिशत हेर्दा ४१.०१ प्रतिशत महिला निर्वाचित भएकोमा महिलाको जित्ने प्रतिशत बढी देखिन्छ। यस तथ्याङ्कबाट महिला उम्मेदवारको संख्यानै कम हुनु मूलतः समावशीकरणका लागि दलहरु कम उदार भएको पुष्टि हुन्छ। समग्रमा बाजुरा जिल्लाको बुढीगंगा पालिकामा बाहेक निर्वाचित महिलाको प्रतिनिधित्व तथ्याङ्कबाट यस प्रकार देखिन्छः

| पद | संख्या | २०७९ मा निर्वाचित | २०७४ मा निर्वाचित |
|---|---|---|---|
| नगर प्रमुख | २९३ | १३ | ७ |
| अध्यक्ष | ४६० | १२ | ११ |
| नगर उपप्रमुख | २९३ | २३२ | २७६ |
| उपाध्यक्ष | ४६० | ३३५ (८९ जनाले घटेको) | ४२४ |
| वडा अध्यक्ष | ६७४३ | ६९ | ६१ |
| महिला सदस्य | ६७४३ | ६७३२ (१० जनाले घटेको) | ६७४२ |
| दलित महिला सदस्य | ६७४३ | ६६१० | ६५६७ |

| पद | संख्या | २०७९ मा निर्वाचित | २०७४ मा निर्वाचित |
|---|---|---|---|
| सदस्य | १३४८६ | ४४२ | २६३ |
| जम्मा | ३५२२१ | १४४४५ | १४३५१ |

## ५.६. आम सञ्चार माध्यम

आमसञ्चार माध्यमले निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न निर्वाचनसम्बन्धी सूचना र समाचार सम्प्रेषण गर्दा पक्षपात नगरी वस्तुनिष्ठ ढङ्गले सम्प्रेषण गरेको पाइयो। निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपछि निर्वाचनसम्बन्धी समाचार र समाचारमूलक सामग्रीलाई आम सञ्चार माध्यमले उच्च प्राथमिकताकासाथ स्थान दिएको थियो। निर्वाचन अभियानको सम्पूर्ण अवधिमा आमसञ्चार माध्यमको स्वतन्त्रताको पूर्ण उपयोग भयो। एकातिर राष्ट्रिय आम सञ्चार माध्यमको यस्तो भूमिका रह्यो भने केही स्थानीय विशेषगरी एफएम रेडियो निष्पक्ष हुनसकेको पाइएन। उदाहरणकालागि बाँकेको एक स्थानीय एफएम रेडियोले कुनै एकको पक्षमा खुलेरै भोट मागेको देखियो।

## ५.७. निर्वाचन उजुरी

सरकारले निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय ढंगबाट सम्पन्न गर्न निर्वाचन आचार संहिता (संशोधन सहित), २०७२ लागू गरेको छ। आचार संहिता उल्लङ्घनका विषयमा कारवाही र जरिवाना गर्नसक्ने व्यवस्था निर्वाचन (कसूर तथा सँजाय) ऐन, २०७३ मा गरिएको छ। साथै, आचार संहिताको कार्यान्वयन हेतु निर्वाचन आयोग ऐन, २०७३ ले आचार संहिता उल्लङ्घन भए नभएको सम्बन्धमा जाँचबुझ गर्न, उल्लङ्घन भएको देखिएमा त्यस्तो काम रोक्न वा बदर गर्न आदेश दिनसक्ने, दिएको आदेश बमोजिम काम कारवाही नरोक्नेलाई जरिवाना गर्नसक्ने र उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुननसक्ने भएमा उम्मेदवारको उम्मेदवारी रद्द गर्नसक्ने सम्मको अधिकारको व्यवस्था गरेको छ।

जम्मा परेका ७६ वटा लिखित उजुरीहरुमा राजनीतिक दलसंग सम्बन्धित १७ वटा, व्यक्तिकेन्द्रित ४४ वटा र संस्था केन्द्रित १५ वटा थिए। आचार संहिता उलङ्घनका घटनाहरूका सम्बन्धमा परेका उक्त उजुरीहरु उपर स्पष्टिकरणसम्म मागिएको पाइयो। तर निर्वाचन कसूर तथा सजायसम्बन्धी ऐन बमोजिम जरिवाना गरिएको भने जानकारीमा आएन। उलङ्घनका यस्ता घटनाहरू दोहोरिइ नै रह्यो। उलंङ्घनको मात्राको तुलनामा कारवाही न्यून देखियो।.

## ५.८. निर्वाचन पर्यवेक्षण समन्वय

स्थानीय तहको यस निर्वाचनमा निर्वाचन आयोगले राष्ट्रियस्तरका पर्यवेक्षण गर्ने संस्थाहरुलाई मात्र पर्यवेक्षणका लागि अनुमति प्रदान गरेको थियो। पर्यवेक्षणको लागि मुलुकभरबाट ६८ वटा संस्थाहरुले अनुमती पाएकोमा ३७ वटा संस्थाले मात्र पर्यवेक्षण कार्यमा सहभागी भएको र करिव ५,३०३ को संख्यामा पर्यवेक्षकहरु खटाइएको थियो। जियोकको सक्रियतामा नियोक, संकल्प, इन्सेक, इयोक लगाएतका निर्वाचन पर्यवेक्षण गर्ने संघ संस्थाहरुसंग यथासक्य समन्वय भएको थियो।



निर्वाचन पर्यवेक्षणमा निर्वाचन आयोगले कसिलो प्रावधान राखेको, सुविधाहरु नदिएको, प्रक्रिया जटिल र बोझिलो बनाएको आदिका कारण आशातितरुपमा सबै क्षेत्रहरुमा अनुगमन हुन सकेन। दातृ निकायबाट केही सहयोग प्राप्त भएपनि आशा गरेबमोजिम नभएका कारण धेरै क्षेत्रहरुमा पर्यवेक्षण गर्नको लागि निर्वाचन खर्चको अभावमा सम्भव हुन सकेन। तथापी भएका पर्यवेक्षणबाट समन्वयकारी भूमिकासहित प्रभावकारी पर्यवेक्षण भएको प्रतिवेदनहरु प्राप्त भएका छन्।

परिच्छेद ६

# स्थानीय तह निर्वाचन २०७९ मा राजनीतिक दलहरुका घोषणापत्रको सामान्य विश्लेषण

यस परिच्छेदमा जननिर्वाचित संविधानसभाबाट नेपालको संविधान जारी भएपछि दोश्रो पटक मिति २०७९ वैशाख ३० गते एकै चरणमा भएको स्थानीय तहको निर्वाचनमा सुशासन, विगत पाँच वर्षको मूल्याङ्कन, संघियताको कार्यान्वयन, शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, समावेशिता, सामाजिक सूरक्षा लगायतका विषयमा प्रमुख राजनीतिक दलका–आफ्नो चुनावी घोषणापत्रहरुमा समावेश गरेका मुख्यमुख्य वुँदाहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ।

## ६.१. चुनावी नारा

दलहरुको चुनावी नारा आ–आफ्नै रहेका देखिन्छ । नेकपा–एमाले, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पाटी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी  गरी मूलतः ६ वटा राजनीतिक दलहरुका घोषणापत्र अध्ययन गरी त्यसका आधारमा यहाँ विश्लेषण हुँदैछ । नेकपा–एमालेको चुनावी नारा सुशासन, समृद्धि र समाजवादको आधार, पालिका–पालिकामा एमालेको सरकार राखिएको थियो। त्यसै गरी नेपाली कांग्रेसले चुनावी नारा सवल स्थानीय सरकारः समुन्नत गाउँ, समुन्नत नगर तय गरेको थियो भने नेकपा (माओवादी केन्द्र) ले गाउँ नगर स्थानीय सरकारः जनयुद्ध र जन आन्दोलनको नयाँ उपहार भनेको थियो । नेकपा (एकीकृत समाजवादी) ले जनमुखी स्थानीय सरकारः विकाश र समृद्धिको आधार जसपा नेपालले पहिचान, संघीयता, सुशासन र सदाचार, स्थानीय सरकार समृद्धिको मूल आधार र लोसपा–नेपालले विशेष नगर, विशेष अवसर र विशेष व्यवस्था, लोकतान्त्रिक समाजवादीको प्रतिबद्धतालाई चुनावी नारा बनाएका थिए।

यी छानिएका दलहरुका चुनावी नाराहरुमा सुशासन, समृद्धि सहितको सवल र सक्षम स्थानीय तह निर्माण गर्ने प्रतिबद्धता पाईन्छ। त्यसैगरी नारामा जनयुद्ध र जन आन्दोलनको उपहारको रुपमा स्थानीय तहलाई लिईएको, स्थानीय सरकार समृद्धिको मूल आधार संघीयता, सुशासन र सदाचार हुने कुरा स्वीकार गरिएको छ। त्यसैगरी विशेष नगर, विशेष अवसर तथा विशेष व्यवस्थाकारुपमा समेत स्थानीय तहलाई लिईएको देखिन्छ।

## ६.२. सुशासन

घोषणापत्रहरु हेर्दा सबैजसो राजनीतिक दलहरुले सुशासनलाई महत्वपूर्ण स्थान दिएको देखिन्छ । नेकपा–एमालेले स्थानीय जनप्रतिनिधिमार्फत सुशासन र समृद्धिको जग स्थापित भएको स्वीकार गरेको छ (पृष्ठ ३) भने नेपाली कांग्रेसले सुशासनको शर्त उदार लोकतन्त्रसंग जोडिने भएकोले संवैधानिक उदारवादमा सक्षम र जवाफदेही प्रशासन संयन्त्र र सदाचारी एवं सुयोग्य राजनीतिक तथा प्रशासनिक नेतृत्व आवश्यक रहेको (पृष्ठ २३) मान्यता राखेको देखिन्छ। त्यसै गरी, नेकपा (माओवादी केन्द्र) ले सुशासनका सम्बन्धमा नयाँ राजनीतिक प्रणालीप्रतिको कमजोर प्रतिबद्धताको कारण पनि स्थानीय तहहरु केहि अल्मलिएको र पुरानै विकृति र विसंगतिलाई बोकेर हिंडेको समेत देखिएकोले सहि नीति र नेतृत्वको छनौट गर्दै समाजवाद उन्मुख समृद्धिको बाटोमा अगाडि वढ्न अपिल (पृष्ठ ५) गरेको छ। नेकपा (एकीकृत समाजवादी) को घोषणापत्रमा स्थानीय सरकारलाई भ्रष्टाचार मुक्त तथा सुशासनको केन्द्र बनाउनका लागि

पार्टीले विशेष अनुगमन गरी आवश्यक उपायहरु अवलम्बन गर्ने (पाना ११), उम्मेदवारले सम्पत्ति विवरण सार्वजनिक गर्ने, व्यवसायको कार्यकारी जिम्मेवारीबाट अलग भएको घोषण गर्ने, आर्थिक स्वार्थका काममा सामेल नहुने साथै सुशासन सम्बन्धी जनताको मूल्यांकनका लागि विशेष योजना जस्तै जनतालाई रिपोर्ट कार्ड वितरण गरी सूझाव लिने प्रस्ताव गरेको देखिन्छ। त्यसैगरी जनता समाजवादी पार्टीले आफ्नो घोषणापत्रमा भ्रष्टाचारमा शून्य सहनशीलता कायम गरीने, भ्रष्टाचार गरेको प्रमाण भेटिएमा तुरुन्त कारवाही गरीने, सार्वजनिक सुनुवाई जस्ता सुशासनका औजारहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीने (पृष्ठ ८) प्रतिबद्धता जनाएको छ भने लोकतान्त्रिक समाजवादी पार्टीले आफ्नो घोषणापत्रमा भ्रष्टाचार र अनुचित कार्यमाथि नागरिक तहबाट निगरानी राखेर त्यसवारे छानविन र आवश्यक कारवाही सिफारिस गर्न स्वतन्त्र र निष्पक्ष जनलोकपालको व्यवस्था गरिनुपर्ने, भ्रष्ट्राचार र भष्ट्राचारीलाई सामाजिकरुपमै अस्वीकार र वहिष्कारको विषय बनाउने (पृष्ठ २४) प्रतिबद्धता जनाएका छन्। यसरी हेर्दा सबै राजनीतिक दलहरु स्थानीय तहमार्फत मुलुकमा सुशासन कायम गर्दै भ्रष्ट्राचारको अन्त्य गर्ने विषयमा प्रतिबद्ध भएको देखिन्छ।

## ६.३. विगत ५ वर्षको मूल्याङ्कन

सबै राजनीतिक दलहरुले आफ्ना घोषणापत्रहरुमा विगत ५ वर्षको समीक्षा गरेको देखिन्छ। नेकपा–एमालेले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्ने दिशामा महत्वपूर्ण आधार निर्माण (पृ.१३) भएको, पूर्वाधारमा फड्को मारिएको, स्थानीय तहमा सडक सञ्जाल दोब्बरभन्दा बढी विस्तार भएको, प्रत्येक पालिकामा न्यूनतम ५ देखि १५ शैयाको आधारभूत अस्पताल निर्माण शुरु भएको, सामाजिक सुरक्षामा उल्लेखनीय वृद्धि (मासिक ४ हजार रुपैयाँ भत्ता प्रदान मेलम्चीको पानी वितरण गरिएको (पृ.१६), पालिकामा रोजगार सूचना केन्द्र स्थापना, प्रधानमन्त्री रोजगार कार्यक्रम, सहुलियत ऋृण, सूचना महामार्ग निर्माण, डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन लगायत (पृ.१७ तथा १८) लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न भएको दावि गरेको छ भने नेपाली कांग्रेसले कोरोना महामारी व्यवस्थापनमा अब्वल रहेको, कानून निर्माण, सेवा प्रवाह, भौतिक पूर्वाधारको विकास र संरक्षण तथा सामाजिक विकास जस्ता सकारात्मक कार्यहरु (पृ.३२, ३३) सम्पन्न भएको उल्लेख गरेको देखिन्छ। उक्त दलले कानूनको अभावमा स्थानीय सरकार कसरी चलाउने भन्ने स्पष्टता नभएको (पृ.३०), नेकपा नेतृत्वको संघीय सरकारले संघीयताको मर्ममाथि प्रहार गरी नियन्त्रण र हस्तक्षेप गरेको, अधिकारमा अस्पष्टता रहेको, कर्मचारी व्यवस्थापनमा सरकार असफल रहेको र स्थानीय तह आफैमा अलमलमा परेको (पृ.३१) जस्ता आलोचनात्मक टिप्पणीहरु समेत गरेको देखिन्छ।

नेकपा (माओवादी केन्द्र) ले सेवा प्रवाह, पूर्वाधार विकास, जनसहभागिता, आर्थिक विकासका आधार निर्माण लगायतका क्षेत्रमा हासिल भएका महत्वपूर्ण उपलब्धिहरुले संघीय व्यवस्थाको औचित्य एवं महत्वलाई सावित गरेको (पृ.५) भए पनि नयाँ राजनीतिक प्रणालीप्रतिको कमजोर प्रतिबद्धताको कारण स्थानीय तहहरु केही अल्मलिएको र पुरानै विकृति र विसंगतिलाई बोकेर हिँडेको समेत देखिन्छ (पृ.५) भन्ने समेत स्वीकार गरेको देखिन्छ। त्यसैगरी नेकपा (एकीकृत समाजवादी) को घोषणापत्रमा विगतका जति पनि असल कामहरु भएका छन, ती सबैको उत्तराधिकारी आफूहरु भएको र जनपक्षीय कामहरुको स्वामित्वसमेत आफुहरुसंग रहेको (पृ. ४) दावि छ।

जनता समाजवादी पार्टीले विगत ५ वर्षको समीक्षाका सम्बन्धमा नेपालको संविधान लागू भए यता भएको पहिलो स्थानीय निर्वाचन २०७४ र तत् पश्चातको ५ वर्षको राष्ट्रिय अनुभवसमेत आफूहरुसँग उपलब्ध रहेको, उक्त अनुभवको यथोचित समीक्षा गर्दै सफल अभ्यास र सकारात्मक पक्ष आत्मसात गर्नुपर्ने, असफल र नकारात्मक प्रवृतिहरु त्याग्नु पर्ने (पृ.१) धारणा राखेको छ भने लोकतान्त्रिक समाजवादी पार्टीले आफ्नो घोषणापत्रमा संघीयताको पहिलो पटकको अभ्यास, आवश्यक कानूनको अभाव, कर्मचारी र स्रोतको अपर्याप्तता र संघीय सरकारको सुस्त र द्वेषपूर्ण व्यवहारका वावजुद आफुहरुले पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्य, सांस्कृतिक र ऐतिहाँसिक धरोहरको संरक्षण एवं आफ्नो दलको उपस्थित भएको स्थानीय सरकारको तर्फबाट सहज र छरितो सेवालाई उपलब्ध गराउने सन्दर्भमा सक्दो प्रयास गरेको दावि गरेको छ।

## ६.४. संघीयताको कार्यान्वयन

संघीयताको कार्यान्वयनका सम्बन्धमा नेकपा–एमालेको घोषणापत्रमा संविधान र संघियताको सफल कार्यान्वयन गरेर नेपालले विश्वमै नयाँ दृष्टान्त स्थापित गर्न सफल भएको (पृ.५) दावी गरिएको छ भने नेपाली कांग्रेसको घोषणापत्रमा संघीय लोकतन्त्रको सीमाभित्र विविधता बीचको एकता आम नेपालीको सच्चा राष्ट्रियता भन्ने मान्यताका साथ संविधान कार्यान्वयन गर्दै समुन्नत नेपालको आफ्नो ध्येयलाई पुरा गरी छाड्ने प्रण गर्दछ (पृ.२) भन्ने प्रतिबद्धतासहित नयाँ संविधान जारी भएपछि संघीय, प्रादेशिक तथा स्थानीय गरी तीनै तहको निर्वाचन सम्पन्न गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान कार्यान्वयनको ठोस आधार तयार (पृ.१९) भएको दावीसमेत गरिएको छ। त्यसैगरी नेकपा (माओवादी केन्द्र) को घोषणापत्रमा समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्थाले तयार गरेको नयाँ आधारमा सही नेतृत्व हुनसके छोटो समयमानै मुलुकले उपलब्धि हाँसिल गर्न सक्ने महत्वपूर्ण सन्देश पहिलो ५ वर्षले दिएको, प्रारम्भमा नै संघीय सरकारको नेतृत्व संघीयताप्रति उदार नहुनुको कारण संबिधानले निर्दिष्ट गरेको अधिकारहरुको बाँडफाँड सहिरुपमा हुन नसकेको समेत स्वीकार गरिएको छ।

त्यसैगरी संघीयताको कार्यान्वयनका सम्बन्धमा नेकपा (एकीकृत समाजवादी) को घोषणापत्रमा आफुहरुले संघीय लोकतान्त्रिक गणतन्त्रलाई समृद्ध बनाउदै लैजान चाहेको (पृ.३) धारणा व्यक्त गरिएको छ भने जनता समाजवादी पाटीको घोषणापत्रमा स्थानीय निर्वाचन संघीयता कार्यान्वयनका अधुरा कार्यभार पुरा गर्ने पक्षमा जनमत निर्माण गर्ने अवसर भएको भए तापनि नेपाल जस्तो भरखरै संघीयता कार्यान्वयन हुँदै गरेको देशमा स्थानीय तहमा साधन, स्रोत र वित्तीय व्यवस्थाका थुप्रै चुनौती रहेको (पृ.१) स्वीकार गरिएको छ। त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टीको घोषणापत्रमा संघीयताको पहिलो पटकको अभ्यास, आवश्यक कानूनको अभाव, कर्मचारी र स्रोतको अपर्याप्तता र संघीय सरकारको सुस्त र द्वेषपूर्ण व्यवहारका वावजुद आफुहरुले पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्य, सांस्कृतिक र ऐतिहासिक धरोहरको संरक्षण एवं आफ्नो उपस्थित भएको स्थानीय सरकारको तर्फबाट सहज र छरितो सेवालाई उपलब्ध गराउने सन्दर्भमा सक्दो प्रयास गरेको दावि गरिएको छ।

## ६.५. शिक्षा

शिक्षाको क्षेत्रमा समेत सबै दलहरुले घोषणापत्रहरुमा आ–आफ्ना प्रतिबद्धता समेटेका छन्। नेकपा–एमालेको घोषणापत्रमा शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने, सामुदायिक शिक्षालाई गुणस्तरीय, सीपमूलक र जीवनउपयोगी बनाउने (पृ.२५) प्रतिबद्धता जनाईएको छ भने नेपाली कांग्रेसको घोषणापत्रमा सोच्ने, सोध्ने र सिक्ने खालको शिक्षण परम्परा र अभ्यासलाई प्रोत्साहन गर्दै लाने (पृ.४५), हरेक स्थानीय तहमा एउटा सुविधा सम्पन्न अगुवा विद्यालय स्थापना गर्ने, विद्यालय छोड्ने दरलाई २०% ले घटाईने, वार्षिक सिकाई मेला आयोजना गर्ने, व्यावसायिक सीप विद्यालय स्थापना गर्ने, गुणस्तरीय दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने, छात्रालाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्ने (पृ.४६), संघीय शिक्षा ऐनको तर्जुमा गर्ने र प्रत्येक विद्यालयमा विद्युतीय हाजीरीको व्यवस्था गर्ने जस्ता प्रतिबद्धताहरु रहेका छन्। त्यसैगरी नेकपा (माओवादी केन्द्र) को घोषणापत्रमा १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था, हरेक पालिकामा वहुप्राविधिक शिक्षालयको स्थापना, १०% प्राविधिक जनशक्ति उत्पादन, हिमाली भेकमा आवासीय विद्यालयको स्थापना, मध्यमस्तरको तालिमको व्यवस्था, भौतिक पूर्वाधार र सूचना प्रविधिसंग जोड्ने लगायतका प्रतिबद्धताहरु रहेका छन्।

नेकपा (एकीकृत समाजवादीको) को घोषणापत्रमा शिक्षामा सुधारः प्रगतीको आधार जस्तो नारानै तय गरिएको छ भने सामुदायिक विद्यालयको पठनपाठनको स्तर सुधार्ने, माध्यामिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय सरकारलाई दिने, एकीकृत पाठ्यक्रम र पाठ्यविधि, परीक्षा र मूल्याङ्कनको एकीकृत प्रणाली, शिक्षकहरुको योग्यता निर्धारण सम्बवन्धी एकीकृत कानून र मापदण्ड, सीपमूलक प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखीने प्रतिबद्धता व्यक्त गरिएको छ। त्यसैगरी जनता समाजवादी पार्टीको घोषणापत्रमा शिक्षा प्रणालीलाई जगैदेखि रुपान्तरण गरिने, श्रम, रोजगारमूलक र गुणस्तरीय शिक्षा प्रदान गर्नमा जोड दिईने, माध्यामिक विद्यालय तहसम्मको शिक्षालाई व्यावहारिक रुपमानै निःशुल्क र गुणस्तरीय बनाईने, एक पालिका एक मोडेल स्कूलको स्थापना गरिने, सबै विद्यालयमा कम्प्यूटर शिक्षा, माथिल्लो तहमा अंग्रजी, नेपाली र कम्तिमा एक प्रदेशिक भाषासहित बहुभाषिक नीति लागू गरिने,

स्थानीय तहहरुले शिक्षामा सुरुमा कूल बजेटको १०% सम्म लगानी गर्ने (पृ.११) जस्ता प्रतिबद्धताहरु जनाईएको छ भने लोकतान्त्रिक समाजवादी पार्टीको घोषणापत्रमा सबै तहको शिक्षा निःशुल्क र व्यावहारिक बनाईने, उच्च माध्यामिक तहसम्म निःशुल्क शिक्षाको भरपर्दो व्यवस्थापन गरिने, गरीब, असहाय र असक्षमको लागि छात्रवृत्तिको व्यवस्था, छात्राहरुलाई आत्मरक्षाको प्रशिक्षण, ९ कक्षामा अध्ययनरत छात्रालाई साईकल प्रदान गरिने, पालिकामा लोकसेवा तयारी कक्षा संचालन गरिने, प्रारम्भिक शिक्षा मातृ भाषामा पनि प्राप्त गर्न सकिने व्यवस्थालाई व्यावहारिक रुपमा संभव बनाईने, हरेक विद्यालयमा अनिवार्य छात्रावासको व्यवस्था गरिने र सार्वजनिक विद्यालयको स्तर वृद्धि गर्ने (पृ.२९) जस्ता प्रतिबद्धताहरु जनाईएको छ।

## ६.६. स्वास्थ्य

स्वास्थ्यको क्षेत्रमा समेत सबै राजनीतिक दलहरुको ध्यान पुगेको देखिन्छ। नेकपा–एमालेको घोषणापत्रमा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन र निरोगी नेपाल निर्माण गर्ने (पृ.२५) तथा अनिवार्य स्वास्थ्य विमाको व्यवस्था गर्ने प्रतिबद्धता जनाईएको छ भने नेपाली कांग्रेसको घोषणापत्रमा सबैलाई स्वास्थ्य बीमा, सबल स्वास्थ्य प्रणाली, घरमै स्वास्थ्य सेवा, जनस्वास्थ्यमा लगानी गर्ने, निःशुल्क आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय सेवामा सहज र समतामूलक पहुँच सुनिश्चित गर्ने, स्थनीय तहले स्वास्थ्य क्षेत्रको वजेटलाई कम्तिमा १०% पुर्‍याउने, सबै नीतिमा स्वास्थ्य सम्बन्धी विषय समावेश गर्ने, स्थानीय स्वास्थ्य प्रणालीको विकास र सवलीकरण गर्ने, सबै नागरिकलाई स्वास्थ्य विमाको व्यवस्था गर्ने, सहज र सुलभ गुणस्तरीय औषधीको व्यवस्था गर्ने, सबै स्थानीय तहमा आधारभूत अस्पताल भवन र सबै वडामा स्वास्थ्य चौकी भवन निर्माण गर्ने (पृ.६३) प्रतिबद्धता जनाईएको छ। त्यसैगरी नेकपा (माओवादी केन्द्र) को घोषणापत्रमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क, सबै पालिकामा आधारभूत अस्पताल, सबै वडाहरुमा स्वास्थ्य केन्द्र, ११० वटा औषधी निःशुल्क वितरण, स्वास्थ्य विमा सेवाको प्रबन्ध, औषधीजन्य जडीवुटीहरुको प्रशोधन गरी औषधी उत्पादनमा जोड दिने प्रतिबद्धता व्यक्त गरिएको छ।

स्वास्थ्य क्षेत्रको लागि नेकपा (एकीकृत समाजवादी) को घोषणापत्रमा जनताको अधिकारः निःशुल्क स्वास्थ्योपचार भन्ने नारासहित स्थानीय सरकारको वजेटको १ नम्वर प्राथमिकतामा स्वास्थ्य उपचारलाई राखिने, जटिल खालका सल्यक्रियाहरु वाहेकका उपचारहरु स्थानीय अस्पतालबाट निःशुल्क उपलब्ध गराईने, सबै पालिकामा अनिवार्य एम्बुलेन्स सेवाको व्यवस्था गर्ने तथा स्वास्थ्य विमालाई सरल र सुलभ गराईने प्रतिबद्धता व्यक्त गरिएको छ। त्यसैगरी जनता समाजवादी पार्टीको घोषणापत्रमा हरेक गाऊँपालिकाका केन्द्रहरुमा एउटा स्वास्थ्य संस्था खोलिने, प्रत्येक पालिकामा वर्थीङ् सेन्टर खोलिने, गाऊँपालिका र नगरपालिकाका प्रत्येक वडामा एकजना चिकित्सक सेवा सहितको स्वास्थ्य चौकी सञ्चालन गरिने, पालिकाहरुमा नागरिकको स्वास्थ्य विमा गरिने, अति विपन्नहरुको हकमा स्थानीय तहले प्रिमियम (विमा शुल्क) उपलब्ध गराउने जस्ता प्रतिबद्धताहरु रहेका छन् भने लोकतान्त्रिक समाजवादी पार्टीको घोषणापत्रमा सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा, वडा स्वास्थ्य उपचार केन्द्रको स्थापना, हरेक पालिकामा प्याथोलोजी, प्रसूती गृह, मुटु सेवा र आपतकालीन सेवा सहितको कम्तिमा २५ सैयाको उच्च प्रविधियुक्त गुणस्तरीय अस्पताल स्थापना गरिने, हरेक नागरिकलाई अनिवार्य स्वास्थ्य बिमाको व्यवस्था गरिने, हरेक वडामा कम्तिमा दुईवटा एम्बुलेन्सको व्यवस्था गर्ने, आयुर्वेदिक चिकित्सा पद्धतिलाई थप विस्तार र प्रभावकारी बनाईने (पृ.२८) जस्ता महत्वपूर्ण प्रतिबद्धताहरु जनाईएको छ।

## ६.७. खानेपानी

खानेपानीको क्षेत्रमा समेत अधिकांश राजनीतिक दलहरुको ध्यान पुगेको देखिन्छ। नेकपा–एमालेको घोषणापत्रमा प्रत्येक नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी र सरसफाईको व्यवस्थामार्फत सफा, सुन्दर र सभ्य पालिका निर्माण गर्ने (पृ.२५), एक घर एक धारा, दुई वर्षभित्र सबै नागरिकमा खानेपानीको सुलभ आपूर्ति गर्ने (पृ.२८), सार्वजनिक क्षेत्रमा शौचालयको व्यवस्था गर्ने (पृ.२८) प्रतिबद्धता जनाईएको छ। नेपाली कांग्रेसको घोषणापत्रमा घर घरमा शुद्ध खानेपानी, सार्वजनिक धाराको संरक्षण र व्यवस्था गर्ने (पृ.६३) प्रतिबद्धता जनाईएको छ। नेकपा (एकीकृत समाजवादी) पार्टीको घोषणापत्रमा निःशुल्क खानेपानीः सुखी जिन्दगानी, हरेक परिवारलाई मासिक

५ हजार लिटर पानी निःशुल्क उपलब्ध गराईने, "एक घर एक धारा, पूर्ण सरसफाई हाम्रो अभिभारा" भन्ने नारालाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाईएको छ भने जनता समाजवादी पार्टीको घोषणापत्रमा शुद्ध पिउने पानीको सुविधा नपुगेका घर वस्तिहरुमा खानेपानी सुविधा पुऱ्याईने, रु. २०० सम्मको खानेपानी सुविधा निःशुल्क गरिने, खानेपानीका मुहान र पोखरी संरक्षण गरिने जस्ता महत्पूर्ण प्रतिबद्धताहरु जनाईएका छन्। नेकपा (माओवादी केन्द्र) र लोकतान्त्रिक समाजवादी पार्टीको घोषणापत्रमा भने यस सम्बन्धमा उल्लेख भएको पाइएन।

## ६.८. रोजगारी

रोजगारीको सम्बन्धमा भने सबै राजनीतिक दलको ध्यान पुगेको देखिन्छ। नेकपा–एमालेको घोषणापत्रमा पालिकाहरुमा रोजगार सूचना केन्द्रको स्थापना गरिने, बेरोजगारहरुको तथ्यांक सङ्कलन, बेरोजगार भत्ताको शुरुवात गरिने जस्ता प्रतिबद्धताहरु जनाईएको छ। नेपाली कांग्रेसको घोषणापत्रमा हरेक स्थानीय तहमा उद्यम विकास केन्द्रको स्थापना, रोजगार बैकको स्थापना, रोजगारीको खोजीमा रहेकाहरुको लागि रोजगार बैंकले सूचना उपलब्ध गराउने तथा सहजकर्ताको काम गर्ने, उद्योग व्यवसाय सम्बन्धी वेसलाईन सर्वे गर्ने, स्थानीय तहमा उद्योगहरुको प्रवर्धन गर्ने, योगदानमा आधारित सामाजिक सूरक्षा योजनामा अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई जोड्ने प्रबन्ध गर्ने जस्ता प्रतिबद्धताहरु जनाईएको छ। त्यसैगरी नेकपा (माओवादी केन्द्र) को घोषणापत्रमा टोल, टोलमा सहकारी घरघरमा रोजगारीको व्यवस्था गर्ने, एक टोल, एक उद्यम, एक टोल, एक उत्पादन, बेरोजगारीको अन्त्य, गरीबी निवारण कार्यक्रम लागु गर्ने, बेरोजगारहरुको सूची तयार गरी बेरोजगार लक्षित उत्पादनका कार्यक्रमहरु सुरु गरिने प्रतिबद्धता जनाईएको छ भने नेकपा (समाजवादी) को घोषणापत्रमा पालिकाहरुले आफ्नो भुगोलभित्रका युवाहरुलाई स्वरोजगार बन्ने वातावरण उपलब्ध गराउनका लागि उद्यमशील विकासका लागि प्रभावकारी योजना अगाडी सार्ने, कम्तिमा १० जनालाई प्रत्यक्ष रोजगारी दिईरहेका उद्यमीहरुलाई पालिकाको वार्षिक साधारण सभामा सम्मान र पुरस्कृत गरिने जस्ता प्रतिबद्धताहरु जनाईएको छ।

त्यसैगरी जनता समाजवादी पार्टीको घोषणापत्रमा हरेक वडाका ५० जनाका दरले नगरपालिकाका ५०० युवालाई रोजगारी एवं उत्पादनमूलक विषयगत तालिमको व्यवस्था गर्ने (पृ.१४), रोजगार, स्वरोजगार तथा उद्यमशील तालिममा गरीब परिवार, महिला तथा दलित समुदायलाई प्रथमिकता दिईने प्रतिबद्धता व्यक्त गरिएको छ भने लोकतान्त्रिक समाजवादी पार्टीको घोषणापत्रमा युवाहरुका लागि धरौटीरहित शैक्षिक ऋण उपलब्ध गराउन आवश्यक नीति निर्माण गरी बैंकिङ्ग सेवालाई युवा मैत्री बनाईने, हरेक पालिकामा आत्मनिर्भर युवा जनशक्ति उत्पादनका लागि सीप विकास एवं प्रशिक्षण केन्द्रको स्थापना गरिने, बैंक र वित्तीय संस्थाहरुलाई कुल ऋण प्रवाहको कम्तिमा १% युवाहरुको नयाँ कारोवारको प्रस्तावको आधारमा बिना धितो अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरिने जस्ता महत्वपूर्ण प्रतिबद्धताहरु व्यक्त गरिएको छ।

परिच्छेद

# ७ निष्कर्ष र सुझाव

## ७.१. निष्कर्ष

स्थानीय तहको पहिलो निर्वाचन, २०७४ को पहिलो कार्यकाल सकिएको छ। यो निर्वाचनले स्थानीय तहमा दोस्रो पुस्ताको सरकारलाई विधिवत स्थापना पनि गरेको छ। नेपाली जनताले करिव सात दशक पहिले सुरु गरेको लोकतान्त्रिक आन्दोलन, त्यसपछिको जनआन्दोलन र सशस्त्र संघर्षको फलस्वरुप गठन भएको जनताको प्रतिनिधि संविधानसभाबाट जारी नेपालको संविधानले देशमा संघीय शासन व्यवस्था गरेपछि भएको यो दोस्रो चुनावले आवधिक निर्वाचनलाई सुनिश्चत गर्ने दिसा समातेको छ जो लोकतन्त्रका लागि स्वस्थकर छ।

स्थानीय तह नागरिकले सेवा प्राप्त गर्ने महत्वपूर्ण तह हो । किनभने, संघीय प्रणाली अन्तर्गत संविधानद्वारा प्राप्त अधिकारको उपभोग साँचो अर्थमा नागरिकले स्थानीय तहबाटै प्राप्त गर्दछन्। त्यसैले, नागरिकका हक अधिकारहरुको उपभोगका निम्ति स्थानीय तह सवल, सक्षम र प्रभावकारी हुनु आवश्यक छ। २०७४ वैशाख ३१, बाट सुरुभएको पहिलो स्थानीय तहको निर्वाचन तीन चरणमा २०७४ असोज २ मा शान्तिपूर्वक सम्पन्न भएको थियो भने यस पटक एकै चरणमा सबै स्थानहरुमा निर्वाचनहरु सम्पन्न भएका छन्। विभिन्न अवस्थाका कारण १७ जिल्लाका ८५ मतदान केन्द्रहरुमा पुनः मतदान गर्नुपर्ने अवस्था श्रृजना भएपनि निर्वाचन आयोगले बाजुरा जिल्लाको बुढीगंगा पालिका बाहेक अन्य सबै (७५२) पालिकामा निर्वाचन सम्पन्न गरेको छ।

यस निर्वाचनमा आम मतदाता, निर्वाचन आयोग, निर्वाचन अधिकृत लगायतका सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दल, सुरक्षा निकाय र समग्रमा सरकार तथा निर्वाचन पर्यवेक्षकहरुले आफ्नो दायित्व प्रभावकारीरुपमा निर्वाह गरेका छन् । विभिन्न राजनीतिक दल र तिनका कार्यकर्ताहरु आ–आफ्ना प्रचारका क्रममा भएका केही छिटपुट हिंसाका घटना बाहेक उम्मेदवार र तिनका कार्यकर्ताहरू स्वस्थ प्रतिस्पर्धामा लागेको पाइयो । जियोकले पर्यवेक्षण गरेका ३२ जिल्लाका १०१० मतदान केन्द्रमा केही अपवादबाहेक मतदान स्वच्छ र स्वतन्त्ररुपमा सम्पन्न भयो । निर्वाचनमा दलहरू आचार संहिता पालनामा उत्तरदायी नहुँदा व्यापक मात्रामा भएको आचार संहिता उलङ्घनका घटनामा आयोगको कारवाही प्रभावकारी नभएपनि निर्वाचन आयोग स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न सफल रहेको देखिन्छ।

निर्वाचन तयारीको सन्दर्भमा आयोगले फोटोसहितको मतदाता नामावली अद्यावधिक गर्ने र मतदाता परिचयपत्र वितरणबाट मतदान धेरै सहजमात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा ठूलो सहयोग पुगेको विगतका निर्वाचनहरूबाट स्पष्ट भइसकेको छ। तथापि, जियोकले पर्यवेक्षण गरेका जिल्लाका प्रायः सबै निर्वाचन केन्द्रहरूमा यसपटक पनि मतदाता नामावलीमा प्रसस्तै त्रुटि र नामावली र परिचयपत्रबीच तालमेलको अभाव भने देखियो। निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा देखिएका त्रुटि र कमी कमजोरीहरू जियोकका विगतका प्रतिवेदनहरूमा पनि औंल्याइएका थिए। यस्ता कमी कमजोरीहरूबाट मतदाताले अनावश्यक दुःखमात्र होइन कतिपय मतदाता मतदानजस्तो नागरिक अधिकारको प्रयोगबाट वञ्चित हुनु पर्ने हुन्छ। जियोकले पर्यवेक्षण गरेको ३२ जिल्लामा मतदातासूचीमा नाम नभएको कारण ठुलो संख्यामा मतदाताहरु मतदानबाट वंचित हुन पुगेकोछ। यस्तो हुनुमा मतदाताको कमजोरी पनि हो । तथापि, मतदाता नामावलीलाई दुरुस्त बनाउने काममा आयोग मतदाताप्रति उत्तरदायी नहुँदा जनताको नागरिक अधिकारको प्रयोगमा बाधा पुग्न गएको देखिएको छ । यसका अतिरिक्त पर्यवेक्षणको क्रममा कतिपय व्यक्ति परिचयपत्र नभएको

कारणले मात्र पनि मतदानबाट वंचित हुनुपुगेकोछ । मतदाता नामावलीमा नाम भएकाहरूले अन्य कुनै परिचय खुल्ने प्रमाण दिएमा मतदान गर्नसक्ने विषय निर्वाचन आयोगले ढिला गरी जानकारी गराएको कारण अन्योलता रहेको थियो ।

काठमाण्डौबाट मतपत्र छाप्ने कार्य गरिएको र त्यसमा विकेन्द्रीकरण नगरिएका कारण बढी खर्चिलो र मतपत्र अनावश्यक लामो भएको, उम्मेदवार नभएको ठाउँमा समेत मतचिन्ह राख्नु पर्ने भएकोले बोझिलो मतपत्र तयार भएको देखिन्छ । त्यसकै कारण समेत ठुलो संख्यामा मतपत्रहरु बदर भएको पर्यवेक्षणले देखाएको छ । नगरपालिका र गाँउपालिकाका सम्बन्धित वडाका उम्मेदवारको नाम अनुसारको निर्वाचन चिन्ह मात्र राखी डिजाइन गर्नु पर्नेमा सो हुन नसकेका कारण मतपत्र ज्यादै लामो हुन गएकोले औसत मतदातालाई मतदान सहज हुन सकेन । आयोगले यो विषयलाई गम्भिरताका साथ लिई समावेशी मतदान प्रक्रियाकाबारेमा जानकारी दिने उद्देश्यले विभिन्न कार्यक्रमका अतिरिक्त मतदाताका घरदैलोसम्म मतदाता शिक्षा स्वयंसेवक टोली खटाएको पनि हो । तथापि, यसको प्रभाव मतदानमा परेको देखिएन । मतदानकालागि लाम लागुन्जेलसम्म पनि मतदाता मत कसरी दिने भनी दुविधामा नै रहेको पाइयो ।

मतदानलाई सरल र मतदाता–मैत्री बनाउन मतदान केन्द्रभित्र आवश्यक संकेतहरू, महिला र पुरुषका लागि अलग अलग लाइन र दृष्टिविहीन र अशक्त मतदाताको प्रवेशका लागि गरिएको व्यवस्था समग्रमा उपयुक्त रहेको पाइएको छ । तर अपाङ्गमैत्री मतदान केन्द्रहरु नभएका कारण मतदाताहरुले हैरानी भोग्नु परेको, व्हिल चियरसहित मतदान गर्न जान नदिइएको, वर्षातको समय भन्ने जानकारी हुँदाहुँदै पनि अधिकांश मतदानस्तलहरुमा पालहरुको व्यवस्था नगरिएको जस्ता समस्याहरु यसपटक पनि देखा परे । त्यसै गरी, पुरानै मतदानस्थलहरु चयन गर्दा पुरानो संरचनामा फेरबदल भएको वा ठाउँ अपर्याप्त भएका कारण निकै कठिनाई भएको, भौतिक संरचना जीर्ण भएको, अन्यस्थलहरुमा सुरक्षित ठाउँहरु भए पनि उक्त स्थालहरुमा मतदान गर्ने व्यवस्था गर्न नसकिएको जस्ता पराम्परावादी समस्याहरु समेत पर्यवेक्षणबाट देखिएको छ ।

स्थानीय तहको यस निर्वाचनमा एकै पटकमा निर्वाचन सम्पन्न गर्दा दल तथा उम्मेदवारहरूबाट प्रचार–प्रसार र खर्चको सीमासम्बन्धी आचार संहिताको उलङ्घन केही हदसम्म घटेको पाईएको छ । निर्वाचन अगाडीको अवस्था र त्यसको तयारी अत्यन्तै राम्रो देखिए पनि निर्वाचनको दिनसम्म आईपुग्दा आचार संहिता उल्लंघनका घटनाहरु बढ्दै गएको देखिन्छ। कतिपय स्थानमा आचार संहिता उलङ्घनका घटनाहरूमा प्रमुख निर्वाचन अधिकृतको कार्यालयको सक्रियताबाट कम्तिमा स्पष्टीकरण सोध्ने सम्मका कारवाही भए । कतिपय जिल्लाहरूमा आचार संहिता उलङ्घंन गरी टाँसिएका पोष्टर, टाँगिएका झन्डा प्रहरी र अन्य कर्मचारी लगाई हटाइएको, उलङ्घंनका मौखिक उजुरीहरूबारे प्रमुख जिल्ला अधिकारी र प्रहरीमार्फत समाधान गरिएको तथाकेही स्थानमा उलङ्घनका घटनाहरूमा स्पष्टिकरण मागिएको पाइयो । तर निर्वाचन कसूर तथा सजायसम्बन्धी ऐन बमोजिम जरिवाना गरिएको भने जानकारीमा आएन । उलङ्घनका यस्ता घटनाहरू दोहोरिई नै रह्यो । उलंङ्घनको मात्राको तुलनामा कारवाही न्यून देखियो । सुरक्षाको दृष्टिले समेत ३ वटै सुरक्षा निकायको परिचालन प्रभावकारी देखिएको थियो तर एकै पटक सबैस्थानीय तहमा निर्वाचन गर्नु परेका कारण सुरक्षाको अर्पयाप्तता, आवश्यक कर्मचारीको अभाव लगायतका समस्याहरुसमेत देखा परेका थिए ।

महिलाको प्रतिनिधित्वको सन्दर्भमा यस पटक अघिल्लो निर्वाचनको तुलनामा उपप्रमुख वा उपाध्यक्षको पदको लागि उम्मेवारको संख्या नै कम परेको, प्रमुख वा अध्यक्षको पदको लागि केही बढेको र परिणाममा समेत उपप्रमुख/उपाध्यक्ष पदमा विगतको तुलनामा १३५ जनाले जनाले कमी आएको देखिन्छ ।

स्थानीय तहको यो निर्वाचनमा निर्वाचन आयोगले राष्ट्रियस्तरका पर्यवेक्षण गर्ने संस्थाहरुलाई मात्र पर्यवेक्षणकालागि अनुमति प्रदान गरेको थियो । निर्वाचन पर्यवेक्षण कार्यलाई व्यवस्थित, अधिकतम् कभरेज र प्रभावकारी बनाउने उद्देश्यले जियोक, नियोक, इयोक, इन्सेकर शंकल्प नेपाल लगाएतका संस्थाहरुबीच समन्वय र सहकार्यकोलागि पहिलो पटक एउटा औपचारिक व्यवस्था भएको थियो । निर्वाचन पर्यवेक्षणमा निर्वाचन आयोगले कसिलो प्रावधान राखेको, सुविधाहरु नदिएको, प्रक्रिया जटिल र बोझिलो बनाएको आदिका कारण आशातितरुपमा सबै क्षेत्रहरुमा अनुगमन हुन सकेन । दातृ निकायबाट केही सहयोग प्राप्त भएपनि आशा गरेबमोजिम सहयोग प्राप्त नभएका कारण धेरै क्षेत्रहरुमा पर्यवेक्षण गर्नको लागि निर्वाचन खर्चको अभावमा सम्भव हुन सकेछ । तथापी भएका पर्यवेक्षणबाट समन्वयकारी भूमिकासहित प्रभावकारी पर्यवेक्षण भएको प्रतिवेदनहरु प्राप्त भएका छन् ।

निर्वाचनका लागि उम्मेदवार दर्ताका सम्बन्धमा समेत २ दिन दिईएकोमा विवादरहित हुन सकेन भने दोश्रो दिनको पनि अन्तिम समयमा दर्ता गर्न जाने अभ्यासका कारण निर्वाचन आयोगलाई समेत चुनौती थपिएको देखिन्छ।

समग्रमा एकै पटकमा गरिएको निर्वाचन सफल र प्रभावकारी भएको देखिएको छ। व्यवस्थापनका दृष्टिले रहेका केही समस्याहरु जस्तो कि, मतपत्र छपाई सम्बन्धी प्राविधिक समस्या, सुरक्षासंग सम्बन्धित समस्या, मतगणनामा भएको ढिलाईको व्यवस्थापन, भौतिक पूर्वाधार व्यवस्थापन, आचार संहिताको पालना, मूलतः अधिक खर्चमा कटौती, दलहरुवीचको समझदारी लगायतका विषयमा सुधार गर्न सक्दा निर्वाचन, विश्वासिलो, मितव्ययी, पारदर्शी र प्रभावकारी हुँदै जाने कुरामा विश्वास गर्न सकिन्छ। यसबाट निर्वाचन आयोगप्रतिको विश्वास र सम्मान अझ गर्विलो हुने कुरामा आगामी निर्वाचनहरुले थप्दै जाने विश्वास पर्यवेक्षण टोलीले लिएको छ।

## ७.२. सुझावहरू

निर्वाचन पर्यवेक्षण र केही विषयमा गरिएको संकलित सन्दर्भ सामग्रीहरुको अध्ययन र उक्त अध्ययनहरुबाट निकालिएको निष्कर्षका आधारमा निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दलहबीच निर्वाचन खर्च, निर्वाचन प्रणाली र पर्यवेक्षणमा समन्वय सम्बन्धमा प्राथमिकताका साथ व्यापक छलफल, चिन्तन गरी सुधार गर्नु पर्ने विषयहरु देहाय बमोजिम सिफारिस गरिएको छः–

### ७.२.१. निर्वाचन आयोगका लागि

- यस निर्वाचनमा बदर मतको प्रतिशत समग्रमा २.०१ प्रतिशत (सम्पूर्ण रुपले बदर मतपत्र) भए तापनि प्रमुख/अध्यक्षमा १०.७० प्रतिशत, उपप्रमुख र उपाध्यक्षमा १६.६० प्रतिशत, वडा अध्यक्ष र सदस्यहरुमा १३.२४ प्रतिशत रहेको पाइयो। यसबाट नागरिकको अभिमत खेर गएको छ। यस्तो स्थिति नागरिक हकको प्रयोगको दृष्टिकोणले स्वीकार्य होइन। आगामी निर्वाचनमा मतपत्रको डिजाइनमा गर्नुपर्ने सुधारका विषयमा आयोगको ध्यान प्राथमिकताका साथ आकर्षित हुनु आवश्यक देखिन्छ। स्थानीय तहको निर्वाचनमा भएको बदर मतको संख्यालाई दृष्टिगत गरी मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ। आयोगको अगुवाइमा नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरुबीच सहकार्यमा जोड दिनु पर्दछ। यस पटक राजनीतिक दलहरुबाट समेत मतदाता शिक्षामा अझ गम्भीरता पूर्वक लाग्नु पर्ने र आयोगले सबै निकायहरुसंग प्रभावकारी समन्वय गर्नु पर्नेमा त्यसतर्फ गम्भिरतापूर्वक ध्यान नपुगेको देखिएको छ। मतपत्रको जटिलतासंगै मतदाता शिक्षा अझ प्रभावकारी बनाउने विषयमा निर्वाचन आयोग अझ बढी सजग र सक्रिय हुनु पर्ने पर्यवेक्षणले देखाएको छ।
- मतदाता शिक्षालाई प्रभावकारी बनाउन सम्बन्धित सबै सरोकारवालाहरुसंग सल्लाह एवम् छलफल गरी प्रभावकारी उपाय कार्यान्वयन गर्नुपर्ने। मतदाता शिक्षाको लागि राजनीतिक दल, शिक्षक, नागरिक समाजसमेतलाई आवश्यक तालिमको व्यवस्था गर्दै स्थानीय भाषामा मतदाता शिक्षा सामग्री समयमै उपलब्ध गराउनु पर्ने।
- कानूनले मतदान गर्न पाउने हक प्राप्त नेपाली नागरिकलाई मतदानबाट वञ्चित नहुने गरी मतदाता नामावली आवधिकरुपमा अद्यावधिक गर्ने र त्यसलाई व्यवस्थितरुपमा राख्नुका साथै नामावलीमा देखिएका प्राविधिक त्रुटीहरु हटाउन स्थानीयस्तरमा रुजु गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ। साथै मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने काम online registration बाट हुने व्यवस्था गरी यस्तो कार्यमा स्थानीय तहको भूमिकालाई बढाउँदै जानुपर्ने देखिन्छ।
- स्थानीय तहको दोश्रो निर्वाचनमासमेत कतिपय मतदान केन्दहरु मतदातालाई अपायक पर्ने स्थानमा रहेको, दूरीको हिसावले समेत निकै टाढा रहेका, अपाङ्गमैत्री मतदान केन्द्रहरुको व्यवस्था हुन नसकेको भन्ने जस्ता विषय प्रमुखताकासाथ उठेको पाइयो। दुर्गम क्षेत्रमा मतदाताको संख्या भन्दा पनि दुरीलाई बढी वजन दिई मतदान केन्द्रको स्थापना भएमा उपयुक्त हुन्छ भने सबै मतदान केन्द्रहरु स्थानीय तहको श्रोत साधन र जिम्मेवारीमा अपाङ्गमैत्री बनाउनेतर्फ ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ।

- मतदाता परिचयपत्र हराएका व्यक्तिहरु वा मतदाता नामावली अन्यन्त्र सारिएकोमा जानकारी नपाएका मतदाताहरु लामो समयसम्म अन्योलमा रहेको देखिन्छ। मतदाता नामावलीमा नाम भएकाहरुले अन्य कुनै परिचयपत्र खुल्ने प्रमाण दिएमा मतदात गर्न सक्ने व्यवस्थाका सम्बन्धमा निर्वाचन आयोगले निकै ढिला गरी निर्णय गरेका कारण अन्योल भएकाले उक्त व्यवस्थाको समयमै सुनिश्चितता गर्दै सबै मतदाता र मतदानमा संलग्न कर्मचारीहरुलाई जानकारी हुने प्रभावकारी व्यवस्था गर्नु आवश्यक छ।
- यस पटक आफ्नो निर्वाचन क्षेत्र बाहिर रहेका र बिदेशमा रहेका मतदाता तथा मतदानमा संलग्न कर्मचारीले मतदान गर्न पाएनन्। मतदान गर्नु र निर्वाचनमा भाग लिन पाउनु नागरिकको मौलिक हकको विषय भएकोले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनहरुमा कर्मचारी, पर्यवेक्षक, सुरक्षाकर्मी र केन्द्र बाहिर रहेका सबै मतदाताहरुले मतदानमा भाग लिन पाउने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने देखिन्छ। स्थानीय तहको निर्वाचनमा यस्तो व्यवस्था कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा अध्ययन हुनु आवश्यक देखिन्छ।
- आचार संहिता उलङ्घन तत्काल रोक्नु परेमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले कुनै काम गर्न वा नगर्न दिएको आदेशको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला निर्वाचन कार्यालय, स्थानीय प्रशासन र प्रहरीको ठूलो भूमिका रहेकोले यी निकायहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था सहित यी संस्थाहरुमा क्षमता वृद्धि गरिनु पर्दछ। आचार संहिता पालनाका लागि उलङ्घनका घटनामा तत्कालै कारवाही र जरिवाना गर्ने उपाय प्रभावकारी हुने भएकोले यसतर्फ आयोगले ध्यान दिनुपर्ने देखिन्छ।
- निर्वाचन प्रचारप्रसार खर्च सम्बन्धी सीमा र आचार संहितालाई व्यावहारिक बनाउन यसको समीक्षा गर्ने, यसको प्रभावकारी पालनाको सुनिश्चिताका लागि कार्यान्वयन अवस्थाको अनुगमनको व्यवस्था गर्नुपर्ने,
- निर्वाचन आयोगले पारदर्शीताका लागि विभिन्न शीर्षक अन्तर्गत गरेको खर्च निर्वाचन सम्पन्न भएको ३० दिनभित्र सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ।
- आचार संहिताका सम्बन्धमा लिखित उजुरी नपरेसम्म कारवाहीको दायरामा नल्याउने विषयमा गम्भिरताकासाथ लागि पर्नु आवश्यक देखिन्छ। आयोगले यस सम्बन्धमा आफैं जानकारीमा लिएर वा विभिन्न संघ, संस्था, निर्वाचन पर्यवेक्षण समुहहरुको जानकारीका आधारमा समेत कारवाही गर्न सक्ने गरी नीतिगत र कार्यविधिगत सुधार गर्नु आवश्यक देखिन्छ। निर्वाचन आयोगको काम निर्वाचन सम्पन्न गर्नु मात्र नभई कानून सम्मत गराउनु पनि भएको हुँदा जसरी पनि निर्वाचन सम्पन्न गर्नुपर्छ भन्ने मानसिकताबाट माथि उठी कानून सम्मत गराउन सक्षम हुन पर्दछ।
- मतदान केन्द्रमा पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था, आवश्यक सुरक्षा र दक्ष कर्मचारी आवश्यक हुन्छ। मतदान केन्द्रमा खटिने सबै कर्मचारीहरुलाई मतदानका सम्पूर्ण प्रक्रिया र कार्यविधिबारे पर्याप्त तालिम दिनु पर्दछ। निर्वाचनमा श्रेणीविहीन तहका कर्मचारी खटाउन नहुने लगायत अपर्याप्त तालिमको सवाल २०४८ देखि नै पर्यवेक्षण प्रतिवेदनले प्रमुख रुपमा उठाउँदै आएको विषय हो।
- मतपत्रमा औंठाछाप लगाउने, मसीले मतपत्र लतपत पार्ने र स्वस्तिक छापको मसी तुरुन्तै नसुक्ने भएकोले पनि बदर मतमा कमी ल्याउन मतपत्रमा “प्रिइन्क” छापको प्रयोग वा विद्युतीय मतदानबारे आवश्यक तयारी प्रारम्भ गर्नुपर्ने देखिन्छ।
- मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचन प्रक्रियालाई बढी व्यवस्थित गर्न सहयोग पुग्नुका साथै निर्वाचनमा धाँधली कम भएको पाइएको छ। मतदाता परिचयपत्र पुनः जारी गर्ने वा हराएका व्यक्तिहरुलाई पुनः दिने, मतदाता दर्ता गर्ने लगायत कामलाई प्राथमिकताका साथ समयमै सम्पन्न गर्नु पर्दछ। कतिपय स्थानमा परिचयपत्र भएर पनि मतदाता नामावलीमा नाम नभएको कारणले वास्तविक मतदाताहरु मतदानको अधिकारबाट वञ्चित हुनु परेको हालको अवस्थामा सुधार ल्याउनु पर्ने देखिन्छ।
- मतदाता नामावली सङ्कलनका विषयमा आयोगबाट प्रभावकारी अनुगमनका साथै स्वतन्त्र रुपमा मतदाता नामावलीको परीक्षणबाट यसमा सुधार ल्याउन प्राथमिकताका साथ लाग्नु पर्ने देखिन्छ।

- निर्वाचनको अवधिमा गर्ने यातायात बन्दको निर्णय परम्परागत भएको र एक मतदाता धेरै स्थानबाट मतदान गर्न सक्ने अवस्थामा रहेकोले हाल यस प्रकारको प्रतिबन्ध आवश्यक नभएको हुँदा आगामी निर्वाचनमा निर्वाचनको दिन यातायातमा अवरोध गर्ने विषय हटाउनु आवश्यक छ।
- निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगमा हुँदा बढी व्यावहारिक र समय सापेक्ष हुन्छ। त्यसको लागि नेपाल सरकारसंग आवश्यक समन्वय गरी सम्बन्धित कानून संशोधन गर्न पहल गर्ने। साथै निर्वाचन आयोगलाई बढी प्रभावकारी, स्वतन्त्र र सक्षम बनाउन कानूनमा आवश्यक संशोधनका लागि पहल गर्ने।
- निर्वाचनलाई स्वतन्त्र र समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्न विद्यमान कानूनको समीक्षा गरी एकीकृत कानूनका लागि सबै तहमा सम्वादको थालनी गर्ने।
- मौसम अनुसारको ओत, ह्विल चेयर, शौचालय, खानेपानी आदि सहित भएको मतदाता–मैत्री मदतान केन्द्रको व्यवस्था गर्ने।
- मतदान केन्द्रमा ज्येष्ठ नागरिक, सुत्केरी, अस्वस्थ, अपाङ्ग भएका व्यक्ति जस्ता मतदाताको पहुँचको प्रभावकारी व्यवस्थाका लागि आवश्यक प्रवन्ध गर्ने।
- निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था सहित प्रविधि र तालिमको व्यवस्था गर्दै लग्ने।
- पर्यवेक्षकलाई मतदान र मतगणना लगाएत निर्वाचनका सबै प्रक्रियामा पहुँचको व्यवस्था गर्ने। निर्वाचनमा संलग्न कर्मचारीहरुलाई पर्यवेक्षण नीति नियम अनुसार पर्यवेक्षकको भूमिका र जिम्मेवारीका बारेमा पर्याप्त जानकारी दिनुपर्ने।
- मत गणनाको बारेमा धेरै प्रश्न उठेको हुँदा जतिसक्दो चाँडो मतपरिणाम घोषणा गर्ने वातावरण बनाउने।
- निर्वाचन आयोगले निर्वाचन सम्पन्न भएको दुई महिनाभित्र निर्वाचनको व्यवस्थापन, कानूनी पक्ष, संस्थागत विकासको तर्फबाट समीक्षा गरी आगामी निर्वाचनमा सुधार गर्नुपर्ने विषयको पहिचान गर्नुपर्ने।

## ७.२.२. नेपाल सरकारको लागि

- संविधानको मर्म र भावना बमोजिम लैङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न आवश्यकता अनुसार कानूनमा सुधार वा तर्जुमा गर्दै जानु पर्ने,
- निर्वाचनको मिति तोक्ने सम्बन्धमा निर्वाचन आयोगलाई जिम्मेवार र जवाफदेही बनाउने सामान्य अभ्यास हो। आयोगले मिति तोक्दा बढी व्यावहारिक, पारदर्शी र निर्वाचन सफल पार्न प्रभावकारी हुन्छ। विभिन्न समयमा विभिन्न राजनीतिक दलका आफ्ना स्वार्थका कारण समयमा निर्वाचनको मिति तोक्ने विषयमा टकराव हुँदा निर्वाचनको मितिको अनिश्चितताका कारण समयमा प्रभावकारी व्यवस्थापन हुन सकेको छैन। यसतर्फ सबै राजनीतिक दलहरु आफ्नो स्वार्थबाट माथि उठेर आवश्यक व्यवस्था गर्नु उपयुक्त हुने देखिएको छ भने सरकारले त्यसको लागि सहजीकरण गर्नु आवश्यक देखिन्छ।
- भौतिक पूर्वाधारमा सुधार, आवश्यक बजेटको व्यवस्था, सुरक्षाको सुनिश्चितता लगायतका विषयमा अझ गम्भिर भई कार्ययोजना सहित नेपाल सरकार अगाडी बढ्ने र निर्वाचन आयोगले तयार पारेको कार्ययोजनामा आवश्यक सहयोग गर्नु पर्ने।
- मतदाता शिक्षा सञ्चालन गर्ने, त्यसको लागि आफ्ना संयन्त्रहरु परिचालन गर्ने, शान्ति सुरक्षा कायम गर्न मद्दत गर्ने र निर्वाचन खर्चमा न्यूनीकरण गर्ने जिम्मेवारी सरकार र निर्वाचन आयोगको हो। विभिन्न गैससहरुले समेत त्यसको लागि आवश्यक श्रोत, साधन र विशेषज्ञतासहित सहयोग गर्न सक्दछन्। निर्वाचन खर्चको विषयमा राष्ट्रिय मान्यताप्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाकाबारेमा गहिरो छलफल आवश्यक छ।
- अधिकांश मतगणना स्थलमा स्थानीय प्रशासनको निर्देशन र सुरक्षा निकायको सक्रियतामा तारजाली राखेको पाइयो। सुरक्षा संवेदनशीलताका दृष्टिले यसलाई सहज मान्न सकिए तापनि लोकतन्त्रमा यस्तो कार्यलाई राम्रो मान्न सकिन्न अतः आगामी निर्वाचनमा तारजालीको प्रयोगलाई हटाई पर्याप्त सुरक्षा व्यवस्था सहित मतगणना कार्य गरिनु उपयुक्त हुन्छ।

- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाताको बिना भय र त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था अझ भरपर्दो हुने व्यवस्था गर्नु पर्दछ। मतदान सकिएपछि मतपेटिका ढुवानी र भण्डारण ज्यादै संवेदनशील विषय भएकोले यसबारे शंकाको ठाउँ नरहने गरी उपयुक्त व्यवस्था गर्नु पर्दछ। यस विषयमा उच्च पारदर्शिता कायम गरेमा विवाद सिर्जना गर्ने अवस्था रहँदैन। मतपेटिका ढुवानीको योजना बनाउँदा राजनीतिक दलका प्रतिनिधिहरुले चाहेमा सँगै आउने व्यवस्था गर्नु पर्दछ।
- आचार संहिता उलङ्घनका घटनाका सम्बन्धमा आयोग वा सम्बन्धित निकायबाट दिइएको आदेशको कार्यान्वयनमा गृह र प्रहरी प्रशासनबाट प्रभावकारी सहयोग उपलब्ध हुनु पर्ने।
- निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ। यस विषयमा राष्ट्रिय मान्यता प्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल आवश्यक छ।
- मतदानको दिन दिइने निर्देशन र मतदानको सहजीकरणको लागि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) र गृह मन्त्रालयमा कमाण्ड पोष्ट स्थापना गरी कार्यान्वयन गर्दा आदेश, निर्देशनमा एकरुपता नभएको गुनासो रहेकोले उक्त दिन आयोगको नेतृत्वमा गृहमन्त्रालय र सबै सुरक्षा निकायको संयुक्त कमाण्ड पोष्ट स्थापना गरी कार्यान्वयनको व्यवस्था गरिनु पर्दछ।

## ७.२.३. राजनीतिक दलका लागि

- मतदाता शिक्षा सञ्चालन गर्ने, त्यसको लागि आफ्ना संयन्त्रहरु परिचालन गर्ने, शान्ति सुरक्षा कायम गर्न मद्दत गर्ने र निर्वाचन खर्चमा न्यूनीकरण गर्ने जिम्मेवारी सरकार र निर्वाचन आयोगको मात्रै नभएर राजनीति दलको पनि हो । यसतर्फ आगामी निर्वाचनको लागि सबै राजनीतिक दलहरुबाट एकमतले आवश्यक सुधार गर्नु पर्ने देखिन्छ।
- निर्वाचनका हरेक चरण र प्रक्रियामा चनाखो भई सहभागी हुनु पर्दछ भने निर्वाचन आयोग, सरकार र मतदातालाई आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्ने देखिन्छ।
- दलको आम्दानी र खर्चको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने। दलले आम्दानी र खर्चको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्नु पर्दछ। आफ्ना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।
- राजनीतिक हिंसालाई न्यूनीकरण गर्न दलहरुले संघ, प्रदेश र स्थानीय तहमा संयुक्त सञ्जालको निमार्ण गरी आचार संहिता पालना गर्ने गराउने वातावरण सिर्जना गर्नु पर्दछ। दलहरुको आन्तरिक सङ्गठनात्मक संरचना, निर्णय प्रक्रिया र व्यवस्थापनलाई प्रजातान्त्रिकरण गर्नु पर्दछ।
- स्थानीय तहको निर्वाचनमा उम्मेदवारहरूको छनौट गर्दा व्यक्तिको खर्च गर्ने क्षमतालाई हेर्दा निर्वाचनमा अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्न र खर्चलाई तोकिएको सीमाभित्र राख्न दलहरू उत्तरदायी हुनु आवश्यक छ।
- निर्वाचन आचार संहिता विपरित कुनै सामग्री प्रकाशन, प्रसारण भएमा वा सामाजिक सञ्जालमा पोष्ट गरिएमा वा निर्वाचन चिन्ह, झण्डा वा यस्तै सामग्री निषेधित स्थानमा राखिएमा उक्त कार्य सम्बन्धित दल वा उम्मेदवारले गरेको वा गराएको मानी तत्काल स्पष्टीकरण वा जरिवाना वा कानून बमोजिमको जुनसुकै कारवाही गर्न सकिने अनिवार्य व्यवस्था गरिनु आवश्यक छ।
- निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ।
- आयोगले स्वीकृत गरेको निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ का केही प्रावधानहरुलाई समय सापेक्ष सुधार गरी पर्यवेक्षणको विधि, प्रकृया र पर्यवेक्षण व्यवस्थापनलाई सरलीकृत गर्नु उपयुक्त हुने देखिन्छ।

## ७.२.४. पर्यवेक्षकहरूका लागि

- पर्यवेक्षणबाट निर्वाचन तुलनात्मकरुपमा स्वतन्त्र र निष्पक्षतापूर्वक भए नभएको कुरा जानकारी हुनाका साथै यसबाट निर्वाचनको विश्वसनीयता र निर्वाचनको परिणामको स्वीकारोक्ति स्थापित हुन सहयोग पुग्ने भएकोले मतदान केन्द्रको सम्पूर्ण प्रक्रियाको लगातार जानकारी राख्नुपर्ने हुन्छ। निर्वाचनपूर्व, निर्वाचनको अवधिभर र निर्वाचन पश्चातका पर्यवेक्षणका तरिका र विषयवस्तु फरक फरक हुन्छन्। पर्यवेक्षकले हचुवाका भरमा नभई निर्वाचन सम्बन्धी सम्पूर्ण कानूनहरुको अध्ययन गरी तयारी गर्नु आवश्यक हुन्छ।
- निर्वाचन आचार संहिताको पर्यवेक्षण गर्दा आफ्नो लागि समेत निर्वाचन आचार संहिता लागु हुन्छ भन्ने कुरा हेक्का राख्दै इमान्दारिताका साथ पालना गर्नु पर्दछ।
- यसका लागि पूरा समय पर्यवेक्षण गर्नु आवश्यक हुन्छ। अतः पर्यवेक्षण कार्यमा दोहोरोपना हटाई निर्वाचन प्रक्रियाको सम्पूर्ण जानकारी हासिल गर्न पर्यवेक्षण गर्ने संस्थाहरुबीच प्रभावकारी समन्वय स्थापित हुने व्यवस्था गर्नु पर्दछ। साथै, पर्यवेक्षकले निर्वाचनको सबै प्रक्रियाको पर्यवेक्षण गर्ने व्यवस्था हुनु पर्दछ।
- पर्यवेक्षकहरु तय गर्दा स्वतन्त्र, दक्ष, इमान्दार, जवाफदेही हुनसक्ने व्यक्तिको चयन हुनु पर्दछ। २५ वर्षको उमेरभन्दा माथिको र समावेशी गर्नु पर्दछ।

## ७.२.५. न्यायपालिकाका लागि

- निर्वाचन सम्बन्धी विवादको निरोपण छिटो गर्न विशेष बेञ्चको व्यवस्थापन गरी निर्वाचन प्रक्रियालाई अन्तिम रुप दिने वातावरण न्यायपालिकाले गर्नु पर्दछ।
- निर्वाचनसँग सम्बन्धित विवाद न्यायपालिकामा आएमा प्राथमिकताको साथ विवाद निरुपण गरी निर्वाचन कार्यमा सहजता ल्याउने वातावरण न्यायपालिकाको नेतृत्वले गर्नु पर्दछ।

## ७.२.६. आमसञ्चारका लागि

- तटस्थता र निश्पक्षता सञ्चारजगतको आत्मा हो जसलाई निर्वाचनका सन्दर्भमा दिइने सामग्रीमा पनि कायम राख्ने, कुनै दल वा उम्मेदवार विशेषलाई फाइदा वा हानी पुग्ने गरी समाचार प्रवाह नगर्ने, नेताहरुको घृणास्पद अभिव्यीक्ति र आपसमा कलह उत्पन्न गर्ने भाषणको प्रचारप्रसार नगर्ने तथा पत्रकार आचार संहिता अनुरुप उपरोक्त काम भए नभएको निरन्तर अनुगमन प्रेस काउन्सिलले गर्ने।
- निर्वाचनको समयमा राजनीतिक दलहरुले जारी गरेको घोषणापत्र, उम्मेदवारहरुले पालना गरेको आचार संहिता र निर्वाचन दिनको प्रक्रिया र मतगणनाको व्यवस्थापनमा जनताप्रति सही सूचना प्रवाह गर्ने दायित्व पत्रकारहरुको भएको हुँदा निर्वाचन प्रणाली र परिणामको विश्वसनीयतामा वृद्धि गर्न महत्वपूर्ण योगदान हुने गरी जिम्मेवारी वहन गर्ने।
- निर्वाचन आचार संहिता विपरित हुने गरी कुनै पनि राजनीतिक विज्ञापन वा प्रचार–प्रसार गर्न गराउन हुँदैन।
- प्रचलित कानून, आचार संहिता वा सामाजिक मर्यादा प्रतिकूल हुने कुनै सामग्री कुनै राजनीतिक व्यक्ति वा उम्मेदवारले भनेको भनी जस्ताको तस्तै प्रकाशन, प्रसारण गर्न गराउन हुँदैन।
- निर्वाचन कार्यत्र कममा सहयोग पुग्ने गरी सकारात्मक सूचना प्रवाह गर्ने र आचार संहितासँग सम्बन्धित सूचना प्रवाह गर्दा निर्वाचन आयोगले उल्लंघनकर्तालाई कानूनको दायरामा ल्याउनसक्ने वातावरण सृजना गर्नु पर्दछ।

परिच्छेद ८

# निर्वाचन सञ्जालका सुझावहरुको संक्षिप्त विवरण

स्थानीय तहको निर्वाचन पर्यवेक्षणमा ३७ वटा विभिन्न संस्थाहरुले पर्यवेक्षण गरेको जसमध्ये राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), शान्ति, न्याय तथा लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी), जेष्ठ जीवन बहुमूल्य प्रतिष्ठान (अंगालो) संस्थाहरुको सहकार्य र समन्वय भएको हुँदा सबै संस्थाहरुको सुझावलाई यसमा प्रस्तुत गरिएको छ।

## ८.१. राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) द्वारा दिएका सुझाव र सिफारिसहरू

- नेपाल सरकार
  - काम विशेषले बाहिर गएका वा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले मतदाता सूचीमा आफ्नो नाम समावेश गराउने र आफूले रोजेको उम्मेद्वारलाई सञ्चार प्रविधिको माध्यमद्धारा मतदान गर्न पाउने व्यवस्था गर्नेतर्फ अविलम्ब योजना बनाउने।
  - प्रतिस्पर्धात्मक लोकतान्त्रिक परिपाटीमा आवधिक निर्वाचनको मूल्य र मान्यतालाई अक्षुण्य राख्न अन्तर्राष्ट्रिय प्रचलन बमोजिम निर्वाचनको मिति तय गर्ने अधिकार संवैधानिक निकायको रूपमा स्थापित निर्वाचन आयोगलाई प्रदान गर्नुपर्ने कानून परिमार्जन गर्ने।
  - मतदान प्रक्रियामा प्रत्येक योग्य मतदाताको अधिकार सुरक्षित गर्न विशेषगरी निर्वाचनमा खटिने निकाय जस्तैः नेपाली सेना, सशस्त्र प्रहरी बल, जनपद प्रहरी, म्यादी प्रहरी, निर्वाचन कर्मचारी तथा निर्वाचन पर्यवेक्षकहरूलाई अग्रिम मतदान (Postal Voting) को व्यवस्था गर्ने कानून निर्माण गर्ने।
  - निर्वाचनको सेरोफेरोमा निर्वाचनलाई प्रभाव पार्ने गरी आचार संहिताद्वारा निषेधित विकास–निमार्णका नाममा हुने बजेटको दुरुपयोगमा रोक लगाउने।
  - सार्वजनिक पदधारण गरेका कुनै पनि व्यक्तिले निर्वाचनको सन्दर्भमा शक्ति र पदको दुरुपयोग गरेको पाइएमा जवाफदेही बनाई कानूनी दायरामा ल्याउने।
  - सार्वजनिक पदधारण गरेका कुनै पनि व्यक्तिले निर्वाचनको सन्दर्भमा शक्ति र पदको दुरुपयोग गरेको पाइएमा जवाफदेही बनाई कानूनी दायरामा ल्याउने।
- निर्वाचन आयोग
  - निर्वाचन आयोग निर्वाचन व्यवस्थापनमा समर्पित एक स्वतन्त्र संवैधानिक निकाय भएको हुँदा यसले राज्य संयन्त्रबाट हुन सक्ने कुनै पनि प्रकारका प्रत्यक्ष वा परोक्ष हस्तक्षेपको प्रभावमा पर्नबाट जोगिने। निर्वाचनको निम्ति आवश्यक कानून, आर्थिक सहायता एवं अन्य व्यवस्थापन अग्रिम रूपमा तय गर्ने।

- निर्वाचनमा लागत र समय दुवै घटाउन बदलिदो परिस्थिति र परिवेशलाई मूल्याङ्कन गरी समग्र निर्वाचन प्रक्रियालाई आधुनिक र प्रविधिमैत्री बनाउनुपर्ने। यस्तो प्रविधि प्रचलनमा ल्याउन आर्थिक, प्राविधिक, तत्परता, क्षमता र विश्वसनीयताको कसीमा यथेष्ट गृहकार्य गर्ने।

- मतदान प्रकृया जटिल तथा मतपत्र ज्यादै ठूलो हुनाले मतदाताहरु त्यस्तो ढाँचामा अभ्यस्त नभएको कारण मतदाता शिक्षालाई खासगरी पहिलो पटक मतदान गर्ने समूह तथा दुर–दराजका गाउँ–बस्तीका मतदातालाई लक्षित गरी थप प्रभावकारी बनाउनुपर्ने। मतदाता शिक्षामा गैसस, सञ्चार माध्यम, पेशागत, शैक्षिक र प्राज्ञिक तथा निर्वाचनसँग सम्बन्धित सस्थाहरुलाई समन्वय गरी थप प्रभावकारी बनाउने।

- मतदाता परिचय–पत्र त्रुटिरहित ढंगबाट निर्माण गरी प्रत्येक मतदाताको हातमा कम्तिमा एक हप्ता अगाडि अनिवार्य रूपमा पुऱ्याउने व्यवस्था गर्ने। तथा विगतका निर्वाचनमा मतदाता सूचीमा नाम उल्लेख भएका तर परिचय–पत्र प्राप्त गर्न नसकी कतिपय मतदाता मतदानबाट वञ्चित तथा परिचय–पत्र भए तापनि मतदाता सूचीमा नाम नहुँदा मतदानबाट विमुख हुन पुगेको अवस्थालाई गम्भीरतापूर्वक समीक्षा गर्ने।

- अपाङ्गतामा रहेका, महिला, जेष्ठ नागरिक लगायत अन्य विशेष आवश्यकता भएका मतदाताहरुको निम्ति सुरक्षा, सहजता एवं संवेदनशिलताको दृष्टिकोणले मतदानस्थलहरुमा आवश्यक सुविधाहरुको उचित प्रबन्ध गर्ने।

- आचारसहिंताको परिपालनामा देखिएको कमजोरीलाई सम्बोधन गर्न मूलतः राजनीतिक दल, उम्मेद्वार तथा कार्यकर्ताहरु जवाफदेही बन्नु पर्ने र उल्लंघनको घटनामा आयोगले अनुगमनलाई थप प्रभावकारी बनाइ दोषीलाई कारवाही गर्नु पर्ने।

- आगामी निर्वाचनहरु निर्भयपूर्वक सञ्चालन गर्न सुरक्षा संवेदनशील क्षेत्रहरुको आंकलन गरी थप विशेष सुरक्षा व्यवस्था मिलाउने।

- निर्वाचनमा जो व्यक्तिले उम्मेद्वारी दर्ता गरे, उम्मेद्वारी दिनेहरूको मात्र मतपत्रमा चुनाव चिन्ह राख्नु पर्ने। यसबाट स्वतन्त्र उम्मेद्वारप्रति न्याय हुनुका साथै मतपत्रको आकार पनि घट्छ तथा विगतका निर्वाचनमा मतदाता सूचीमा नाम उल्लेख भएका तर परिचय–पत्र प्राप्त गर्न नसकी कतिपय मतदाता मतदानबाट वञ्चित तथा परिचय–पत्र भए तापनि मतदाता सूचीमा नाम नहुँदा मतदानबाट विमुख हुन पुगेको अवस्थालाई गम्भीरतापूर्वक समीक्षा गर्ने।

- मतगणना प्रकृया अत्यन्त ढिलो, पट्यारलाग्दो एवम् समय–श्रोत खर्चिलो देखिएकोले भविष्यका निर्वाचनहरुमा वैकल्पिक व्यावहारिक विधि अवलम्बन गरी द्रुत गतिमा मतगणनाको नतिजा प्रकाशन गर्ने व्यवस्थामा मिलाउनु पर्ने।

- निर्वाचनको समयमा राजनीतिक दलका नेता, उम्मेद्वार तथा कार्यकर्ताद्धारा अवलम्बन गरिने डर, धाक, धम्की, त्रास र अनावश्यक प्रतिबद्धताको अन्त्य गरी जनविश्वास सिर्जना गर्नुपर्ने। निर्वाचनको समयमा हिंसामा संलग्न व्यक्ति वा समूह जो कोही भए पनि अनुसन्धानको दायरामा ल्याई कसुर अनुसार सजाय गरी दण्डहीनताको संस्कृति अन्त्य गर्नुपर्ने।

- निर्वाचनको समयमा राजनीतिक दलका नेता, उम्मेद्वार तथा कार्यकर्ताद्धारा अवलम्बन गरिने डर, धाक, धम्की, त्रास र अनावश्यक प्रतिबद्धताको अन्त्य गरी जनविश्वास सिर्जना गर्नुपर्ने। निर्वाचनको समयमा हिंसामा संलग्न व्यक्ति वा समूह जो कोही भए पनि अनुसन्धानको दायरामा ल्याई कसुर अनुसार सजाय गरी दण्डहीनताको संस्कृति अन्त्य गर्नुपर्ने।

- राजनीतिक दल

  - निर्वाचनमा जसरी पनि विजेता बन्नुपर्ने मानसिकता विद्यमान रहेको सन्दर्भमा पराजयलाई स्वीकार गरी लोकतान्त्रिक एवं सहिष्णु चरित्र प्रर्दशन गरी पराजयपश्चात् मतदाता, समर्थक र कार्यकर्तासँग प्रतिशोध लिने प्रवृत्ति रोक्नुपर्ने।

  - निर्वाचन प्रचार अभियानमा राजनीतिक दल, तिनका उम्मेद्वार तथा स्वतन्त्र उम्मेद्वार सहित जो कोहिले निर्वाचन खर्चको सीमा नाघ्ने कार्य नगर्ने तथा निर्वाचन खर्चको यथार्थ विवरण पेश नगरे कानून बमोजिम अनिवार्य रूपमा दण्डनीय हुनेमा प्रतिबद्ध हुने।

- बदलिँदो परिवेश, संवैधानिक एवं कानूनी प्रावधान बमोजिम राजनीतिक दलहरूमा समावेशी चरित्र निमार्ण गरी आन्तरिक लोकतान्त्रिक संस्कृति विकसित गर्दै निर्वाचनका सम्पूर्ण पक्षमा पारदर्शीता, जवाफदेहीता र जिम्मेवारी अवलम्बन गर्ने।
- कतिपय दलहरू वीच भएका असहज प्रकृतिका गठबन्धन र तालमेलका कारण कार्यकर्ता र समर्थकहरूमा नैराश्यता र बितृष्णा देखिएको हुदा यस्ता गठबन्धनहरु निरुत्साहित गर्नुपर्ने।
- राजनीतिक दलका घोषणपत्रहरु राष्ट्रियस्तरमा तयार नगरी स्थानिय आवश्यकता र स्थानिय उम्मेद्वारको हस्ताक्षर सहित प्रकाशित हुनुपर्ने । यस्ता घोषण पत्रहरु हुँदा प्रतिबद्यतामा काम नगर्ने जनप्रतिनिधिहरुलाई जनताले स्पष्टिकरण सोध्ने अधिकार सुरक्षित राख्नेछन्।

## ८.२. शान्ति, न्याय तथा लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प) द्वारा  दिएका सुझाव र सिफारिसहरू

संकल्प र डब्लुएनएफ–नेपालका सिफारिसहरूलाई चार मुख्य विषयगत क्षेत्रमा विभाजन गर्न सकिन्छः राजनीतिमा महिला, पहुँच, मतदाता शिक्षा र मतदाता दर्ता।

### राजनीतिमा महिला

स्थानीय तहको निर्वाचनले नेपाली महिलाको राजनीतिक परिदृश्य नै परिवर्तन गरेको छ। यद्यपि, अझै धेरै गर्न बाँकी छ। २०७४ को चुनावमा उपमेयर र गाउँपालिकामा उपाध्यक्षमा ९१% महिलाले जितेको तथ्य छ, तर प्रमुख पदहरूमा पुरुषहरूले ९८% – मेयर र अध्यक्षहरू जितेका छन् (निर्वाचन आयोग २०७४)। किनभने देशभरका ७५३ मेयर/अध्यक्ष पदहरूमध्ये १९० पदमा मात्रै महिला मेयर/अध्यक्षका लागि मनोनयन भएका थिए, अर्थात् कुल पदको २५% मात्रै। यो मुख्यतया दुई प्रमुख नेतृत्व पदहरूको लागि चयन र मनोनयन प्रक्रियामा खेलेको व्यापक पितृसत्तात्मक समाजीकरणलाई श्रेय दिन सकिन्छ। निर्वाचित महिला प्रतिनिधिहरूप्रति जनमानसको धारणा लैङ्गिक भूमिका र जिम्मेवारीहरूको आधारभूत संरचनाले ढाकिएको छ। अझै पनि नेपाली महिलाले समानुपातिक मनोनयन पाउन सक्ने एकमात्र माध्यम आरक्षित कोटा नै देखिन्छ। तर, यो चुनावमा गठबन्धन पार्टीले ३३ प्रतिशत कोटालाई कमजोर बनाएको छ।

नेपालको (महिला राजनीतिक नेतृत्व) को वर्तमान अवस्थाले केही विशिष्ट समस्याहरू सामना गरिरहेका छन् १) राजनीतिक दलहरूमा सदस्यको रूपमा सामेल हुने महिलाहरूको संख्या कम र स्थानीय र केन्द्रीय दुवै तहमा पार्टी नेतृत्वको भूमिकामा पुग्न तीमध्ये धेरै कम, २) नेतृत्वको भूमिकामा "प्रभावित र उच्च प्रोफाइल महिलाहरू" को वर्चस्वको विपरीत पार्टी स्तरबाट आएका महिलाहरू, र ३) अन्य क्षेत्रहरू (नागरिक समाज, कर्मचारीतन्त्र, प्राज्ञ आदि) बाट पार्टीमा पार्श्व प्रवेश र उम्मेदवारको रूपमा राष्ट्रिय/स्थानीय निर्वाचन प्रक्रियामा पार्टीको प्रतिनिधित्व गर्ने।

यो चुनावमा गठबन्धन पार्टीले बहुमत पुरूष उम्मेदवारलाई उम्मेदवार दिएपछि, यो स्पष्ट छ कि अर्को चुनाव अघि सम्बोधन गर्नुपर्ने प्रमुख मुद्दाहरू मध्ये एक राजनीतिमा महिलाको लैङ्गिक असमानता हो। संयुक्त दललाई बहुमतीय पुरुष उम्मेदवारहरू उम्मेदवार बनाउन अनुमति दिँदा स्थानीय तहको राजनीतिमा महिला राजनीतिज्ञहरूको संख्यामा निकै कमी आएको छ – महिला नेतृत्वको अधीनमा रहेका जिल्लाहरूले विगत ५ वर्षमा सबैभन्दा बढी विकास र प्रगति गरेको देखिन्छ।

यो मुद्दालाई प्रकाशमा ल्याउने र यसको विरुद्धमा उभिने जिम्मेवारी महिला संघसंस्था र महिला वकिलहरूको मात्र होइन, निर्वाचन आयोग, NEOC, GEOC र अन्य मुख्यतः पुरुष संस्थाहरू जस्ता शासक निकायहरूको पनि हो। महिला नेतृत्व र समानताले हामी सबैलाई फाइदा गर्छ। थप रूपमा, GESI विशेषज्ञ भएका लैङ्गिक सल्लाहकार निर्वाचन आयोग नेपालको मुख्य टोलीको एक हिस्सा हुनुपर्छ। लैङ्गिक सल्लाहकारको जिम्मेवारी निर्वाचन आयोग नेपाल नीति र निर्देशनहरूमा लैङ्गिक मूलप्रवाह सुनिश्चित गर्ने र निर्देशित गर्ने हो, जस्तै गर्भवती महिलाहरू, बच्चाहरू भएका महिलाहरू र महिला उम्मेदवारहरू र महिलाहरूको सहभागिताको वकालत गर्ने।

केन्द्रीय, जिल्ला र स्थानीय तहका सबै निर्वाचन कर्मचारीहरूलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक समानताका लागि ज्ञान, सीप र मनोवृत्ति समेट्ने अनिवार्य तालिम र कार्य योजनाले मतदान प्रक्रियामा लैङ्गिक मित्रता बढाउन सक्छ। यी तालिमहरूमा कार्य योजना, भूमिका विवरणहरू, सबै निर्वाचन कर्मचारीहरू, मतदान कर्मचारीहरू, सुरक्षाकर्मीहरूका लागि चेक–लिस्टहरू तालिमहरूबाट सिक्ने र् अभ्यासमा राखिएको सुनिश्चित गर्नका लागि पनि हुनुपर्छ। लैङ्गिक स्टिरियोटाइपहरूलाई सम्बोधन गर्न सचेतना प्रशिक्षणले महिलाको सहभागितालाई मतदाताको रूपमा मात्र नभई उम्मेदवार र अधिकारीहरूको रूपमा पनि सुधार गर्न सक्छ।

महिला दर्ता र मतदानको विश्लेषण र मूल्याङ्कन गर्नको लागि निर्वाचन आयोग नेपालको लागि यौन–विच्छेदन गरिएको डाटा अनिवार्य छ। यो विश्लेषण र मूल्याङ्कन भविष्यको चुनावको योजना सुधार्न प्रयोग गर्न सकिन्छ।

## पहुँच

यस चुनावमा ज्येष्ठ नागरिक, विभिन्न अपाङ्ग भएका नागरिक र महिलाहरूको पहुँचको स्तर अझै न्यून थियो । महिला मतदाताहरूका लागि पर्यवेक्षकहरूले ध्यानाकर्षण गरेको एउटा मुद्दा मन्दिरहरू भएका मतदान स्थलहरूमा मतदान गर्न पहुँच नहुनु थियो। त्यहाँ महिलाहरू थिए जसले मतदान गरेनन् किनभने तिनीहरू आफु महिनावारी भएका थिए र उनीहरूको मतदान स्थान मन्दिरमा थियो। महिला मतदाता बढाउनको लागि मन्दिरहरूलाई मतदान गर्ने ठाउँका रूपमा हटाउने दृढतापूर्वक सिफारिस गरिनु पर्छ।

साथै, मतदान केन्द्रहरू पनि बालमैत्री हुनुपर्छ। महिलाले भोट हाल्न घण्टौं लाइनमा बस्नुपर्छ भनेर आफ्ना छोराछोरीलाई छोडेर जादैनन्। आमाहरुलाई स्पष्ट विवेक र दिमागका साथ मतदान गर्न सक्षम हुनका लागि निर्वाचन अधिकारीहरूले मतदान क्षेत्रमा बालबालिकाहरूलाई समायोजन गर्नुपर्छ। यसका लागि निर्वाचन अधिकृत, मतदान केन्द्रका कर्मचारी र प्रहरीलाई लैङ्गिक संवेदनशीलता तालिममा समावेश गर्न सिफारिस गर्नुपर्छ।

जेष्ठ नागरिक र अपाङ्ग भएका नागरिकका लागि निर्वाचन केन्द्रहरू अझ बढी पहुँचयोग्य हुनुपर्छ। त्यहाँ धेरै घटनाहरू थिए, जसमा मानिसहरूले आफ्नो व्हीलचेयर छोड्नुपरेको थियो वा एक बुथबाट अर्को बुथमा हिंड्नुपरेको थियो किनभने उनीहरूलाई गलत मतदान बुथमा जान भनिएको थियो। यसले मतदाताहरू, विशेष गरी वृद्ध र भिन्न रूपमा अपाङ्ग भएकाहरूमा धेरै निराशा पैदा गरेको छ। थप रूपमा, वृद्ध र फरक क्षमता भएका व्यक्तिहरूलाई मतदान गर्न मद्दत गर्न आएका मानिसहरूले उनीहरूलाई पर्खन सकेनन् (वृद्धा र फरक क्षमता भएकाहरूलाई उनीहरूले मतदान गरेपछि प्रतीक्षा क्षेत्रमा छोड्न बाध्य पारिएका थियो। यसले उनीहरूको सहयोगको खाँचो परेका नागरिकहरूलाई धेरै असुविधा ल्यायो।

छोराछोरीलाई छोडे जस्तै, बुढापाकाहरूलाई उनीहरूले मतदान गरेपछि चाँडै छोड्न बाध्य भए तापनि उनीहरू आफैंले राम्ररी हिँड्न नसक्ने भएकाले उनीहरूका सहयोगीहरू मतदान गरिसकेका थिएनन् । महिला, ज्येष्ठ नागरिक र विभिन्न अपाङ्ग भएका नागरिकले सुरक्षित र मर्यादाका साथ मतदान गर्न सक्ने गरी निर्वाचन आयोगले यस्ता संवेदनशीलता तालिमहरू सञ्चालन गर्नुपर्छ।

## मतदाता शिक्षा

मतदान गर्दा नागरिकहरूको सबैभन्दा ठूलो समस्या भनेको उनीहरूलाई मतदान कसरी गर्ने भनेर थाहा थिएन। स्नातकोत्तर तह उत्तीर्ण गरेकाले पनि निर्वाचन पर्यवेक्षक समक्ष जटिल भोटिङ पेपरमा निराशा व्यक्त गरेका छन्। अर्को निर्वाचन अघि नागरिकलाई आफ्नो मतदानको अधिकार, मतदान कसरी गर्ने र आफ्नो नागरिक कर्तव्य बारे राम्ररी जानकारी गराउनु महत्त्वपूर्ण छ। हामीले आगामी चुनावका लागि अवैध भोटको संख्या घटाउनुपर्छ।

मतदाता शिक्षाको सन्देश स्पष्ट, संक्षिप्त र पढ्न र बुझ्न सजिलो हुनुपर्छ।

विशेष गरी महिला र अशिक्षित/अर्ध–साक्षर मतदाताहरूलाई मतको गोपनीयताको महत्वलाई सचेत गराउनुपर्छ। यसले महिलाको स्वतन्त्रता बढाउँछ मतदान गर्ने अधिकार महिलाहरूलाई मतदाता मात्र नभई अधिकारी र उम्मेदवारको रूपमा सकारात्मक भूमिकामा चित्रण गर्ने महिला सहभागितालाई सुदृढ गर्न मद्दत गर्नेछ । विशेष गरी ग्रामीण क्षेत्र र बीचमा मतदाता शिक्षित अशिक्षित/अर्ध–साक्षर मतदातालाई आधारभूत तालिम वार्ड वा मतदान केन्द्र मार्फत गर्न सकिन्छ। कम्तिमा चुनावको दिन भन्दा केही महिना अघि दर्ता र मतदानको महत्व बारे जानकारी दिन महिला प्रशिक्षक र सहजकर्ताहरूको प्रयोग गरेर महिलाहरूलाई मात्र केन्द्रित समूहहरू विचार गर्न सकिन्छ। यो आधारभूत तालिमले मतदाताको अधिकार र कर्तव्य, निर्वाचन प्रक्रिया, राजनीतिक प्रणाली, आचार संहिता, मतपत्र, मतदान प्रक्रिया आदिलाई समेट्नुपर्छ। यस्ता तालिमहरु मार्फत संवैधानिक अधिकार र कर्तव्यको सचेतनाले भ्रष्टाचार र हेराफेरीको सम्भावना पनि कम हुन्छ। मतदाता शिक्षालाई जोड दिँदा महिला र पुरुष र महिलालाई एकसाथ लक्षित गर्नुपर्छ।

महिला सहभागितालाई प्रोत्साहित गर्न निर्वाचन आयोग नेपाल र बाह्य साझेदारहरू जस्तै गैरसरकारी संस्था/आईएनजीओ र महिला समूहहरूद्वारा सबै उमेर समूहहरू र अशिक्षित/अर्ध साक्षर मतदाताहरूलाई लक्षित लैङ्गिक संवेदनशील मतदाता शिक्षा सञ्चालन गर्न सकिन्छ। निर्वाचन प्रक्रियामा महिलाको अधिकारप्रति पुरुष पनि सचेत हुनुपर्छ। निर्वाचन आयोग नेपाल नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय, गैरसरकारी संस्थाहरू सबैले लैङ्गिक संवेदनशील मतदाता र महिलाहरूलाई मतदाताको रूपमा र पदको उम्मेदवारको रूपमा राजनीतिक प्रक्रियाहरूमा भाग लिन प्रोत्साहित गर्ने नागरिक शिक्षाको प्रचारप्रसारमा संलग्न हुनुपर्छ। नागरिक समाज समूहहरूको प्रायः देशभरका अल्पसंख्यक समूहहरूमा राम्रो पहुँच हुन्छ । पिछडिएको क्षेत्रका अल्पसंख्यक समूहका पुरुष र महिलाहरूलाई मतदाता र नागरिक शिक्षा कार्यक्रमबाट वञ्चित गर्नु हुँदैन । निर्वाचनका लागि मतपत्रको डिजाइनलाई मतदातामैत्री बनाउन पुनः डिजाइन गर्नुपर्छ।

### मतदाता दर्ता र व्यवस्थापन

मतदाता शिक्षा जस्तै, मतदाता दर्ता प्रक्रिया पनि स्पष्ट, संक्षिप्त र प्रक्रियामा सजिलो हुनुपर्छ। अहिलेको मतदाता दर्ता प्रक्रियामा भएको परिवर्तनका कारण, मतदान गर्न नपाउने धेरै व्यक्तिहरू थिए, विशेष गरी ज्येष्ठ नागरिकहरू जो पहिलेको प्रणालीमा अभ्यस्त थिए र परिवर्तनको बारेमा थाहा थिएन।

ठूला मतदान क्षेत्रहरूमा पनि धेरै अन्योल थियो, विशेष गरी काठमाडौंमा, कुन बुथमा जाने मानिसहरू एक बुथबाट अर्को बुथमा धेरैले जानुपर्‍यो, धेरै हिँड्न नसक्ने वृद्धहरू पनि एक बुथबाट अर्को बुथमा जानु परेको थियो । यसले नागरिकहरूमा धेरै निराशा पैदा गरेको छ किनभने तिनीहरूलाई अरुको सहयोग लिनु पर्ने थियो । पहिलो लाइनमा फर्कन मात्र एक मतदान केन्द्रबाट अर्कोमा गोठालो गरिरहनुपरेको थियो ।

थप रूपमा, यो नोट गरिएको थियो कि केहि बुथहरूले नागरिकता वा मतदाता परिचय पत्रको ई– प्रतिलिपिहरू अनुमति दिएका थिए, तर फोटोकपी दिएको थिएन जबकि सबै ठाउँमा यो नियम लागु थिएन, त्यसैले सबै निर्वाचन बुथहरूले समान प्रक्रियाहरू अवलोकन गर्नुपर्दछ र मतदान गर्न समान कागजातहरू स्वीकार गर्नुपर्छ। मतदाताले आफ्नो नागरिकता कार्ड वा मतदाता परिचयपत्र ल्याउन आवश्यक छ ? वा दुबै ? के स्वीकार्य छ र के छैन भन्ने कुनै केन्द्रीकृत समझ थिएन, निर्वाचन अधिकारी र मतदान केन्द्रका कर्मचारीहरूले के अनुमति दिने भनेर निर्णय गर्ने। यो पनि नागरिकहरूलाई उनीहरूको मतदाता शिक्षाको भागको रूपमा व्यापक रूपमा साझा गर्नुपर्दछ।

## ८.३. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा दिएका सुझाव र सिफारिसहरू

विद्युतीय मतदान नभएका कारण मतदान कार्य पनि निकै समय लाग्ने र त्यसबाट आउने परिणाम घोषणा पनि समयमा नै गर्न नसकिने अवस्थाको सिर्जना भयो। मतपत्र निकै लामो हुँदा चाहेको उम्मेदवारको चिन्ह खोज्नै समय लागेको मतदानबाट फर्केकाहरूले बताए। मतगणनामा देखिएको झञ्झटबाट आगामी दिनमा प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षका लागि छुट्टै र वडाका प्रतिनिधिहरूका लागि छुट्टै मतपत्रको व्यवस्थापन गर्नुपर्दछ।

## निर्वाचन आयोगलाई

- मतदाता शिक्षा निरन्तरको प्रक्रिया भएकाले निर्वाचन हुँदा वा नहुँदा सम्बन्धित निर्वाचन कार्यालयहरूले मतदाता शिक्षाको कामलाई निरन्तर सञ्चालन गर्नु पर्दछ।
- निर्वाचन आचार संहिता कामयाबी हुनु आवश्यक छ। आचार संहिता तय गर्दा सम्बन्धित सरोकारवालासँगको छलफललाई बढाउने र जारी आचार संहिता अक्षरशः कार्यान्वयन हुने वतावरण तय गर्नु पर्दछ।
- निर्वाचन आयोगले निर्वाचन तालिका अनुसार काम गर्नुपर्दछ नकि सरकारले भने अनुसार। समयमा नै काम सक्ने गरी निर्वाचनसँग सम्बन्धित कामको तालिका बनाएर सोही अनुसार अक्षरस पालना गर्नु पर्दछ।
- मतदाता नामावली आवधिक रुपमा अद्यावधिक गर्ने र यसलाई व्यवस्थित रुपमा राख्नुका साथै नामावलीमा देखिएका प्राविधिक त्रुटिहरू हटाउन स्थानीय स्तरमै रुजु गर्नुपर्दछ।
- मतदान केन्द्रको व्यवस्थापनमा अझ ध्यान दिनुपर्छ। (उदाहरणको लागि घामपानी छेक्ने त्रिपाल बलियो खालको हुनुपर्ने र त्यसलाई स्थापना गर्दा बलियो गरी बनाउनुपर्छ।)
- गोप्य मतदान गर्ने स्थानलाई अरुले नदेख्ने गरी व्यवस्थापन गर्नुपर्छ।
- मतदाताको परामर्शका लागि सबै मतदानस्थलमा हेल्प डेस्कु व्यवस्था गर्नु पर्दछ।
- अनुगमन र पर्यवेक्षणका लागि सामाजिक सङ्घसंस्थासँगको सहकार्य र सहभागितामा वृद्धि गर्नु पर्दछ। पर्यवेक्षण र पर्यवेक्षका कार्यलाई निर्वाचनकै गतिविधिका रूपमा राखी झञ्झटिलो र कसिलो प्रावधान राख्नु हुँदैन।
- विषयकेन्द्रीत काम गर्ने सामाजिक सङ्घसंस्थालाई सोही अनुसारको पर्यवेक्षण र अनुगमनको अनुमति दिनु पर्दछ। (जस्तैः बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाले बालबालिकाको मात्रै, महिलाको क्षेत्रमा काम गर्ने संस्थाले महिलाको मात्रै सरोकारको पर्यवेक्षण गरी सोही अनुसारको प्रतिवेदन र सुझाव दिन सक्छन्।)
- मतदाता शिक्षाका लागि सामाजिक सङ्घसंस्थासँग निर्वाचन आयोगले हातेमालो गर्नु पर्दछ।

## सरकार, राजनीतिक दल तथा उम्मेदवारलाई

- स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउनु पर्दछ।
- आफ्ना कुरा प्रष्ट राख्ने तर अरु दल र उम्मेदवारलाई गालीगलौज गर्नु हुँदैन।
- उम्मेदवार छनोटको प्रक्रिया लोकतान्त्रिक र पारदर्शी बनाउनु पर्दछ।
- निर्वाचन खर्चको पारदर्शिताको सुनिश्चितता प्रदान गर्नु पर्दछ।
- आफ्ना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।
- निर्वाचनको मितिलाई संवैधानिक सुनिश्चितताका लागि संसदमा संशोधन प्रस्ताव पेश गर्नुपर्दछ।
- निर्वाचनलाई विद्युतीय मतदानको व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ।
- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाताको बिना त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था भरपर्दो बनाउनु पर्दछ।
- जसरी पनि चुनाव जित्नुपर्ने मानसिकताले लोकतन्त्र प्रदुषित बनाउँछ। तसर्थ, सङ्गठनलाई चलायमान गरी उम्मेदवारको तय गर्नु पर्दछ।

- उम्मेदवार चयनका लागि अवाञ्छित कसरतको अन्त्य गर्नु आवश्यक छ। स्थानीय पार्टी कमिटीलाई निकम्मा सावित गर्ने नभइ स्थानीय स्तरबाटै उम्मेदवारी चयनको व्यवस्था गर्नुपर्दछ।
- विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा मतदाता शिक्षालाई समावेश गर्नु आवश्यक छ।

### संसदलाई

- निर्वाचनको मितिलाई संवैधानिक सुनिश्चितताका लागि संविधान संशोधनको बाटो खुला गर्नुपर्दछ। (जस्तै २०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भयो भने पाँच वर्ष पुग्ने वैशाख महिनामा निर्वाचन गर्ने व्यवस्था मिलाउन सकिन्छ।)

## ८.४. निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) नेपाल द्वारा दिएका सुझाव र सिफारिसहरू

१) आचार संहिता सम्बन्धमा

- आचार संहिताको व्यापक उल्लंघनलाई रोक्न स्थानीय तहको सहभागितामा सरल, संक्षिप्त र व्यावहारिक आचार संहिता निर्माण गर्नुपर्ने आवश्यक देखिन्छ।

२) मतदाता शिक्षा सम्बन्धमा

- मतदाता शिक्षालाई नागरिक शिक्षाको अभिन्न अंग बनाउनकालागि माध्यामिक तहको पाठ्यक्रममा समावेश गरी अतिरिक्त कृयाकलापको रुपमा सञ्चालन गर्ने,

३) मतदाता नामावली सम्बन्धमा

- निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा मृत्यु भईसकेका मतदाताहरुको नाम समेत यथास्थितिमा देखिएको, दोहोरिएको र सो को अनधिकृत प्रयोग गर्न प्रयास समेत गरेको देखिंदा, मृत्यु भएका मतदाताहरुको नाम मतदाता नामावलीबाट हटाई अद्यावधिक गर्नुपर्ने,

४) मतदानस्थल सम्बन्धमा

- मतदान अधिकृतले मतदान केन्द्रको छनौट तथा निर्माण गर्दा विशेष ध्यान दिनुपर्ने,
- वृद्ध, असहाय, दुर्बल, बिरामी र शारिरीक असक्त मतदाताहरुको लागि मतदानस्थलमा विशेष हेरचाहको व्यवस्था मिलाउनु पर्ने,
- मतगणना स्थलको संख्या बढाउनुपर्ने

५) मतपत्र सम्बन्धमा

- लामो, ठूलो, र धेरै चिन्हहरु भएको मतपत्रको कारणले मतदाताहरुलाई असुविधा परेको र मत बदरको संख्या बढी हुनुमा यसैलाई प्रमुख कारक तत्वकोरुपमा मानिएको हुदा भोटिङ मेसिनको प्रयोग गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन सहित अन्य विकल्पको समेत अध्ययन गरिनु आवश्यक छ,
- मतपत्रमा उम्मेदवार नभएका व्यक्तिको चुनाव चिन्ह हटाई, मतपत्रहरु सातवटा प्रदेशस्थित निर्वाचन आयोगको कार्यालयबाट छाप्ने व्यवस्था मिलाउन पर्ने। यसो गर्दा मतपत्र सानो हुनेछ, ढुवानी सरल हुन्छ, भोट बदर हुने सम्भावना न्यून हुन्छ र समग्रमा निर्वाचन खर्च न्यून हुन्छ।

६) समावेशिता तथा सहभागिता सम्बन्धमा

- प्रमुख तथा उपप्रमुख मध्ये १ जना महिला हुनुपर्ने कानूनी व्यवस्थामा थप परिस्कृत तथा परिमार्जन गर्न आवश्यक देखिएको हुँदा यथाशिघ्र कानूनी सुधारको पक्षमा जानुपर्ने,

- समावेशितामा नाम भएको कारणले गर्दा उम्मेदवारी दर्ता गर्नमा विलम्ब हुन गएको र विवाद सिर्जना हुँदा उक्त कानूनि व्यवस्था अव्यावहारिक देखिएकोले संसोधन गरिनु आवश्यक छ,
- महिला प्रतिनिधित्वको लागि बाधक कानूनी छिद्रहरुको निरुपण गर्ने, यसको लागि राजनीतिक दलहरुलाई महिला प्रतिनिधित्वको लागि बढी जवाफदेही बनाउने,

७) सुरक्षा सम्बन्धमा

- म्यादी प्रहरीको स्थानमा छोटोसमयको लागि सुरक्षा स्वयम्सेवकको व्यवस्था गर्नु उपयुक्त हुने।

८) स्वास्थ सम्बन्धमा

- सबै निर्वाचन क्षेत्रहरुमा स्वास्थ्य केन्द्र रहेको नै हुँदा मतदानस्थलमा हेल्थ डेस्कको व्यवस्थापन गर्नु पर्ने,

९) मतगणनास्थल तथा मतगणना सम्बन्धमा

- मतपरिणाम आउन धेरै नै समय लाग्ने भएको हुँदा, मतदान केन्द्रमै मतगणनाको व्यवस्था मिलाउनुपर्ने,

१०) सामाजिक सञ्जाल प्रयोग सम्बन्धमा

- सामाजिक सञ्जालको प्रयोगमा केहि छाडापन देखिएको र प्रचारबाजी (Propoganda) सामग्रीको प्रयोगसमेत भएको पाईएको हुँदा यस किसिमको छाडा प्रवृत्तिलाई नियन्त्रणको लागि प्रविधिकै सहायताले अनुगमन, नियन्त्रण तथा दण्ड व्यवस्थालाई प्रभावकारी बनाईनु पर्ने,

११) विविध

- निर्वाचन मिति घोषणा भएपछि कुनै कारणवस् मतदानको दिन उपस्थित हुन नसक्ने अवस्था हुनेहरुको लागि वा महिला, वृद्ध, अपाङ्गहरुको सुविधाको लागि पूर्वमतदान (Early Voting system) को व्यवस्था मिलाउने,
- दृष्टिविहिन, शारीरिक अशक्त, वृद्ध, रोगीहरु स्वयम्ले मतदान गर्न असक्त भई सहयोगी माग गरेमा मतदान अधिकृतले एकाघरका सदस्यलाई त्यस्तो सहयोग गर्न स्वीकृति दिने (Assist Vote) प्रावधानको नियतवश दुरुपयोग गरेको पाइयो। यस प्रावधानको प्रभावकारी प्रयोगको लागि निर्वाचन नियमावलीमा पुनरावलोकन आवश्यक देखिन्छ,
- विदेशमा भएका मतदाताहरुको लागि मतदानको अधिकार प्रयोग गर्न पाउने अधिकारको सुनिश्चितताको लागि आधुनिक सूचना प्रविधिको उचित प्रयोग गर्ने तर्फ सोच्नु पर्ने,
- सर्वोच्च अदालतले समेत निर्णय गरिसकेको आधारमा राइट टु रिजेक्ट अथवा नो भोटलाई स्थायीरुपमा मतपत्रमा समावेश गर्न आवश्यक पहल गर्ने,
- यो पटकको निर्वाचनमा कुनै कुनै स्वतन्त्र उम्मेदवारले प्रयोग गरेको राष्ट्रिय झण्डाको विषयलाई लिएर विवाद सिर्जना गर्न प्रयत्न गरिएको देखिएको हुदा राष्ट्रिय झण्डा प्रयोगको सम्बन्धमा राष्ट्रिय कानूनको निर्माण गरेर व्यवस्थित गरिनु पर्ने साथै यस सम्बन्धमा कानूनी मस्यौदा तयार गर्ने निकाय अरु कुनै हुने भएकोले निर्वाचन आयोगले तत्कालको लागि आवश्यक नीति निर्माण गर्ने,

## ८.५. जेष्ठ जीवन बहुमूल्य प्रतिष्ठान (अंगालो) द्वारा दिएका सुझाव र सिफारिसहरू

- निर्वाचनमा खटिएका कर्मचारीहरु तथा सुरक्षाकर्मीहरु मतदानबाट वञ्चित हुनुपर्ने अवस्था भएकोले उनीहरुको मताधिकार सुनिश्चित गर्नका लागि पनि राज्यले हरेक नागरिकले मतदान गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ।

- आगामी निर्वाचनमा विद्युतीय निर्वाचन प्रणाली व्यवस्था गर्नको लागि पनि सरकारले ध्यानाकर्षण गर्नु पर्ने आवश्यक रहेको छ। यस व्यवस्थाले जेष्ठ नागरिक, अपाङ्ग लगायत विशेष आवश्यकता भएका व्यक्तिहरुलाई धेरै सहज हुने र बदर मतको संख्या पनि न्यून हुने धेरै सम्भावना हुनेछ।
- निर्वाचनका लागि खटिएका मतदान अधिकृत लगायत अन्य कर्मचारीहरुका लागि पनि पर्यवेक्षणको विषयमा अभिमुखी गरिनु पर्दछ। यसो गरिएको खण्डमा निर्वाचनमा खटिएका कर्मचारीहरुलाई पर्यवेक्षकको भूमिका र पर्यवेक्षण सम्बन्धी समान स्पष्ट बनाउने र समान धारणा बनाउँन सहयोग मिल्दछ।
- निर्वाचन आयोग नेपालले पर्यवेक्षण सम्बन्धी विस्तृत रुपमा पर्यवेक्षक गर्ने संस्थाहरुलाई प्रशिक्षण दिन जरुरी देखिएको छ। जसले गर्दा आगामी निर्वाचनमा पर्यवेक्षण कार्य अझ प्रभावकारी हुनेछ।
- निर्वाचनको क्रममा हुन सक्ने विभिन्न किसिमका घटनाहरु रिपोर्ट गर्नका लागि व्यवस्था गरिएको कल सेन्टरलाई प्रभावकारी बनाउनुका साथै यस विषयमा व्यापक रुपमा जन समूदायलाई जानकारी गराउँनु पर्ने देखिएको छ।
- मतदान स्थल छनोट गर्दा जेष्ठ नागरिक, अपाङ्ग मैत्री भएको स्थान छनोट गर्नुपर्ने अत्यावश्यक देखिन्छ। साथै सो स्थलहरुमा पूर्वाधारहरु (जस्तै :भवन, ह्वीलचियर, रेलिङ्ग आदि) जेष्ठ नागरिक, अपाङ्ग लगायत विशेष आवश्यकता भएका व्यक्तिहरुलाई लक्षित गरिनुपर्ने देखिन्छ।
- जेष्ठ नागरिक, अपाङ्ग लगायत विशेष आवश्यकता भएका मतदाताहरुका लागि मतदान गर्ने क्रममा आवात जावतको लागि आधिकारिक निकायबाट सवारी साधनको व्यवस्था गर्नु पर्दछ।
- जेष्ठ नागरिक, अपाङ्ग लगायत विशेष आवश्यकता भएका मतदाताहरुका लागि मतदान स्थलभित्र व्यवस्थित विश्राम स्थलको व्यवस्था गरिनु पर्ने देखिएको छ।
- निर्वाचन आयोग नेपालले जेष्ठ नागरिक मतदाताको संख्या खण्डीकृत गरी जेष्ठ नागरिक मतदाताको सहभागिताको अवस्था के–कस्तो रहेको बारे जानकारी गराउँदा जेष्ठ नागरिकका क्षेत्रमा कार्यरत संस्थाहरु र निर्वाचन आयोग नेपाललाई यो विषय वस्तु विश्लेषण गर्न उपयोगी र महत्वपूर्ण हुने छ। साथै जेष्ठ नागरिक मतदाताहरुले कुनै पक्षको दवाबले गर्दा मतदान गरेका हुन् वा मतदान गर्ने क्रममा कुनै किसिमको कठिनाई भोग्नु परेको अवस्था थियो कि भन्ने बारे सम्बन्धित निकायले अध्ययन/अनुसन्धान गरेको खण्डमा आगामी निर्वाचन जेष्ठ नागरिक मैत्री बनाउन सकिने छ।
- मतदाता दर्ता तथा परिचयपत्र वितरण प्रक्रियालाई व्यवस्थित गर्न मतदाता नामावली दर्ता प्रक्रिया प्रभावकारी बनाईनुका साथै सहज रुपमा मतदाताहरुले दर्ता गर्ने र समयमानै मतदाता परिचयपत्र प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने आवश्यक छ।
- निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक गरी नागरिकलाई सूचित गर्नुपर्ने आवश्यक देखिन्छ।
- मतदानको क्रममा मतदाताहरु लामो समयसम्म पंक्तिमा बस्नु पर्ने भएको कारणले गर्दा घाम पानीबाट बच्नका लागि आवश्यक व्यवस्था गर्नु पर्दछ।
- मतदान शिक्षा एकदम प्रभावकारी र व्यापक रुपमा समूदायस्तर सम्म पुर्‍याउनु जरुरी रहेको छ।
- अहिलेको स्थानीय निर्वाचनमा मतपत्र भद्दा भएको र बुझ्न पनि अप्ठ्यारो हुनुका साथ मतपत्र ठुलो भएकोले पट्याएर मतपेटिकामा हाल्न असहज भएको गुनासो धेरै मतदाताहरुले गरेको कारणले अब आउने निर्वाचनमा मतदातामैत्री मतपत्रको व्यवस्था गर्नुपर्ने कुरामा निर्वाचन आयोगको ध्यानाकर्षण हुन जरुरी देखिन्छ।
- हरेक मतदान स्थलहरुका स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन गर्नुपर्ने आवश्यक रहेको छ। स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य संयमसेवक, एम्बुलेन्स, आकस्मिक स्वास्थ्य उपाचरका समानहरु हरेक स्थलहरुमा व्यवस्थापन हुनु पर्दछ।

# अनुसूचीहरू

आम निर्वाचन पर्यवेक्षण समिति

# पर्यवेक्षणमा संलग्न व्यक्तिहरूको नामावली

## राष्ट्रिय पर्यवेक्षकहरू

| क्र.स | नाम | पेशा | पर्यवेक्षण जिल्ला |
|---|---|---|---|
| **नेपाल कानून समाज** | | | |
| १ | श्री तीर्थमान शाक्य | अध्यक्ष, नेपाल कानून समाज | ललितपुर |
| २ | श्री उदय नेपाली श्रेष्ठ | पूर्व कानून सचिव | मोरङ |
| ३ | श्री अनिता जोशी | वरिष्ठ अधिवक्ता, पूर्व न्यायाधीश | सुनसरी |
| ४ | श्री श्याम खत्री | अधिवक्ता | भक्तपुर |
| **संविधान निगरानी समुह** | | | |
| ५ | श्री कल्याण श्रेष्ठ | पूर्व प्रधान न्यायाधीश | काठमाण्डौ, भक्तपुर, ललितपुर |
| ६ | श्री सुशिला कार्की | पूर्व प्रधान न्यायाधीश | काठमाण्डौ, भक्तपुर, ललितपुर |
| ७ | डा. ऋषिकेश वाग्ले | डीन, कानून संकाय, काठमाण्डौ विश्वविद्यालय | काठमाण्डौ, भक्तपुर, ललितपुर |
| **नेपाल नागरिक मञ्च** | | | |
| ८ | श्री सुनीता मल्ल गुरुङ | नागरिक समाज | काठमाण्डौ, कास्की |
| ९ | श्री तीर्थ नारायण सुवेदी | नागरिक समाज | दोलखा |
| १० | श्री तुलसीराम वली | सह प्राध्यापक | इलाम, झापा |
| **ग्रामीण विकास प्रतिष्ठान** | | | |
| ११ | श्री सुनीता रेग्मी | वरिष्ठ अधिवक्ता,<br>कोषाध्यक्ष–ग्रामीण विकास प्रतिष्ठान | काठमाण्डौ, नुवाकोट |
| १२ | श्री शिव कुमार श्रेष्ठ | अधिवक्ता, सचिव, ग्रामीण विकास प्रतिष्ठान | गोरखा |
| १३ | श्री उषा मल्ल | वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत | रौतहट |
| **असहाय सेवा केन्द्र** | | | |
| १४ | श्री विष्णु माया भुषाल | अधिवक्ता, सर्वोच्च अदालत | रुपन्देही |
| १५ | श्री सविता बराल | वरिष्ठ अधिवक्ता, असहाय सेवा केन्द्र | रौतहट |
| १६ | श्री कमल श्रेष्ठ | अधिवक्ता | धनकुटा |
| **पूर्व कर्मचारी सेवा परिषद्** | | | |
| १७ | श्री बालकृष्ण प्रसाई | अध्यक्ष | काठमाण्डौ |
| १८ | श्री भरत बहादुर थापा | पूर्व अध्यक्ष | ललितपुर |
| १९ | श्री राम बाबु नेपाल | उपाध्यक्ष | ललितपुर |

| क्र.स | नाम | पेशा | पर्यवेक्षण जिल्ला |
|---|---|---|---|
| **नेपाल नागरिक समाज** | | | |
| २० | श्री खेम राज रेग्मी | नेपाल नागरिक समाज | काठमाण्डौ, कास्की |
| २१ | श्री डी.पी. अर्याल | महासचिव, एनसीएस | धादिङ |
| २२ | श्री ऋषभ देव घिमिरे | उपाध्यक्ष | कास्की |
| **मधेसी नागरिक समाज** | | | |
| २३ | श्री गणेश कुमार मण्डल | मधेसी नागरिक समाज | सप्तरी |
| २४ | श्री देवकिसन मुन्दा | मधेसी नागरिक समाज | मोरङ |
| २५ | डा. हरिबंश झा | मधेसी नागरिक समाज | धनुषा |
| **हिमालय सञ्चार केन्द्र** | | | |
| २६ | प्रा. चिरन्जीवी खनाल | हिमालय सञ्चार केन्द्र | चितवन |
| २७ | श्री देव राज अर्याल | वरिष्ठ सञ्चारकर्मी, हिमालय सञ्चार केन्द्र | चितवन |
| २८ | श्री तीर्थ कोईराला | हिमालय सञ्चार केन्द्र | सुर्खेत |
| २९ | श्री बाबुराम विश्वकर्मा | वरिष्ठ पत्रकार | सिन्धुली, सिन्धुपाल्चोक |
| **फ्रिडम फोरम, नेपाल** | | | |
| ३० | प्रा. हरि विनोद अधिकारी | प्राध्यापक | काठमाण्डौ |
| ३१ | श्री कृष्ण प्रसाद सापकोटा | अनुसन्धान परामर्शदाता | नवलपरासी |
| ३२ | श्री अरुणा अधिकारी | सूचना अधिकारी | भक्तपुर |
| **मिडिया एडभाकेसी ग्रुप** | | | |
| ३३ | श्री रसना ढकाल | मिडिया एडभोकेसी ग्रुप (एम.ए.जी) | सुर्खेत |
| ३४ | श्री मेनुका बस्नेत विस्ट | वरिष्ठ पत्रकार | कञ्चनपुर |
| ३५ | श्री विकास रौनियार | वरिष्ठ पत्रकार | मकवानपुर |
| **अन्य** | | | |
| ३६ | श्री ताना गौतम | पूर्व सचिव, नेपाल सरकार | मोरङ |
| ३७ | श्री योगराज गाउंले थपलिया | नागरिक समाज | स्याङ्जा |
| ३८ | श्री पदम प्रसाद बैदिक | वरिष्ठ अधिवक्ता | दाङ |
| ३९ | श्री भोजराज पोखरेल | पूर्व प्रमुख निर्वाचन आयुक्त | काठमाण्डौ, भक्तपुर, ललितपुर |
| ४० | श्री ईला शर्मा | पूर्व निर्वाचन आयुक्त | भक्तपुर, ललितपुर |
| **सचिवालय** | | | |
| १ | श्री कृष्णमान प्रधान | सदस्य सचिव, जियोक | काठमाण्डौ |
| २ | श्री गणेशमान प्रधान | नेपाल कानून समाज | काठमाण्डौ, मोरङ |
| ३ | श्री रेजीना भट्टराई | नेपाल कानून समाज | काठमाण्डौ, धनुषा |
| ४ | श्री एलिज श्रेष्ठ | नेपाल कानून समाज | काठमाण्डौ |

| क्र.स | नाम | पेशा | पर्यवेक्षण जिल्ला |
|---|---|---|---|
| ५ | श्री नाईल श्रेष्ठ | नेपाल कानून समाज | काठमाण्डौ |
| ६ | श्री भवानी कायस्थ | नेपाल कानून समाज | भक्तपुर |
| ७ | श्री लक्ष्मी खत्री | नेपाल कानून समाज | काठमाण्डौ |
| ८ | श्री आराधना देउजु | नेपाल कानून समाज | काठमाण्डौ |
| ९ | श्री सन्जिमा श्रेष्ठ | नेपाल कानून समाज | काठमाण्डौ, बाग्लुङ |
| १० | श्री कमल बहादुर श्रेष्ठ | नेपाल कानून समाज | काठमाण्डौ |
| ११ | श्री सरस्वती डंगोल | नेपाल कानून समाज | काठमाण्डौ |
| १२ | श्री मिलन श्रेष्ठ | नेपाल कानून समाज | काठमाण्डौ, सिन्धुपाल्चोक |
| १३ | श्री गोविन्द दास श्रेष्ठ | निर्वाचन विज्ञ | ललितपुर |

# जिल्ला स्तरीय पर्यवेक्षकहरु

### प्रदेश १

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| ईलाम | श्री रुद्र थेबे | मानव अधिकार मञ्च, ईलाम |
| धनकुटा | श्री नरेश प्रसाद श्रेष्ठ | पर्डेप, धनकुटा नगरपालिका, वडा नम्बर ४ |
| मोरङ | श्री सुरेश लालश्रेष्ठ | वरिष्ठ अधिवक्ता, विराटनगर |
| सुनसरी | श्री मोहन कोईराला | अधिवक्ता, इनरुवा—३, सुनसरी |

### मधेश प्रदेश

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| सप्तरी | श्री मनु पोखरेल | अधिवक्ता, जिल्ला बार एकाई, सप्तरी |
| धनुषा | श्री रेखाकुमारी झा | अधिवक्ता, प्रमुख, नागरिक सम्वाद केन्द्र, जनकपुर |
| रौटहत | श्री सोनेलाल प्रसाद पटेल | अधिवक्ता, रौतहट |

### बागमती प्रदेश

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| दोलखा | श्री श्याम मास्के | अधिवक्ता, दोलखा |
| सिन्धुपाल्चोक | श्री ज्ञानेन्द्र तिमल्सीना | पत्रकार, सिन्धुपाल्चोक |
| काभ्रे | श्री संगीता श्रेष्ठ | पनौती, काभ्रे |
| नुवाकोट | श्री सुकुमान डंगोल | प्राध्यापक, नुवाकोट |
| धादिङ | श्री विश्वराज अधिकारी | अधिवक्ता, धादिङ |
| भक्तपुर | श्री सुमित्रा मल्ल | अधिवक्ता, भक्तपुर |
| ललितपुर | श्री अञ्जु कायष्ठ | अधिवक्ता, ललितपुर |
| काठमाण्डौ | श्री सरस्वती श्रेष्ठ | अधिवक्ता, काठमाण्डौ |
| मकवानपुर | श्री स्मृती कर्माचार्य | कार्यक्रम अधिकृत, नागरिक सम्वाद केन्द्र, हेटौडा |

### गण्डकी प्रदेश

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| गोर्खा | श्री हरिबहादुर देवकोटा | युनिफिकेसन नेपाल, गोर्खा |
| कास्की | श्री जुनाकुमारी गुरुङ | अधिवक्ता, प्रमुख, नागरिक सम्वाद केन्द्र, पोखरा |
| मुस्ताङ | श्री प्रारुप गुरुङ | एनजीओ फेडेरेसन, मुस्ताङ |
| स्याङजा | श्री युगनारायण श्रेष्ठ | अधिवक्ता, स्याङजा |

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| बाग्लुङ | श्री रामप्रसाद शर्मा | पूर्व अध्यक्ष, नेपाल बार एसोसियसन, पुनरावेदन अदालत बाग्लुङ |
| नवलपरासी | श्री गीता सापकोटा | सामाजिक कार्यकर्ता, परासी |

## लुम्बिनी प्रदेश

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| रुपन्देही | श्री हेमा न्यौपाने | अधिवक्ता, प्रमुख, नागरिक सम्वाद केन्द्र, बुटवल |
| पाल्पा | श्री बाबुराम शर्मा भट्टराई | अधिवक्ता, जिल्ला अदालत, पाल्पा, तानसेन नगरपालिका –७ |
| दाङ | श्री बिनु श्रेष्ठ | अधिवक्ता, दाङ |
| बाँके | श्री पदम पाण्डे | अधिवक्ता, नेपालगंज |

## कर्णाली प्रदेश

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| जुम्ला | श्री दुर्गा आचार्य | समाजसेवी, जुम्ला |
| सुर्खेत | श्री रामबाबु बीसी | अधिवक्ता, प्रमुख, नागरिक सम्वाद केन्द्र, सुर्खेत |

## सुदूरपश्चिम प्रदेश

| जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|
| कैलाली | श्री नरेन्द्र बहादुर शाह | अधिवक्ता, प्रमुख, नागरिक सम्वाद केन्द्र, धनगढी |
| कञ्चनपुर | श्री उमेश बिष्ट | अधिवक्ता, कञ्चनपुर |

# द एशिया फाउन्डेशनका पर्यवेक्षकहरू

| क्र.सं | नाम | ठेगाना | पर्यवेक्षण जिल्ला |
|---|---|---|---|
| १. | श्री यशस्वी ढुङ्गेल | द एशिया फाउन्डेशन | काठमाण्डौ |
| २. | श्री शोवित सुवेदी | द एशिया फाउन्डेशन | भरतपुर |
| ३ | श्री रेणु पौड्ल | द एशिया फाउन्डेशन | चितवन |
| ४ | श्री पल्लवी पायल | द एशिया फाउन्डेशन | ललितपुर |
| ५ | श्री उज्वल कृष्ण माली | द एशिया फाउन्डेशन | ललितपुर |
| ६ | श्री विष्णु अधिकारी | द एशिया फाउन्डेशन | ललितपुर |
| ७ | श्री अनमोल आचार्य | द एशिया फाउन्डेशन | ललितपुर |
| ८ | श्री पुष्पा पौडेल | द एशिया फाउन्डेशन | मकवानपुर |
| ९ | श्री ध्रुव राज वि.क. | द एशिया फाउन्डेशन | अर्घाखाँची |

# वैशाख २७ गतेको पत्रकार सम्मेलन गरी जारी गरेको निर्वाचन पूर्वको तयारी बारेको प्रतिवेदन

## १. पृष्ठभूमि

आम निर्वाचन पर्यवेक्षण समितिको (GEOC) सङ्गठन केन्द्रदेखि स्थानीय स्तरसम्म तीनै तहमा फैलिएको छ। नेपाल कानून समाज जियोकको केन्द्रीय सचिवालयका रुपमा क्रियाशील छ। जियोकले निर्वाचनपूर्व, मतदानको दिन र मतगणनापछि समेत गरी निर्वाचनका तीनवटै चरणमा पर्यवेक्षण गरिरहेको छ। विगतको अनुभवसहितको पृष्ठभूमिमा आमनिर्वाचन पर्यवेक्षण समितिले २०७९ को स्थानीय निर्वाचनको पनि पर्यवेक्षण गरिरहेको छ। यो पर्यवेक्षण प्रतिवेदनमा राजनीतिक दल दर्ता, उम्मेदवारी दर्ता प्रक्रियादेखि मौन अवधि शुरु हुनु एक दिनअघिसम्मका वस्तुस्थितिको समावेश गरिएको छ।

## २. पर्यवेक्षणको उद्देश्य

स्वतन्त्र–निष्पक्ष निर्वाचनका लागि निर्वाचन आयोग र सरोकारवालाहरुको सक्रिय सहभागिताले मात्र सफलता प्राप्त गर्न सम्भव हुन्छ। यसको लागि निर्वाचन अयोगले विभिन्न ६८ वटा गैरसरकारी संस्थाहरुलाई पर्यवेक्षण गर्न अनुमति प्रदान गरेको छ। जसमध्ये जियोक एक संस्था रहेको छ। पर्यवेक्षणका लागि मूलतः निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरुबाट निर्वाचनमा मतदाताको अधिकाधिक सहभागिताको सुनिश्चय, आचार संहिताको पालना, निर्वाचनको तयारी, सुरक्षाको स्थिति, मतदाता शिक्षा, राजनीतिक क्रियाकलाप, महिला तथा समावेशी प्रतिनिधित्व निर्वाचन सम्बन्धी कानून र मूल्य मान्यताको अवलम्बन लगायतका विषयलाई आधार मानी पर्यवेक्षण गर्नु यसको उद्देश्य हो। यस पर्यवेक्षण अन्तर्गत निर्वाचन आयोगकै कामलाई सघाउ पुर्‍याउने उद्देश्यअनुरुप जियोकले पर्यवेक्षण गरेको हो। यस पर्यवेक्षणबाट निर्वाचन प्रक्रियामा आगामी दिनका लागि सुधार गर्नुपर्ने उद्देश्य समेत राखिएको छ।

## ३. पर्यवेक्षण विधि

जियोकले यस निर्वाचनको पर्यवेक्षण गरी प्रतिवेदन तयार गर्न सर्वप्रथम राष्ट्रिय, जिल्ला र स्थानीय स्तरको पर्यवेक्षकहरु करिव ४०० जना परिचालन गरेको छ। जसमा राष्ट्रिय पर्यवेक्षकहरु ४० जना, जिल्ला पर्यवेक्षक ३० जना र स्थानीय पर्यवेक्षक ३३० जना रहेको छ। राष्ट्रिय र जिल्ला पर्यवेक्षक लामो अवधिको पर्यवेक्षक र स्थानीय पर्यवेक्षक छोटो अवधिको पर्यवेक्षकको रुपमा कार्यरत रहेको छ। प्रस्तुत सन्दर्भमा निर्वाचन पूर्वको पर्यवेक्षण गरी सरोकारवालाहरुलाई जानकारी गराउने उद्देश्यले निर्वाचन पूर्वको पर्यवेक्षण प्रतिवेदन तयारी गरिएको छ। यो प्रतिवेदन तयारी गर्दा राष्ट्रिय र जिल्ला स्तरका पर्यवेक्षकहरुको प्रतिवेदन पर्यवेक्षण कल सेन्टर मार्फत स्थानीय पर्यवेक्षकहरुको अवलोकन प्रतिवेदन, राष्ट्रिय पर्यवेक्षकले सातवटै प्रदेशमा स्थलगत रुपमा विभिन्न सरोकारवालाहरुसँग छलफल गरी प्राप्त प्रतिवेदन, वरिष्ट पर्यवेक्षकबाट प्राप्त प्रतिवेदन (जसमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, आयुक्त, नेपाल सरकारका पूर्व सचिवहरु, प्राध्यापक, वरिष्ट अधिवक्ताहरु, वरिष्ट पत्रकारहरुको सूचना, अवलोकन, पर्यवेक्षण प्रतिवेदनको आधारमा निर्वाचनको मौन अवधि शुरु हुनुभन्दा पहिलेको निर्वाचनको तयारीको अवस्था बारे उल्लेख गरिएको छ। पर्यवेक्षण टोलीले खासगरी स्थानीय तहको प्रतिस्पर्धामा केन्द्रीत राजनीतिक दल तथा उम्मेदवारका गतिविधि, आचार–संहिताको पालना, सुरक्षाको अवस्था, मतदाताको सचेतना र सक्रियता, निर्वाचनको तयारी अवस्था, मतदान केन्द्रको सुगमता, अनुकूलता, पूर्वाधार लगायतको वरपरका वस्तुस्थितिका सन्दर्भमा सूक्ष्म पर्यवेक्षण गरेका छन्। त्यस अतिरिक्त टोलीले निर्वाचनसँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दल, सुरक्षाकर्मी, निर्वाचन अधिकृत, स्थानीय बुद्धिजीवी तथा पत्रकारसँग भेटी वस्तुस्थिति सम्बन्धी सूचना संकलन गरी तयार पारिएको निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिएको छ।

## ४. पर्यवेक्षणका सिमाहरू

जियोकद्वारा पर्यवेक्षण कार्यक्रम सञ्चालन गर्दा प्रतिनिधिमूलक रुपमा छनौट गरी सीमित संख्यामा अवलोकन/पर्यवेक्षण गर्ने उद्देश्य राखिएको हुँदा नेपालका सम्पूर्ण अर्थात् ७५३ वटा पालिकाहरुको अध्ययन गरिएको छैन। सातवटै प्रदेश अन्तर्गतका २०० पालिकाहरुमा ४०० पर्यवेक्षकहरुबाट भएका निर्वाचनसंग सम्बन्धित गतिविधिहरुको अध्ययनको आधारमा यो प्रतिवेदन तयार पारिएको छ। यस प्रतिवेदनले नमुनाको रुपमा नेपालको सम्पूर्ण अवस्थाको चित्रण गरेपनि सबै पालिकाहरु समेटिएका छैनन्। त्यसैगरी सम्बन्धित सरोकारवालाहरु, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सुरक्षा निकाय, राजनीतिक दल र मतदाताहरु मध्ये पनि छोटो समयमा सम्भव भएसम्मका व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट, छलफल तथा अन्तरक्रिया गरिएपनि मूलतः तय गरिएका प्रश्नावलीलाई आधार मानी सूचना संकलन गरिएकोले अन्य विषय र क्षेत्रहरु समेटिन नसक्ने सम्भावनालाई स्वीकार गरिएको छ।

## ५. स्थानीय चुनावी परिदृश्य

संविधानतः प्रत्यक्ष कार्यकारी विधायिकी एवं न्यायिक अधिकार प्राप्त भएसँगै स्थानीय सरकार लोकप्रिय हुँदैछ। अझ प्रदेशकै छ जना सांसद्हरूले राजीनामा गरी मेयर/उपमेयरको उम्मेदवार बन्न गएपछि स्थानीय तह आकर्षणको थलो भएको प्रमाणित गर्छ। यसरी स्थानीय तहको सरकारमा आकर्षण बढ्नु सकारात्मक पक्ष हो। स्थानीय तहको बढ्दो आकांक्षासँगै प्रमुख/अध्यक्षदेखि सदस्यसम्म १ लाख ४५ हजार १० जना उम्मेदवारी चुनावी प्रतिस्पर्धामा छन्। ७५३ प्रमुख तथा अध्यक्ष पदका निम्ति ६ हजार ३ सय १० जनाको उम्मेदवार परेको छ। उपप्रमुख तथा उपाध्यक्षमा ४ हजार १ सय २७ को उम्मेदवारी परेको छ। त्यसैगरी वडाध्यक्षका निम्ति ३२ हजार ४ सय ९६ जनाले उम्मेदवारी दिएका छन्। वडा सदस्यका निम्ति ५३ हजार १ सय ७३, महिला सदस्यमा २५ हजार ५ सय ९९ र दलित महिला सदस्यका निम्ति २३ हजार २ सय ८५ उम्मेदवारी परेको छ। उम्मेदवारीमा पुरुषको वर्चश्व देखिएको छ। स्थानीय निर्वाचनका निम्ति १ करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाता अद्यावधिक छन्। जसमा पुरुष मतदाता ८९ लाख, ९२ हजार १० छन् भने महिला मतदाता संख्या ८७ लाख ४१ हजार ५ सय ३० छन्। अन्य मतदातामा १८३ जना रहेका छन्।

२०७९ वैशाख ११ र १२ गते मनोनयन दर्ता गरिएको थियो। उम्मेदवारी दर्तापत्रमाथि जाँचबुझ, मनोनयन फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशनपछि वैशाख १७ मा उम्मेदवारहरुले निर्वाचन चिन्ह प्राप्त गरेका थिए।

## ६. पर्यवेक्षणबाट प्राप्त संक्षिप्त विवरण

### ६.१. उत्साही माहौलमा उम्मेदवारी दर्ता

- उम्मेदवारी दर्ताको पहिलो दिन दलसँग आबध नभएका स्वतन्त्र, साना दलका तर्फबाट मात्रै उम्मेदवारी दर्ता गराउन उत्साहित भएको पाइयो। ठूला दलहरूका तर्फबाट दोस्रो दिन, त्यो पनि ढिलो गरी उम्मेदवारी दर्ताका लागि लाइन बसेको हुँदा मध्यरातसम्म दर्ता गर्नुपरेको अवस्था देखा पर्‍यो।
- धनुषा र बाँके लगायतका केही जिल्लाका पालिकाहरुमा मध्यरातसम्म उम्मेदवारी दर्ता गर्नुपरेको थियो। दुई वा दुईभन्दा बढी दलले संयुक्त उम्मेदवारी दर्ता गर्न लागेपछि ढिलाइ हुन पुगेको पर्यवेक्षणले देखाएको छ ।
- अधिकांश निर्वाचन कार्यालयहरुमा उम्मेदवारी दर्ताका दिन बाजा–गाजासहित उत्साहपूर्वक उम्मेदवारहरु पुगेका थिए। उम्मेदवारी मनोनयन दर्ताको अन्तिम समयमा बढी चाप परेकाले केही स्थानमा भोलिपल्ट मात्रै नाम सार्वजनिक गर्नुपरेको देखियो।
- राजनीतिक दलहरूले उम्मेदवारी दर्ताका दिन अधिकांश स्थानमा आफ्नो शक्ति प्रदर्शन गर्ने नाउँमा आचार–संहिताविपरीत सवारी साधन, ब्यानरको प्रयोग लगायतका कार्यहरु गरेको पाइएको छ। नुवाकोटमा राजनीतिक दलले चुनाव चिन्हसहितका टोपी, टी–सर्ट, प्रयोग गरेको पाइएको छ। रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा नेपाली कांग्रेसका उम्मेदवारले नाम दर्ता गर्न जाँदा पाँच बालिकालाई पञ्चकन्याका रुपमा प्रयोग गरेको पाइयो।

- गोर्खा जिल्लाको गोर्खा नगरपालिकामा नेपाली कांग्रेसको आधिकारिक उम्मेदवार विश्वदेव श्रेष्ठलाई आफ्नै कार्यकर्ताको कुटपिटका कारण सामान्य चोटपटक लागेको पाइएको थियो। उक्त घटनासँगै उक्त दलले उनको आधिकारिक उम्मेदवारी खोस्दै राजन पन्तको नाम दर्ता भएको पर्यवेक्षणबाट देखिएको छ। उम्मेदवारी दर्ताका दिन सिन्धुपाल्चोकमा नेकपा माओवादी (केन्द्र) का आधिकारिक र विद्रोही उम्मेदवारका समर्थक बीच आपसी झडप हुँदा माओवादीको कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तोडफोड भएको, सिन्धुपाल्चोककै बलेफीमा माओवादी केन्द्र र नेपाली कांग्रेसका कार्यकर्ता बीच उम्मेदवारी दर्ताको दिन सामान्य झडप भएको पर्यवेक्षणबाट पाइएको छ।
- छिटपुटबाहेक उम्मेदवारी दर्ताका दिन दलहरु बीच चिन्ता गर्नुपर्ने तहको झैँ–झगडा र झडप कतै देखिएन, जुन यस पटकको स्थानीय तह निर्वाचनको सकारात्मक पक्षको रुपमा रहेको देखिन्छ ।

## ६.२. आचार–संहिताको पालना

- उम्मेदवारी दर्ताका दिन राजनीतिक दलका गतिविधिहरु भड्किला देखिए पनि प्रचार–प्रसारका क्रममा एकाध ठाउँ र छिटपुटबाहेक मूलभूत रुपमा राजनीतिक दलहरूले निर्वाचन आचार–संहिता पालना गरेको पाइएको छ।
- निर्वाचन आयोगका अनुगमन टोलीले ठाउँ–ठाउँमा आचार–संहिताविपरीतका प्रचार सामग्रीहरू हटाएको पाइएको छ। आयोगले पहिला सम्बन्धित राजनीतिक दलहरूलाई प्रचार सामग्री हटाउन निर्देशन दिने गरेको र तिनले अटेर गरेमा प्रहरी–प्रशासन लगाउँदै आफैँ हटाएको पाइएको छ।
- उम्मेदवार मनोनयनपछि उम्मेदवारहरु मतदाताका घर–दैलो अभियानमा व्यस्त रहेको पर्यवेक्षणबाट देखिएको छ। मतदाता आकर्षित गर्न चर्को आवाजमा माइक बजाउने, होहल्ला गर्ने, चर्को आवाजमा सवारीको हर्न प्रयोग गर्ने, जथाभावी झन्डा प्रयोग भएको पाइयो। उनीहरू घर–दैलोमा जाँदा माइक प्रयोग पार्टीका गीत बजाउँदा ध्वनि प्रदुषणु बढाएको देखिन्छ। त्यसरी लाउडस्पीकर प्रयोग गरेको गुनासापछि पोखरा लगायतका कतिपय ठाउँमा राजनीतिक दलहरूबीच समझदारी गर्दै बिस्तारै नियन्त्रण गर्ने प्रयास गरेको पाइयो। पोखरामा ठूला माइकका १५ वटा सोली/ध्वाङ्ग (speaker) प्रशासनद्वारा जफत गरेको पाइयो।
- कतिपय ठाउँमा आयोगले तोकेको आकार भन्दा ठूला आकारका झण्डा तथा चुनाव चिन्हहरू खासगरी स्वतन्त्र उम्मेदवारहरुले प्रयोग गरेको देखियो। निर्वाचनको र्‍यालीमा आउनेलाई खाना खुवाउने तथा यातायातका साधनमा तेल हालिदिने प्रवृत्ति कतिपय स्थानमा फेला परेका छन्।
- घरदैलो कार्यक्रममा धेरै भीड गरेर जाँदा मतदाताहरूलाई समस्या परेको, मतदाताबाट ५/६ जनासम्म मात्र आए राम्रो हुने भन्ने सुझाव प्राप्त भएका छन्। लिखित रुपमा उजुरी नआए तापनि छिटपुट रुपमा आएको मौखिक उजुरीलाई निर्वाचन अधिकृतहरुले तुरुन्तै सच्याउन लगाएको समेत पाइएको छ ।
- निर्वाचनमा क्रियाशील दलहरूले आचार–संहिता जारी गर्दा निर्वाचन आयोगले तय गरेको खर्चको सीमाभित्र रहेर चुनाव धान्न अप्ठ्यारो परेको गुनासो सुनाए। राजनीतिक दलहरूबाट आचार–संहिताको चरम उल्लंघन भएका घटनाहरु भने पाइएन। केही ठाउँका आमसभाहरुमा सवारी साधनको प्रयोग भने अत्याधिक भएको पाइएको छ। निर्वाचन खर्चको हिसाव गर्दा यसले कस्तो स्थान प्राप्त गर्ला भन्ने जिज्ञासाको विषय बनेको छ।
- धनुषा र रौतहट लगायतका जिल्लाहरुमा आचार–संहिताविपरीत राति पम्पलेट टाँस्ने र दिउँसो प्रशासनले उप्क्याउने क्रम नियमितरुपमा भएको देखिन्छ। धनुषाका कतिपय ठाउँमा बालबालिकाको प्रयोग गरी पम्पलेट टाँसिरहेको फेला परेका छन्। यद्यपि दलहरूबाट लिखित उजुरी परेको पाइँदैन। त्यहाँ चुनाव प्रचार–प्रसारमा सरकारी गाडीको दुरुपयोग भएका गुनासाहरु प्राप्त भएका छन्। आचार संहिता उल्लंघन भएको गुनासो गरिरहने, उजुरी गर्न सकने ठाउँमा उजुरी पनि नगर्ने र निर्वाचन आयोगबाट कारवाहीको अपेक्षा पनि गरिरहेको केही ठाउँमा देखियो।
- २०७९ वैशाख १० मा कैलाली जिल्लाको कैलारी गाउँपालिका–७ मा आगलागी भई ६५ घर प्रभावित भए भने ३० घर जलेर नष्ट भएका छन्। उक्त विपद्मा मानवीय क्षति नभए पनि धनमाल र पशुपंक्षी भने नष्ट भएको पाइएको छ । सुदुरपश्चिम प्रदेशका

मुख्यमन्त्री त्रिलोचन भट्ट, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री विनिता चौधरी सहितको प्रदेशको टोली घटनास्थलमा पुगेर पीडित परिवारलाई तत्काल त्रिपाल लगायतका अत्यावश्यक सामग्री उपलब्ध गराउन सरकारी नियम अनुसार प्रतिपीडित परिवार रु. २० हजार उपलब्ध गराएको पाइयो। अग्नि पीडितलाई घर बनाइदिने प्रतिबद्धता गरेको विषय आचार–संहिताविपरीत भएको उजुरी परेपछि मुख्यमन्त्रीलाई आयोगले स्पष्टीकरण सोधेको देखिन्छ। त्यसका साथै प्रदेश सरकारले आगलागीमा घर जलेर नष्ट भएका पीडितका लागि प्रतिपरिवार रु ५० हजार र काठ निशुल्क उपलब्ध गराउने तयारी गरेको र मुख्य मन्त्रीले त्यसको जानकारी पनि पीडितलाई गराएको देखिन्छ। आकस्मिक विपद र मानवीय संकट जुनसुकै बेला पर्नसक्ने अपवाद भएकाले चुनाव आचार–संहिता त्यसमा आकर्षित हुन नसक्ने माओवादी केन्द्रको प्रदेश कमिटिले दाबी गरेको छ भने अन्य कतिपय दलहरुले विरोध गरेको समेत पाइएको छ।

- आचार–संहिताविपरीत क्रियाकलाप गर्ने बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानलाई निर्वाचन आयोगले २४ घन्टे स्पष्टीकरण साधेको, मतदाताका पाउँमा पैसा राख्ने सिन्धुपाल्चोक मेलम्चीका वडाध्यक्षका उम्मेदवारलाई आयोगले स्पष्टीकरण सोधेको र आचार–संहिताविपरीत प्रस्तुत हुने अन्य व्यक्तिलाई स्पष्टीकरण सोधेको घटना नियमितरुपमा पर्यवेक्षणबाट प्राप्त भएका छन् ।

## ६.३. तयारी अवस्थामा निर्वाचन आयोग

- उम्मेदवारी दर्तापछि निर्वाचन आयोग कार्यालयबाट मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा कर्मचारीहरू सम्बन्धित मतदान केन्द्रमा गइसकेका छन्।
- उम्मेदवारी दर्ताका बेला कतिपय ठाउँमा कर्मचारीहरू बीच प्रक्रियागत अलमल हुने गरेको कारण उम्मेदवार तथा मतदाता बीच अन्यौल भएको गुनासो राजनीतिक दलहरूबाट प्राप्त भएका छन्। उम्मेदवारी दर्ताको समयमा निर्वाचन कार्यालयको व्यवस्थापन ज्यादै कमजोर भएकै कारण उम्मेदवारहरूले रातभरि दुःख झेल्नुपरेको गुनासा समेत पर्यवेक्षण टोलीले प्राप्त गरेको छ।
- प्रतिवेदन तयार पार्ने समयसम्म सबै मतदानकेन्द्रमा मतपत्र पुगिसकेको छ। धेरै जसो मतदान केन्द्र विद्यालयमा रहेको, मतदान स्थल सुरक्षित स्थलमा भएको, निर्वाचनमा खटिएका कर्मचारीलाई आवश्यक तालिम दिइएका विवरणहरु प्राप्त भएका छन भने केही ठाउँमा समयमै तालिम सामग्री आइनपुगेका गुनासाहरु प्राप्त भएका छन् ।
- निर्वाचनमा खटेका अधिकृतहरूबाट निर्वाचन तयारीको अवधि पर्याप्त नभएको गुनासाहरु आएका छन्। यसपालि निर्वाचनमा कर्मचारी मात्र प्रयोग गरिएको देखिन्छ भने शिक्षकहरुलाई प्रयोग नगरेकोमा धेरै जिल्लाबाट गुनासाहरु प्राप्त भएका छन्। ठाउँ–ठाउँमा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीबाट कम बजेट, कम सुविधा, कम कर्मचारी र धेरै दुःख खेप्नुपरेको गुनासाहरु समेत प्राप्त भएका छन्। निर्वाचन खर्च व्यवस्थापन वडा र मतदाता संख्याको आधारमा नभइ समान रुपमा भएको पाइएको छ। निर्वाचन भत्ता कम भएकोमा कर्मचारीहरुले असन्तुष्टि पोखेका विवरणहरु समेत प्राप्त भएका छन् ।
- अधिकांश ठाउँमा निर्वाचन आयोगले अपांगमैत्री मतदानस्थलको व्यवस्था गर्न सकेको पाइँदैन। चर्को गर्मी हुने ठाउँमा पाल–त्रिपालको व्यवस्था गर्न बजेट कम भएको गुनासो मतदान अधिकृतहरूबाट प्राप्त भएका छन्। भौतिक पूर्वाधारको पूर्ण व्यवस्था गर्न नसक्दा निर्वाचनका दिन पानी परेको खण्डमा समस्या खेप्नुपर्ने देखिन्छ।

## ६.४. सरकारी सुरक्षा अवस्था

- राजनीतिक दल र उम्मेदवारहरु बीच मैत्रीपूर्ण प्रतिस्पर्धारत वातावरण भएका कारण मतदाताहरुमा भय वा डर त्रासरहित वातावरणमा निर्वाचन सम्पन्न हुन सक्ने देखिन्छ। मतदाताहरू उत्साहित देखिन्छन्। मतदाताहरू आफ्नो स्वविवेक प्रयोग गर्न उत्सुक छन्। २०७९ वैशाख २६ सम्म राजनीतिक दल र प्रतिस्पर्धी बीच छिटपुटबाहेक कुनै प्रकारको अन्तरसंघर्ष वा हिंसाका घटना देखिएका छैनन्।
- सुर्खेतमा पार्किङ गरिरहेको अवस्थामा एउटा गाडीमा आगजनी गरिएको पाइयो। तर, कसले, किन गऱ्यो भन्ने खुलेको छैन। सुर्खेतमै एकाध ठाउँमा निर्वाचन वहिष्कार गरौं भन्ने पम्पलेट टाँसिएको पाइयो। त्यसरी पम्पलेट टाँस्ने समूह भने अज्ञात रहेको छ।

- सेना लगायत सशस्त्र प्रहरी परिचालित भइसकेको, सेना, प्रहरी म्यादी प्रहरीवीच राम्रो समन्वय र सहकार्य भएका कारण कतै पनि सुरक्षा समस्या भएको देखिँदैन। तसर्थ सुरक्षा व्यवस्था विश्वसनीय र भरपर्दो भएको पाइयो।
- सुरक्षाका हिसाबले अति संवेदनशील, संवेदनशील र साधारण गरी तीन भागमा मतदान केन्द्रहरुको वर्गीकरण गरेको पाइयो। अति संवेदनशील केन्द्रमा थप सुरक्षा व्यवस्था गरेको र जुनसुकै मतदान केन्द्रमा पनि १५ देखि ३० मिनेट भित्र पुग्न सकिने गरी सेनाको आधार इलाका व्यवस्था गरिएको पर्यवेक्षणबाट पाइएको छ ।
- सीमावर्ती क्षेत्रमा संयुक्त सीमा सुरक्षा बैठक गरी चुनावभन्दा ७२ घन्टाअघिदेखि सीमा शिल गर्ने निर्णय भएको छ। त्यसमा एम्बुलेन्स, इन्धन बोक्ने सवारीलाई भने अनुमति दिएर सुचारु गर्ने निर्णय भएको जानकारी प्राप्त भएको छ।

### ६.५. महिला उम्मेदवार र समावेशीताको अवस्था

- धेरै ठाउँमा महिला नेतृहरूबाट प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिन दलहरूबाट कन्ज्यूस्याई भएको गुनासो आएको छ। अघिल्लो निर्वाचनमा राजनीतिक दलहरूले प्रमुख या उपप्रमुखमध्ये एकमा महिला उम्मेदवार बनाएका थिए। यसपालिको चुनावमा एकै दलले दुबै ठाउँमा उम्मेदवारी दिँदा मात्रै उक्त कानूनी व्यवस्थाका पालना गरेको तर कतिपय पालिकामा दुई वा दुईभन्दा बढी दलको संयुक्त रुपमा उम्मेदवारी दिँदा पुरुषलाई मात्र उम्मेदवार बनाएको कारण महिला उम्मेदवारी प्रभावित भएको देखिएको छ।

### ६.६. मतदाता शिक्षा

- स्थानीय चुनावमा मतदाताले एकै मतपत्रमा सात ठाउँमा चिनो लगाउनु पर्छ। कतिपय मतदातामा कसरी चिन्ह लगाउनुपर्छ भन्ने जानकारी नहुँदा मतपत्र बदर हुन सक्ने सम्भावना छ। यद्यपि शहर–बजारका केही क्षेत्रमा नमूना मतपत्रमा ुमक इलक्सेनु गराएको देखिन्छ। गाउँ–ठाउँमा त्यसरी नै मतदान केन्द्रबाटै मतदातालाई नमूना मतपत्र देखाउँदै प्रशिक्षित गर्ने भनाइ मतदान अधिकृतहरुको रहेको छ।
- निर्वाचन आयोगले मतदान प्रक्रियाबारे मिडियामार्फत प्रचार सामग्री राखेको देखिन्छ। मोवाइल रिङ्गटोन मार्फत मतदानका निम्ति उत्साहित गरे पनि मतपत्र बदर हुन नदिन मतदातालाई शिक्षा पर्याप्त नदिँदा यसपालि मतपत्र बदर संख्या बढ्ने सम्भावना देखिन्छ। राजनीतिक दलहरुले पनि मतपत्र बदर नहुने गरी मतदान सिकाउनुपर्ने दायित्व हो। उनीहरुले आफ्नो प्रचार–प्रसार गरेपनि मतपत्र बदर हुन नदिने तिर त्यति चासो पुगेको देखिँदैन।
- दुई वा दुई भन्दा बढी दलहरु बीच तालमेल गरी उम्मेदवारी दिइएको मतदातामा तालमेलबारे जानकारी नहुँदा उम्मेदवार नभएको ठाउँमा मतदान हुन सक्ने र त्यसले बदर मतको संख्या बढाउन सक्ने देखिन्छ।

## ७. निष्कर्ष

स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र पारदर्शी निर्वाचन लोकतन्त्रको मूल मन्त्र हो । बिगतका निर्वाचनहरुबाट पाठ सिकेर यस पटकको निर्वाचनमा थुप्रै सुधारहरु भएको देखिएको छ। निर्वाचन आयोग, सुरक्षा संयन्त्र, राजनीतिक दलहरु, आम मतदाता समेत सचेत हुँदै गएको देखिएको छ। जियोकको पर्यवेक्षणबाट केही कानूनी तथा व्यावहारिक जटिलताबाहेक निर्वाचन प्रकृयामा सुधार हुँदै गएको देखिएको छ, जुन अत्यन्तै सराकात्मक अभ्यासका रुपमा मान्नु पर्ने हुन्छ। यस पटकको स्थानीय तहको निर्वाचन पूर्वको प्रारम्भिक पर्यवेक्षणबाट राजनीतिक दलहरू बीच एक आपसमा कम आक्रामक देखिएको हुँदा स्वस्थ प्रतिस्पर्धा गर्न नै उत्साहित भएको हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

राजनीतिक दल, उम्मेदवार र मतदाता समेत परिपक्व हुँदै गएको, एकाध ठाउँमा बाहेक दल तथा उम्मेदवार शान्तिपूर्ण प्रचार–प्रसारमै खटेको, राजनीतिक दल तथा उम्मेदवारहरूले एक आपसका विरुद्ध बल प्रयोग गरेको नदेखिएको, राजनीतिक दलका कार्यकर्ता चुनावी प्रचार–प्रसारमा संयमित भएको, मतदाताले सुरक्षित महसुस गरेको निष्कर्षमा पर्यवेक्षण टोली पुगेको छ।

सम्बन्धित स्थानीय तहमा उम्मेदवारी दिएका दल वा उम्मेदवारहरुको मात्रै चनाव चिन्ह भएको मतपत्र छापिन सकेको भए मतपत्रको आकार अनावश्यक ठूलो हुने थिएन। धेरै पदहरुको लागि मतदान दिनपर्ने र उम्मेदवारहरुको पृथक पृथक चुनाव चिन्ह भएको अवस्थामा पर्याप्त स्पष्ट मतदाता शिक्षा मार्फत मतदान प्रक्रियालाई सहज र बोधगम्य बनाउन सकेको भए मतपत्र बदर हुने अनुपातमा नियन्त्रण भई सुधार हुन सक्ने अपेक्षा गर्न सकिन्थ्यो। यस सम्बन्धमा सम्बन्धित क्षेत्रमा चिन्ता व्यक्त भइरहेको पाइयो।

निर्वाचन आयोगले निर्वाचन खर्चको सीमा तोक्दै भड्किलो निर्वाचन हुन नदिने प्रयत्न गरिरहेको, आचार संहिताको अन्तरवस्तु र संरचना सबैलाई समेट्ने खालको भई प्रचार–प्रसारमा पर्याप्त ध्यान दिएको पाइयो। त्यसको अतिरिक्त आचार संहिता उल्लंघनको छिटपुट शिकायतहरु पर्ने गरेको पाइयो। संख्यात्मक रुपमा धैरै लिखत शिकायत परेको नदेखिए पनि लिखत रुपमा उजूरी नपरेको सम्म कारणले आचार संहिता उल्लंघन भएका वा उललंघन भएको अनुभव गरिएका घटनाहरुलाई सम्बोधन गर्ने प्रयास नभए आचार संहिता उल्लंघन गर्ने चेष्टाहरु निरुत्साहित नहुने देखिन्छ।

आचार संहिता उल्लंघन सम्बन्धी केही उजुरीहरुमा कारवाही प्रारम्भ भएको बुझिन आएको भए पनि कारवाहीको खास नतिजा प्राप्त भइसकेको पाइएन। आचार–संहिताका कारण दलीय झण्डा तथा चुनाव अंकित तोरणको प्रयोग न्यून भएको, सुरक्षाका चारै निकाय बीच राम्रो समन्वय भएको, ३० मिनेटभित्र जुनसुकै निर्वाचन क्षेत्रमा प्रहरी/सेना पुग्न सक्ने गरी व्यवस्था भएको, सुरक्षा सम्वेदनशीलता विश्लेषण गरी चारै वटा सुरक्षा निकाय, मोबाइल गस्ती, स्ट्राइकिङ फोर्स, रिर्जभ्ड फोर्स तथा र्‍यापिड रेस्क्यु टिम परिचालन गर्ने योजनासहित मजबूत सुरक्षा प्रदान गर्ने योजना र कार्यान्वयनका कारण सुरक्षा व्यवस्था समेत प्रभावकारी भएको पर्यवेक्षणबाट देखिएको छ।

संविधान तथा कानून बमोजिम राजनीतिक दलले उम्मेदवार दिंदा प्रमुख या उपप्रमुख मध्ये एकजना महिला अनिवार्य हुने व्यवस्था भए पनि दुई वा दुई भन्दा बढी दल संयुक्त रुपमा उम्मेदवारी दिएको अवस्थामा महिला अनिवार्य गर्नुपर्ने कानूनी व्यवस्था नभएको हुँदा कानूनमा रहेको छिद्रलाई प्रयोग गरी महिला उम्मेदवारको संख्यामा व्यापक असन्तुलन भएको देखिएको छ। मतदान केन्द्रको व्यवस्थापनका सम्बन्धमा खर्च कटौतीका नाउँमा उक्तस्थलहरुको गुणस्तरमा भने सम्झौता गरेको देखिन्छ। यस प्रकारका केही त्रुटिहरुबाहेक आमरुपमा निर्वाचन प्रकृयामा सुधार हुँदै गएको देखिन्छ।

२०७९ वैशाख २७ गते

# निर्वाचनको दिन जारी गरेको प्रेस विज्ञप्ती

स्थानीय तहको आज भएको निर्वाचन छिटपुट घटना बाहेक आम रुपमा शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न भएको छ। मतदानमा अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा लगायत सबै वर्ग, समुदाय, लिंग र अवस्थाका मतदाताको उत्साहबर्द्धक सहभागिता भएको देखियो । विगतको तुलनामा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित र शान्त भएको पाइयो।

एकाध ठाउँमा बाहेक मतदान प्रक्रियालाई बिथोल्ने घटना भएको पाइएन भने मतदान केन्द्रमा दलहरुबीच विवाद पनि देखिएन। यसरी निर्वाचन व्यवस्थापन र मतदान प्रक्रियामा सुधार हुँदै जानु लोकतन्त्रका निम्ति शुभ संकेत भएको मान्न सकिन्छ। २०४८ सालदेखि नियमित रुपमा संसदीय निर्वाचन, स्थानीय निकायको निर्वाचन, संविधान सभाको निर्वाचन र स्थानीय तहको निर्वाचन पर्यवेक्षण गर्दै आएको आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) को निष्कर्ष के छ भने आवधिक र शान्तिपूर्ण चुनावले लोकतन्त्रलाई थप मजबुत बनाउन मद्दत पुऱ्याएको छ।

३५ वटा जिल्लाको २०० पालिकामा राष्ट्रिय स्तरका ४०, जिल्लास्तरका ३० र स्थानीय तहका ३३० सहित पूर्व प्रधान न्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र पूर्वमुख्य सचिवहरुसहितको ९ विशेष पर्यवेक्षक गरी जम्मा ४०९ जनाको टोलीले दिएको प्रारम्भिक प्रतिवेदनका अनुसार अधिकांश मतदान केन्द्रहरु विहान ७ बजे नै सञ्चालनमा आएका थिए भने केहीमा ७.१५ देखि ७.४५ भित्र मतदान सुरु भएको थियो। कर्मचारी र राजनीतिक दलका प्रतिनिधिहरु तोकिएको समयमा नपुगेको केही स्थानमा सामान्य विवादसमेत भएको थियो।

उम्मेदवारभन्दा मतपत्रमा चिन्ह बढ्ता हुँदा मतपत्र अनावश्यक रुपमा ठूलो, भ्रामक र जटिल भएको, सबै उम्मेदवारहरुको सम्बन्धमा आधारभूत सूचनामा पहुँच पाउन सकिने अवस्था नभएको, उम्मेदवार, निज सम्बद्ध दल र मतपत्रमा तिनको चिन्हको बारेमा थाहा पाउन सक्ने अवस्थाको अभावले गर्दा मतदाताले सुसूचित र विवेकपूर्ण मत संकेत गर्न व्यवधान रहेको पाइयो। उम्मेदवारहरु, ती सम्बद्ध दल र मतपत्रमा उनीहरुले पाएको चिन्हको बारेमा निश्चित ढंगले सूचना प्रसार गर्ने प्रक्रिया र संयन्त्रसहितको पहुँचयोग्य व्यवस्थाको अभाव रहेको पृष्ठभूमिमा मतदाता शिक्षा र सूचना सम्प्रेषण पद्धती व्यापक र प्रभावकारी हुनु पर्नेमा त्यसको अभाव अति नै खट्केको पाइयो। उम्मेदवार नै नरहेको निर्वाचन चिन्ह समेत समावेश भएको मतपत्रको औचित्य र वैधताको प्रश्न समेत उपस्थित रहेको पाइयो। यसले गर्दा पहिलेभन्दा बदर मतपत्रको प्रतिशत यसपाला धेरै हुन सक्ने सम्भावना देखिन आएको छ। केही स्थानमा टाढाबाट आउनु पर्ने अवस्थाका मतदाता सवारी साधनको अनुपलब्धताले गर्दा मतदानबाट वञ्चित भएको पाइयो। कतिपय मतदान केन्द्र आवतजावत गर्ने बाटोसमेतका पूर्वाधार अभाव रहेको पाइयो। केन्द्रसम्म मतदान गर्न आएकाहरु पनि विविध कारणले गर्दा (जस्तो परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात नभएको, परिचयपत्र भएको तर अर्को मतदान केन्द्रमा नाम भएको हुँदा हिंडरै जान सम्भव नभएको र मतदाता परिचयपत्र भएको तर मतदाता नामावलीमा नाम नभएको) मतै नखसाली फर्कनु परेको पनि अवस्था पाइयो। परिचयपत्र सम्बन्धी व्यवस्थालाई व्यवस्थित, त्रुटिरहित, विश्वसनीय र उपयोगी बनाउनु पर्ने देखियो।

निर्वाचन आचार–संहिताको पालना समग्र रुपमा सन्तोषजनक नै रहेको पाइयो भने केही स्थानमा आचार–संहिता उलंघनका संकेतहरु देखिएकोले प्रभावकारी सरोकारको विषय पाइयो। निर्वाचन प्रक्रिया र व्यवस्थापन विगतभन्दा सहज, सुविधायुक्त, शान्तिमय र स्वीकारयोग्य हुँदै गएकाले लोकतन्त्र परिपक्व र सुदृढ बनाउन यसले महत्वपूर्ण योगदान दिन सक्ने निश्कर्ष जियोकको छ। शान्तिपूर्ण निर्वाचन सम्पन्न गरेकामा निर्वाचन आयोग, कर्मचारी, सुरक्षाकर्मी, दलका प्रतिनिधि र मतदातासहित जियोकका राष्ट्रिय, जिल्ला, नगर र गाउँपालिकाका ४०९ पर्यवेक्षकहरुले पर्यवेक्षण गरी वास्तविक अवस्थाको जानकारी दिनु भएकोमा आभार व्यक्त गर्दछौं।

२०७९ वैशाख ३० गते




प्रदेश १ — ईलाम, धनकुटा, मोरङ, सुनसरी

मधेश प्रदेश — सप्तरी, धनुषा, रौतहट

बागमती प्रदेश — दोलखा, सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, धादिङ, भक्तपुर, ललितपुर, काठमाण्डौ, मकवानपुर

गण्डकी प्रदेश — गोर्खा, कास्की, मुस्ताङ, स्याङ्जा, बाग्लुङ, नवलपरासी

लुम्बिनी प्रदेश — पाल्पा, रुपन्देही, दाङ, बाँके

कर्णाली प्रदेश — जुम्ला, सुर्खेत

सुदूरपश्चिम प्रदेश — कैलाली, कञ्चनपुर

**नेपाल कानून समाज** कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र सुशासनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कानून र न्याय क्षेत्रका विज्ञहरुद्वारा २०३८ सालमा स्थापना गरिएको संस्था हो। न्यायाधीश, कानून व्यवसायी, न्याय र कानूनका क्षेत्रमा कार्यरत व्यक्ति एवं कानूनका प्राध्यापक गरी करिव ३५० जना समाजको सक्रिय सदस्यको रुपमा छन्।

- **प्रमुख कार्यक्षेत्रः** स्वतन्त्र न्यायपालिका, संवैधानिक विकास, कानूनी शासन/सुशासन, मानव अधिकार, महिला र लैङ्गिक न्याय, सुशासन र विकास
- **मुख्य उद्देश्यः** कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, सुशासनको विकास, संरक्षण, सम्वर्द्धन र नीति निर्माण क्षमता वृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले अनुसन्धान, तालिम, अन्तरक्रिया, गोष्ठी, सम्मेलनको आयोजना गर्ने साथै जनचेतनामूलक कार्यक्रम गरी सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने गरी विभिन्न पुस्तक, प्रतिवेदन, बुलेटिनको प्रकाशन गर्ने
- **रणनीतिः** सरोकारवालाहरुको संलग्नतामा कानूनी शासन, सुशासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको विकासमा सघाउ पुऱ्याउने रणनीति समाजले अवलम्बन गर्दछ।

समाजले सातवटा प्रदेश – प्रदेश १ को विराटनगर, मधेश प्रदेशको जनकपुर, बागमती प्रदेशको हेटौडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा नागरिक संवाद केन्द्रहरु स्थापना गरी सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका विभिन्न क्षेत्रहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषगरी न्यायपालिका, अर्धन्यायिक निकायहरु, स्थानीय सरकारसँग समन्वय गरी क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्दै आएको छ। समाजले मुलुकका विभिन्न क्षेत्रमा अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, तालिम गरी विभिन्न प्रतिवेदन र पुस्तकहरु प्रकाशित गरेको छ। समाजले सबै जिल्लाहरुमा कार्यक्रम सहज रुपमा सञ्चालन गर्न, समाजका सदस्यहरु, सम्पर्क व्यक्ति, स्थानीय सङ्घ, संस्थाहरुसँग सम्बन्धन राखेको छ। नेपाल कानून समाज International Bar Association को सक्रिय सदस्य, International Commission of Jurists र Asian Network for Free Election (ANFREL) सँग आबद्ध भई सक्रिय रुपमा कार्य गर्दै आएको छ।

**आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल**
**GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)**

सचिवालय
नेपाल कानून समाज
पोस्ट बक्स नं. १३२११ बबरमहल, काठमाडौं
टेलिफोनः ४१०२१९६, ४१०२३८१, ४१०२३८२
इमेलः nls@wlink.com.np